३४८

# भक्तपुर मासिक

Bhaktapur Monthly
जेठ २०८२
ISSN 2705-4454





## पुनर्निर्मित लक्ष्मीनरसिंह मन्दिर उद्घाटन


- 'जनताको एकताले लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण छिटो सम्पन्न भएको हो'
- भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको ३ वर्ष
- नेमकिपाका अध्यक्ष का. रोहित कोसी प्रदेशमा
- संसद्मा नेमकिपा
- वर्षका उत्कृष्ट खेलाडी सम्मानित
- भक्तपुर नपाको गतिविधि
- 'आयुर्वेदलाई पर्यटनसँग जोडेर देशको अर्थतन्त्रमा टेवा पुऱ्याउन सकिन्छ'
- 'भक्तपुर नगरका अधिकांश विद्यालयहरू विगतको तुलनामा प्रगतिउन्मुख नै छन्'
- भक्तपुर नपाको शैक्षिक विकासको प्रयास : एक सिंहावलोकन
- इभान पेट्रोभिच प्याभलभ
- भियतनाममा संरा अमेरिका हारेको ५० औं वर्ष




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)बाट भक्तपुर नगरपालिकाको बजेटमा पुन:निर्माण गरिएको ग:हितिस्थित लक्ष्मीनरसिंह मन्दिरको उद्घाटन तथा शिलापत्र अनावरण साथै 'लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माण २०८२' पुस्तक र लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणको प्राविधिक प्रतिवेदन सार्वजनिक । जेठ ६ गते




नेमकिपाका सचिव एवम् प्रतिनिधिसभाका सदस्य प्रेम सुवालको प्रमुख आतिथ्यमा 'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको ३ वर्ष' कार्यक्रम । जेठ ६ गते

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

भक्तपुर

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jÌ{$@✭cÆ &✭g};‡!!$%✭lj÷;‡@)*@h]/✭A.D.2025

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)




Pp6f tl:a/

तौमढी क्षेत्रको एउटा विहङ्गम दृष्य


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

**'शिक्षाको जरा धेरै नै तीतो हुन्छ तर यसको फलचाहीँ धेरै नै मिठो हुन्छ ।'– एरिस्टोटल**

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) अध्यक्ष बिजुक्छेँद्वारा पुनर्निर्मित लक्ष्मीनरसिंह मन्दिरको उद्घाटन | – | ३ |
| २) भक्तपुर नपामा जनप्रतिनिधिको ३ वर्ष कार्यकाल पूरा | – | १८ |
| ३) 'भक्तपुर नगरपालिका आत्मनिर्भरताको कठोर बाटो अवलम्बन गर्दै विकास पथमा अगाडि लम्किरहेको छ' | प्रमुख सुनिल प्रजापति | २२ |
| ४) नेमकिपाका अध्यक्ष का. रोहित कोसी प्रदेशमा | – | २९ |
| ५) वर्षको उत्कृष्ट खेलाडी, रेफ्रि तथा निर्णायकहरूलाई सम्मान | – | ३४ |
| ६) संसद्मा नेमकिपा | – | ३६ |
| ७) 'भक्तपुर नगरका अधिकांश विद्यालयहरू विगतको तुलनामा प्रगतिउन्मुख नै छन्' | योगेन्द्रमान बिजुक्छेँ | ४० |
| ८) भक्तपुर नगरपालिकाको शैक्षिक विकासको प्रयासः एक सिंहावलोकन | वसन्त भट्टराई | ४३ |
| ९) विदेशी हस्तक्षेप र राष्ट्रघाती सन्धि सम्झौताले जनता निरास | उकेश कवां | ५२ |
| १०) समाजवाद उन्मुख देशमा कानून निर्माणको स्वरूप : नेपालको सन्दर्भ | अनिता जधारी,अधिवक्ता | ५४ |
| ११) भियतनाममा संरा अमेरिका हारेको ५० औँ वार्षिकोत्सव | | |
| क) भियतनाम : एक अजम्बरी विजय | एलन मायर्स | ५७ |
| ख) भियतनाम युद्ध सम्झँदा | स्कट कामिल | ६० |
| १२) क्युबाविरुद्ध अमेरिकी नाकाबन्दी | एडम केन्डल | ६४ |
| १३) इभान पेट्रोभिच प्याभलभ | राजेन्द्र बहादुर कायष्ठ | ६६ |
| १४) The City of the Yellow Devil (X) | Maxim Gorky | ७२ |
| १५) भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय | – | ७३ |
| १६) भक्तपुर नगरपालिका गतिविधि | – | ९३ |
| क) शैक्षिक गतिविधि | – | १०० |
| ख) स्वास्थ्य सेवा | – | ११९ |
| ग) भेटघाट र अवलोकन | – | १२६ |
| घ) सङ्क्षेपमा | – | १२७ |
| १७) विविध समाचार | – | १२८ |
| १८) अर्को मन्दिर ठडियो ! (सम्पादकको पृष्ठ) | – | १४४ |

**साथमा** :

थाहा पाइराखौँ – १०/हाम्रा पुराना मूर्ति – २८/ हाम्रो स्थानीय तह – ३९/ बसिबियाँलो – ५३/जीवन-आचरण – ५६/ चीनका प्राचीन नीति कथा – ६३/ Word Searh – ७१/ख्वप अस्पतालको प्रगति – १२५/ यता–उताबाट – १२६/ हाम्रो स्वास्थ्य – १४१/ प्रेरणीय – १४२/ पर्यटक तथ्याङ्क – १४३/ तस्बिरमा केही गतिविधि ।

# अध्यक्ष बिजुक्छेँद्वारा पुनर्निर्मित लक्ष्मीनरसिंह मन्दिरको उद्घाटन




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नगरपालिकाको बजेटमा पुन:निर्माण गरिएको भनपा वडा नं. ४ ग:हितिस्थित लक्ष्मीनरसिंह मन्दिरको जेठ ६ गते उद्घाटन तथा शिलापत्र अनावरण गर्नुभयो ।

सोही समारोहमा अध्यक्ष बिजुक्छेँले भक्तपुर नगरपालिकाद्वारा प्रकाशित लक्ष्मीनरसिंह मन्दिरसम्बन्धी महत्त्वपूर्ण विवरण सङ्ग्रहित 'लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माण २०८२' पुस्तक र लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणको प्राविधिक प्रतिवेदन सार्वजनिक गर्नुभयो ।



कार्यक्रमको उद्घाटन गर्नुहुँदै अध्यक्ष **बिजुक्छेँ**ले ९० सालको भूकम्पले पूर्ण क्षति पुऱ्याएको लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणमा सहयोगी सम्पूर्णलाई धन्यवादज्ञापन गर्नुहुँदै जनताको एकताले नमुना र उदाहरणीय काम गर्न सकिने उदाहरण भक्तपुरले दिएको बताउनुभयो ।

नरसिंह शक्तिको प्रतिक हो, लक्ष्मीसहितको नरसिंहले सन्तुलनको प्रतिक दर्साउने बताउनुहुँदै उहाँले शक्तिको आडमा मात्र विजय हासिल हुने कुरा सत्य नभएको बताउनुभयो ।

कला संस्कृति संरक्षण र सम्बर्द्धन आफैमा सेवामुखी काम भएको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले सबै जनताले स्वयम्सेवी भावनाले मन्दिर पुन:निर्माणमा खटिएकै





कारण भव्य निर्माण सम्भव भएको बताउनुभयो ।

कला संस्कृति संरक्षण र सम्बर्द्धनसँगै भक्तपुरका डकर्मी, सिकर्मी र विविध क्षेत्रका कलाहरूले आफ्नो शिल्प र मिहिनेत प्रदर्शन गर्ने अवसर पनि प्रदान गरेको बताउनुहुँदै उहाँले सम्पदा पुन:निर्माणको काम ठेक्कामा दिन नहुनेतर्फ सबै सचेत हुन आवश्यक भएको बताउनुभयो ।

भक्तपुरका जनताबिचको एकता तथा आपसी सहयोगको भावना नै भक्तपुरको विशेषता बन्दै गइरहेको अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले २०७२ सालको



भूकम्पपूर्वको भन्दा निकै फरक मल्लकालीन मौलिक स्वरूपमै मन्दिरको पुन:निर्माण गरिएको बताउनुभयो ।

लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणको लागि भक्तपुर नगरपालिकाले रु. ७ करोड ७७ लाख लगत इस्टमेट पारित गरेकोमा उपभोक्ता समितिमार्फत रु. ४ करोड ८३ लाखमा पुन:निर्माण सम्पन्न भएको नगर प्रमुख प्रजापतिले उक्त कार्यक्रममा जानकारी गराउनुभयो ।

विदेशीको सहयोगबिना नै २०७२ सालको भूकम्पपछि तहसनहस भएका सयौँ सम्पदाहरू आफ्नै बलबुटामा पुन:निर्माण र जीर्णोद्धार गर्न सफल हुनु भक्तपुरको गौरव बनेको बताउनुहुँदै प्रमुख प्रजापतिले 'भक्तपुरको महत्त्वपूर्ण सम्पदा संक्षणामध्ये लक्ष्मीनरसिंह मन्दिरको पुन:निर्माण पनि एक हो ।' भन्नुभयो ।



भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले इतिहासको गर्भमा लुप्त अवस्थामा रहेको लक्ष्मीनरसिंह मन्दिर भव्य रूपमा पुन:निर्माण हुनुले भक्तपुरवासीकै गौरव बढाएको बताउनुहुँदै ऐतिहासिक प्रमाणको अभावमा पनि भक्तपुर नगरपालिकाले यस मन्दिरलाई मौलिक स्वरूपमै पुन:निर्माण सम्पन्न गरेको बताउनुभयो ।

उपत्यकाका मौलिक शैली जीवित राख्ने अभियानमा भक्तपुर नपा पनि अग्रसर भएर लागिरहेको बताउनुहुँदै उपप्रमुख जोशीले लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणसँगै देशकै एउटा महत्त्वपूर्ण सम्पत्ति संरक्षण भएको बताउनुभयो ।



भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **गोपालप्रसाद अर्याल**ले भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणको माध्यमबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन सँगै देशको आर्थिक विकासमा पनि उल्लेखनीय भूमिका खेल्दै आएको बताउनुहुँदै विनासकारी भूकम्पले सम्पदामा क्षति पुऱ्याए पनि जनताले यसलाई पुन: पुरानै शैलीमा पुन:निर्माण गर्नु पनि ठूलै उपलब्धी भएको बताउनुभयो ।







पुरातत्त्व विभागका महानिर्देशक **सौभाग्य प्रधानाङ्ग**ले सम्पदा पुनःनिर्माणमा परम्परागत सीप, प्रविधि, स्वरूप र सामग्री प्रयोग हुनु भक्तपुरको सराहनीय काम भएको बताउनुहुँदै सम्पदा पुनःनिर्माणसँगै सदियौंदेखिको हाम्रो पहिचान र परिचय पनि जोगिएको बताउनुभयो ।

उहाँले नेपालमा हरेक १०० वर्षमा ठूलठूला भूकम्प जाने गरेको बताउनुहुँदै सम्पदाहरूको समय सापेक्ष ढङ्गले जीर्णोद्धार र मर्मत सम्भारमा पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

२०७२ सालको भूकम्पपश्चात पुरातत्त्व विभागले ८१५ वटा सम्पदाहरू बनाइसकेको बताउनुहुँदै विभागले सम्पदा प्रभाव मूल्याङ्कन सम्पन्न गरेर मात्र सम्पदा पुनःनिर्माण कार्यलाई अगाडि बढाउँदै आएको महानिर्देशक प्रधानाङ्गले बताउनुभयो ।



इतिहासविद् प्रा.डा. **पुरूषोत्तमलोचन श्रेष्ठ**ले मौलिक स्वरूप गुमाइसकेको मन्दिरले पुनःजीवन पाउनु आफैमा ठूलो उपलब्धी भएको बताउनुहुँदै जनप्रतिनिधि र जनताको एकताले नै यो सम्भव भएको बताउनुभयो ।

भक्तपुर नपाले मूर्त र अमूर्त सबै खाले सम्पदाहरूलाई पुनःर्जीवित गर्ने काम गर्दै आएको बताउनुहुँदै सम्पदा पुनःनिर्माणसँगै दस्तावेजीकरणलाई पनि प्राथमिकताका साथ अगाडि बढाउनु भक्तपुर नपाको अर्को उल्लेखनीय विशेषता रहेको बताउनुभयो ।

लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण प्राविधिक समितिका संयोजक एवम् ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**ले मन्दिर पुनःनिर्माणको काममा संलग्न हुन पाउनु आफैमा गौरवको विषय हो भन्नुहुँदै लक्ष्मीनरसिंहको पुरानो



मन्दिरको सीमित जानकारी बिच पनि अन्य मन्दिर अध्ययन अनुसन्धान गर्दै यसको प्राविधिक कार्य अगाडि बढाइएको बताउनुभयो । मन्दिर पुनःनिर्माणका क्रममा स्थानीय कालिगडबाट नयाँ र परम्परागत ज्ञान हासिल गर्ने अवसर प्राप्त भएको उहाँले बताउनुभयो ।




कार्यक्रममा लक्ष्मीनरसिंह मन्दिर उपभोक्ता समितिका अध्यक्ष **न्हुछेराम भेले**ले मन्दिर पुनःनिर्माणसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।











भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभई लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणले टौमढी क्षेत्रलाई थप आकर्षक स्वरूप दिएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि नारायणमान बिजुक्छेँले मन्दिर पुन:निर्माणका डकर्मी जगतराम ह्निसुत र सिकर्मी नाइके बलराम शिल्पकारलाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो।

मन्दिर उद्घाटनपूर्व भक्तपुर दरबार क्षेत्रबाट सांस्कृतिक बाजागाजासहित क्वाछेँ, टौमढी हुँदै लक्ष्मीनरसिंह मन्दिरसम्म ऱ्याली भएको थियो।

भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल भएको तीन वर्ष पूरा भएको अवसरमा लक्ष्मीनरसिंह मन्दिरको उद्घाटन गरिएको हो। लक्ष्मीनरसिंह मन्दिरको शिलान्यास वि.सं. २०७८ मंसिर २७ गते नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले गर्नुभएको थियो।

मन्दिरको कुल लागत इष्टमेट रु. ७ करोड ७७ लाख रहेकोमा रु. ४ करोड ८३ लाख खर्चमा पुन:निर्माण कार्य सम्पन्न भएको थियो। उक्त मन्दिरका लागि २२ लाख ६६ हजारभन्दा बढी नगद सहयोगस्वरूप प्राप्त भएको र ७५० जनाभन्दा बढीले श्रमदान गरेको थियो भने लाखौँ रूपैयाँ बराबरको जिन्सी सहयोग प्राप्त भएको मन्दिर पुन:निर्माण उपभोक्ता समितिले जनाएको छ। लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणसँगै टौमढी र गःहिति क्षेत्रको आकर्षण थप बढेको छ।










## मन्तव्य

(पुनर्निर्मित लक्ष्मीनरसिंह मन्दिरको जेठ ६ गते भएको उद्घाटन कार्यक्रममा व्यक्त केही मन्तव्यहरू)

# "जनताको एकताले लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माण छिटो सम्पन्न भएको हो"

**- नारायणमान बिजुक्छैं (रोहित)**
**अध्यक्ष, नेपाल मजदुर किसान पार्टी**




लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणमा सहयोग गर्ने सबैलाई धन्यवाद दिन चाहन्छु। जनताको एकताले कुनै पनि काम सजिलै सम्पन्न गर्न सकिन्छ भन्ने उदाहरण यस लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणले साबित गरेको छ। यो मन्दिर पुन:निर्माण सरकारकोतर्फ गर्नुपर्ने भए, कति समय लाग्ने र भ्रष्टाचार कति हुन्छ भनी अनुमान गर्न गाह्रो छ। जनता नै मिलेर सार्वजनिक सम्पत्ति संरक्षणमा लागेपछि काम पनि छिटो सकिने र जनताले पनि काम सिक्ने अवसर पाउनेछन्।

नरसिंह भनेकै शक्तिको प्रतिक हो। यो मन्दिरमा नरसिंहले लक्ष्मीलाई बोकेको देख्न सक्छौं। त्यो भनेको शक्तिको प्रतिक मात्र होइन, सन्तुलनको प्रतिक पनि हो भन्ने बुझिन्छ। त्यसैले सबै जनताले शक्तिको आडमा केही चिज हासिल गर्छु भन्ने सोच्नु गलत हुनेछ। जसरी साम्राज्यवादी देशहरू बेलायत, अमेरिकाले आफ्नो शक्तिको भरमा ससाना देशलाई आफ्नो कब्जामा राख्न खोजेको छ, त्यो प्रभाव अहिले विस्तारै कम हुँदै गएको छ। शक्ति भएर मात्र पुग्दैन, राम्रो व्यवहार पनि गर्नुपर्छ भन्ने यसले सन्देश दिन्छ।

हाम्रो देशको कला संस्कृति, मठ मन्दिर, पाटी पौवा सबै हाम्रो पहिचान हो। यसलाई संरक्षण र पुन:निर्माण गर्नु हाम्रो कर्तव्य हो। कर्मचारी शैलीमा काम गऱ्यो भने राम्रो काम हुँदैन। जनताको काममा त्यस्तो हुँदैन, अपनत्व बढी हुन्छ। समयमै काम पनि सम्पन्न हुन्छ। जनताले बिना स्वार्थ देश र समाजको सेवा गर्छन्। ती श्रमजीवीहरूप्रति सम्मान छ। प्रकृतिले हामीलाई जङ्गल, हावा, पानी, रुख, माटो दिएको छ। हाम्रो पहिचान भनेको कला संस्कृति नै हो। यसलाई जीवित राख्न सके मात्र हाम्रो पहिचान जोगिन्छ। सबैको योगदानले यो मन्दिर समयमै पुन:निर्माण गर्न सफल भएको हो। मन्दिर पुन:निर्माणमा सबैको सहयोग प्राप्त भएको देखिन्छ। कसैले चन्दा दिएर, कसैले आवश्यक निर्माण सामग्री दिएर मद्दत गरेको छ।

> हाम्रो देशको कला संस्कृति, मठ मन्दिर, पाटी पौवा सबै हाम्रो पहिचान हो। यसलाई संरक्षण र पुन:निर्माण गर्नु हाम्रो कर्तव्य हो।

यो मन्दिरको लगत इस्टिमेट ७ करोड ७७ लाख भए पनि नगरपालिकाले ४ करोड ८३ लाखमै सम्पन्न गरेको छ। सरकारको तर्फबाट यो काम भएको भए ७ करोडमा सकिँदैनथ्यो। आर्थिक अनियमितता धेरै हुन्थ्यो। माथिदेखि तलसम्म मिलेमतोमा भ्रष्टाचारको सम्भावना हुन्थ्यो। हामी जिल्ला जिल्लामा जाँदा सबैले सोध्थे, भक्तपुरमा मात्र कसरी राम्रोसँग काम भयो। अरू ठाउँमा किन काम हुँदैन। भक्तपुरमा सहयोगी भावनाले काम हुने हुँदा यहाँ काम हुन्छ भनी जवाफ फर्काउँथ्यौं। मन्दिर पुन:निर्माणमा काम गर्ने कालिगड, प्राविधिक सम्पूर्णलाई बधाई तथा धन्यवाद !

**भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो।**

# ‘लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणसँगै पर्यटन विकासमा महत्त्वपूर्ण योगदान पुग्ने निश्चित छ’

– नगर प्रमुख सुनिल प्रजापति




नेपालको संविधान जारी भएपश्चात् भक्तपुर नगरपालिकामा दोस्रो कार्यकालको निम्ति निर्वाचित भएको आज तीन वर्ष पूरा भयो। वि.सं. २०७९ साल जेठ ६ गतेको दिन हामीले सपथ ग्रहण गरेका थियौँ। निर्वाचनको समयमा जनताबिच पार्टी घोषणापत्रमार्फत गरेका प्रतिबद्धताअनुसार हामीले काम गरिरहेका छौँ। यो तीन वर्षमा अन्य विभिन्न कार्यहरूको अतिरिक्त मुख्यतया पहिलो वर्ष ख्वप अस्पताल उद्घाटन, दोस्रो वर्ष ऐतिहासिक भाज्या पुखू उद्घाटन र तेस्रो वर्ष आज यो लक्ष्मीनरसिंह मन्दिर उद्घाटन गर्दैछौँ।

भक्तपुर कला र संस्कृतिले भरिएको प्राचीन नगर हो। यहाँ ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्व बोकेका असङ्ख्य मूर्त र अमूर्त सम्पदाहरू छन्। समयको अन्तरालमा कैयौँ सम्पदाहरू लोप भए भने कैयौँ लोपोन्मुख अवस्थामा पुगे। भक्तपुरमा रहेका हरेक सम्पदालाई देशको सम्पत्तिको रूपमा ग्रहण गर्दै भक्तपुर नगरपालिकाले आवश्यकताअनुसार अध्ययन अनुसन्धानसमेत गरी मौलिक शैलीमा पुन:निर्माण र जीर्णोद्धार गर्दै आएको छ। त्यसमध्येको एक हो – लक्ष्मीनरसिंह मन्दिर।

मौलिकता गुमेको खण्डमा सम्पदाको महत्त्व समाप्त हुनेबारे हामी अत्यन्त सचेत छौँ। लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणको प्रक्रिया सुरु हुनुअघि त्यसको पुरानो स्वरूपबारे धेरै सोधखोज भयो। स्थानीय जनता, इतिहासविद्हरू, प्राविधिकहरूको खोज अनुसन्धानले हाल निर्माण सम्पन्न भएबमोजिमको दुईतले छानासहितको मन्दिर भन्ने निष्कर्ष निकाल्यो र त्यसैलाई आधार बनाई भक्तपुर नपाले नक्सा र ल.ई.स्वीकृत गरी पुन:निर्माण कार्य अगाडि बढाएको थियो।

समयमै यस मन्दिरको पुन:निर्माण सम्पन्न गर्ने उद्देश्यले नगर प्रमुखको संयोजकत्वमा लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माण निर्देशक समिति, इ. सुजन माकको संयोजकत्वमा प्राविधिक समिति, तत्कालीन वडा नं. ४ का वडाध्यक्ष कुमार चवालको संयोजकत्वमा अनुगमन समिति तथा स्थानीय न्हुछेराम भेलेको संयोजकत्वमा उपभोक्ता समिति गठन गरी पुन:निर्माण कार्य अगाडि बढ्यो। नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले वि.सं. २०७८ मङ्सिर २७ गते यस मन्दिरको शिलान्यास गर्नुभएको थियो। आज साढे तीन वर्षपछि उहाँकै हातबाट यस मन्दिरको उद्घाटन गराउन पाउँदा हामी अत्यन्त खुसी छौँ।

मन्दिर पुन:निर्माणको क्रमसँगै हामीले स्वेच्छाले सहयोग गर्न चाहने महानुभावहरूसँग आर्थिक, भौतिक र श्रमदानको लागि आह्वान गर्‍यौँ। सो पश्चात् रु. २२ लाख ६६ हजार भन्दा बढी नगद, ७५० जनाभन्दा बढी जनताको श्रमदान र लाखौँ रुपैयाँ बराबरको जिन्सी सामान सहयोग स्वरूप प्राप्त भएको छ। जनताको साथ र सहयोग भएमा हाम्रा सम्पदाहरू मौलिक स्वरूपमै बनाउन आजका पुस्ता पनि सक्षम छन् भन्ने एक अर्को उदाहरण लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माण बनेको छ।

सम्पदा पुन:निर्माण र जीर्णोद्धार ठेक्कामा दिन नहुनेबारे हामीले बारम्बार आवाज उठाउँदै आयौँ। मौलिकता संरक्षण गर्ने, स्थानीय सीप, स्रोत र साधनको अधिकतम उपयोग गर्ने, गुणस्तरीय निर्माण र संरचनामा स्थानीय जनताको अपनत्व कायम गर्ने उद्देश्यले उपभोक्ता समितिमार्फत हामीले सम्पदा संरक्षणका कामहरू गर्दै आएका छौँ। कुनै विदेशीको सहयोगबिना भक्तपुर नगरपालिका र स्थानीय जनताको सहयोगमा यो मन्दिर पुन:निर्माण गर्न पाएकोमा हामीलाई गर्व लागेको छ। यो सहयोगी भावनालाई सधैँ कायमै राख्नुपर्छ साथै नयाँ पुस्ताको लागि यो महत्त्वपूर्ण शिक्षा हुनेछ।

मन्दिर पुन:निर्माणसँग सम्बन्धित सम्पूर्ण विवरणहरू समावेश गरेर पुस्तकको रूपमा प्रकाशित गर्ने कोसिस गरेका

छौँ। यो पुस्तक इतिहास र संस्कृतिका विद्यार्थीहरू तथा ऐतिहासिक सम्पदाहरूबारे अध्ययन अनुसन्धान गर्नेहरूको लागि महत्त्वपूर्ण सामग्री बन्ने हाम्रो विश्वास रहेको छ।

---

**जनताको साथ र सहयोग भएमा हाम्रा सम्पदाहरू मौलिक स्वरूपमै बनाउन आजका पुस्ता पनि सक्षम छन् भन्ने एक अर्को उदाहरण लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माण बनेको छ।**

---

यस मन्दिर पुन:निर्माणले भक्तपुरको महत्त्वपूर्ण सम्पदा क्षेत्र टौमढीको स्वरूपमा सौन्दर्यको एउटा ईंटा थपेको छ। यसले पर्यटन विकासको लागि महत्त्वपूर्ण योगदान गर्ने निश्चित छ। यस्ता सम्पदाहरूको पुन:निर्माण कार्यलाई निरन्तर अगाडि बढाइरहने विश्वास पनि जनतालाई दिलाउन चाहन्छौँ।

मन्दिर पुन:निर्माणको क्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले समय समयमा अनुगमन गर्नुभई कार्यरत डकर्मी, सिकर्मी, कालिगड, जनप्रतिनिधिहरूलाई उत्साहित गर्नुभयो। उहाँप्रति भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौँ।

नेमकिपाका सचिव एवम् प्रतिनिधिसभा सदस्य प्रेम सुवाल, वाग्मती प्रदेश सभा सदस्यहरू सुरेन्द्रराज गोसाई र सृजना सैंजु‌ले पनि पटक पटक निरीक्षण गर्नुभई निर्माणकर्मी र हामी जनप्रतिनिधिहरूलाई हौसला प्रदान गर्नुभएकोमा उहाँहरूप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ।

त्यसैगरी मन्दिर पुन:निर्माणमा आर्थिक, भौतिक र श्रमदान गरी सहयोग गर्ने सहयोगी दाजुभाइ तथा दिदीबहिनीहरू, भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, निर्देशक समिति, प्राविधिक समिति, अनुगमन समिति र उपभोक्ता समितिमा बसेर सहयोग गर्ने सम्पूर्ण सदस्य मित्रहरू र समय समयमा अवलोकन गरी सल्लाह र सुझाव दिनुहुने महानुभावहरू तथा यस पुस्तक प्रकाशन गर्न लेख, रचना दिई सहयोग गर्ने सम्पूर्ण महानुभावहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक आभार एवम् धन्यवाद ज्ञापन गर्दछौँ।

## "इतिहासको गर्भमा लुप्त हुन लागेको लक्ष्मीनरसिंह मन्दिरले पुन:जीवन पाएको छ"

- रजनी जोशी
उपप्रमुख, भक्तपुर नगरपालिका




२०७९ वैशाख ३० गते भएको स्थानीय सरकारको दोस्रो निर्वाचनपछि भक्तपुर नगरपालिकामा हामी जनप्रतिनिधिहरू बहाली भएको (३ वर्ष पूरा भई चौथो वर्षमा) आजकै दिन जेठ ६ गते भएको हो। आज हामी हाम्रा नगरवासीहरूसामु यस ग:हिति टोलस्थित ऐतिहासिक लक्ष्मीनरसिंह मन्दिरको उद्घाटन कार्यक्रममा सामेल भएका छौँ। यस मन्दिरको गौरवशाली इतिहासलाई पुन: जागरण गरी यहाँहरूसमक्ष रहेर खुशी साट्न पाउँदा अत्यन्तै हर्षित छौँ साथै आत्मसन्तोषको महसुस भइरहको छ। यसर्थ, आज यस गरिमामय कार्यक्रममा सम्पूर्ण उपस्थित नगरवासी दाजुभाइ, दिदीबहिनीहरूलाई स्वागत गर्न चाहन्छु, बधाई दिन चाहन्छु।

भक्तपुर नगरपालिकाले 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' नारालाई सार्थकता दिँदै आज इतिहासको गर्भमा लुप्त हुने तरखरमा रहेको यस लक्ष्मीनरसिंह मन्दिर यहाँका जिम्मेवार वडावासी दाजुभाइ, दिदीबहिनीहरूको सम्पदाप्रतिको उत्कर्ष मायाको कारणले समय परिस्थितिको सामञ्जस्यताले यस मन्दिरको भव्य स्वरूप हामी सामु गर्वका साथ ठडिएको छ। यस कार्यले भक्तपुर नगरपालिका र नगरवासीहरूको पहिचानमा अर्को आयाम थपिएको महसुस

भएको छ।

१५ औँ शताब्दीमा निर्माण भएको मन्दिर १८ औँ शताब्दीमा राजा जितामित्र मल्लको पालामा भूकम्पका कारण भत्किएको यस मन्दिर यसै समयमा केही परिमार्जन गरी पाताल गणेश मन्दिर पुनः निर्माण भएको इतिहासबाट बुझ्न सकिन्छ। पुनः ९० सालअघि नै भत्किएको यस मन्दिर ९० सालको भूकम्पले पेटीसम्मको संरचना नै भत्किएको इतिहासकारहरूको बुझाइ रहेको छ। बेलायती महारानी एलिजाबेथको भक्तपुर भ्रमणको समयका लागि उक्त मन्दिरलाई एक तलामा सीमित गरी जस्ताको छाना छाएर सुरक्षित बनाइएको बुझाइ रहेको छ। पर्याप्त ऐतिहासिक प्रमाणको अभावमा विभिन्न समयमा यस मन्दिरको पुनः निर्माणको प्रयास भने नभएको होइन।

निर्वाचित जनप्रतिनिधिहरूले नेपाल मजदुर किसान पार्टीको घोषणापत्रअनुरूप शिक्षा, स्वास्थ्य, सरसफाइजस्ता आधारभूत आवश्यकताहरू पूरा गर्न र हाम्रो पहिचान रहेको सम्पदाको साथै संस्कृति जगेर्ना गर्ने काममा निरन्तर लागिरहको र सम्पदा, संस्कृति संरक्षणमा भक्तपुर नगरपालिकाले स्थानीय उपभोक्ता समितिमार्फत स्थानीय कालिगडहरूले नै स्थानीय सामग्री प्रयोग, स्थानीय प्रविधिमा यस मन्दिरको भव्य स्वरूपमा निर्माण गर्न सफल भएको छ। यो नै भक्तपुर नगरको लागि ठूलो उपलब्धी हो र यसमा हाम्रा भक्तपुवासी मात्र नभई सबै नेपालीहरूका लागि उपत्यकाको मौलिक शैली अब निरन्तर जीवित रहन्छ भन्ने विश्वास मौलाएको भान हुन्छ। यसर्थ, यस भव्य मन्दिरको सांस्कृतिक महत्त्वलाई जीवन्त राख्न आजै यस वडाका वडावासीहरूबाट विशेष क्षमा पूजा गर्न लागिएको हुँदा यस मन्दिर र यस स्थान जीवन्त हुने र जीवन्त नगर भक्तपुरको विशेषता अझ थपिने विश्वास लिएका छौँ।

## थाहा पाइराखौं

- नेपालमा छापाखानाको प्रारम्भ वि.सं. १९०८ देखि सुरु भएको थियो।
- नेपालभन्दा भारत २२ गुना ठूलो छ भने चीन ६५ गुना ठूलो छ।
- सबभन्दा धेरै नगरपालिका भएको जिल्ला रौतहट हो। त्यहाँ १६ वटा नगरपालिका छन्।
- दाह्रि पाल्ने चलन इजिप्ट देशबाट सुरु भएको हो।
- 'मरुभूमिको हिरो' भनेर चिनिने राष्ट्र लिबिया हो।
- 'खेलको देवता' भनेर जियसलाई भनिन्छ।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

# 'भक्तपुर भ्रमण गर्ने पर्यटकहरूलाई नयाँ गन्तव्य थप भएको छ'

**-गोपालप्रसाद अर्याल**
**प्रमुख जिल्ला अधिकारी, भक्तपुर**




लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण गरेर आज उद्घाटन गर्ने अवस्थामा पुग्न सफल भएकोमा भक्तपुर नगरपालिकालाई म विशेष बधाई दिन चाहन्छु। यो सबै नगरवासीहरूलाई गौरव गर्ने विषय हो। त्यस सन्दर्भमा सबैलाई बधाई पनि दिन चाहन्छु।

भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणमा जुन प्राथमिकता दिएको छ, यो अत्यन्तै प्रशंसायोग्य छ। सम्पदा संरक्षणको माध्यमबाट हामीले हाम्रो पुरातन गौरव र परम्परालाई कायम गर्ने मात्र नभई यसको माध्यमबाट हामीले राष्ट्रिय र अन्तर्राष्टिय स्तरमा पर्यटन प्रवर्द्धनको माध्यमबाट आर्थिक विकासको निम्ति योगदान गर्न सक्छौँ। हाम्रा सम्पदा निक्कै महत्त्वपूर्ण छन्। यसमा हामीले योजनाबद्ध ढङ्गले काम गर्नुपर्ने हुन्छ। भक्तपुर नपाले योजनाबद्ध ढङ्गले काम अगाडि बढाउँदै गर्दा हामी सबैको लागि यो महत्त्वपूर्ण विषय हो भन्ने ठान्दछु। विभिन्न समयमा गएका भूकम्पका

कारण क्षत विक्षत हुँदै जस्ताले छोपिएर बसेको अवस्थामा, आफ्नो मौलिक स्वरूपबाट पूर्ण रूपमा हराइरहेको स्थितिमा, धेरै मानिसहरूको मानसपटलको हिसाबले विस्मृतिमा पुगिसकेको अवस्थामा भक्तपुर नगरपालिकाले अध्ययन अनुसन्धान गरी यसको मौलिक स्वरूप र परम्परागत शैलीमा यसको पुनःनिर्माण गर्ने काम भएको छ। यो अत्यन्त खुसीको विषय हो।

लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण सम्पन्न भएसँगै भक्तपुरमा भ्रमण गर्न आउने पर्यटकलाई नयाँ गन्तव्यस्थल थप भएको छ। यसको अधिकत्तम रूपमा सदुपयोग हुने र प्रचार प्रसार हुने विश्वास गर्दछु। यसको माध्यमबाट हामीले हाम्रो संस्कृति र परम्पराको सम्बर्द्धनका साथसाथै भक्तपुरको विकासमा पनि योगदान पुग्न सक्नेछ भन्ने विश्वास गर्दछु।

यो मन्दिर निर्माणको सिलासिलामा यसको निर्देशक समितिमा जिल्ला प्रशासन कार्यालय भक्तपुरको पनि प्रतिनिधित्व भएका कारण हामीले यसलाई आवश्यक समन्वय र सहजीकरण गर्ने काम गर्दै आएका थियौँ। नेपाल सरकारले पनि भूकम्पछिको सम्पदा पुनःनिर्माणलाई धेरै महत्त्व दिएर काम गरिरहेको छ। पुरातत्त्व विभागले यस्ता सम्पदा पुनःनिर्माणको सिलसिलामा कति स्थानमा नेपाल सरकारको तर्फबाट लगानी गर्ने काम गरिरहेको छ, कतिपयमा प्राविधिक सहयोग उपलब्ध गराउने काम गर्दै आएको छ। सबै तहका सरकारको संलग्नताले पुनःनिर्माणको काम अगाडि बढाउन सकिनेछ भन्ने विश्वास गर्दछु।


**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी, भक्तपुर

**पर्यटक सेवा शुल्क सम्बन्धी सूचना**

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु. १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


# 'सम्पदा संरक्षणमा भक्तपुर उदाहरणीय नगरपालिका हो'

- सौभाग्य प्रधानांग,

**महानिर्देशक, पुरातत्त्व विभाग**



२०७२ सालको भूकम्पपछि हामीले विभिन्न निर्माणको काम गर्दै जाने क्रममा आज लक्ष्मीनरसिंह मन्दिरको पुनःनिर्माण सम्पन्न गरी उद्घाटन गर्दैछौँ। भक्तपुर नपा र नगरवासीहरूलाई हार्दिक बधाई तथा मौलिक शैलीमा सम्पदा पुनःनिर्माण गर्न सकोस् भनी शुभकामना व्यक्त गर्न चाहन्छु।

सम्पदा संरक्षणमा ७५३ वटा नगरपालिकामध्ये भक्तपुर नगरपालिका एक उदाहरणीय नगरपालिका पनि हो। पुर्खाले बनाएका सम्पदा परम्परागत प्रविधि, स्वरूप र सामग्री प्रयोग गरी जीर्णोद्धार गर्ने कार्य सराहनीय छ। यो भौगोलिक वातावरण र पर्यावरणमा एकदम औचित्यपूर्ण छ। यो प्रशंसनीय काम हो। यो नगरपालिकाबाट अन्य स्थानीय तहले पनि सिक्नुपर्ने र जान्नुपर्ने विषय हो। हाम्रो सम्पदा त्यत्तिकै आज बनेको होइन। हजारौँ वर्षदेखि निरन्तर रूपमा यहाँको भौगोलिक वातावरण र पर्यावरणअनुसार प्राप्त स्थानीय सामग्रीहरू प्रयोग गरी पुर्खाले विकास गर्दै आजको अवस्थामा आइपुगेको हो। यो नेपालीहरूको आफ्नो पहिचान पनि हो। हामी कति सभ्य छौँ भनेर सभ्यताको परिचय दिने विषय पनि हो। हामीसँग भएका सम्पदालाई मौलिक स्वरूप, मौलिक सामग्री र मौलिक प्रविधि प्रयोग गरी संरक्षण गर्दै गयौँ भने प्रविधि पनि बच्छ, पछिल्लो पुस्ताले गौरव गर्ने अवसर पनि प्राप्त हुन्छ।

नेपालको इतिहास हेर्ने हो भने, भौगोलिक अवस्था र पर्यावरणअनुसार हरेक १०० वर्षमा ठूलठूला भूकम्प जाने गरेको छ। त्यसैले सम्पदाहरूलाई हरेक सय वर्षमा एकचोटि

# नेपालमा पुनःजन्म भएको पहिलो मन्दिर

– पुरुषोत्तमलोचन श्रेष्ठ



आजको दिन लक्ष्मीनरसिंह मन्दिरले पुनःजीवन प्राप्त गरेको दिन हो। विश्वमा जति पनि सम्पदाहरू संरक्षण, संवर्द्धन र जीर्णोद्धार तथा पुनःनिर्माण भएको छ, त्यो पुनःनिर्माणसँगै अति विशिष्ट महत्त्व बोकेको मन्दिर हो लक्ष्मीनरसिंह मन्दिर। भूकम्पले क्षतविक्षत अवस्थामा रहेको यो मन्दिर मौलिक स्वरूप र शैली गुमाएर जस्ताले एकतले अवस्थामा रहेकोमा भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहालीपश्चात् देशका मूर्त अमूर्त सम्पदा लोप हुने अवस्थामा रहेका सम्पदाहरू पुरानो शैली स्वरूपमा पुनःजीवित भएको छ। यसको निम्ति नेपाल मजदुर किसान पार्टीलाई र भक्तपुर नपालाई धन्यवाद दिन चाहन्छु।

मन्दिर पुनःनिर्माणको सन्दर्भमा मन्दिर पुरानो शैली स्वरूपमा खडा गर्नु निकै चुनौतीको विषय हो। यो मन्दिर शिखर शैलीमा थियो वा छाने शैलीमा थियो त्यो अति महत्त्वपूर्ण विषय हो। हामीसँग त्यो जान्ने कुनै पुरानो कागजात र प्रमाणहरू थिएनन्।

यो मन्दिरको सन्दर्भमा पुरानै शैली स्वरूपमा पुनःनिर्माण गर्न इचंगुनारायण, तिल माधवनारायण, द्वारिकानाथ, यक्षेश्वर, पनौती, धुलिखेलगायतका ठाउँमा रहेको प्राचीन, मध्यकालीन, समकालीन ७०० वर्ष पुरानो मन्दिरको तुलनात्मक अध्ययन अनुसन्धान गरेर पुनःजन्म भयो। त्यसको निम्ति प्राविधिक टोली, इन्जिनियरसँगै अझ विशेष यो मन्दिर पुरानै शैली पुनरावलोकन गरेर क्षति भएको जति पुनःनिर्माण गर्दै आएका छौँ। सम्पदा पुनःनिर्माण गर्ने क्रममा हामीले सकेसम्म पुरानो सामग्री र कलाहरूलाई पुनः प्रयोग गर्दै आएका छौँ। यी सम्पदाहरूको इतिहासलाई अध्ययन गर्दै जाने हो भने हाम्रो सम्पदाहरू हजारौँ वर्ष पुरानो हो भन्ने प्रमाणित हुन्छ। यो मन्दिरको पनि संरचनालाई अध्ययन गर्दै इतिहास खोज्दै अभिलेखहरू हेर्दा स्थानीय समग्री प्रयोग गर्ने, कीर्ति मल्लको अभिलेखअनुसार १५ औँ शताब्दीमा बनेको मन्दिर हो भनी गौरव गर्न सक्ने अवस्था छ। हामीले कुनै पनि सम्पदा बनाउँदा मौलिक स्वरूप परिवर्तन नगरीकन, साइज परिवर्तन नगरिकन पुरानै सामग्री र प्रविधि प्रयोग गरी बनाउन पुरातत्त्व विभाग सबै समक्ष अपिल गर्दछ।

२०७२ सालको भूकम्पपछि नेपालका हजारौँ सम्पदा नष्ट भए। ती सम्पदामध्ये अहिले स्थानीय सरकार, प्रदेश र सङ्घ सरकार, राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थाको प्राविधिक सहयोगमा ८१५ वटा सम्पदा पुनःनिर्माण कार्य सम्पन्न भयो। अझ बाँकी केही सम्पदा निरन्तर पुनःनिर्माणको काम गर्दैछौँ। यो एउटा संस्थाले मात्र सम्भव छैन। यसको लागि हामीले सबैको साथ र सहयोग अपेक्षा गरेका छौँ। देशका विभिन्न सङ्घ संस्थाको सहयोगमा हामीले ८१५ वटा सम्पदा पुनर्निर्माण गर्न सफल भएका हौँ। सम्पूर्ण सहयोगी हात र संस्थालाई विशेष आभार प्रकट गर्न चाहन्छु। यति गर्दै गर्दा हामीले धेरै कुरा सिक्यौँ, गुमायौँ। कति सम्पदाहरू हामीले जानेर नजानेर प्रविधि, सामग्रीमा परिवर्तन गर्‍यौँ।

२०७२ सालदेखि आजसम्मको पुनःनिर्माणको दौरानमा धेरै कुरा सिकेका छौँ। सम्पदा संरक्षणलाई विभिन्न सङ्घ संस्था, स्थानीय निकायसँग बसेर अन्तरक्रिया कार्यक्रमहरू गर्दै आएका छौँ। कुनै सम्पदा बनाउन अघि पर्याप्त अध्ययन अनुसन्धान गर्नुपर्छ र दस्तावेजीकरण गर्नुपर्छ भन्ने कुरा बुझ्यौँ, लक्ष्मीनरसिंह मन्दिर बनाउन पनि दुई तीन वर्ष अनुसन्धान पछि बनेको भनेर भन्नुभएको छ। यो साँच्चै गौरव गर्नुपर्ने विषय हो। हामीले अब यस्ता सम्पदालाई काम गर्ने बेला सम्पदा प्रभाव मूल्याङ्कनलाई महत्त्व दिएका छौँ। १९९० साल अघि भत्केका सम्पदाको विस्तृत अध्ययन गर्दै पुनःनिर्माण गर्दै जानेछौँ। भूकम्पपछिको यो १० वर्षको अवधिको मुख्य चुनौती दस्तावेजीकरण नै हो। यसलाई मध्यनजर गरी अन्तर्राष्ट्रिय वैज्ञानिक समितिले जति पनि सम्पदा पुनःनिर्माण हुन्छ, ती सम्पदाहरूको दस्तावेजीकरण गरी नयाँ पुस्तालाई प्रमाणको रूपमा राख्नुपर्छ भनी 'दस्तावेज केन्द्र' बनाउने निर्णय गरेको छ।

लक्ष्मीनरसिंह मन्दिर सम्पन्न गर्न सफल भएकोमा भक्तपुर नपा र नगरवासी, सम्पूर्ण कालिगडलाई विशेष धन्यवाद र बधाई दिन चाहन्छु।

स्वरूपमै जस्ताको तस्तै बनाउने विशिष्ट श्रेणीका सिद्धहस्त कालिगड, श्रमिक, मजदुरलाई मनदेखि सतसत् नमन गर्छु।

मैले यो मन्दिरलाई पुन:जन्म शब्द दोहोऱ्याइरहेको छु। नेपालमा मानवजीवनको मात्र पुन:जन्म हुन्छ भन्ने थियो, तर यहाँ मन्दिर पनि पुन:जन्म भएको देखियो। लक्ष्मीनरसिंह मन्दिरको मुख्य विशेषता र चरित्रको कुरा गर्नुपर्दा विष्णु भगवानको अवतारवाद हो। लक्ष्मीनरसिंह मन्दिरको सन्दर्भमा भन्नुपर्दा शान्त सौम्य रूप लक्ष्मीको साथ भएको नरसिंह भगवान हो। नरसिंह उग्रस्वभावको हुन्छ। उग्रस्वभावको नरसिंह भगवानलाई सन्तुलनमा ल्याएर शान्त र सौम्य बनाउने काम लक्ष्मी भगवानले गरेको देखिन्छ। जसरी हाम्रो परिवारमा शान्ति समृद्धि ल्याउने काम महिलाहरूको हो। त्यही दृश्य लक्ष्मीनरसिंहमा पनि देखिन्छ।

वर्तमान अवस्थामा पर्यटन, संस्कृति, सम्पदा अति महत्त्वपूर्ण छ। त्यसैले नेपालमा आन्तरिक र बाह्य पर्यटक भ्रमण गरी भक्तपुर आएर भक्तपुरको भ्रमण गरी लक्ष्मीनरसिंह मन्दिरको भ्रमण नगरेसम्म उनीहरूको भ्रमण अधुरो हुनेछ। नेपालमा सबभन्दा पहिला पुन:जन्म भएको मन्दिर पनि यही हो। शिल्पी हातलाई शतशत् नमन र मेरो व्यक्तिगत योगदान पनि दिन पाएकोमा अपार सन्तोष मिलेको छ।

अन्त्यमा, सम्पदा हराए पनि केही छैन, हाम्रो शिल्प चाहिँ हराउन भएन। शिल्प बाँचेको एउटै नगर भक्तपुर हो। यो शिल्प बाँचेकोले नै मन्दिरको पुन:जन्म सम्भव भएको हो। त्यसैले शिल्पकला र सीप अति महत्त्वपूर्ण छ। सीप बाँच्यो भने यस्ता धेरै मन्दिर बनाउन सम्भव हुन्छ। सबैले मनन् गर्नुपर्ने विषयहो।

अर्को महत्त्वपूर्ण विषय भनेको भौतिक अभौतिक सम्पदाहरूको दस्तावेजीकरण अति आवश्यक छ। त्यही दस्तावेजको कारण हामीले यो मन्दिर पश्चिमाभिमुख हो भनी निश्चित गरी काष्ठकला, लक्ष्मीनरसिंह मूर्ति पनि त्यसैको आधारमा निश्चित भएको हो। यो मन्दिरको बारेमा स्थानीय इतिहासकार लीलाभक्त मुनंकर्मीले मध्यकालीन नेपाल पुस्तकमा उल्लेख गर्नुभएको छ। यो मन्दिर राजा कीर्तिमल्लको पालामा निर्माण भएको हो। दुईतले मन्दिर हो। यो मन्दिरकोबारे उहाँले मन्दिरभित्र शिलापत्र पनि राखेको कुरा उल्लेख गरेको छ। त्यो शिलापत्र भेटेको खण्डमा अझ यस मन्दिरबारे नयाँ कुरा पत्ता लाग्ने थियो। प्राप्त ऐतिहासिक प्रमाण र स्थानीय जनताको भनाइमा पनि ऐतिहासिक सत्यता छ। सबै प्रमाणको आधारमा यस मन्दिरले पुन:जन्म प्राप्त गरेको हो। आजको दिन अति गौरव गर्न लायक दिन हो। यो सम्पदा संरक्षण र संवर्द्धन गर्ने आधारमा लक्ष्मीनरसिंह पुस्तक पनि हो।

# लक्ष्मीनरसिंह मन्दिर पुन: निर्माण उपभोक्ता समितिको प्रतिवेदन–२०८२

- न्हुछेराम भेले
अध्यक्ष, उपभोक्ता समिति




'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने मूल नारालाई आत्मसात गरी भक्तपुर नगरपालिका वडा नं. ४, ग:हितिस्थित लक्ष्मीनरसिंह मन्दिर पुन: निर्माण गर्न २०७६ कार्तिक २५ गते भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका वडा नं. ४, हिति ग: तालाकोमा सयौं वडाबासी भद्र भलादमीहरूको उपस्थितिमा म न्हुछेराम भेलेको अध्यक्षतामा ९ सदस्यीय उपभोक्ता समिति र तत्कालीन वडाध्यक्ष कुमार चवालको संयोजकत्वमा ५ सदस्यीय अनुगमन समिति गठन भएको थियो।

तत्पश्चात् २०७७ कार्तिक ३० गतेको उपभोक्ता समितिबाट काठको काम गर्न सिकर्मी भ.न.पा. ४ बस्ने बलराम शिल्पकारलाई र डकर्मीको काम गर्न भ.न.पा. ५ बस्ने जगतराम न्हिसुतूलाई जिम्मा दिने निर्णय भयो। मन्दिरको पुरानो अवशेष नभएकोले कसरी बनाउने भन्ने बारेमै धेरै अलमल थियो। त्यसैले नपाका प्राविधिकहरू, विशेषज्ञहरू र उपभोक्ता समितिका पदाधिकारीहरूबिच पटक पटक छलफल भयो। समान खालका मन्दिरहरूको अध्ययन अवलोकन पनि गरियो। अन्त्यमा सामुहिक छलफलबाट निचोड निकाल्दै

निर्माणको काम अगाडि बढाइयो। पहिलो तलाको लागि काठको काम लगभग सबै सकिएपछि मन्दिरको विद्यमान संरचना मिति २०७८ कार्तिक ३ गते भत्काउन श्री भैरबनाथ मूल नाईके तथा लाकोलाछैं दाफा भजनका गुरु लक्ष्मीभक्त घेमोसूद्वारा पूजा सङ्कल्प गरी मन्दिर भत्काउने काम सुरु भयो।

लक्ष्मीनरसिंहको मूर्ति २०७८ कार्तिक २७ गतेका दिन श्री भैरबनाथ मूल नाइकेद्वारा पूजा सङ्कल्प गरी विनोदराज शर्मा, कृष्णराज जोशी र विक्रम कर्माचार्यबाट संयुक्त पूजा पाठ गरी लक्ष्मीको वाहन गाईमार्फत मूर्ति तानी बाजागाजाका साथ वडावासी भद्रभलादमीहरूको उपस्थितिमा भ.न.पा. ३, भनपुखू सम्पदा शाखामा मूर्ति स्थानान्तरण गरियो।

२०७८ मंसिर २७ गतेका दिन नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ श्री नारायणमान बिजुक्छैं (रोहित) ज्यूको प्रमुख आतिथ्यमा लक्ष्मीनरसिंह मन्दिर शिलान्यास कार्यक्रम सम्पन्न भएको थियो।

भक्तपुर नगरपालिकाद्वारा पहिलो चरण देखि (छैटौं) अन्तिम चरणसम्ममा लागत ईष्टिमेट रु.७,७७,११,८३८।५६ (सात करोड सतहत्तर लाख एघार हजार आठ सय अठतीस रुपैयाँ छपन्न पैसा मात्र) भएकोमा रु.४,८३,०४,३८५.८० खर्च भएको अर्थात् लागत ईष्टिमेटको ६३ प्रतिशत खर्चमा कार्य सम्पन्न भएको जानकारी गर्दछु। उक्त कार्यको प्राविधिक मूल्याङ्कन रु.५,१८,३८,०९४।५२ (पाँच करोड अठार लाख अठतीस हजार चौरान्नब्बे रुपैयाँ बावन्न पैसा मात्र) रहेको प्रतिवेदनमा उल्लेख छ।

मन्दिरको निर्माणको शुभारम्भदेखि अन्तिम चरणसम्म विभिन्न गुठी, दाफा भजन, सङ्घ संस्था, नगरवासी तथा वडावासी भद्र भलादमीहरूबाट रु.२२,६६,६३८।५५ (बाईस लाख छैसट्ठी हजार छ सय अठतीस रुपैयाँ पचपन्न पैसा मात्र) आर्थिक सहयोग प्राप्त भएको व्यहोरा जानकारी गर्दछु।

मन्दिर निर्माणको शुभारम्भदेखि अन्तिम चरणसम्म विभिन्न दाफा भजन, गुठी, सङ्घ संस्था, महिला समूह, आमा समूह तथा विभिन्न महानुभावहरूसमेत गरी ७५० जनाभन्दा बढी सम्पदा प्रेमी तथा संस्कृति प्रेमी महानुभावहरूबाट श्रमदान प्राप्त भएको व्यहोरा जानकारी गर्दछु। मन्दिर निर्माणको लागि शुभारम्भदेखि अन्तिम चरणसम्म जिन्सी सामान सहयोग गर्ने महानुभावहरू निम्नानुसार छन् -

१) हरिगोविन्द प्रजापति ६ देखि १२ फिट र २० फिटको गरी जम्मा ५९३ वटा पाइप र क्लाम्प ३०० वटा निःशुल्क सहयोग।
२) श्यामसुन्दर सिंख्वाल ज्याकी पाइप, २० फिटको पाइप, १५ फिटको पाइप र ५ फिटको गरी जम्मा १४ वटा पाइप निःशुल्क सहयोग।
३) तीर्थराम कासिछ्वा २० फिटको ८० वटा, ५ देखि १४ फिटको ४५ वटा र क्लाम्प ५० वटा गरी जम्मा १७५ वटा पाइप न्यूनतम सःशुल्क सहयोग।
४) जीतबहादुर लामा पुरानो ढुङ्गा र वाकर मेसिन निःशुल्क सहयोग।
५) तुल्सीराम प्रजापति र विश्वराम खाईतुले काठको भन्याङ निःशुल्क सहयोग।
६) मोहनप्रसाद प्रजापति माटो मुछ्ने मेसिन र जलधाराको लागि बाग ध्वँ निःशुल्क सहयोग।
७) रत्नसुन्दर सिंख्वालले भिँगटी इँटा सफा गर्ने मेसिन निःशुल्क सहयोग।
८) तील माधव नारायण मन्दिर पानी तान्ने पम्प र पाइप निःशुल्क सहयोग।
९) सामुहिक साकोसले स्क्वायर पाइप निःशुल्क सहयोग।
१०) साधुराम प्रजापतिले छानाको लागि ८ वटा ग्वंग अप्पा।
११) युवक किशोर राजभण्डारीले भिँगटी इँटा ६००० वटा, राजाराम खाईतु १००० वटा, कृष्णगोपाल बखुन्छे २३०० वटा, रामगोपाल सिंख्वाल १५०० वटा, र सुरेश प्रजापति सिंहासनको लागि २ वटा ढुङ्गा निःशुल्क सहयोग।

उपरोक्त सबै सहयोगीहरू प्रति धेरै धेरै कृतज्ञता व्यक्त गर्दछौं।

सम्पदा पुनःनिर्माणको क्रममा विभिन्न विषयमा छलफल तथा निर्णय गरी कार्य अगाडि बढाउन विभिन्न मितिमा जम्मा ३१ पटक बैठक बसी निर्णयानुसार काम सम्पन्न गरिएको थियो।

अन्तमा, 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति'लाई साकार पार्न नेपाल मजदुर किसान पार्टीको घोषणापत्र अनुसार सम्पदा संरक्षणमा थोरै योगदान गर्ने अवसर प्रदान गर्नुभएकोमा उपभोक्ता समिति तथा अनुगमन समितिको तर्फबाट धन्यवाद दिन चाहन्छु। साथै यस लक्ष्मीनरसिंह मन्दिर पुनः निर्माणमा आर्थिक, भौतिक तथा श्रमदान गर्नुहुने सबैलाई धन्यवाद ज्ञापन गर्दछु। दत्तचित्तभई काम गर्ने सिकर्मी र डकर्मी तथा ज्यामीहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु। सम्पदा संरक्षण तथा पुनः निर्माण कार्यमा सदा सदा सहयोगको अपेक्षा गर्दै विदा हुन्छु। धन्यवाद !

# सम्पदा पुन:निर्माणमा भक्तपुरले देखाएको नमुना – ख्वप मोडल

– ई. सुजन माक
संयोजक, प्राविधिक समिति




सर्वप्रथम, नवनिर्मित भव्य लक्ष्मीनरसिंहमन्दिरको उद्घाटन समारोहको यस ऐतिहासिक अवसरमा, मन्दिर पुन:निर्माण प्राविधिक समितिको संयोजकको हैसियतमा यहाँहरूमाझ केही विचार राख्ने अवसर प्रदान गर्नु भएकोमा आयोजकप्रति हार्दिक धन्यवादव्यक्त गर्दछु। साथै, सांस्कृतिक नगरी भक्तपुरको मुटुमा अवस्थित यति महत्त्वपूर्ण मन्दिरको पुन:निर्माण कार्य सम्पन्न भएको अवसरमा हामी भक्तपुरवासीलगायत सम्पदा प्रेमी तथा सरोकारवाला सबैलाई हार्दिक बधाई ज्ञापन गर्दछु।

आज हामी सबै यो मन्दिर पुन:निर्माण प्रक्रियाको हिस्सा बन्न पाउँदा गर्वको अनुभूति गरिरहेका छौं। यसका लागि, मन्दिर पुन:निर्माण प्राविधिक समितिको तर्फबाट म संयोजक सुजन माक, सचिव आर्किटेक्ट रामगोविन्द श्रेष्ठ, ई. सुनिल दुवाल, संरक्षण वास्तुविद् सरिता धुख्वा, प्रमिला सिल्पकार, रबिता सिल्पकार, ई. अमित प्रजापति, ई. ससिन प्रजापति, र स.ई. रुकेश त्वयानाबासुको तर्फबाट यस मन्दिर पुन:निर्माणमा प्राविधिक योगदान गर्ने अवसर प्रदान गर्नु भएकोमा भक्तपुर नगरपालिकाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

मन्दिर पुन:निर्माणसम्बन्धी प्राविधिक कार्यको प्रारम्भदेखि हालसम्म निरन्तर मार्गदर्शन गर्दै हामी प्राविधिक टोलीलाई उत्साह र प्रेरणा प्रदान गर्नु भएकोमा भक्तपुर नगरपालिका प्रमुख श्री सुनिल प्रजापति, उप-प्रमुख आर्किटेक्ट रजनी जोशी तथा सम्पूर्ण जनप्रतिनिधिहरूलाई म हार्दिक धन्यवाद व्यक्त गर्दछु।

त्यस्तै, प्रारम्भिक अभिलेखीकरणदेखि निर्माणको सम्पूर्ण चरणसम्म सहयोग पुऱ्याउनु भएका भक्तपुर नगरपालिकाको सम्पदा शाखा, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका शिक्षक, विद्यार्थी तथा प्राविधिक मित्रहरूलाई विशेष धन्यवाद दिन चाहन्छु।

हाम्रो प्राविधिक समितिको पहिलो कदम ऐतिहासिक तथ्य, अभिलेख, प्रमाणहरू सङ्कलन गर्नु रहेको थियो। त्यसका लागि हामीले ऐतिहासिक दस्तावेज, तस्बिरहरू र मौखिक इतिहासको अध्ययन गरेका थियौं। यस कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं। विशेषगरी, स्व. सुरेन्द्र जोशी र उहाँको परिवारप्रति हामी हार्दिक कृतज्ञता प्रकट गर्दछौं। उहाँले भक्तपुर विकास आयोजनाका क्रममा तयार पार्नुभएको यस मन्दिरको प्रस्तावित नक्सा र अनुसन्धानले यस मन्दिर पुन:निर्माणको निम्ति प्रारम्भिक दिशानिर्देश गरेको थियो।

हामीसँग यस लक्ष्मीनरसिंह मन्दिरको पुरानो संरचनाबारे सीमित जानकारी मात्र रहेकाले, हामीले विष्णुका अवतारहरू समेटिएका सम्भावित मन्दिरहरू जस्तै चाँगुनारायण, पनौती, चार नारायण आदिको तुलनात्मक अध्ययन गऱ्यौं। यी अध्ययनहरूमा प्रा. डा. पुरुषोत्तम लोचन श्रेष्ठले निकै ठूलो सहयोग गर्नुभयो। आजको यस अवसरमा, उहाँप्रति हामी हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छौं।

त्यस्तै, यस कार्यमा साथ दिनुभएका अन्य सम्पूर्ण इतिहासविद्, संरक्षणविद्, संस्कृतिविद् एवम् अन्य विज्ञहरूप्रति पनि हामी आभार व्यक्त गर्दछौं।

मन्दिर पुन:निर्माणको यो यात्रामा हामीले हाम्रा स्थानीय कालीगडहरूबाट गहिरो ज्ञान प्राप्तगर्ने अवसर पायौं। विश्वविद्यालयका आधुनिक कक्षाकोठामा सिक्न नपाइने कत्ति कुरा उहाँहरूको जीवन्त अनुभव र परम्परागत ज्ञानबाट सिक्न पायौं। पुस्तकमा पढ्न नपाइने ज्ञानका कुरा हाम्रा अवाल (डकर्मी), सिकमी, ल्हौंकमी आदि कलाकारहरूको सीपमा पायौं। उहाँहरूको हातको काम र अनुभवबाट हामीले धेरै कुरा सिक्न पायौं।

उहाँहरू केवल श्रमिक मात्र होइनन्, उहाँहरू नै हाम्रा पुर्खाहरूको वास्तुकला र इन्जिनियरिङको साँचो वाहक हुनुहुन्छ

जसले पुस्तौँदेखि पुस्तासम्म हस्तान्तरण हुँदै आएको ज्ञान र सीपको संरक्षण गर्दै आउनुभएको छ । आजको यस महत्त्वपूर्ण अवसरमा, हाम्रो सांस्कृतिक पहिचानका यस्ता मौन संरक्षकहरूप्रति हामी गहिरो कृतज्ञता प्रकट गर्दछौँ । जसको कलाको सहयोगले यो मन्दिरको पुनः निर्माण सम्भव भयो – पहिलेजस्तै गौरवशाली, सायद अझ सुन्दर रूपमा पनि ।

यो मन्दिर पुनःनिर्माण योजना इमानदार राजनैतिक नेतृत्व, प्राज्ञिक अनुसन्धान, प्राविधिक अभ्यास, ऐतिहासिक ज्ञान, कालीगडहरूको सीप र स्थानीय सहभागिताले एउटा थप नमुना पुनःनिर्माण योजना बन्न सफल भएको छ । सम्पदा पुनःनिर्माणमा भक्तपुरले देखाएको नमुना – ख्वप मोडल ।

अन्त्यमा, यहाँ एक महत्त्वपूर्ण पक्ष स्मरण गर्न चाहन्छु – भक्तपुर नगरपालिकाको तात्कालीन नेतृत्वले ख्वप इन्जिनियरिङ कलेजमार्फत वि.सं. २०६२ सालबाट ME in Earthquake Engineering र वि. सं. २०६३ सालबाट MSc in Urban Design and Conservation कार्यक्रमको थालनी गर्नु भएको थियो । यिनै कार्यक्रमहरूबाट तयार भएका प्राविधिक जनशक्ति आज यस पुनःनिर्माणमा संलग्न भएका छन् । नेपालमै पहिलो पटक सुरु गरिएका यी कार्यक्रमहरू भक्तपुरको दूरदृष्टिका उदाहरण हुन् । यो उपलब्धि कुनै संयोग होइन – यो योजनाबद्ध प्रयासको परिणाम हो । भक्तपुरको नेतृत्व र नेतृत्वको यस्तै दूरदृष्टिलाइ धन्यवाद दिँदै विदा हुन्छु ।

## लक्ष्मीनरसिंह मन्दिर उद्घाटन गर्ने तयारी



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपा वडा नं. ४ गःहितिस्थित प्राचीन सम्पदा लक्ष्मीनरसिंह मन्दिरको पुनःनिर्माण निर्देशक समितिको बैठक वैशाख २५ गते बस्यो ।

बैठकमा अध्यक्ष **प्रजापति**ले सम्पदाहरूको संरक्षण जनताको साथ र सहयोगमा गर्दै आएको बताउनुहुँदै नयाँ पुस्तालाई उत्साहित गर्न मन्दिर पुनःनिर्माणमा प्राप्त ऐतिहासिक, सांस्कृतिक र खोजमूलक विषयवस्तुहरू र सहयोग गर्ने सम्पूर्ण पक्ष समेतेर पुस्तक प्रकाशित गर्न लागेको र भविष्यमा अनुसन्धानकर्ताहरूका लागि त्यो पुस्तक अत्यन्त उपयोगी हुने बताउनुभयो ।

'हामी हरेक कामको दस्तावेजीकरण गर्दै जानेछौँ' – उहाँले बताउनुभयो ।

निर्देशक समितिको बैठकमा लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माणसम्बन्धी सम्पूर्ण विवरणहरू समावेश 'लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण २०८२' पुस्तकबारे जानकारी गराइयो भने पुनःनिर्माण कार्यको लागि निर्देशन समितिमा बसी सहयोग गर्ने सम्पूर्ण पदाधिकारी, उपभोक्ता समिति, स्थानीय बासिन्दा र सहयोग गर्ने सम्पूर्णमा निर्देशक समितिको तर्फबाट धन्यवादज्ञापन गर्ने निर्णय गऱ्यो ।

बैठकमा भक्तपुर नगरपालिका सम्पदा उपशाखा प्रमुख **रामगोविन्द श्रेष्ठ**ले लक्ष्मीनरसिंह मन्दिरको पुनःनिर्माण कार्यसम्बन्धी विवरण जानकारी गराउनुभयो ।

लक्ष्मीनरसिंह मन्दिरको पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष **शिवराम किजु**ले मन्दिर पुनःनिर्माणको खर्च विवरण प्रस्तुत गर्दै स्वेच्छाले सहयोग गर्नेहरूबाट रु.२२ लाखभन्दा बढी सहयोग प्राप्त भएको, ७५० जनाभन्दा बढी जनताले श्रमदान र लाखौँ रुपैयाँ बराबरको जिन्सी सामान सहयोगस्वरुप प्राप्त भएको विवरण प्रस्तुत गर्नुभयो ।

भक्तपुर नगरपालिकाले २०७९ सालमा स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि जेठ ६ गते बहाली भएको दिनलाई 'भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहालीको तीन वर्ष' को अवसरमा उक्त मन्दिर उद्घाटन गर्ने तयारी गरिरहेको छ ।

उक्त मन्दिरको शिलान्यास २०७८ मंसिर २८ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले गर्नुभएको थियो ।

## सार्वजनिक परीक्षण




ऐतिहासिक एवम् पुरातात्त्विक सम्पदा लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माणसम्बन्धी सार्वजनिक परीक्षण कार्यक्रम भक्तपुर नपाका उपप्रमुख रजनी जोशीको उपस्थितिमा वैशाख २८ गते सम्पन्न भयो ।

## भेला र छलफल



लक्ष्मीनरसिंह मन्दिर उद्घाटन, क्षमापूजा तथा ब्व:छायगु कार्यक्रमबारे जेठ १ गते भेला तथा छलफल भएको थियो ।



**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**



# भक्तपुर नपामा जनप्रतिनिधिको ३ वर्ष कार्यकाल पूरा




नेपाल मजदुर किसान पार्टीका सचिव **प्रेम सुवाल**ले नगरलाई सफा बनाउन नगरको ढल व्यवस्थापन र सरसफाइमा नगरपालिकाले विशेष ध्यान दिनुपर्ने बताउनुभयो।

जेठ ६ गते आयोजित 'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको ३ वर्ष' कार्यक्रमको उद्घाटन गर्नुहुँदै सचिव सुवालले भक्तपुर नगरलाई सफा, स्वच्छ, सांस्कृतिक नगर र पारदर्शी बनाउने लक्ष्यअनुसार यस नगर अगाडि बढिरहेको बताउनुहुँदै शैक्षिक संस्था आसपास सूर्तिजन्य पदार्थ र मदिरा बेचबिखन गर्ने पसलहरू सञ्चालन गर्न दिन नहुने धारणा व्यक्त गर्नुभयो।

उहाँले उपभोक्ताको हकहितलाई ध्यानमा राखेर समय समयमा बजार अनुगमन गर्नुपर्ने बताउनुहुँदै पत्रु खानेकुराले जनताको स्वास्थ्यमा गम्भीर असर पुऱ्याइरहेको हुँदा स्वस्थकर खानेकुरा सेवनतर्फ जनतालाई प्रोत्साहित गर्नुपर्ने बताउनुभयो।

नगरपालिकालाई आत्मनिर्भर बनाउनेतर्फ लाग्नुपर्ने बताउनुहुँदै सांसद सुवालले विद्यालय शिक्षा राम्रो भए विश्वविद्यालय शिक्षा पनि स्वतः राम्रो हुने तर्क राख्नुभयो।

कलेजका शिक्षकहरू विद्यालयहरूमा गई अनुगमन गरी आवश्यक सुझाव दिने प्रावधानले विद्यालय शिक्षाको स्तर अझ माथि उठ्ने बताउनुहुँदै उहाँले देशको सन्तुलित विकासतर्फ सरकारले जोड दिनुपर्ने बताउनुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले आर्थिक वर्ष २०८१/८२ मा नगरपालिकाले गरेका महत्त्वपूर्ण कामहरूको चर्चा गर्नुहुँदै नगरपालिकाले संविधान र कानुनले दिएको अधिकारभित्र रहेर विभिन्न विकास निर्माण र अन्य कार्यहरूको अतिरिक्त हरेक वर्ष एउटा नगरस्तरीय महत्त्वपूर्ण योजना सम्पन्न गर्ने उद्देश्यअनुरूप काम गर्दै आएको बताउनुभयो।

भक्तपुरका अग्रजहरूले गरेको त्याग, परिश्रम र दुःखको परिणामस्वरूप भक्तपुर आजको अवस्थामा आइपुगन सम्भव







उपप्रमुख रजनी जोशी


विश्वमोहन


सुनिल


मजेशप्रताप

भएको बताउनुहुँदै प्रमुख प्रजापतिले राजनीतिक दलका नेताहरू कल्पनाशील, देश र जनतामा समर्पित भए विकास छिटै सम्भव हुन्छ भन्ने एक उदाहरण भक्तपुर बन्दैछ भन्नुभयो।

स्थानीय तह प्रजातन्त्रको जग भएको हुँदा स्थानीय तह अधिकार सम्पन्न भए मात्र प्रजातन्त्र बलियो हुन्छ भन्ने मान्यता रहेको बताउनुहुँदै देश र जनताको इमानदारीपूर्वक सेवा नै राजनीति हो भन्ने मान्यतालाई आत्मसात गर्दै जनप्रतिनिधिहरूको क्षमताले भ्याएसम्म भक्तपुरको शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माणलगायतलाई उच्च प्राथमिकतामा राखेर कार्य गर्दै आएको प्रमुख प्रजापतिले बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले जनताको साथ र सहयोगबिना भक्तपुरको विकास सम्भव नभएको बताउनुहुँदै जनतालाई निर्वाचनको समयमा दिएको वाचाअनुसार भक्तपुर नपाले घोषणापत्रलाई आधार बनाई काम गर्दै आएको बताउनुभयो।

सहप्राध्यापक **विश्वमोहन जोशी**ले भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले धेरै उपलब्धीमूलक कार्यहरू गर्दै आएको बताउहुँदै जनताको साथ र सहयोगमा मात्र भक्तपुरको आजको विकास सम्भव भएको बताउनुभयो। उहाँले नगरपालिकालाई केही रचनात्मक सुझावहरू दिनुहुँदै भक्तपुर कृषि प्रधान नगर भएको हुँदा उत्कृष्ट किसानहरूलाई प्रोत्साहन गर्ने कार्यक्रमहरूलाई जोड दिनुपर्ने, ख्वप अस्पतालमा सिटी स्क्यान, एमआरआईजस्ता सुविधाहरू थप्दै लानुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले ख्वप कलेज अफ इन्जिनियरिङमा स्थापना कालदेखि हासम्म २ हजार ७६९ विद्यार्थी भर्ना भई अध्ययन गरेकोमा हालसम्म १ हजार ५६४ विद्यार्थीहरूले अध्ययन पूरा गरिसकेको बताउनुभयो।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले ख्वप अस्पतालले स्वास्थ्य क्षेत्रमा फड्को मारिसकेको बताउनुहुँदै कम शुल्कमा गुणस्तरीय सेवा नै ख्वप अस्पतालको प्रतिबद्धता हो भन्नुभयो।

ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी**ले ख्वप कलेज अफ ल सञ्चालन प्रारम्भ भएको ३ वर्ष अवधिमा वर्षको ६० जनाको दरले १८० जना विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुहुँदै ल कलेजमा हाल ४२ जिल्लाका विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुभयो।

ख्वप माविका प्रिन्सिपल **लक्ष्मीप्रसाद कर्माचार्य**ले ख्वप मा.वि. को प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै कलेज स्थापनादेखि हालसम्म २५ हजार ५३३ जना विद्यार्थीहरूले अध्ययन गरिसकेको र हरेक वर्ष रु. १ करोड ३० लाखभन्दा बढी रकम छात्रवृत्ति पनि वितरण गर्दै आइरहेको बताउनुभयो।

कार्यक्रममा प्रमुख अतिथि सुवालले भक्तपुर नगरभित्र


अनिता


लक्ष्मीप्रसाद


वसन्त


उकेश



नगरपालिकाको मापदण्ड अनुसार नियमित रूपमा भवन निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र लिएका घरधनीहरूलाई अनुदान स्वरूप रकम प्रदान गर्नुभएको थियो।

कार्यक्रमका सभापति नगर प्रमुख सुनिल प्रजापतिले नगरपालिकामा कार्यरत उत्कृष्ट कर्मचारीलाई र ३० वर्ष सेवा गर्ने कर्मचारीहरूलाई कदर-पत्र र दीर्घ सेवा सम्मान गर्नुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन गर्नुहुँदै जनप्रतिनिधि, कर्मचारी र जनताको एकताले नै आजको भक्तपुर निर्माण भएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले पनि बोल्नुभएको थियो।

## मौलिक शैलीका घरलाई अनुदान

अनुदान प्राप्त गर्नेहरूमा वडा नं. ५ का कृष्णदेवी सिबन्जार- रु. ३ लाख, वडा नं. ४ का लक्ष्मीप्रसाद मधिकर्मी र उत्तमप्रसाद मधिकर्मी- रु. ३ लाख, वडा नं. ५ का मनिषा साख- रु. १ लाख ४ हजार ५९६, वडा नं. ९ का सुमित्रा नायभा श्रेष्ठ- रु. २ लाख ४४ हजार २९० रुपैयाँ, वडा नं. ५ का राधेश्याम तुल्सीबाख्यो- रु. १ लाख २१ हजार १७०, वडा नं. ९ का शिवप्रसाद श्रेष्ठ- रु. १ लाख ५ हजार ८६, वडा नं. ३ का सुलोचना धुख्वा- रु. ३ लाख रहेका छन्।

घरको मोहडामा प्रयोग भएका काठ, इँटा र झिँगटीको अनुदान स्वरूप जम्मा रु. १४ लाख ७५ हजार १४४ रुपैयाँ प्रदान गरिएको थियो।

## अनुदान प्राप्त घर र घरधनीहरू


















भक्तपुर नगरपालिकामा


भक्तपुर नगरपालिकामा


भक्तपुर नगरपालिका
भक्तपुर नगरपालिकामा


भक्तपुर नगरपालिका
भक्तपुर नगरपालिकामा




भक्तपुर नगरपालिका
भक्तपुर नगरपालिकामा

## भक्तपुर नपामा जनप्रतिनिधिहरूको तीन वर्षको प्रतिवेदन

# "भक्तपुर नगरपालिका आत्मनिर्भरताको कठोर बाटो अवलम्बन गर्दै विकास पथमा अगाडि लम्किरहेको छ"

– *प्रमुख सुनिल प्रजापति*



**आदरणीय नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू,**

जनताको व्यापक साथ र समर्थनमा भक्तपुर नगरपालिकामा हामी निर्वाचित भई सपथ ग्रहण गरेको आज ३ वर्ष पूरा भयो। नेपालको संविधानअनुसार भएको स्थानीय तहको दोस्रो निर्वाचनपछि निर्वाचित भएर २०७९ साल जेठ ६ गते आजकै दिन हामीले कार्यभार सम्हालेका थियौँ। त्यतिबेला सम्पूर्ण जनता र मतदाताबिच हामीले निर्वाचन घोषणापत्रअनुसार काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थियौँ। आजका दिनसम्म निर्वाचन घोषणापत्रलाई आधार बनाएर हामीले काम गर्दैछौँ।

संविधान र कानुनले दिएको अधिकारभित्र रहेर विभिन्न विकास निर्माण र अन्य कार्यहरूको अतिरिक्त हरेक वर्ष एउटा नगरस्तरीय महत्त्वपूर्ण योजना सम्पन्न गर्ने उद्देश्यअनुरूप हामी अघि बढिरहेका छौँ। पहिलो वर्ष ख्वप अस्पतालको नयाँ भवन उद्घाटन र दोस्रो वर्ष भाज्या पुखू उद्घाटन सम्पन्न गर्‍यौँ। गत वर्ष आजकै दिन भनपा वडा नं. १० स्थित टेबुलटेनिस कभर्ड हल र ख्वप तिलगंगा आँखा अस्पतालको उद्घाटन गरेका थियौँ। आज बिहान भनपा वडा नं. ४ ग:हितिस्थित लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माण सम्पन्न गरी नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ज्यूबाट उद्घाटन सम्पन्न गर्‍यौँ।

**दाजुभाइ तथा दिदीबहिनीहरू,**

भक्तपुर कला र संस्कृतिले भरिएको प्राचीन नगर हो। यहाँका मूर्त र अमूर्त सम्पदाहरू हाम्रा अमूल्य सम्पत्ति हुन्। त्यसको संरक्षण र सम्बर्द्धन गरी भावी पुस्तालाई हस्तान्तरण गर्नु हामीले आफ्नो कर्तव्य र जिम्मेवारी ठानेका छौँ। त्यसको निम्ति हामी कला र संस्कृति संरक्षणमा निरन्तर लागिरहेका छौँ।

नाचगानको राजधानी, सांस्कृतिक नगर र जीवित सङ्ग्रहालयको रूपमा विश्वमा परिचित हुँदै गएको यस भक्तपुर नगरको नेतृत्व गरिरहँदा हामीलाई गर्वको महसुस भएको छ। हाम्रा अग्रजहरूले गर्नुभएको त्याग, परिश्रम र दु:खको परिणामस्वरूप भक्तपुर आजको अवस्थामा आइपुग्न सम्भव भएको हो। पदमा रहेर वा नरहेर पनि समाज परिवर्तनको लागि प्रत्यक्ष र परोक्ष योगदान गर्ने ती तमाम् अग्रज राजनैतिक नेता, कार्यकर्ता र सामाजिक कार्यकर्ताहरू एवं जनतालाई आजको दिन उच्च सम्मान व्यक्त गर्दछौँ।

राजनीतिक दलका नेताहरू कल्पनाशील, देश र जनतामा समर्पित भए विकास छिटै सम्भव हुन्छ भन्ने एक उदाहरण भक्तपुर बन्दैछ। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नु भएको 'सय वर्षपछिको भक्तपुर' पुस्तक र १५ वर्षभित्र 'एक घर एक स्नातक' बनाउने घोषणा भक्तपुरको आर्थिक, सांस्कृतिक र सामाजिक रूपान्तरणको आधार र मार्गनिर्देशन बन्यो। त्यस पुस्तकले भक्तपुरको विकासको लागि कयौँ वर्षसम्म मार्गनिर्देश गरिरहने हाम्रो विश्वास छ।

स्थानीय तह प्रजातन्त्रको जग भएको हुँदा स्थानीय तह अधिकार सम्पन्न भए मात्र प्रजातन्त्र बलियो हुन्छ भन्ने मान्यताका साथ हामी अघि बढिरहेका छौँ। नयाँ संविधान कार्यान्वयनमा आएको १० वर्ष बितिसक्दा पनि सङ्घीयता राम्रोसँग कार्यान्वयनमा आउन सकेको छैन। कर्मचारी भर्नाको अधिकार स्थानीय तहलाई नहुनु, ससाना योजनाहरूसमेत सङ्घ र प्रदेशको बजेटमा समावेश गर्नु, स्थानीय तहलाई दिने समानीकरण बजेट घटाउँदै लानु र स्थानीय तहबाट तलब खाने शिक्षकहरूमाथिको नियन्त्रण सङ्घ सरकारमै कायमै राख्नु सङ्घीयता कार्यान्वयनका चुनौतीहरू हुन्। भक्तपुर

नगरपालिका ती सबै चुनौतीहरूबिच आत्मनिर्भरताको कठोर बाटो अवलम्बन गर्दै विकास पथमा अगाडि लम्किरहेको छ।

हामीले हरेक वर्ष नीति तथा कार्यक्रम र बजेटमार्फत वार्षिक कार्ययोजना प्रस्तुत गर्दै आएका छौँ। चालु आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम २०८१ असार ७ गते र बजेट असार १० गते प्रस्तुत गरी पारित बजेटको आधारमा हामीले काम गर्दै आएका छौँ। देश र जनताको इमानदारीपूर्वक सेवा नै राजनीति हो भन्ने मान्यतालाई आत्मसात गर्दै जनप्रतिनिधिहरूको क्षमताले भ्याएसम्म भक्तपुरको शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माणलगायतलाई उच्च प्राथमिकतामा राखेर कार्य गर्दै आएका छौँ। आ.व. २०८१/८२ मा नगरपालिकाले गरेका गतिविधिहरूबारे सङ्क्षेपमा जानकारी गराउन चाहन्छौँ :

## आयतर्फ :

चालु आ.व. २०८१/०८२ मा आन्तरिकतर्फ रु. ६५ करोड ८३ लाख १० हजार र बाह्य स्रोततर्फ रु. १ अर्ब ८० करोड २२ लाख १८ हजार तथा गत वर्षको बाँकी मौज्दात रु. २० करोड ३७ लाख ८२ हजार गरी कुल रु. २ अर्ब ६६ करोड ४३ लाख १० हजार स्रोत अनुमान गरिएकोमा चालु आ.व. २०८१/०८२ को १० महिनामा कूल आन्तरिक आय रु. ४४ करोड ९५ लाख ३५ हजार राजस्व सङ्कलन भएको छ। उक्त रकम चालु आ.व.को लक्ष्यको ६८ प्रतिशत हो। गत वर्षको सोही अवधिको तुलनामा आन्तरिक आयमा रु. ४ करोड २ लाख ३५ हजारले वृद्धि भएको छ। यो गत वर्षको तुलनामा १० प्रतिशतले वृद्धि हो। व्यवसाय कर सङ्कलन र दर्ताका लागि कर टोलीको परिचालन, भक्तपुर औद्योगिक क्षेत्रका कर नतिर्ने उद्योगहरूलाई कारबाही गरी करको दायरामा ल्याइएको हुँदा गैर पर्यटनबाट उठ्ने राजस्व वृद्धि भएको हो। त्यसैगरी पर्यटन शुल्कबाट उठ्ने राजस्व पनि गत वर्षको तुलनामा वृद्धि भएको छ।

नेपाल सरकारबाट राजस्व बाँडफाँडतर्फ चालु आ.व.मा रु. ६ करोड ८९ लाख ६८ हजार, त्यसैगरी वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान गरी जम्मा ४६ करोड २७ लाख ५१ हजार, मालपोत रजिष्ट्रेशनबाट रु. २ करोड ५८ लाख ९३ हजार प्राप्त भएको छ। वाग्मती प्रदेश सरकारबाट यसै आ.व. मा वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान गरी जम्मा रु. १५ करोड ६५ लाख ५५ हजार रुपैयाँ, सवारी करको राजश्व बाँडफाँडबाट रु. १ करोड ६८ लाख ८२ हजार प्राप्त भएको छ। यसरी आन्तरिक र बाहृय गरी कुल रु. २ अर्ब ६६ करोड ४३ लाख १० हजार आय अनुमान गरिएकोमा २०८२ वैशाख मसान्तसम्म कुल रु. १ अर्ब ६७ करोड २३ लाख ३३ हजार प्राप्त भई अनुमानित आयको ६३ प्रतिशत प्रगति भएको छ।

## व्ययतर्फ :

चालु खर्चतर्फ रु. १ अर्ब ५७ करोड ३ लाख ५३ हजार विनियोजित रकममध्ये २०८२ वैशाख मसान्तसम्म रु. ९२ करोड ४६ लाख ७० हजार खर्च भई विनियोजित रकमको ५८.८८ प्रतिशत, पुँजीगत खर्चतर्फ विनियोजित रकम रु. ९९ करोड ४० लाखमध्ये ३५ करोड ७१ लाख ९० हजार खर्च भई ३६ प्रतिशत प्रगति भएको छ। वित्तीय व्यवस्थातर्फ १० करोड विनियोजितमध्ये सोही अवधिसम्म रु. ६ करोड २८ लाख ५४ हजार खर्च भई विनियोजित रकमको ६२.८५ प्रतिशत खर्च भएको छ। यसरी चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ कुल विनियोजित रु. २ अर्ब ६६ करोड ४३ लाख ५३ हजारको ५०.४७ प्रतिशत वित्तीय प्रगति भएको छ।

## शिक्षा :

भक्तपुर नगरपालिकाले कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले खोलेका २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरूमा ७७ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्। नगरपालिकाले शिशुस्याहार केन्द्रदेखि स्नातकोत्तर तहसम्म जनताका छोराछोरीहरूलाई शिक्षा प्रदान गर्दै छ। ख्वप विश्वविद्यालयको स्थापनाको लागि हामीले निरन्तर जोड दिँदैछौँ।

ख्वप इन्जिनियरिङ कलेजमा वि.सं. २०५८ देखि २०८२ सालसम्ममा ७७ जिल्लाबाट ५ हजार २६५ विद्यार्थीहरू कलेजमा भर्ना भएका छन्। भक्तपुर जिल्लाबाट सबैभन्दा धेरै (२ हजार ६३) जना विद्यार्थीहरू भर्ना भएका छन्। छात्राको सहभागिता उल्लेखनीय रूपमा बढेको छ। हाल अध्ययनरत विद्यार्थीमध्ये करिब ३९.५ प्रतिशत छात्रा रहेका छन्।

ख्वप इन्जिनियरिङ कलेजका सबै स्नातक तहका कार्यक्रमहरूलाई नेपाल इन्जिनियरिङ काउन्सिलद्वारा यस वर्ष स्थायी मान्यता प्रदान गरिएको छ। यो उपलब्धि नेपाल इन्जिनियरिङ काउन्सिलले तोकेको मुख्य मूल्याङ्कन क्षेत्रहरूमा कलेजको उत्कृष्ट प्रदर्शनको परिणामस्वरूप प्राप्त भएको हो।

पूर्वाञ्चल विश्वविद्यालयबाट स्नातक तह कम्प्युटर एप्लिकेशन (४८ सिट) र इन्फरमेशन टेक्नोलोजी (४८ सिट) को सञ्चालनको लागि स्वीकृति प्राप्त भइसकेको छ र यसै

शैक्षिक सत्रबाट यी विषयहरू सञ्चालनमा आउने छन् । यी विषयहरू सञ्चालनसँगै क्याम्पसको शैक्षिक दायरा थप फराकिलो हुने र प्रविधि क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने हाम्रो लक्ष्य हो ।

यस कलेजमा स्नातकोतर तह, एम.ई. इन अर्थक्वेक इन्जिनियरिङ कार्यक्रमकी विद्यार्थी मेधास्मी खतिवडाले ३.८८ सी.जी.पी.ए. सहित आफ्नो अध्ययन पूरा गरेकी छिन् र पूर्वाञ्चल विश्वविद्यालयको १३ औँ दीक्षान्त समारोहमा विश्वविद्यालय स्वर्ण पदक, स्वर्गीय डिल्ली बहादुर अधिकारी स्वर्ण पदक र नारायण प्रसाद कोईराला स्वर्ण पदक गरी तीन प्रतिष्ठित स्वर्ण पदकहरूबाट सम्मानित भएकी छिन् ।

साथै, २०७५ सिभिल समूहका विकास पाण्डे पूर्वाञ्चल विश्वविद्यालयको १३ औँ दीक्षान्त समारोहमा स्नातक तहको सिभिल समूहमा उत्कृष्ट प्रदर्शन गरेबापत डा. राम शोभना पोखरेल स्वर्ण पदकबाट सम्मानित भएका छन् ।

ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा दुईवटा राष्ट्रिय सम्मेलनहरू सफलतापूर्वक सम्पन्न भइसकेका छन् । राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा चौथो राष्ट्रिय भूकम्प इन्जिनियरिङ सम्मेलन २०८१ माघ ५ गते सम्पन्न भयो । त्यस्तैगरी, विश्व सम्पदा दिवसको अवसरमा चौथो राष्ट्रिय सम्मेलन–वास्तुकलाका प्रवृत्ति र सम्पदा २०८२ वैशाख १५ गते सम्पन्न भएको थियो । २०८२ माघ महिनामा भूकम्प इन्जिनियरिङ तथा विपद–पश्चात् पुन:निर्माण योजना विषयक चौथो अन्तर्राष्ट्रिय सम्मेलन गर्ने तयारी भइरहेको छ ।

ख्वप कलेज अफ इन्जिनियरिङमा स्थापना कालदेखि हासम्म २,७६९ विद्यार्थी भर्ना भई अध्ययन गरेकोमा हालसम्म १,५६४ विद्यार्थीहरूले अध्ययन पूरा गरिसकेका छन् । यो वर्ष ख्वप कलेज अफ इन्जिनियरिङ स्नातक तह सिभिलका विद्यार्थी गौरव भुषालले सिभिल विषयमा त्रिभुवन विश्वविद्यालय प्रथम भई कलेजको नाम उँचो बनाएका छन् । ख्वप कलेज अफ इन्जिनियरिङ विश्वविद्यालय अनुदान आयोगबाट क्यूएए प्राप्त गर्ने प्रकृयामा छ ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थान प्रमाणपत्र तह नर्सिङ विषयमा शैक्षिक वर्ष २०८१/८२ सम्म जम्मा ८०० जना विद्यार्थीहरू भर्ना भएकोमा ६७५ जना विद्यार्थीहरू उत्तीर्ण भई आफ्नो कार्य क्षेत्रमा कार्यरत छन् भने ३ समूह अर्थात ११९ जना विद्यार्थीहरू अध्ययनरत छन् ।

यस अध्ययन संस्थानमा नर्सिङ तेश्रो वर्षमा अध्ययनरत विद्यार्थीहरूको २०८१ भाद्र महिनामा सम्पन्न दोस्रो वर्षको परीक्षामा ३९ जना विद्यार्थीहरू समावेश भएकोमा ३६ जना (९२.३१५) विद्यार्थीहरू विशिष्ट श्रेणीमा र ३ जना विद्यार्थीहरू प्रथम श्रेणीमा उत्तीर्ण भएका छन् । त्यस्तै डिप्लोमा इन सिभिल इन्जिनियरिङ विषयमा शैक्षिक वर्ष २०७९/८० सम्म जम्मा ८७० जना विद्यार्थीहरू भर्ना भएकोमा हालसम्म ५६५ जना विद्यार्थीहरू उत्तीर्ण भैसकेका छन् ।

यस अध्ययन संस्थानमा थप प्राविधिक शिक्षा प्रदान गर्न मिति २०७९ कार्तिक १५ गते सामान्य चिकित्सा (एच.ए.), फार्मेसी, रेडियोग्राफी र ल्याव टेक्निसियन विषयहरू सञ्चालन गर्न सम्बन्धन स्वीकृतिको लागि प्रस्ताव पेश गरेकोमा मिति २०८१ चैत्र १७ गते प्रथम चरणको स्थलगत निरीक्षण सम्पन्न भई स्वीकृतिको चरणमा रहेको छ ।

ख्वप कलेज अफ ल सञ्चालन प्रारम्भ भएको ३ वर्ष भयो । यस अवधिमा वर्षको ६० जनाको दरले १८० जना विद्यार्थीहरू अध्ययनरत छन् । यो वर्षको परीक्षामा ख्वप कलेज अफ लको विद्यार्थीहरू ९७ प्रतिशत परीक्षामा उत्तीर्ण हुन सफल भएका छन् । यस कलेजमा ४२ जिल्लाका विद्यार्थीहरू अध्ययनरत छन् ।

ख्वप मा.वि.मा कक्षा ११ र १२ गरी हाल ३ हजार ७ सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । कलेजबाट विज्ञान, मानविकी, व्यवस्थापन र कानुन गरी हालसम्म २५ हजार ५३३ जना विद्यार्थीहरूले अध्ययन गरिसकेका छन् । हरेक वर्ष रु. १ करोड ३० लाखभन्दा बढी रकम छात्रवृत्ति वितरण गरेका छौँ ।

त्यस्तै, २०८२ जेठ ८ र ९ गते ख्वप कलेजको आयोजनामा वातावरण, सुशासन र दिगो विकास विषयक चौथो राष्ट्रिय सम्मेलन हुँदैछ ।

भक्तपुर नगरपालिकाले सामुदायिक विद्यालयको शैक्षिक सुधार र भौतिक निर्माणको लागि रु. ५१ लाख र नेपाल सरकारको सशर्त बजेटअन्तर्गत जम्मा रू.३ करोड ८६ लाख गरी यो वर्ष ४ करोड ३७ लाख रुपैयाँ विद्यालयहरूलाई आर्थिक सहयोग प्रदान गरेको छ ।

## स्वास्थ्य :

भक्तपुर नगरपालिकाले १०० शय्याको ख्वप अस्पताल सञ्चालन गर्दै आएको छ । त्यसैगरी श्वासप्रश्वास पुन:स्थापना केन्द्र, जनस्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रहरूमार्फत स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । ख्वप अस्पतालले वर्षको ३६५ दिन ११ घण्टा ओपिडी सेवा प्रदान गर्दैछ ।

चालू आ.व. २०८१/८२ को बितेको १० महिनामा ७४ जिल्लाका २ लाख ३३ हजार ६३३ जना बिरामीलाई सेवा

प्रदान गरिसकेको छ। हाल ख्वप अस्पतालमा चिकित्सक, नर्स र कर्मचारीहरू गरी कुल २३५ जना जनशक्ति कार्यरत छन् भने विशेषज्ञ चिकित्सक ३५ र मेडिकल अधिकृत १८ जनाले सेवा प्रदान गरिरहेका छन्। चालु आ.व. २०८१/८२ मा ख्वप अस्पतालमा युरोलोजी सेवा (मुत्र थैली), नेफ्रोलोजी सेवा (मृगौला), एन.पि.एल. सेवा (नाक, कान, घाँटीको इन्डोस्कोपी), कोल्पोस्कोपी सेवा, ल्याप्रोस्कोपी सेवाहरू थप गरिएका छन्।

२०८१ जेठ ६ गते, नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष श्री नारायणमान बिजुक्छेँले उद्घाटन गर्नु भएको ख्वप तिलगंगा आँखा अस्पतालले १० महिनामा २४ हजार ५५४ जना आँखाका बिरामीहरूको उपचार गऱ्यो भने सोही अवधिमा ८८६ वटा आँखाको अपरेसन गरिसकेको छ। यस अवधिमा आयुर्वेदिक स्वास्थ्य सेवा केन्द्रबाट २ हजार ७६३ जनाले स्वास्थ्य उपचार प्राप्त गरे भने घरदैलो नर्सहरूले २३ हजार ५०६ घरधुरी गरी जम्मा ७० हजार ४७ जना जनतासँग सम्पर्क गरी सामान्य स्वास्थ्य सेवा प्रदान गरेको रेकर्ड छ।

यस अवधिमा नगरपालिकाले नगरवासीहरूलाई ११ हजार ३७७ वटा सिलिन्डर अक्सिजन निःशुल्क वितरण गऱ्यो भने नगरवासीहरूलाई निःशुल्क रगत उपलब्ध गरे बापत १५ लाख ६ हजार रुपैयाँ भुक्तानी गरेको छ। कडा रोग लागेका १८९ जनालाई यस आर्थिक वर्षमा प्रति व्यक्ति रु. १५ हजारका दरले २८ लाख ३५ हजार सहयोग उपलब्ध गराइएको छ।

नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर नियमित रूपमा वडा वडामा पाठेघरको मुख परीक्षण (प्याप स्मेयर) तथा स्तन क्यान्सर, नाक कान घाँटी, हाडजोर्नी, नशा रोग तथा आँखा जाँचसम्बन्धी निःशुल्क शिविरहरू सञ्चालन गर्दै आएको छ।

## सम्पदा संरक्षण :

सम्पदा संरक्षणलाई नगरपालिकाले प्राथमिकता दिएर काम गरिरहेको छ। चालु आ.व. को १० महिनामा मठ १, मन्दिर जीर्णोद्धार ४, पाटी ४, द्यःछेँ पुनःनिर्माण/मर्मत ३, पोखरी १, इनार १, ढुङ्गेधारा संरक्षण १ र अन्य निर्माण गरी १६ वटा सम्पदा पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न भयो भने त्यसको लागि रु.४ करोड ८५ लाख ३३ हजार खर्च भएको छ। त्यसैगरी ढुङ्गेधारा १, मठ १, मन्दिर जीर्णोद्धार ३, पाटी ९, द्यःछेँ पुनःनिर्माण/मर्मत २, पोखरी ५ र अन्य निर्माण २ गरी २३ वटा सम्पदाहरू पुनःनिर्माण तथा जीर्णोद्धार हुने क्रममा छ। यसरी चालु तथा सम्पन्न गरी कुल ३९ वटा सम्पदाको जम्मा कुल खर्च ५ करोड ६१ लाख ९७ हजार खर्च भएको छ।

पुरानो नगर क्षेत्रभित्र निजी घर र सम्पदा पुनःनिर्माणको लागि माटो जोडाइलाई जोड दिँदैछौँ। प्रसिद्ध थन्थु दरबार, भनपा ९ दत्तात्रयस्थित पुजारी मठ, भनपा ६ स्थित छुमा गणेश द्यःछेँलगायतका सम्पदाहरू माटो जोडाइबाट निर्माण गर्दैछौँ। छुमा गणेश द्यःछेँ पुनःनिर्माण सम्पन्न भइसकेको छ भने इखालाछी मठ, हाडाछेँलगायतका सम्पदाहरू यसै वर्ष सम्पन्न हुनेगरी कार्य भइरहेको छ।

गाईजात्राको समयमा प्रस्तुत हुने विभिन्न सांस्कृतिक विधाहरूलाई प्रतियोगितात्मक मूल्याङ्कन गरी पुरस्कृत गर्दै आएका छौँ। टोल टोलमा कार्यरत सांस्कृतिक गुरुहरूको सम्मान गर्ने नीतिअनुसार चालु आ.व.मा २२ जना सांस्कृतिक गुरुहरूलाई सम्मान गरियो।

२०८२ वैशाख १२ र १३ गते भ.न.पा. र पुरातत्त्व विभागको संयुक्त आयोजनामा २०७२ सालको भूकम्पपश्चात् पुनःनिर्माणको एक दशकको पुनरावलोकन कार्यक्रम र अन्तर्राष्ट्रिय वैज्ञानिक समिति (काठमाडौँ उपत्यका विश्व सम्पदा क्षेत्र) को बैठक भक्तपुरमा सम्पन्न भयो।

## पर्यटन :

चालु आ.व.को १० महिनामा गैर सार्कतर्फ १ लाख १८ हजार ७५४ जना तथा सार्क र चिनियाँतर्फ ९३ हजार ३२१ गरी जम्मा २ लाख १२ हजार ७५ जना पर्यटकले भक्तपुरको अवलोकन भ्रमण गरिसकेका छन्। गत आ.व.को श्रावणदेखि वैशाखसम्म १० महिनामा गैर सार्कतर्फ १ लाख ७ हजार १३१ जना र सार्क र चिनियाँतर्फ १ लाख ३ हजार २१ गरी जम्मा २ लाख १० हजार १५२ जना पर्यटकले भक्तपुर अवलोकन भ्रमण गरेका थिए। गत वर्षको तुलनामा सोही अवधिमा यो वर्ष १ हजार ९२३ जना पर्यटक वृद्धि भएको छ।

२०८१ मंसिर २८ देखि पुष २ गतेसम्म भक्तपुर महोत्सव सम्पन्न भयो। विभिन्न ३२ वटा विधाहरू प्रस्तुति रहेको उक्त महोत्सव आन्तरिक र बाह्य गरी लाखौँ पर्यटकहरूले अवलोकन गरेका थिए।

२०८१ माघ ५ गते नेपाल भ्रमण वर्ष २०२५ घोषणा तथा चिनियाँ नयाँ वर्ष २०२५ को शुभारम्भ कार्यक्रम भक्तपुरमा भव्यताका साथ सम्पन्न गरियो। यस वर्ष चिनियाँ पर्यटकहरू वृद्धी हुने अपेक्षा छ।

## खेलकुद :

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता

२०८१ सम्पन्न भयो । नगरपालिकाले फुटबल, भलिबल, बक्सिङ, जिम्नाष्टिक, कराँते र टेबुलटेनिसको नियमित प्रशिक्षणलाई निरन्तरता दिँदै आएको छ । साथै पूर्णकालीन खेलकुद प्रशिक्षकको व्यवस्था गरी नगरक्षेत्रका विद्यालयहरूमा नियमित खेलकुद प्रशिक्षण र टोल टोलमा शारीरिक व्यायाम प्रशिक्षण पनि गर्दै आएको छ ।

नगरपालिकाको आयोजनामा २०८१ चैत्र २३ गतेदेखि चैत्र २५ गतेसम्म तीनदिने अन्तर नगर जिम्नाष्टिक प्रतियागिता सम्पन्न भयो । यसै वर्ष राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता पनि गरेका थियौँ । ती प्रतियोगिताहरूमा भक्तपुर नपाले जित हासिल गऱ्यो । भक्तपुर नगरभित्रका संस्थागत तथा सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरूलाई खेलकुदका आधारभूत प्रशिक्षण तालिम सञ्चालन गर्दै आएका छौँ ।

नगरपालिकाको आयोजनामा २०८१ कार्तिक ९ गतेदेखि १५ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालयस्तरीय टेबुलटेनिस, भलिबल, फुटबल, कबड्डी, खोखो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्डो, पोर्टबल, जिम्नाष्टिक, कसिमला पाँय् र बाघचाल खेल प्रतियोगिता सम्पन्न भयो ।

भक्तपुर नपाले टोल–टोलमा खुला व्यायामशालाहरूको व्यवस्था गर्दै आएको छ । विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलहरूमा पदक जित्ने खेलाडीहरूको मनोबल बढाउन यसै वर्ष २०८२ जेठ १५ गते खेलाडी सम्मान गर्ने कार्यक्रम छ ।

## वातावरण र सरसफाइ :

नगरका महत्त्वपूर्ण सम्पदा स्थल, खुला क्षेत्र, खोला, पोखरीलगायतका सार्वजनिक स्थलहरूमा नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारी र स्थानीय जनताको सहभागितामा हरेक महिनाको १ र १५ गते सर–सफाइ कार्यलाई निरन्तरता दिँदै आएका छौँ । घर घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने फोहोरमा वर्गीकरण गरी अलग अलग सङ्कलन गर्न बाल्टिन वितरण तथा घर दैलोमा फोहोर सङ्कलन गर्न ट्राइसाइकलको व्यवस्था गरिएको छ ।

## कृषि :

कृषि चुन ५० प्रतिशत अनुदानमा तथा नगरपालिकाद्वारा उत्पादित २० के.जी.को १ बोरा कम्पोष्ट मल सहुलियत दरमा वितरण गर्दै आएका छौँ । किसानहरूले उत्पादन गरेको तरकारी सहज बिक्री वितरणका लागि भक्तपुर नपा ५ भेलुखेलमा तरकारी बजारको व्यवस्था र कृषि उत्पादनहरू भण्डारण गर्न भनपा ८ लिबालीमा चिस्यान केन्द्र निर्माण भइरहेको छ । किसान सूचिकरण कार्यक्रमअन्तर्गत हालसम्म ४ हजार २२५ कृषक घरधुरी किसान सूचिकरण प्रणालीमा सूचिकृत गरिएको छ ।

चालु आ.व. मा २ हजार ७६६ वटा कुकुरलाई रेबिज खोप, कुकुर बन्ध्याकरण ५१३ वटा, घर पालुवा र सामुदायिक कुकुर रेबिज खोप १ हजार ३१४ र अन्य पशुपंक्षीलाई उपचार सेवा प्रदान गरेको छ ।

## युवा र आत्मनिर्भरता :

स्थानीय युवाहरूलाई सीप सिकाई आत्मनिर्भर बनाउन सिलाइ मेसिन मर्मत तालिम, ग्यास चुल्हो मर्मत तालिम, हेयर कटिङ तालिम, आधारभूत र एडभान्स पाक शिक्षा तालिम, आधारभूत र एडभान्स सिलाइ तालिममा यस आ.व.मा ५१६ जनाभन्दा बढी नगरवासीहरूले तालिम प्राप्त गरेका छन् ।

भाषा तालिमलाई पनि निरन्तरता दिँदै जापानी भाषा र चिनियाँ भाषाका कक्षा सञ्चालन गरिरहेका छौँ । चालू वर्षमा जम्मा १७ जना विद्यार्थीहरूले जापानी भाषा र ३० जना विद्यार्थीले चिनियाँ भाषा अध्ययनरत छन् ।

भक्तपुर नगरपालिकाले युवाहरूलाई स्वरोजगार बनाउन रु. ५ लाखसम्म युवा उद्यमशीलता ऋणको व्यवस्था गरेको छ । गरिवी निवारणको लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सञ्चालित बेकरी, मखमली जुत्ता बनाउने र पेपर रिसाइक्लिङ तालिम प्रदान गरेका छौँ ।

लघु उद्यम विकास कार्यक्रमअन्तर्गत नगरभित्रका १० वटै वडाका बेरोजगार युवाहरूलाई ११ दिने उद्यमशीलता विकास तालिम सम्पन्न भयो भने आधारभूत छालाको जुत्ता बनाउने, ब्याग/झोला बनाउने, मोवाइल मर्मत र मोटरसाइकल मर्मतसम्बन्धी सीप विकास तालिम सञ्चालन भइरहेको छ । साथै लघु उद्यमीहरूको स्तरोन्नतिको लागि एडभान्स बेकरी, मखमली जुत्ता, र सिकर्मी (काष्ठकला) सम्बन्धी सीप विकास तालिम सञ्चालन भइरहेको छ ।

## सहकारी :

सहकारी सञ्चालकहरू जनताको बचत रकम लिएर भाग्ने क्रम बढेको हुँदा नगरभित्रका सहकारीहरूमा त्यस्तो समस्या नआओस् भनी समय समयमा सूचना प्रवाह, भेलाहरू बोलाई सचेत पार्दैछौँ । समस्या हुने सम्भावना देखिएका सहकारीहरूमा अनुगमन गरी सुधार्ने प्रयास गर्दैछौँ । कतिपय सहकारीका सञ्चालकहरूको सम्पत्ति रोक्का गरी जनताको बचत फिर्ता गर्न सक्दो प्रयास गर्दैछौँ ।

## देको मिवा इतापाके आवास योजना :

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इतापाके जग्गा एकीकरण आयोजना १६५४ रोपनी जग्गामा सञ्चालन भइरहेको छ। कुल कित्ता सङ्ख्या २५०२ मध्ये हालसम्म १०४३ वटा पूर्जा वितरण भइसकेको छ। आयोजनामा पूर्वाधार निर्माणका कामहरू पनि भइरहेका छन्। खोलाको बाटोलगायत मुख्य मुख्य बाटो पिच गर्ने कार्य सम्पन्न हुने क्रममा छ। जग्गाधनीको केही गुनासाहरूबारे समन्वय गरी समाधानका प्रयासहरू भइरहेका छन्। गुठी जग्गा र खोलाको मापदण्डको समस्या समाधानको लागि प्रयासरत छौँ।

## विकास निर्माण :

भक्तपुर नपा वडा नं. ६ देकोचामा नगरको गौरवको योजना अरनिको सभा भवनको दोश्रो चरणको निर्माण कार्य भइरहेको छ भने भनपा वडा नं. ७ खँचामा स्वास्थ्य चौकी निर्माण, ख्वप टेलिभिजन स्टुडियो निर्माण कार्य तथा फोहोरमैला प्रशोधन केन्द्र निर्माणको कार्य भइरहेको छ।

रु. ३ करोड २३ लाखको बजेटमा शित भण्डारण गृह भवन निर्माण, रु. ८० लाख बजेटमा बाराही पुल परिसरमा एप्रोच रोड तथा रिटेनिङ वाल निर्माण र रु. ५० लाख बजेटमा भनपा ८ पुरानो जागाति पुल निर्माण कार्य भइरहेको छ।

नगरस्तरीय १२ वटा योजनाहरूको कुल १२५६ मि ढुङ्गा छपाइ र भनपा वडा नं. २ को देकोमिवा इतापाके जग्गा एकीकरण आयोजनामा ४ कि.मि. पीच कार्य सम्पन्न भइसकेको छ। भ.न.पा.को तारा लाँ, लिबाली, कमलविनायक, देकोचा र चम्पकेश्वर गरी करिब २ कि.मि. बाटोमा पीच कार्य भइरहेको छ।

वडास्तरीय योजनाहरूको लागि कुल रु. ६ करोड बजेट विनियोजन भएकोमध्ये हालसम्म रु. ३ करोड २० लाख खर्च भइसकेको छ।

## बजार अनुगमन :

उपभोक्ताहरूको हक अधिकारलाई सुनिश्चितता प्रदान गर्न खाद्य र उपभोग्य सामग्रीहरूको बिक्री वितरणलाई नियमन गर्न भक्तपुर नगरपालिकाले बजार अनुगमनलाई निरन्तरता दिँदै आएको छ। जनताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने औषधी पसलहरू, मासु पसल, मिठाइ पसल, किराना पसललगायतका विभिन्न व्यापार व्यवसायको नियमित रूपमा अनुगमन हुँदै आएको छ। अनुगमनको क्रममा भेटिएका म्याद नाघेका र सडे गलेका वस्तुहरू नष्ट गर्ने र मापदण्ड पूरा नगरी व्यवसाय सञ्चालन गरेका व्यवसायीहरूलाई कानूनअनुसार कारवाही गरेका छौँ। त्यसैगरी नगरको विकास निर्माणको कामको पनि नियमित अनुगमन भइरहेको छ।

## नक्सापास :

आर्थिक वर्ष ०८१/८२ को १० महिनामा कुल ४१९ वटा नक्सा दर्ता भएकोमा सो अवधिमा ३८३ वटा नक्सापास भयो। तीमध्ये ११३ जनाले निर्माण सम्पन्न प्रमाणपत्रसमेत प्राप्त गरिसकेका छन्।

## मुद्दा फछ्र्यौट :

आर्थिक वर्ष ०८१/८२ को १० महिनामा अनियमित निर्माणलगायतका विषयमा ४३२ वटा मुद्दा फछ्र्यौट भयो। सो अवधिमा नगरपालिकामा कुल ३७७ वटा मुद्दा दर्ता भएको थियो।

## पुस्तकालय :

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयमा जम्मा १५९७ जना सदस्य छन्। देशका विभिन्न तहका जनप्रतिनिधिहरू तथा विभिन्न क्षेत्रसँग सम्बन्धित लेखकहरू र अनुसन्धानकर्ताहरू पुस्तकालयको सेवा लिन आउने गरेका छन्। साथै पुस्तकालयको बारेमा जानकारी लिनको लागि सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक, विद्यार्थीहरू पनि अवलोकन भ्रमण गर्न आइरहेका छन्। यस वर्ष पुस्तकालय प्रयोगकर्ता तथा पाठकहरूको सङ्ख्या १८,१७९ रहेका छन्। पुस्तकालयमा ई–लाइब्रेरी प्रयोगकर्ताको सङ्ख्या पनि क्रमशः वृद्धि हुँदैछ।

## सञ्चार माध्यम :

नगरपालिकाको सम्पूर्ण गतिविधि र निर्णयहरू मासिक ‘भक्तपुर’, पाक्षिक ‘ख्वप पौ’, ‘भक्तपुर खबर डट कम’ (अनलाइन) पत्रिका, फेसबुक पेज, वेभ साइटमार्फत सार्वजनिक गर्दै आएका छौँ। यो वर्ष भक्तपुर महोत्सव स्मारिका, फोटो पुस्तक, सहकारी आवाज, खेलकुद स्मारिका र लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण २०८२ गरी ५ वटा पुस्तकहरू प्रकाशित गरिसकेका छौँ।

## खानेपानी :

नगरवासीहरूको घर–घरमा खानेपानी पुऱ्याउन हामीले निरन्तर प्रयास गरिरहेका छौँ। मेलम्चीको पानी वितरण भएपछि नगरवासीहरूले केही राहतको महसुस गरेका छन्।

सम्पूर्ण नगरवासीहरूलाई पानीको सहज पहुँचका लागि पानीका विभिन्न श्रोतहरूको संरक्षणमा पनि हामीले जोड दिइरहेका छौँ ।

## विविध :

२०८१ असोज १ गते, भूमी व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्री माननीय बलराम अधिकारी र २०८१ असोज ६ गते प्रतिनिधिसभा अन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति माननीय अम्मर बहादुर थापाको नेतृत्वमा आएको प्रतिनिधि मण्डलले भनपा १ स्थित १०८ रोपनी जग्गा र नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरू र ख्वप अस्पतालको अवलोकन भ्रमण गर्नुभयो ।

२०८१ पुस १६ गते शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्था र ख्वप अस्पतालको निरीक्षण गर्नुभयो ।

तीन वर्षको अवधिमा चितवन जिल्ला राप्ती नगरपालिकाका प्रमुख शम्सेर लामा, मेलम्ची नगरपालिकाको उपप्रमुख उमा प्रधान, गोर्खा जिल्लाको भिमसेनथापा गाउँपालिकाका अध्यक्ष लोकप्रसाद बन्जारालगायत ९० वटाभन्दा बढी स्थानीय तहका प्रमुख, उप प्रमुख र जनप्रतिनिधि तथा विभिन्न स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र कर्मचारीहरूको प्रतिनिधिमण्डलले भक्तपुर नगरपालिकाको अध्ययन/अवलोकन भ्रमण गरेको रेकर्ड छ ।

साथै चिनियाँ जनप्रतिनिधिसभाका उपाध्यक्ष सियाओ चिए, चिनियाँ राष्ट्रिय जनजाति मामिला आयोगका माननीय मन्त्री फान युए, क्युवाका कार्यवाहक राजदुत अबेल अबाले डिस्पेन्च, जापानको गुनमा प्रान्तस्थित ओइजुमी नगरका नगर प्रमुख मुरायामा तोसिआकीलगायत विभिन्न देशका उच्च पदस्थ पदाधिकारीहरूले पनि भक्तपुरको ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरूको अवलोकन भ्रमण गर्नु भएको छ ।

## वितरण :

सबै वडाहरूमार्फत स्थानीय गरिब, असहाय तथा विपन्न नागरिकहरूलाई निःशुल्क विद्युतीय चुल्हो वितरण गरियो ।

२०८१ मंसिर १८ गते, ३३ औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यकता अनुसार अपाङ्गता सहायक सामग्री वितरण गरियो । समितिले ख्वप अस्पताललाई अपाङ्गता भएकाहरूको लागि फिजियोथेरापी मेसिन, पूर्ण अपाङ्गता भएकाहरूलाई थर्मस र सर्वोत्तम पिठो वितरण गरियो ।

२०८१ फागुन १ देखि भक्तपुर नगरपालिकाबाट राष्ट्रिय परिचय पत्र वितरण भइरहेको छ ।

भनपा क्षेत्रभित्रका आमाबुबा दुवै नभएका बालबालिकाहरूलाई मासिक रु. २ हजारका दरले रकम वितरण गर्दै आएका छौँ ।

अन्त्यमा, आ.व. २०८२/८३ का लागि नयाँ योजनाहरू तयारी गर्ने कार्य भइरहेको छ । विगतमा जस्तै यस वर्ष पनि यहाँहरूले नगर र नगरवासीहरूको हितमा अमूल्य सुझावहरू दिएर जनप्रतिनिधिहरूलाई सहयोग गर्नु हुन हार्दिक अनुरोध गर्दछौँ ।

*(मिति २०८२।२।६ गते आयोजित 'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको ३ वर्ष' कार्यक्रममा प्रस्तुत प्रतिवेदन)*

## हाम्रा पुराना मूर्ति



**नारायण (१७ औं शताब्दी)**

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

# नेमकिपाका अध्यक्ष का. रोहित कोसी प्रदेशमा

## "कम्युनिस्टहरू सबैभन्दा बढी प्रजातन्त्रवादी हुन्छन्"

– अध्यक्ष बिजुक्छेँ




'कम्युनिस्टहरू सबैभन्दा बढी प्रजातन्त्रवादी हुन्छन्। उनीहरू उत्पादनका साधन सामाजिकीकरण, व्यक्तित्व विकासमा समान अवसर, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुने समाजवादको निम्ति लड्छन्।'

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले वैशाख २६ गते विराटनगरमा एलिट क्लबले आयोजना गरेको एक अन्तरक्रिया कार्यक्रममा व्यक्त गर्नुभएको हो।

नेपालको राष्ट्रिय राजनीति र सम्भावनाहरूबारे विराटनगरका बुद्धिजीवीहरूको सहभागितामा भएको सो छलफल र अन्तरक्रियामा उहाँले प्रजातन्त्र पुन:स्थापनाको ३५/३६ वर्षमा पनि जनताले प्रजातन्त्रको अनुभूति गर्न पाएका छैनन्; चुनावबाट सरकारमा जाने र समाजवाद स्थापना गर्ने अर्थात् क्रान्तिको बाटो त्याग्ने एमालेको 'जबज' संशोधनवादी विचार हो भन्नुभयो।

उहाँले भन्नुभयो, 'वीपी कोइरालाले पनि समाजवादको कुरा गरे। काङ्ग्रेसको 'समाजवाद' र नेकपा एमालेको जबज सत्तामा उक्लिने भऱ्याङ साबित भयो। राजनीतिक दल सिद्धान्तमा आधारित हुन्छ; कुनै एक वर्गको सेवा गर्छ। राजनीतिक पार्टी स्कूल या विश्वविद्यालयजस्तो हुन्छ।'

शासक दलले कार्यकर्तालाई सिद्धान्त, विचारबारे सुसूचित नगर्दा र इमानदारी नसिकाउँदा राजनीति बदनाम भएको उल्लेख गर्नुहुँदै अध्यक्ष रोहितले भन्नुभयो, 'राजनीतिक कार्यकर्ताले इमानदारीपूर्वक काम गरेको भए राजनीतिप्रति घृणा हुँदैनथ्यो। राजनीति भनेको देश र जनताको नि:स्वार्थ सेवा गर्नु हो। लोभलालच देखाई पैसाको छेलोखेलो गरी चुनाव जित्नु गलत हो। पैसा कमाउनको निम्ति राजनीतिमा आउने होइन व्यापार गर्ने हो।'

सांसदहरूलाई नीति निर्माण र विधेयक निर्माणमा केन्द्रित गराउनुपर्नेमा विकास निर्माण या आर्थिक मामिलाको काम गर्न दिनु गलत भएको उल्लेख गर्नुहुँदै उहाँले यसले विकास निर्माणमात्र असन्तुलित भएको होइन प्रजातन्त्रको अभ्याससमेत गलत भयो; जिल्ला विकास र स्थानीय तहलाई स-साना विकास निर्माणको जिम्मा दिनुपर्छ भन्नुभयो।

'ब्रिटिस शैलीको प्रजातन्त्रमा दोस्रो ठूलो दल प्रतिपक्षमा बस्छ। नेपालमा दुई ठूला दलको सरकार छ। सरकारमा जान सिद्धान्त नै त्याग्नु गलत हो, यो प्रजातन्त्रको उपहास हो। हामी ब्रिटिस शैलीको प्रजातन्त्र मान्दैनौँ भने चीनको जस्तो प्रजातन्त्र लागु गर्ने कुरा मान्नुस् भनेर हामीले संसद्मै कुरा उठायौँ।' उहाँले जोड्नुभयो।

नेपालको राजनीतिमा एनजीओ र आइएनजीओको प्रभाव बढेको उल्लेख गर्नुहुँदै उहाँले ल्याटिन अमेरिकामा एनजीओ र आइएनजीओले कम्युनिस्ट आन्दोलन नै खतम गरेको बताउनुभयो।

'माओको साहित्यमा लेखिएझैँ बन्दुकको गोलीले जित्न नसकेको कम्युनिस्टलाई चाम्नी पोतेको गोलीले जित्छ; यहाँको परिस्थिति फरक ढङ्गले उस्तै हो,' अध्यक्ष रोहितले भन्नुभयो।

'नेपाली राजनीतिमा पुँजीपतिवर्गकै हालिमुहाली छ। पुँजीपतिवर्गले जनताको हितको निम्ति काम गरेको इतिहास संसारको कुनै पनि कुनामा भेटिन्न। हाम्रो शिक्षा र पाठ्यपुस्तक विदेशी प्रभावको छ। नेपालको इतिहास, भूगोल, अर्थशास्त्र विदेशीले लेखेको पढाइन्छ। अर्थशास्त्रका पिता भनिने एडम् स्मिथ हाम्रो मान्छे होइन। चीनले उनको विचार पछाडि पार्‍यो। चीनको एडम् स्मिथ खोज्ने बेला हो यो। चिनियाँ अर्थशास्त्र पढ्ने बेला हो। इतिहासमा यति ठूलो व्यापार युद्ध भएकै छैन। तर, हाम्रो विश्वविद्यालयलाई यसको चासोसमेत छैन।' अध्यक्ष बिजुक्छेँले विचार राख्नुभयो।

उहाँले थप्नुभयो, 'विराटनगर बुद्धिजीवीहरूको ठाउँ हो; मजदुर आन्दोलनको उद्गमस्थल हो। देशको राजनीति र अर्थतन्त्र विषयमा छलफल र आलोचना यहाँबाट हुनुपर्छ। बुद्धिजीवीले आफ्नो काम नि:स्वार्थरूपले पालना गर्नुपर्छ।'

भक्तपुरमा भइरहेको विकास निर्माणबारे उठेको जिज्ञासाबारे उहाँले भन्नुभयो, 'हामीले श्रमदानमा जोड दियौँ। जनताकै पैसाले विकास गर्‍यौँ। आत्मनिर्भरताको बाटो समायौँ। नगरपालिकाबाटै कलेज सञ्चालन भयो। मोरङमै ४५० भन्दा बढी इन्जिनियरले ख्वप इन्जिनियरिङ कलेजबाट पढेका छन्। मेडिकल कलेज र ख्वप विश्वविद्यालयको स्वीकृति भएको भए देशकै सेवा हुन्थ्यो।'

कार्यक्रममा एलिट क्लबका अध्यक्ष **विश्वनाथ रिसाल**ले नेपालमा एकमात्र सिद्धान्तनिष्ठ पार्टी नेमकिपा हो भन्नुभयो।

उहाँले विकास निर्माणको भक्तपुर मोडल सम्पूर्ण जिल्ला र स्थानीय तहले सिक्नुपर्ने बताउनुभयो।

क्लबका महासचिव **यज्ञप्रसाद शर्मा**ले भन्नुभयो, 'नेपालको राजनीतिमा प्रजातन्त्रप्रति विश्वास जगाउने काम नेमकिपाले गर्दै छ।'

कार्यक्रममा प्रा.डा. **लेनिनप्रसाद शर्मा**, **बाबुराम तिमिल्सिना, लिलाराम बास्तोला, सोमनाथ कार्की, शान्ति बस्नेत कार्की**लगायतले देशको समसामयिक विषयमा आ-आफ्नो विचार व्यक्त गर्नुभयो।

## का.रोहित र भी पुच:का सदस्यहरूबिच भेट

यसैबिच नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) र भी पुच: नेपालभाषा तथा सांस्कृतिक सङ्घ विराटनगरका सदस्यहरूबिच भेटघाट भयो।

भेटघाटमा अध्यक्ष **रोहित**ले भन्नुभयो, 'प्राकृतिकबाहेक मानवनिर्मित हामीसँग जे छ त्यो हाम्रो कला-संस्कृति एवं मूर्त-अमूर्त सम्पदा हो। मानिसले भौतिक र चेतना दुवै काम गर्छ। अभिव्यक्ति, चेतनाले नै मान्छेलाई मानिस बनाउँछ। हाम्रो भाषा, कला, संस्कृति देशको लागि मात्र होइन सिङ्गो मानव जातिकै निधि हो, मानव सभ्यताको आधार हो। डार्बिनले हाडखोर जम्मा गरी जीव विज्ञान या मानिसको व्युत्पत्ति पत्ता लगाउनुभएझैँ हामीले हाम्रो काम, भाषा, रहनसहन, जात्रा पर्व, बाजागाजा या सम्पदाको पुनर्जागरण गर्नु आवश्यक छ।'

नेवार जात होइन समुदाय हो भन्ने धारणा स्मरण गर्नुहुँदै उहाँले नेवा: वास्तुकला (वास्तुशास्त्रको अनुभवसिद्ध विचार हो भन्नुभयो। उहाँले भन्नुभयो, 'चन्द्र या पूर्णिमाको चक्रमा हुने चाडपर्व, संस्कार, संस्कृति, खानपानको वैज्ञानिकता खोजी गर्ने काम हाम्रो हो।'

नेवा:हरूको भोज वैज्ञानिक छ भन्ने विदेशीहरूको अभिव्यक्तिको पनि उहाँले स्मरण गर्नुभयो।

नेवा: समुदायमा मातृसत्तात्मक समाजको प्रभावबारे चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'कला संस्कृतिको अध्ययनमा मानिसको नामकरण पनि अध्ययन क्षेत्रमा पर्छ। नेवारहरूले मान्ने दिगुपूजाले आफू आएको दिशा या बास बसेको ठाउँको पूजालाई जनाउँछ। नेवा संस्कृतिमा पर्यावरण या वातावरण सरसफाइको महत्त्वबोध गराउने पर्व पनि छ।'

नेवा: समुदायका पुराना गीत सङ्गीतको पुन:अध्ययन, नाच नृत्य एवं भागभङ्गीको अध्ययनतिर नयाँ पुस्तालाई उत्साहित गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले भाषा, पुरातत्त्व, मूर्त अमूर्त सम्पदा, संस्कृति जोगाउन सरकार र एकेडेमीहरूले ध्यान दिनुपर्छ भन्नुभयो।

भेटघाटमा भी पुच:का उपाध्यक्ष **शरद श्रेष्ठ**ले विराटनगरमा नेवा: भाषा, कला, संस्कृति जगेर्ना र पुनर्उत्थानका लागि भी पुच:ले नेपाल संवत् ११०१ देखि काम गरिरहेको बताउनुभयो।

कार्यक्रममा भी पुच:का पूर्वअध्यक्ष र संरक्षकहरूले पनि बोल्नुभयो।

## "नेपालका बुद्धिजीवीहरूबिच वास्तविक प्रजातन्त्रको विषयमा छलफल हुनुपर्ने"

### - का. रोहित

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले विराटनगर मोरङमा अवस्थित मकालु टेलिभिजनका सञ्चारकर्मी अभय राईसँग समसामयिक विषयमा वैशाख २७ गते छलफल गर्नुभयो।

कार्यक्रममा का. **रोहित**ले भन्नुभयो, 'नेपालको संसदीय प्रणाली वेस्ट मिनिस्टरअनुसार भएकोले दोस्रो दल एमाले सरकारमा जानु हुँदैन, कि त चीनको जस्तो संसदीय प्रणाली अवलम्बन गरेको भन्नुपर्छ।' उहाँले प्रतिपक्ष कमजोर भएको खण्डमा सरकारको हाबी हुने बताउनुहुँदै नेमकिपाबाहेकका सबै पार्टी मिलेर सरकार गठन हुँदा पनि कामदार जनताका लागि काम गर्न नसकेको बताउनुभयो। उहाँले सरकारमा गएका पार्टीहरूले देश र जनताको हितमा कानुन बनाउनुपर्नेमा व्यक्तिगत स्वार्थमा लाग्दा नेपाली जनताले दु:ख पाएको बताउनुभयो।

उहाँले नेपाली काङ्ग्रेसका वीपीले प्रजातान्त्रिक समाजवादको कुरा उठाएको तर व्यवहार त्यसो नदेखिएको र

एमालेले जनताको मत लिनको लागि मात्र कम्युनिस्ट नाम राखेको धारणा व्यक्त गर्नुहुँदै मुख्य कुरा सिद्धान्त रहेको उल्लेख गर्नुभयो ।

उहाँले जनतालाई सैद्धान्तिकरूपमा सचेत पार्न समय लाग्ने कुरा बताउनुहुँदै हिन्दुस्तानमा पनि कुनै बेला कम्युनिस्टहरूको बहुसङ्ख्यक रहेकोमा पुँजीपतिहरूले जातजाति, भाषा, संस्कृति र धर्मको नाउँमा विभाजन गराएको बताउनुभयो । उहाँले अहिले पनि हिन्दुस्तानको केरलामा कम्युनिस्ट सरकारले राम्राराम्रा काम गरिरहेको हुनाले पुँजीपतिहरू डराइरहेका छन्, भन्नुभयो ।

उहाँले नेपालका बुद्धिजीवीहरूबिच वास्तविक प्रजातन्त्रको विषयमा छलफल हुनुपर्ने बताउनुहुँदै बुद्धिजीवीहरू पद र पैसाको लागि लाग्न नहुने बताउनुभयो । उहाँले कम्युनिस्टले चलाएको सरकारले गरेको आर्थिक विकास अरूले गर्न नसकेको प्रस्ट पार्नुभयो ।

## विभिन्न सञ्चारकर्मीहरूसँग भेटघाट




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले सोही दिन मोरङका विभिन्न सञ्चारकर्मीहरूसँग भेटघाट गर्नुभयो ।

भेटघाटको क्रममा अध्यक्ष **बिजुक्छेँ**ले आजसम्म पटकपटक सरकारमा गएका काङ्ग्रेस, एमाले र माओवादीले आफ्नो स्वार्थ र सत्ता जोगाउनेबाहेक देश र जनताको हितको निम्ति कुनै पनि काम नगरेको बताउनुहुँदै उहाँले निर्वाचनको बेला राजनीतिक दलले घोषणापत्रमा उल्लेख गरेअनुसार काम नगर्नु जनतालाई विश्वासघात गरेको बताउनुभयो ।

उहाँले वर्तमान समयमा एमालेले काम गर्न नसक्नु र काङ्ग्रेसभित्र पनि विभिन्न असन्तोषहरू देखिएको हुँदा निर्वाचनबाट बहुमत प्राप्त राजनीतिक दलले मात्र सरकार सञ्चालन गर्नुपर्ने र दोस्रो ठूलो दलले प्रतिपक्षमा बसेर सरकारलाई बाटो देखाउने काम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले व्यापक जनता सैद्धान्तिकरूपमा सचेत नभएसम्म काम गर्न गाह्रो हुने विचार व्यक्त गर्नुहुँदै उत्पादनका साधन राष्ट्रियकरण नहुने र कलकारखानालाई निजीकरण गर्ने व्यवस्था समाजवादी सिद्धान्तविपरीत भएको प्रस्ट पार्नुभयो ।

समाजवादमा योग्यताअनुसारको काम र कामअनुसारको ज्याला हुने भएकोले पुँजीवादी व्यवस्थामा जसले काम गर्न सक्छ ऊ अघि बढ्ने र जसले काम गर्न जान्दैन ऊ पछि पर्ने हुँदा समाजवादी सिद्धान्तको व्यापक प्रचारप्रसार सञ्चारकर्मीहरूले पनि गर्नुपर्ने बताउनुभयो ।

उहाँले शासक पार्टीको नाम कम्युनिस्ट हुँदैमा कामदार जनताको हित नहुने बताउनुहुँदै नामभन्दा पनि काम हेर्नुपर्ने औँल्याउनुभयो । उहाँले किसान र मजदुरहरूको नेतृत्वमा जबसम्म आन्दोलन हुँदैन त्यसबेलासम्म किसान र मजदुरवर्गले सुख नपाउने भन्नुभयो ।

उहाँले नेमकिपाले लिएको सिद्धान्तलाई जनतामाझ पुऱ्याउन कार्यकर्ताहरू गाउँगाउँमा गएर जनताबिच अन्तरक्रिया गर्दै आएको उल्लेख गर्नुहुँदै जनताले कम मत दिनुको अर्थ प्रतिपक्षमा बस्नु भनेकोले नेमकिपा जनताको मतअनुसार आफ्नो जिम्मेवारी पूरा गरिरहेको बताउनुभयो ।

उहाँले शासक दलभित्र पनि केही राम्रो मान्छे भएको तर पार्टीभित्रको आलोचना र आत्मालोचनाको डरले त्यसलाई दबाउनाले समग्र देशलाई समस्या भएको हो भन्नुभयो । उहाँले पञ्चायती व्यवस्थाविरुद्ध लड्नका लागि वामपन्थी र नेपाली काङ्ग्रेस मिलेर विगतमा आन्दोलन गरी बहुदल पुनःस्थापना भएको कुरा बताउनुहुँदै सबै पार्टीले आ-आफ्नो सिद्धान्तबारे जनतालाई बताउनुपर्छ भन्नुभयो ।

उहाँले पञ्चायतको समयमा नेपाल मजदुर किसान पार्टी र कार्यकर्ताहरूलाई नष्ट पार्न खोज्ने राजतन्त्रको पक्षमा नेमकिपा कहिल्यै नरहेको स्पष्ट पार्नुहुँदै जनताले पुरानो कुरा मन नपराएरै पञ्चायतको अन्त्य गरेको बताउनुभयो ।

कार्यक्रममा अध्यक्ष रोहितले पत्रकार महासङ्घ कोसीका उपाध्यक्ष सुदीप अधिकारीलाई पार्टी प्रकाशन दिनुभएको थियो ।

## "शासक दलहरूले गल्ती गरे देशले ठूलो क्षति व्यहोर्नुपर्ने हुन्छ"

साना दलले गल्ती गरे केही क्षेत्रमा मात्र समस्या हुने तर देशका शासक दल भनाउँदा ठूला पार्टीले गल्ती गरे देशले ठूलै क्षति व्यहोर्नुपर्ने हुँदा शासक दलहरू सतर्क हुनुपर्ने विचार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले वैशाख २८ गते आइतबार धरानमा आयोजित




अन्तरक्रिया कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

उहाँले चुनावको बेला शासक दलहरूले घोषणापत्र भन्दा पनि विभिन्न लोभलालच देखाएर निर्वाचन जितेको उल्लेख गर्नुहुँदै देशमा भ्रष्टाचार बढ्नुका कारण ठुला पार्टीहरूका नेताहरू रहेको आरोप लगाउनुभयो ।

उहाँले प्रजातान्त्रिक समाजवादको वकालत गर्ने नेपाली काङ्ग्रेसले आफ्नो पार्टी सिद्धान्तअनुसार काम नगरेको र एमाले पनि सोही बाटोमा लागेको हुनाले नेमकिपाले त्यसको विरोधमा जनतालाई सचेत पार्न संसद्मा प्रखर प्रतिपक्षको भूमिका निभाउँदै आएको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले सानो उमेरदेखि देश र विदेशको विषयमा विद्यालयमै जानकारी दिनुपर्ने आवश्यकता औँल्याउनुहुँदै राजनीतिक ज्ञान नदिए नयाँ पुस्ता तयार नहुने बताउनुभयो ।

उहाँले भारतको गुप्तचर विभाग 'रअ' को मुख्य मान्छे नै अमेरिकी गुप्तचर विभाग 'सीआईए' को मान्छे रहेको बताउनुहुँदै भारतले विगतमा चीनविरुद्धको लडाइँमा उस्काउने काम गरिरहेको उल्लेख गर्नुभयो ।

नेमकिपा कोसी प्रदेशका संयोजक एवम् भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले निर्वाचनमा व्यक्त भएको पार्टीको घोषणापत्रअनुसार भक्तपुर नगरपालिकामा काम भइरहेको बताउनुभयो ।

उहाँले पार्टी आफैमा विद्यालय भएकोले विविध विषयमा प्रशिक्षण, अन्तरक्रिया र छलफल कार्यक्रम जनताको बिचमा गर्दै आएको बताउनुभयो ।

पार्टी केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सृजना सैंजू**ले भक्तपुर नगरपालिकालाई नेमकिपाले टेस्टट्युवको रूपमा उपयोग गर्दै समाजवादी व्यवस्थाको निम्ति अघि बढिरहेको बताउनुभयो ।

उहाँले देश आर्थिक रूपमा आत्मनिर्भर नभएसम्म पुँजीवादी देशले उपनिवेश सरह नै व्यवहार गर्ने हुँदा राष्ट्रिय उत्पादन वृद्धिमा जोड दिनुपर्ने औँल्याउनुभयो ।

पुँजीवादी देशले सय वर्षमा गर्न नसकेको आर्थिक विकास समाजवादी देशले बीस–तीस वर्षमै गरेको उदाहरण दिनुहुँदै अमेरिकाले मिश्रित अर्थ व्यवस्था ल्याएर संसारमा आफ्नो प्रभुत्व कायमै राख्न खोजेको बताउनुभयो ।

कार्यक्रममा नेवा: एकता समाजका **महेश श्रेष्ठ**, पत्रकार **राजेश (विद्रोही)**, नेवा देया दबुका **मनोज शाक्य**ले 'समय र विचार', 'हिमाली महाभूल' पुस्तकको बारेमा बोल्नुभयो भने **सुनिल शाक्य**ले स्वागत एवं **विनोद श्रेष्ठ**ले कार्यक्रमको उद्देश्यबारे जानकारी गराउनुभयो ।

## धरानका अनाम नाट्य रङ्गमञ्चका पदाधिकारीहरूसँग भेटघाट



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं साहित्यकार नारायणमान बिजुक्छेँ (रोहित) ले धरान (सुनसरी) का अनाम नाट्य रङ्गमञ्चका पदाधिकारीहरूसँग वैशाख २८ गते भेटघाट गर्नुभयो ।

भेटघाट कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले मानव सभ्यताको विकासक्रमको सिलसिलामा संस्कृतिको विकास हुँदै जाँदा समाजमा नयाँनयाँ कुराको खोज अनुसन्धान हुने भएकोले संसारमा मानव बस्तीको विकाससँगै नाटकको पनि विकास भएको बताउनुभयो ।

उहाँले काठमाडौँ उपत्यकाका विभिन्न ठाउँमा डबलीहरूको निर्माण भएको जानकारी दिनुहुँदै समाजको राम्रो कुरा अगाडि बढाउन र जनताले सरल ढङ्गबाट सिकोस् भन्ने हिसाबले नाटक मञ्चन गरिएको धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, '२०२२ सालमा पहिलो पटक धरान आउँदा नै धरान हिन्दुस्तानको केरलाको जस्तै कम्युनिस्टको बहुसङ्ख्यक रहेको सहर थियो । त्यसबेला भक्तपुरलाई पनि धरान सहर जस्तो बनाउने सोचेको थिएँ ।'

अध्यक्ष बिजुक्छेँले पञ्चायतको बेला आर्थिक स्थिति कमजोरका कारण नाट्यशाला एकदमै कम रहेको अवस्थामा पनि वर्ग परिचय बोकेको र जनताको दुःख, समस्या देखाउने विषयवस्तुको नाटक मञ्चन हुने गरेको बताउनुभयो ।

उहाँले भाषा, कला, संस्कृति र साहित्यको विकास र संरक्षणको लागि स्थानीय तहले पहल गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको खण्डमा प्रदेशको आवश्यकता नपर्ने बताउनुभयो ।

उहाँले भाषाको विकास हुन हजारौँ वर्ष लाग्ने भएकोले भाषा आफैमा ठूलो सम्पत्ति हो भन्नुहुँदै त्यसका लागि कम्तीमा हरेक प्रदेशमा प्रदेशस्तरीय भाषा, साहित्य, कला र साहित्यको एकेडेमी स्थापना गर्नु जरुरी रहेको बताउनुभयो । उहाँले आनम नाट्य रङ्गमञ्चले मञ्चन गरेका नाटकको लिपिबद्ध गर्नुपर्ने सुझाव दिनुहुँदै संसारको जुन नगरमा नाट्यशाला हुँदैन त्यस सहरको विकास नहुने धारणा राख्नुभयो ।

कार्यक्रममा अनाम नाट्य रङ्गमञ्चका अध्यक्ष **विजय सुब्बा**ले स्वागत गर्नुभयो भने **सुरेन्द्र राज भुजेल**, **विनोद श्रेष्ठ**, **बादल भट्टराई**, **शारदा शाक्य** र **सुनिल शाक्य**ले पनि बोल्नुभएको थियो ।

## "नेवारहरू एउटा निश्चित जाति नभई समुदाय हो"




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँको प्रमुख आतिथ्यमा नेपाल खड्गी सेवा समिति धरानको आयोजनामा वैशाख २८ गते आइतबार समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि **बिजुक्छेँ**ले समाजमा बसोबास गर्ने मानिसहरूको प्रगति के–कति भयो भन्ने कुरा त्यहाँको संस्कृतिको विकासले झल्काउने विचार व्यक्त गर्नुभयो ।

उहाँले नेवारहरू एउटा निश्चित जाति नभई समुदाय रहेको बताउनुहुँदै हरेक जातिजातिका मानिसले समाजको निम्ति केही न केही योगदान गरेको हुन्छ भन्नुभयो ।

जसरी शरीरका अङ्गले काम गरेको हुन्छ त्यसरी नै समाजलाई विभिन्न जातजाति, भाषा र संस्कृतिले जीवन्त राख्ने गरेको उहाँले बताउनुभयो ।

हामीले आफ्नो पेसा सँगसँगै नयाँ पुस्तालाई देश विदेशको अवस्थाबारे जानकारी दिनुपर्ने अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।

उहाँले समग्र देश विकास गर्न सबै जातिको उत्तिकै भूमिका रहने हुँदा राजनीतिकरूपमा सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य **सृजना सैंजू**ले नेपाल मजदुर किसान पार्टीले जातीयतालाई कहिल्यै प्राथमिकता नदिएको चर्चा गर्नुहुँदै पार्टीले वर्गीय आन्दोलनलाई अगाडि बढाइरहेको बताउनुभयो ।

उहाँले नयाँ पुस्तालाई आफ्नो संस्कृति हस्तान्तरण गर्ने कार्यको प्रशंसा गर्नुहुँदै निरन्तरताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

नेमकिपा कोसी प्रदेशका सदस्य **सुनिल शाक्य**ले पार्टीको निर्देशनअनुसार विभिन्न जिल्लाका जनतासँग पार्टी कार्यक्रम र देशको राजनीतिक अवस्थाबारे अन्तरक्रिया गर्ने निर्णय भएअनुसार काम भइरहेको बताउनुभयो ।

कार्यक्रममा खड्गी समाजका पूर्वअध्यक्ष **हरि शाही**ले समाजको तर्फबाट स्वागत गर्नुभयो भने समाजका अध्यक्ष **मनिष खड्गी**ले कार्यक्रमबारे जानकारी दिनुभएको थियो ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।– का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# वर्षको उत्कृष्ट खेलाडी, रेफ्रि तथा निर्णायकहरूलाई सम्मान




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नपाको आयोजनामा २०८१ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गरेका वर्षको उत्कृष्ट खेलाडीहरूलाई सम्मान तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्रि तथा निर्णायकहरूलाई जेठ १५ गते एक कार्यक्रममा सम्मान गरियो। भक्तपुर नपाले यस वर्ष खेलाडी, रेफ्रि र निर्णायक गरी ६१ जनालाई सम्मान गर्‍यो।



कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले पुँजीवादी व्यवस्थामा स्वस्थ प्रतिस्पर्धा नहुने हुँदा राम्रा र योग्य खेलाडीहरूविरुद्ध नियोजित रूपमै षड्यन्त्रका गतिविधि हुन सक्नेतर्फ खेलाडीहरू सचेत हुनुपर्ने बताउनुभयो।

शासक दलहरूको अकर्मन्यताको कारण नेपालको गणतन्त्र ओझेलमा परिरहेको बताउनुहुँदै उहाँले गणतन्त्रको विकल्प राजतन्त्र होइन, समाजवादी गणतन्त्र हो भन्नुभयो।

राजनीतिक दलले इमानदारीपूर्वक देश र जनताको हितमा काम गर्न नसक्दा काठमाडौँ जस्तो ठाउँमा स्वतन्त्र उम्मेदवारले जित्नु भनेको शासक दलप्रति जनताको असन्तुष्टि रहेको भन्नुभयो।

सङ्घ, प्रदेश र स्थानीय तहले खेलकुदलाई लगानीको रूपमा नभई नागरिकप्रतिको कर्तव्य र जिम्मेवारीबोध गर्दै यसलाई अगाडि बढाउनुपर्ने धारणा राख्नुहुँदै उहाँले खेलाडीहरूले खेलकुदसँगै देशको समसामयिक विषयमा जानकारी हासिल गरी अगाडि बढ्नु पर्छ भन्नुभयो।

खेलाडीहरू स्वस्थ र तन्दुरुस्त हुने हुँदा हरेक क्षेत्रमा खेलाडीहरूलाई प्रयोग गरिने हुँदा खेलाडीहरूले साधारण नागरिकले भन्दा बढी जिम्मेवारी बहन गर्नुपर्छ भन्नुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नागरिकलाई स्वस्थ र अनुशासित बनाई खेलको माध्यमबाट राष्ट्रिय-अन्तर्राष्ट्रिय जगतमा ख्याति



बनाउने भक्तपुर नपाले खेलकुदलाई प्राथमिकता दिइरहेको बताउनुभयो ।

नेपालमा गणतन्त्रको स्थापना भएको १७ वर्ष पूरा भए पनि पटक पटक सरकारमा पुगेका शासकहरूले जनताको हितमा काम गर्न नसक्दा जनतामा अहिले राजनैतिक दलप्रति वितृष्णा देखिएको प्रष्ट पार्नुभयो ।



भनपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले खेलकुदमार्फत भक्तपुर नपाले छुट्टै पहिचान स्थापित गर्न खोजिरहेको बताउनुहुँदै भनपाको आयोजनामा भएमा खेलकुद गतिविधिले खेलाडीहरूको मनोबल बढेको बताउनुभयो ।



भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले खेलाडीहरूले आफ्नो उत्कृष्टता र सफलतालाई दिगो बनाउन निरन्तर खेलकुदमा सक्रिय हुनुपर्ने बताउनुहुँदै निराशाको बिच आशाको किरण छर्न नेपालका खेलाडीहरू सफल छन् भन्नुभयो ।





कार्यक्रममा निर्णायक समितिका सदस्य एवम् भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष **विनोद चरण राय**ले उत्कृष्ट खेलाडीको घोषणा गर्नुभएको थियो भने भनपा वडा नं. ४ का वडा अध्यक्ष **उपेन्द्र सुवाल**ले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रममा भनपा युवा तथा खेलकुद समितिका सदस्य रामसुन्दर बासीले पनि बोल्नुभयो ।





# संसद्‌मा नेमकिपा

## नीति तथा कार्यक्रममा देश र जनताको हितका विषयबारे अस्पष्ट



नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद **प्रेम सुवाल**ले वैशाख २२ गते आव २०८२/८३ को नीति तथा कार्यक्रममा देश र जनताको हितका विषयहरू उल्लेख नभएको स्पष्ट पार्नुहुँदै कतिपय विषय पुराना अर्थात् नवीनता छैन भन्नुभयो। नीति तथा कार्यक्रमको कमजोरी देहायबमोजिम भएको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो –

प्रजातन्त्र वा लोकतन्त्रको अर्थ आर्थिक समानता, सामाजिक न्याय र व्यक्तित्व विकासमा समान अवसर पनि हो। यसलाई जोड दिई सरकारले काम गर्नु जरुरी छ। विदेशी पुँजी लगानी गर्नेहरूलाई आयकर, भन्सार महसुल र अन्य कर छुट दिनु 'गाई मारी बाघ पोस्नु' जस्तै हो, प्रजातन्त्र होइन, निरङ्कुशतन्त्र हो।



नीति कार्यक्रममा सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, सीमा सुरक्षाबारे संयुक्त संसद्‌मा 'सुगा रटाइ' भइरहँदा दार्चुला जिल्लाको वीरेन्द्रनगरको नेपाली भूमिमा भारतबाट पुनः तटबन्ध निर्माण भइरहेको किन रोकिएन ? के अब नेपालमा परराष्ट्र मन्त्रालयको औचित्य रहेन ?

२०७२ असोज २५ गते पहिलो पटक प्रधानमन्त्री भएका केपी शर्मा ओलीको मन्त्रीपरिषद्‌ले दुई वर्षभित्र तुइन विस्थापन गर्ने निर्णय गरेको थियो। त्यसयता ओलीजी तीन पटक प्रधानमन्त्री हुनुभयो। अहिले पनि तुइन विस्थापन गर्ने दोहोऱ्याइएको छ। यो जङ्गबहादुरको बाटोजस्तै हो र ? पद ओगट्ने राम्रो काम केही नगर्ने र ?

प्रधानमन्त्री ओलीजी विपक्षीमा हुनुहुँदा गिरीबन्धु चिया बगानको ७० बिघा जमिन कमिसनमा बेचिएको सुनाउनुभयो। सो जग्गा फिर्ता ल्याउने र दोषीलाई कारबाही गर्ने विषय यो नीति कार्यक्रममा किन आएन ?

एक पूर्वगर्भनरका अनुसार नेपाल राष्ट्र बैङ्कको गभर्नरको लागि १ अर्ब रूपैयाँ तोकिएको र ४० करोड रूपैयाँ पेस्की बुझाइएको सार्वजनिक भयो। यसमा लेनदेन गर्ने को को हुन् ?

नेपाल विद्युत् प्राधिकरणका अघिल्ला कार्यकारी प्रमुखले १० अर्ब रूपैयाँ घाटामा पारेको भए यसको जवाफदेही सम्बन्धित प्रधानमन्त्री र मन्त्री पनि हुनुपर्ने होइन र ? ट्रङ्कलाइन र डेडिकेटेड लाइनको विद्युत् महसुल नउठाउने नबुझाउने को को हुन् ? ६०–७० अर्ब रूपैयाँ कर छली गर्ने विदेशी मोवाइल सेवा कम्पनीलाई प्रधानमन्त्रीले 'सबैभन्दा बढी कर तिरेको' भनी सम्मान गर्नु 'चोरलाई चौतारो' जस्तो किन होइन ?

राजतन्त्रले सामन्तवर्गको प्रतिनिधित्व गर्ने र अहिले राजतन्त्रको बहस गर्नु केटाकेटी बेलाको लुगा ठुलो हुँदा ठीक नहुने नीति कार्यक्रममा स्पष्टसँग किन लेखिएन ?

जनआन्दोलनका सहिद र घाइतेहरूको सपना– उत्पादन श्रमसँग जोडिएको शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क, देशभित्र रोजगारी, नेपालीको सम्पत्तिको सीमाङ्कन र विदेशमा सम्पत्ति राख्न नहुने, उत्पादनका मुख्य–मुख्य साधन र सेवा सामाजिकीकरण, स्वास्थ्य उपचार निःशुल्क र व्यक्तित्व विकासमा समान अवसर हुने किन उल्लेख गरिएन ? संविधान संशोधन यसैअनुसार गर्ने प्रतिबद्धता किन आएन ? प्रत्यक्ष निर्वाचित राष्ट्रपति र संसद् सदस्यबाहेक राष्ट्रपति अनुकूल सानो मन्त्रीमण्डल गठन गर्ने वाचा किन आएन ?

सम्भावना नभएका परियोजना र त्रुटीपूर्ण परियोजना हटाएर पुग्छ र ? त्यस्ता योजनाहरू समावेश किन गरियो ? यसबारे सम्बन्धित अधिकारीहरूलाई जवाफदेही बनाउनु पर्दैन र ?

पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा अर्बौं रुपियाँ भ्रष्टाचार गर्नेहरूलाई कारबाहीको वाचा किन आएन ?

नेपालको नदीनाला भारतको साझा भनी भारतसँग

गरिएको सम्झौता र जलविद्युत् परियोजना भारतलाई दिने सम्झौता खारेज गर्ने प्रतिबद्धता किन आएन ? भारतसँगै विद्युत् किनेर नेपालमा लोडसेडिङ हटेको दाबी गरेका देशद्रोहीलाई कारबाही हुने विषय किन आएन ?

स्वास्थ्य बीमाको बक्यौता रकम अस्पतालहरूलाई अविलम्ब भुक्तानी गराउने विषय किन आएन ? सार्वजनिक र सहकारी क्षेत्रलाई निजी क्षेत्रको नाममा मुठ्ठीभरका पुँजीपतिवर्गको 'दुहुनो गाई' बनाउन किन दिइयो ? निजी क्षेत्रलाई अर्थतन्त्रको नेतृत्व गराउनु 'सुकेको रुखमा पानी हाल्नु' जस्तै किन होइन ?

अर्बौं रूपैयाँको विदेशी पुँजीलाई कर छुट दिने नीति 'गाई मारी बाघ पोस्ने' जस्तै किन होइन ? मुठ्ठीभरका नेपालको वर्षमा ५०/६० अर्ब रूपैयाँ नाफा हुने अर्कोतिर असङ्ख्य गरिब जनताको हातमुख जोर्न धौ धौ हुने नीति कसरी 'समृद्ध नेपाल र सुखी नेपाली' हुनसक्छ ?

पाँचतारे होटेलमा एमसीए कार्यालय सञ्चालन गरी डलरमा तलब भत्ता खानेहरूबाट हालसम्मको खर्च असुल गर्ने बाचा किन आएन ?

नेपालको हिमाल, पहाड, तराईमा पाइने फलफूल खेती प्रवर्द्धन गर्ने प्रतिबद्धता किन आएन ? कृषि अनुदान किसानको घरदैलोमा उपलब्ध गराउने वाचा किन आएन ? २०१६ सालको बिर्ता उन्मूलन र २०२१ सालको भूमिसुधार कार्यान्वयन नभएकोबारे एउटा संसदीय छानबिन समिति गठन गर्ने नीति किन आएन ? गुठी जग्गा जोताहा किसानको नाममा रैतानी गराउने नीति किन आएन ? सहकारी संस्थामा यसको उद्देश्यअनुसार जोताहा किसानलाई सदस्य बनाउने र सहकारी ठगहरूलाई सदस्य नबनाउने नीति किन आएन ?

चुरे दोहन गराउने अधिकारीहरूलाई कारबाही किन भएन ? हरियो वन नेपालको धन बनाउनेहरूलाई जवाफदेही बनाउने प्रतिबद्धता किन आएन ? नदीजन्य स्रोत उत्खननको कारण सडक र पुल भासिएमा सम्बन्धित अधिकारीहरूलाई क्षतिपूर्ति भराउने किन आएन ?

७५३ ओटै स्थानीय तहमा सहर विकास गर्नु जरुरी छ । भूकम्पीय जोखिम क्षेत्र, प्रदूषणको थलो काठमाडौँ उपत्यकामा देशको सबैतिरबाट बसाइँसराइ गराएर जनतालाई 'एकचिहान' हुन नदिने प्रतिबद्धता किन आएन ? एउटा बस्ती वरिपरि कृषि, खुला क्षेत्र, वन, पानीको स्रोत संरक्षण हुने व्यवस्था गरी बसाइँसराइ जिल्लाभित्र मात्र गराउने कानुन बनाउने प्रतिबद्धता किन आएन ?

सङ्घीय राजधानी दाङमा सारेर पश्चिम नेपालबाट विकास अघि बढाउने प्रतिबद्धता किन आएन ? आ.व. २०७३/७४ र ०७८/७९ को प्रतिबद्धताअनुसार विश्व सम्पदा सूची दरबार क्षेत्रसँग जोडिएको भक्तपुर औद्योगिक क्षेत्र आगामी आवको पहिलो चौमासिकभित्र स्थानान्तरण गर्ने, नवौँ पञ्चवर्षीय योजनाको वाचाअनुसार भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्ने र भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालय विधेयक पारित गर्ने प्रतिबद्धता आउनुपर्थ्यो । विद्यालय तहमा 'स्वास्थ्य र शारीरिक शिक्षा' अनिवार्य हुने नीति आउनुपर्थ्यो । वडाको टोल टोलमा ज्येष्ठ नागरिक आदर निकेतन र शिशुस्याहार तथा बालोद्यान केन्द्र सञ्चालन गर्ने स्पष्ट वाचा आउनुपर्थ्यो ।

सुगौली सन्धिपछि सुरु भएको नेपाली युवालाई 'भाडाको सिपाही' बनाउने गोर्खा भर्ती र यसैको सिलसिलाको रूपमा अघि बढिरहेको नेपालीलाई वैदेशिक रोजगारीमा पठाउने बन्दोबस्त खारेज गर्ने नीति आउनुपर्थ्यो । विदेशी पुँजी ल्याएर देशलाई नवउपनिवेश बनाउने लगानी बोर्ड खारेज गर्ने र विदेशबाट बजेट ल्याएर सरकारको समानान्तर खर्च गर्ने एनजीओ र आइएनजीओ खारेज गर्ने प्रतिबद्धता किन आएन ?

१२ खर्ब बढी बेरुजु र २७ खर्ब बढी ऋण देशलाई बोकाउनेहरूमाथि छानबिन गरी कारबाही गर्ने प्रतिबद्धता किन आएन ?

## सुकुलढोकामा मन्दिर भत्काई बनाइएको राजवैद्यको घर कसरी निजी हुनसक्छ ?

नेपाल मजदुर किसान पार्टीका सांसद **प्रेम सुवाल**ले प्रतिनिधिसभाको वैशाख २६ गतेको बैठकमा केही महत्त्वपूर्ण विषयमा संसद् र सरकारको ध्यानाकर्षण गराउनुभयो । ध्यानाकर्षणको क्रममा सांसद सुवालले राख्नुभएको मन्तव्यको सार –

नेपाल जैविक र सांस्कृतिक विविधतामा सम्पन्न देश हो । सगरमाथा निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सूचीमा समावेश प्राकृतिक सम्पदा हुन् । भक्तपुर, काठमाडौँ र ललितपुरका दरबार क्षेत्रहरू, लुम्बिनीको बुद्ध जन्मस्थल, काठमाडौँको बौद्ध र स्वयम्भू महाचैत्य, भक्तपुरको चाँगुनारायण मन्दिर विश्व सम्पदा सूचीभित्रका सांस्कृतिक सम्पदाहरू हुन् । भक्तपुर दरबार क्षेत्रदेखि तमारी हुँदै तचपाः क्षेत्रसम्मको दायाँ–बायाँका घर–भवनहरू पनि विश्व सम्पदा सूचीभित्रका हुन् । प्राचीन स्मारक संरक्षण ऐनअनुसार एक सय वर्ष पुगेका निजी घर–भवन र वस्तुसमेत सम्पदाभित्र पर्छन् ।



श्रीधरनारायणको मूर्ति



दण्डपाणि वैद्य र चक्रपाणि वैद्यको घर

भक्तपुर सुकुलढोका क्षेत्र विश्व सम्पदा सूचीमा पर्दछ। सुकुलढोकामा नवौं शताब्दीमा निर्माण गरिएको श्रीधरनारायणको मन्दिर थियो। तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाको मौखिक आदेश पाएका तत्कालीन राजवैद्यहरू दण्डपाणि वैद्य र चक्रपाणि वैद्यसमेत दुई दाजुभाइले श्रीधरनारायण मन्दिरलाई भत्काई घर बनाएका थिए। सो घरको एक ठाउँमा अहिले श्रीधरनारायणको मूर्ति यथावत राखिएको छ। (मूर्तिको तस्बिर देखाउँदै)

प्रा. पुरुषोत्तम लोचन श्रेष्ठको त्रि.वि.को सिनास (CNAS) मा प्रकाशित अध्ययन प्रतिवेदनअनुसार डण्डपाणि वैद्यले सुकुलढोकामा सो घर बनाउनु अघि त्यहाँ श्रीधरनारायणको मन्दिर थियो। सो मन्दिर मासेर उनले त्यहाँ घर बनाएका हुन् भनेर स्पष्ट लेखिएको छ। (सिनासको प्रतिवेदनमा छापिएको घरको तस्बिर देखाउँदै)

राणा प्रधानमन्त्रीको आदेशमा श्रीधरनारायण मन्दिर भत्काई तत्कालीन राजवैद्य दाजुभाइले बनाएको घर कसरी निजी हुनसक्छ ? मन्दिर भत्काई बनाइएको घर निजी हुनसक्दैन। राणा शासनले पाँचतले मन्दिर कुनै व्यक्तिलाई दिएमा के निजी हुनसक्छ र ? राणा शासनको गलत आदेशलाई यो सरकारले सच्याउनु पर्छ कि पर्दैन ? सरकारले आफ्नो उपस्थिति देखाउनु जरुरी छ।

सो घर बेचबिखनको लागि मालपोत कार्यालय भक्तपुरले २०५९ साउन ३० गते पुरातत्त्व विभागलाई पत्र पठाएको थियो। पुरातत्त्व विभागका एक अधिकारीले सो घरको फुकुवा पत्रमा साउन २८ गते नै दस्तखत गरेका थिए। मालपोत कार्यालयको पत्र पुग्नु दुई दिन अगाडि नै पुरातत्त्व विभागको अधिकारीले कसरी सो घर बिक्री गर्न मिल्ने र सम्पदा क्षेत्रमा नपर्ने भनी पत्र लेख्न सक्यो। के यो जालसाजी होइन र ?

काठमाडौँ थःवहीको सरकारी कमलपोखरी र बगैँचामा पनि पुरातत्त्व विभागका तत्कालीन प्रमुख भेषनारायण दाहालले अभिलेखमा नदेखिएको र बिक्री गर्न मिल्ने भनी झूटा व्यहोरा लेखी पठाएको हुँदा अहिले सो सरकारी जग्गा र कमलपोखरीमा पन्ध्र तलाको व्यापारिक भवन बनेको छ। सरकारले सार्वजनिक र सरकारी सम्पदाहरू संरक्षण गर्नु जरुरी छ।

(तस्बिर साभार CNAS-Volume 33, Number 1, Junary 2006)

## भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालन गर्न पाउनुपर्ने

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद **प्रेम सुवाल**ले जेठ ४ गते प्रतिनिधिसभा बैठकमा शिक्षा, स्वास्थ्य

तथा सूचना प्रविधि समितिको प्रतिवेदनसहित आएको सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथिको छलफलमा आफ्नो धारणा राख्नुभयो । उहाँले राख्नुभएको मन्तव्यको सार –

दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई समर्थन गर्दछु । यो विश्वविद्यालयले उत्पादनश्रमसँग जोडिएको शिक्षा दिने अपेक्षा गर्दछु । यो विश्वविद्यालयले डा. नर्मन बेथुन, डा. कोट्निसजस्ता अन्तर्राष्ट्रवादी चिकित्सकहरू पनि तयार गर्ने आशा गर्दछु । भागबन्डा नमिलेर अहिलेको त्रिविमा जस्तै यो विश्वविद्यालयमा उपकुलपति महिनौँ रिक्त हुने अवस्था नहुने कामना गर्दछु । योग्य व्यक्ति समयमै छनोट हुने बन्दोबस्त हुने अपेक्षा गर्दछु ।

एउटा देशको तस्बिर त्यहाँको विद्यालय र विश्वविद्यालयहरूको शिक्षामा देखिन्छ । शिक्षा समितिको यो प्रतिवेदनको पृष्ठभूमिमा लेखिएको छ, 'विद्यालय प्राज्ञिक क्षेत्र भएको हुँदा तालाबन्दी, बन्द, हडताल गर्न नहुने र गरेमा प्रचलित कानुनबमोजिम सजाय हुनेछ ।' तालाबन्दी र हड्ताल सरकारमा बसेका दलहरूकै कार्यकर्ताहरूबाट भइरहेका छन् । शिक्षकहरूको सडक आन्दोलन पनि उस्तै हो, सम्झौता गर्ने अनि सबैलाई सडकमा बोलाउने । त्रिविको फर्निचर जलाएको जस्तो घटना दोहोरिनु भएन ।

समाजलाई बुद्धिजीवीकरण गर्न विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानहरू जरुरी हुन्छ । सरकारले १२ कक्षा उत्तीर्ण विद्यार्थीहरूलाई नेपालका कलेजमा पढ्ने अवसर नदिई आमाबुबाको घरखेत बेच्न लगाई विदेश पठाउने अवस्था अब हुनुभएन ।

सरकारले राणा शासन र पञ्चायत सरकारभन्दा फरक देखाउन उत्पादन श्रमसँग जोडिएको शिक्षा विद्यालयदेखि नै बन्दोबस्त गर्नु आवश्यक छ । विद्यालय र विश्वविद्यालय शिक्षा नि:शुल्क र अनिवार्य गर्ने तयारी सरकारले गर्नु जरूरी छ ।

सुरुमा ग्रीस र रोमका नगर राज्यहरूले विश्वविद्यालय स्थापना र सञ्चालन गरेका थिए । भक्तपुर नगरपालिकाले २०५६ सालयता सातवटा शैक्षिक संस्थाहरू सञ्चालन गरी देशभरका डाक्टर, नर्स, मानवशास्त्री, व्यवस्थापक, शिक्षाशास्त्री, वकिल बन्न चाहेका ७७ जिल्लाका ४४ हजार विद्यार्थीलाई उच्च शिक्षाको मार्ग प्रशस्त गरेको छ । अन्य निजी कलेजमा भन्दा ख्वपमा विद्यार्थीहरूले एकतिहाइ खर्चमा पढ्न पाएका छन् । अन्त तीनगुणा बढी खर्च लाग्छ । ख्वप कलेजमा कानुन विषय पनि एकतिहाइ कम शुल्कमा पढ्ने व्यवस्था छ ।

भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालन गरी १०–१५ लाखमा चिकित्सा शिक्षा पढाउने व्यवस्थाको लागि सरकारसँग आग्रह गरेको १०–१५ वर्ष भयो । ०७२ सालमा संविधान जारी भइसकेपछि भक्तपुर नगरपालिकाको लागि ख्वप विश्वविद्यालय विधेयक शिक्षा मन्त्रालयबाट संसद्मा दर्ता भई सांसदहरूलाई वितरण पनि भइसकेको थियो । सरकार परिवर्तनसँगै विधेयक अगाडि बढेन । अहिले 'नगरपालिकालाई विश्वविद्यालय सञ्चालन गर्ने अधिकार छैन' भनेर विलम्ब गरिएको छ । यही संविधानअनुसार संसद्मा दर्ता भई सांसदलाई वितरण भइसकेको विधेयक अहिले 'नगरपालिकाले सञ्चालन गर्न नपाउने' भनी विलम्ब गर्नु जनताको हितमा छैन । एउटा व्यक्तिले कम्पनी खोलेर खबौँ रूपैयाँको हवाईजहाज, अस्पताल, ठेकेदार कम्पनी, खाद्यान्न उद्योग चलाउन मिल्छ तर, एउटा नगरपालिकाले विश्वविद्यालय खोल्न नपाउने कस्तो संविधान, कस्तो नियत, कस्तो संसद् हो ? संसद् सदस्यहरू सबै सचेत हुनु आवश्यक छ ।

## हाम्रो स्थानीय तह




### तारकेश्वर नपा, काठमाडौँ

| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
|---|---|---|
| परिवार सङ्ख्या | २०१५८ | ४१३६२ |
| जनसङ्ख्या | ८१४४३ | १५१४७९ |
| परिवार आकार | | ३.६६ |
| लैङ्गिक अनुपात | | ९८.८० |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | ५.९६ |
| जनघनत्व | | २७५७ |
| साक्षरता दर प्रतिशत | | ८७.८४ |

स्रोत : नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)

अन्तरवार्ता

# 'भक्तपुर नगरका अधिकांश विद्यालयहरू विगतको तुलनामा प्रगतिउन्मुख नै छन्'



योगेन्द्रमान बिजुक्छेँ

**विद्यालय अनुगमन समितिको कामहरूबारे बताइदिनुहोस् न ?**

**योगेन्द्रमान :** विद्यालय अनुगमन समितिको पुरा नाम 'विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समिति' र अङ्ग्रेजीमा School Monitoring and Technical Intervention Committee ( SMTIC) हो । २०८० साल जेठ महिनामा भक्तपुर नगरपालिकाले यसको आधिकारिक गठन गरेको हो । विद्यालयको दैनिक पठनपाठनमा केही कमी कमजोरी देखिने अवस्थामा त्यसका लागि प्राविधिक सहयोग पुऱ्याउने यसको पहिलो उद्देश्य हो भने प्रशासनिक र भौतिक अवस्थाको अनुगमन गर्नु दोस्रो उद्देश्य हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई विद्यालयको व्यवस्थापनको जिम्मा लगाएपछि यस्तो अनुगमन समितिको आवश्यकता महसुस भएको हो । हिजो जिल्ला शिक्षा कार्यालय रहेको अवस्थामा पनि विद्यालय निरीक्षक र स्रोतव्यक्तिको व्यवस्था थियो । तर विद्यालयको दैनिक क्रियाकलाप र पठनपाठनको अनुगमन गर्ने र आवश्यक प्राविधिक सहयोगको अभाव थियो । स्रोत व्यक्तिलाई फ्ल्यास रिपोर्ट सङ्कलक र निरीक्षकलाई हाजिर कापीमात्र हेर्ने व्यक्तिका रूपमा सीमित राखिएको थियो । त्यसैले दैनिक पठनपाठन प्रभावकारी नहुँदा पनि त्यसलाई सुधार्ने कुनै संयन्त्र थिएन । तर, आज 'सिम्टिक'को गठनपछि प्राविधिक रूपमा सहयोगको अवस्था रहेको छ । आवधिक तथा आवश्यकताअनुसार शिक्षकहरूलाई विभिन्न तालिमहरूको पनि तर्जुमा हुँदै आएको छ । यद्यपि, यो पर्याप्त भइसकेको छैन ।

**भक्तपुर नगरपालिकाभित्र सञ्चालित विद्यालयहरूको भौतिक तथा शैक्षिक अवस्था कस्तो पाउनुभएको छ ?**

**योगेन्द्रमान :** विद्यालयको भौतिक र शैक्षिक अवस्थाका बारेमा कुरा गर्दा अलिकता ऐतिहासिक पृष्ठभूमि बुझ्नुपर्ने हुन्छ । नेपालमा राजनीतिक व्यवस्था र व्यवस्था परिवर्तनसँगै शिक्षा नीतिमा परिवर्तन हुने गरेको छ । राणाकालमा आम जनता औपचारिक शिक्षाबाट वञ्चित थिए । तैपनि राणाकालको उत्तरार्द्धतिर खोलिएका केही विद्यालयहरूमध्ये भक्तपुरको लायकुमा अवस्थित पद्म स्कूल पनि एक हो । तर, २००७ सालमा राणा शासनको अन्तपछि विशेष गरेर हुनेखानेहरू तथा समाजका अगुवाहरूको नेतृत्व र पहलमा टोल र चोकमा विद्यालय खोल्ने अभियानै चल्यो । ती विद्यालयहरू एक खाले समुदायकै जिम्मामा सञ्चालित थिए । यसमा सरकारको कुनै हात वा सहयोग थिएन । तर, २०२८ सालमा पञ्चायत सरकारले लागु गरेको नयाँ शिक्षा योजनाले (New Education Plan) समुदायद्वारा सञ्चालित विद्यालयहरूलाई राष्ट्रियकरण गऱ्यो । विद्यालयका शिक्षकहरूको तलब सरकारले उपलब्ध गरायो तर भौतिक संरचना र अन्य खर्च भने विद्यालय आफैले जोहो गर्नुपर्थ्यो । यो नयाँ शिक्षा योजना अमेरिकी सरकारको सहयोगमा व्यवस्था गरिएको थियो । अमेरिकी सरकारको भरमा चलेको यस योजना दिगो हुन सकेन र ५/७ वर्षकै अवधिमा यो योजना विस्तारै प्रभावहीन हुँदै गयो र सरकारले अब समुदाय वा निजी स्तरमा पनि विद्यालय खोल्न सक्ने प्रावधानको घोषणा गऱ्यो । समुदायमा आधारित विद्यालयहरू पुनः एकपल्ट दयनीय अवस्थामा पुगे । तिनीहरू फल्चा (पाटी), पौवा, सतल, चौतारी, चोक र दलानमै सीमित हुनपुगे । तर, भक्तपुरमा जर्मन प्रोजेक्टले केही सामुदायिक स्कुलको निम्ति भवन बनाइदियो । २०४६ सालको राजनीतिक परिर्वतनपछि केही सामुदायिक विद्यालयहरूले समुदायको सहयोगमा विस्तारै आफ्ना भवनहरू निर्माण गर्न थाले । तर आजसम्म केही विद्यालयहरूलाई छोडेर अधिकांश विद्यालयहरूको भौतिक अवस्था पर्याप्त छ भन्ने होइन ।

**भक्तपुरको शैक्षिक गुणस्तर वृद्धिमा विद्यालय अनुगमन समितिले के कस्तो भूमिका खेलिरहेको छ ?**

**योगेन्द्रमान :** शैक्षिक गुणस्तरको अवधारणा आफैमा

जटिल विषय हो । कुनै बेला एसएलसी परीक्षामा धेरै विद्यार्थीहरू बढी अङ्क ल्याएर उत्तीर्ण हुनुलाई गुणस्तरको रूपमा लिने चलन थियो । त्यस्तै अङ्ग्रेजी माध्यमबाट पठनपाठन हुनुलाई गुणस्तर भएको मानिन्थ्यो । शैक्षिक गुणस्तरका तत्त्वहरूमध्ये यिनीहरू पनि होलान् तर यी नै सबथोक होइनन् । अन्तर्राष्ट्रिय मापदण्डअनुसार विद्यार्थीको सर्वाङ्गीण विकासलाई जोड दिन सक्नुलाई नै गुणस्तरीय शिक्षा मानिन्छ । त्यसैले गुणस्तरीय शिक्षा प्राप्ति एक दीर्घकालीन तथा गतिशील यात्रा हो । अझ विशेष गरेर हाम्रो शिक्षानीतिमा स्थायित्व आइसकेको छैन । सरकार परिवर्तन पश्चात् शिक्षा नीतिमा आउने परिवर्तनले गुणस्तरीय शिक्षाको अवधारणा नै अलपत्र पर्ने गरेको छ । गर्नुपर्ने कार्य नगरी अल्मलिन्छन् र नगर्नुपर्ने कुरा गर्छन् । उदाहरणका लागि आधा शताब्दी पहिलेको २०२८ सालको शिक्षा ऐन नै हालसम्म कामचलाउको अवस्थामा छ । जबकि राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा धेरै परिवर्तनहरू आइसकेका छन् ।

अनुगमन समितिले शैक्षिक गुणस्तर प्राप्तिको लागि दुइपक्ष सफ्टवयर र हार्डवयरलाई सँगै लैजानुपर्नेमा जोड दिएको छ । प्राविधिक सहयोगमा जस्तै नयाँ अवधारणअनुसारको तालिम, शिक्षकहरूमा अन्तरक्रिया, विषय केन्द्रित छलफल, विषय विज्ञहरूबाट अभिमुखीकरण, कक्षा अवलोकनबाट पृष्ठपोषण, कक्षा प्रभावकारी बनाउन कक्षाकोठामा हुने क्रियाकलाप, शैक्षणिक क्रियाकलाप, पिडागोजी तथा व्यवस्थित पाठयोजनाजस्ता कुराहरूलाई सफ्टवयरको रूपमा लिई यसलाई समितिले प्राथमिकतामा राखेको छ भने अन्य भौतिक सुविधाहरू जस्तै भवन, शैक्षिक सामग्री, व्यवस्थित पुस्तकालय, विज्ञान प्रयोगशाला, खुला र हरियाली वातावरणलाई हार्डवयरमा राखी गुणस्तरीय शिक्षा प्राप्तिको आधार मानेको छ ।

## सामुदायिक विद्यालयको शैक्षिक स्तर बढाउन अनुगमन समितिबाट भएका सकारात्मक पक्षहरूबारे प्रष्ट पारिदिनुहुन्छ कि ?

**योगेन्द्रमान :** अनुगमन समितिबाट प्राविधिक सहयोग र अन्य प्रशासनिक अनुगमनमा सामुदायिक विद्यालयहरूलाई नै प्राथमिकतामा राख्दै आएको छ । सिद्धान्ततः अनुगमन समितिले सामुदायिक र संस्थागत दुवै विद्यालयहरूको अनुगमन सँगसँगै गर्नुपर्ने हो । तर, अहिले नगरपालिकाले सञ्चालन गर्ने बिएलई र एसइई तयारी पूर्व परीक्षाको नतिजालाई अध्ययन गर्दा विषयगत उत्तीर्णको अवस्था सामुदायिक विद्यालयहरूमा धेरै सुधार गर्नुपर्ने देखिन्छ । संस्थागत विद्यालयहरूको यस पक्षमा तुलनात्मक रूपमा राम्रो देखिएको छ । त्यसैले धेरै सुधार गर्नुपर्ने भनेको सामुदायिक विद्यालयहरूमा हो । यही तथ्यलाई मध्यनजर राखी अनुगमन समितिले विद्यालय अनुगमन र आवश्यक प्राविधिक सहयोगमा सामुदायिक विद्यालयहरूलाई प्राथमिकतामा राखेको छ । यद्यपि, एकाध तालिमहरूमा सामुदायिक र संस्थागत दुवै विद्यालयका प्रतिनिधिहरूलाई समावेश गर्दै आएका छौँ ।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई सुधार गर्न पहिलो र अति महत्त्वपूर्ण पक्ष भनेको विद्यालयको दैनिक पठनपाठन सुचारु रूपमा सञ्चालन हुनु हो । विद्यालयका प्रधानाध्यापक, शिक्षक र अन्य कर्मचारीहरूको समन्वयात्मक टिमवर्क वा सामुहिक कार्यबिना विद्यालयमा गुणस्तरीय शिक्षाको कल्पना गर्न सकिँदैन । यसैलाई मनन गरी प्रत्येक विद्यालयमा सामुहिक रूपमा कामगर्ने संस्कार बसाल्ने प्रयास गरियो । विषयगत विभागको व्यवस्था (एचओडी), कक्षा शिक्षकको व्यवस्था, यी विभिन्न समितिहरूको नियमित र आवधिक बैठक, अभिभावकहरूको नियमित बैठक र पाठयोजनालाई जोड दिइयो । परीक्षासकेपछि विद्यार्थीहरूले गरेका उपलब्धि वा कमजोरीका पक्षमा छलफल र थप सुधारका लागि नयाँ योजना वा रणनीतिको निर्माण, घरमा अध्ययनको अवस्था नमिल्ने विद्यार्थीहरूका हकमा विद्यालयमै बिहान र साँझ पठनपाठनको समय बढाउन आवश्यक व्यवस्था गर्ने, शिक्षकहरूका लागि विषयगत आवधिक तालिम, विद्यार्थी र शिक्षकहरूका लागि उत्प्रेरणात्मक कक्षाहरूको व्यवस्थाजस्ता कार्यहरूलाई अनुगमन समितिले प्राथमिकतामा राखेको छ ।

यी कुराहरूको नियमित अनुगमन गर्न अनुगमन टोली विद्यालयमा पुग्नुका साथसाथै नयाँ सफ्टवयर जडान गरी विद्यालयमा शिक्षक र कर्मचारीको हाजिरी रेकर्ड तथा अन्य क्रियाकलापको पनि नगरपालिकाबाटै वा नगर शिक्षा शाखाबाट नियमित अनुगमन हुने समेत व्यवस्था हुँदै छ ।

## भक्तपुरको शिक्षा विकासमा भक्तपुर नगरपालिकाको भूमिकालाई कसरी नियाल्नुभएको छ ?

**योगेन्द्रमान :** स्थानीय तहमा विद्यालय व्यवस्थापनको जिम्मा आइसकेपछि सोहीअनुसार भक्तपुर नगरपालिकाले तयारी थालेको हो । स्थानीय पाठ्यक्रमको निर्माण गरी लागु गर्ने पहिलो नगरपालिका नै भएको छ । अन्तर विद्यालय खेलकुद प्रतियोगिता, शिक्षक तालिम, परीक्षा समिति गठन गरी कक्षा ५ र ८ को वार्षिक परीक्षा तथा एसइई तयारी परीक्षासमेत नगरपालिकाले सञ्चालन गर्दै आएको छ ।

वार्षिक शैक्षिक क्यालेन्डरको निर्माण जस्ता कार्यहरू पनि नियमित रूपमा हुँदै आएको छ । यी भए सकारात्कक पक्षहरू ।

तर, नगरका ९२ वटै विद्यालयको व्यवस्थापन र पठनपाठनको अवस्थालाई सुधार्न नगरपालिकाले अझै धेरै कुराहरूमा ध्यान दिन बाँकी छ । पहिलो त, दैनिक रूपमा विद्यालयहरूको सञ्चालनमा प्रत्यक्ष सरोकार राख्ने नगर शिक्षाको कार्यालयमा स्थान र जनशक्तिको कमी देखिन्छ । त्यसैले विद्यालयको व्यवस्थित कार्यसम्पादनको निगरानी र आवश्यक प्राविधिक सुझाव र सहयोग गर्दै अगाडि बढ्न नगर शिक्षालाई मजबुत बनाउनु आवश्यक छ ।

## विद्यालय अनुगमन हुनु अगाडि र अनुगमनपश्चात् विद्यालयको शैक्षिक विकासमा कस्तो भिन्नता पाउनुभयो ?

**योगेन्द्रमान** : अनुगमन समितिको गठनपछि यसले आफ्नो क्षमताले भ्याएसम्म अनुगमनको कार्यलाई अगाडि बढाउँदै लगेको छ । यो अनुगमन समिति कुनै स्थायी प्रकृतिको होइन र यसमा कुनै तलबी कर्मचारीहरू र यसको कुनै छुट्टै कार्यालय पनि छैन । एक निवृत्त शिक्षक, एक जनप्रतिनिधि, एक कार्यरत प्रधानाध्याक, एक कलेजका प्राध्यापक र एक इसिडी विज्ञ फ्रिल्यान्सरको स्वयंसेवी कार्यले विगत दुई वर्षदेखि अनुगमन कार्य भइरहेको हो ।

धेरै वर्षदेखि निश्चित अनुगमनको व्यवस्था नभएको र अझ प्राविधिक रूपमा विद्यालयलाई सहयोग नभइरहेको अवस्थामा यस अनुगमन समितिले केही प्राविधिक रूपमा सहयोगको लागि नगरपालिकालाई घच्घच्याएको छ । आफ्नो कार्यसम्पादन प्रभावकारी नभएका प्रधानाध्यापकहरू तथा शिक्षकहरूलाई अन्तर विद्यालय सरुवा गर्न अनुगमन समितिले सिफारिस समेत गर्ने गरेको छ । प्राविधिक सहयोगका कुरा माथि नै उल्लेख गरी सकेँ । यी सबै कार्यहरूले निश्चय पनि विद्यालयको पठन पाठनलाई प्रभावकारी बनाउन सहयोग भइरहेको छ र यसले नै गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नेछ । तर गुणस्तरीय शिक्षाको प्राप्ति एक/दुई वर्षमा आशा गर्नु ज्यादै चाँडो हुनेछ । यद्यपि, सङ्ख्यात्मक र गुणात्मक दृष्टिले भक्तपुर नगरका अधिकांश विद्यालयहरू विगतको तुलनामा प्रगतिउन्मुख नै छन् ।

## अनुगमन समितिका सुझावहरूलाई विद्यालयहरूले कसरी लिएको पाउनुभयो ?

**योगेन्द्रमान** : समितिका सुझावहरूलाई विद्यालयहरूले सकारात्मक रूपमा लिएका छन् । यद्यपि, सोही अनुसार विद्यालयमा लागु गर्न उहाँहरूलाई पनि केही प्रशासनिक, केही प्राविधिक र केही पुरानो मानसिकता चुनौतिका रूपमा रहेको देखिन्छ ।

## सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर राम्रो भएसँगै संस्थागत विद्यालयहरू विस्थापित हुन थाले भन्ने पनि छ, के यो सत्य हो ?

**योगेन्द्रमान** : सामुदायिक विद्यालयहरूको गुणस्तर तीव्रगतिमा नभए पनि विस्तारै उक्लिँदै गएको यथार्थ हो । सायद, यसकै कारणले पनि हो केही स–साना निजी विद्यालयहरू यताका केही वर्षमा बन्द र स्थानान्तरण भएका हुन सक्छन् ।

(भक्तपुर नगरपालिका विद्यालय अनुगमन समितिका संयोजक योगेन्द्रमान बिजुक्छेँसँग लिएको अन्तरवार्ता)



# भक्तपुर नगरपालिकाको शैक्षिक विकासको प्रयास: एक सिंहावलोकन



वसन्त भट्टराई

**विषय प्रवेश**

देशको राजधानीसँगै रहेको भक्तपुर जिल्लाको सदरमुकाममा छ भक्तपुर नगरपालिका। देशकै सबैभन्दा सानो नगरपालिका भएता पनि शिक्षामा भक्तपुरको आफ्नै मोडल छ, जसको सुरुवात वि.सं. २०५४ को स्थानीय चुनावपछि भएको देखिन्छ। शिक्षा र स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउने बाचाका साथ उक्त चुनावको घोषणापत्रअनुरूप नगरपालिका बोर्डले वि.सं. २०५६ सालमा कक्षा ११ र १२ को अनुमति लिएपछि ख्वप उच्च माध्यमिक विद्यालय स्थापना भयो। कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीलाई पढाउन क्याम्पस चाहिएपछि नगरपालिकाले वि.सं. २०५८ सालमा ख्वप: कलेज र ख्वप: इन्जिनियरिङ कलेजको स्थापना गर्‍यो। हाल नगरपालिकाको स्वामित्वमा त्रिभुवन विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त दुई वटा इन्जिनियरिङ कलेज ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ सञ्चालनमा छन् भने ख्वप बहुप्राविधिक अध्ययन संस्थान र शारदा कलेज/माविमा विद्यार्थीले सर्वसुलभ रूपमा गुणस्तरीय शिक्षा पाएका छन्।पछिल्लो शैक्षिक संस्थाको रूपमा ख्वप कलेज अफ ल स्थापना गरी कानून विषयमा समेत गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ।

## १) शिक्षा क्षेत्रमा भक्तपुर नपाको प्रयास

वि.स. २०३६/०३७ सालसम्म भक्तपुरको शिक्षा निकै कमजोर अवस्थामा थियो। त्यसबेला परिक्षामा चिट चोर्नुलाई सामान्य मानिन्थ्यो। परीक्षा नाम मात्रको हुने गर्थ्यो। शिक्षकहरू पनि कक्षामा राम्रो पढाउनुभन्दा विद्यार्थीहरूलाई एसएलसीमा चोरेर पास गर्ने तरिका सिकाउँथे। राम्रो पढाउने र पढ्ने भन्ने भावना त्यति थिएन।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) २०३६ सालमा १० वर्षको भारत प्रवासबाट नेपाल फर्किनुभयो। उहाँले शिक्षकहरूको बैठक राखेर शिक्षामा सुधार ल्याउने प्रयास गर्नुभयो। चोरेर पास गर्ने प्रवृत्तिको चर्को आलोचना गर्नुभयो। 'चिट चोराएर विद्यार्थीहरूलाई पास गर्नुको अर्थ विद्यार्थीको जीवन बर्बाद गर्नु हो, त्यो एकप्रकारको अपराध हो' भनेर शिक्षकहरूलाई सम्झाउनुभयो। कतिपय शिक्षकहरूले उहाँको सल्लाह, सुझाव वा निर्देशनलाई त्यतिबेला राम्रो मानेका थिएनन्। विस्तारै पढाइमा सुधार आउन थाल्यो। झन्डै एक दशक लामो प्रयासपछि भक्तपुर नगरभित्रका विद्यालयहरूमा चोरी गर्ने काम प्राय: समाप्त भयो। विद्यालयहरूबिच गुणस्तरीय शिक्षाको लागि प्रतिस्पर्धा चल्न थाल्यो। आजको गुणस्तरीय शिक्षा त्यसैको परिणाम हो।

विक्रम संवत् २०५६ सालमा अध्यक्ष श्री नारायणमान बिजुक्छेँ (रोहित) ले एउटा विशेष कार्यक्रममार्फत १५ वर्षभित्र भक्तपुरमा 'एक घर एक स्नातक' बनाउने घोषणा गर्नुभयो। तत्कालीन समयमा उक्त घोषणा धेरैलाई अविश्वसनीय लाग्यो। कतिपय विद्वानहरूले उक्त कार्यक्रमलाई महत्त्वाकाङ्क्षी योजना, असम्भव र चर्चामा आउनकै लागि गरिएको घोषणा भनी सार्वजनिक रूपमा आलोचनासमेत गरे। त्यतिबेला भक्तपुर क्याम्पसबाहेक अन्य क्याम्पसहरू यस क्षेत्रमा थिएनन्। विद्यार्थीहरू उच्च शिक्षा हासिल गर्न काठमाडौँ जानुपर्ने बाध्यता थियो। त्यस्तो बेला भक्तपुरमा 'एक घर एक स्नातक'को नारा सार्थक बनाउनु कम चुनौतीपूर्ण थिएन। तत्पश्चात भक्तपुरको शैक्षिक क्षेत्रमा आमूल परिवर्तन भयो। उहाँले सोही वर्ष 'सय वर्षपछिको भक्तपुर'को कल्पना गर्दै एउटा पुस्तक पनि प्रकाशित गर्नुभयो। हाल नगरपालिकाका जनप्रतिनिधिहरूले सोही पुस्तकले प्रदान गरेको मार्ग अवलम्बन गर्दै निर्वाचनका समयमा जनतासमक्ष गरेको घोषणापत्रलाइ आधार मानी विभिन्न शैक्षिक क्रियाकलाप सञ्चालन गर्दै आएका छन्। स्थानीय स्वायत्तता र सङ्घीयताको उच्चतम् अभ्यास गर्दै नगरपालिकाले देशमै पहिलो नगर शिक्षा ऐन लागु समेत गरेको छ। शिक्षा क्षेत्रको विकासका लागि भक्तपुर नगरपालिकाको प्रयासलाइ सङ्क्षिप्तमा देहायबमोजिम उल्लेख गरिन्छ।

### १.१ ख्वप मा.वि / कलेज

ऐतिहासिक र अर्थपूर्ण नामबाट प्रेरित भई स्थापित गरिएको हो ख्वप कलेज। यो भक्तपुर नगरपालिकाद्वारा सञ्चालित, समुदायमा आधारित सेवामुखी कलेज हो, जसको स्थापना विक्रम संवत् २०५६ सालमा भएको हो।

खवप कलेजको शैक्षिक नीति गुणस्तरीय र व्यवहारिक शिक्षालाई सुलभ तथा सम्भव भएसम्म कम शुल्कमा उपलब्ध गराउनु हो। हालको सन्दर्भमा शिक्षालाई अधिकांश नागरिकहरूका लागि महँगो र कठिन पहुँच भएको पृष्ठभूमिमा, शिक्षा एक मौलिक आवश्यकता हो भन्ने मान्यतामा आधारित रही यो प्रतिष्ठान जनतामुखी र पेशामुखी लक्ष्यसहित समर्पित छ। सांस्कृतिक सहर भक्तपुरमा स्थापना भए तापनि, कलेजले अहिलेसम्म देशका ६५ जिल्लाबाट विद्यार्थीहरूलाई शिक्षा प्रदान गरिरहेको छ।



खवप मा.वि./कलेज परिसर

कलेजमा सुसज्जित पुस्तकालय, प्रयोगशालाहरू, उत्कृष्ट र सुविधासम्पन्न कक्षा कोठाहरू, अतिरिक्त पाठ्यक्रमहरू, राम्रो खानपानसहितको क्यान्टिन, कलेज बस सेवा र खेलकुद सुविधाहरू रहेका छन्। आधुनिक शिक्षण विधि र प्रविधिहरूलाई पनि समावेश गरिएको छ। विविध क्षेत्रका शिक्षकहरू, अतिथि प्राध्यापकहरू, पदक विजेता, पेशेवर तथा शिक्षाविद्हरूको सामुहिक प्रयासले कलेजलाई एक आदर्श शैक्षिक संस्थाका रूपमा उभ्याएको छ।

## १.२ खवप इञ्जिनियरिङ कलेज तथा खवप कलेज अफ इञ्जिनियरिङ

प्राविधिक शिक्षा प्रदान गर्ने हेतुले दुवै कलेजहरू भक्तपुर नगरपालिकाद्वारा स्थापना गरी सञ्चालन गरिएका शैक्षिक संस्था हुन् जसले सस्तोमा गुणस्तरीय इन्जिनियरिङ शिक्षा प्रदान गर्दै आएका छन्। खवप इन्जिनियरिङ कलेज विसं २०५८ सालमा स्थापना भएको यो कलेज पूर्वाञ्चल विश्वविद्यालयसँग सम्बद्ध छ। लिवाली, भक्तपुरमा अवस्थित यस कलेजले सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रोनिक्स तथा कम्युनिकेशन इन्जिनियरिङ र आर्किटेक्चर विषयमा स्नातक तहका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। साथै, यहाँ भूकम्प इन्जिनियरिङ तथा सहरी डिजाइन र संरक्षण विषयमा स्नातकोत्तर तहको पढाइ पनि उपलब्ध छ। अनुसन्धान तथा विकासमा जोडदिँदै यस कलेजले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरूको आयोजनासमेत गर्दै आएको छ।



खवप इञ्जिनियरिङ कलेज र खवप कलेज अफ इञ्जिनियरिङको परिसर

खवप कलेज अफ इन्जिनियरिङ विसं २०६५ मा स्थापना भएको यो कलेज त्रिभुवन विश्वविद्यालयसँग सम्बद्ध छ। यस कलेजमा सिभिल, कम्प्युटर तथा इलेक्ट्रिकल इन्जिनियरिङ विषयमा स्नातक तहको शिक्षा प्रदान गरिन्छ। विद्यार्थीहरूको भर्ना त्रिभुवन विश्वविद्यालय अन्तर्गतको इन्जिनियरिङ संस्थान (IOE) को प्रवेश परीक्षामार्फत गरिन्छ। यी कलेजहरूबाट शिक्षित इन्जिनियरहरूले राष्ट्रको विकासमा योगदान पुऱ्याउने लक्ष्य लिएका छन्। हाल आएर देशका अधिकांश स्थानमा खवप इन्जिनियरिङ कलेज र खवप कलेज अफ इन्जिनियरिङमा अध्ययन गरेका इञ्जिनियरहरूले सेवा प्रदान गरिरहेका छन्। यी कलेजहरूको उद्देश्य पनि आर्थिक दृष्टिले कमजोर वर्गका विद्यार्थीहरूलाई पनि गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्नु हो। यी दुवै संस्था नेपालमा सामुदायिक शिक्षा क्षेत्रको नमुना मानिन्छन्।

## १.३ खवप बहुप्राविधिक अध्ययन संस्थान

खवप बहुप्राविधिक अध्ययन संस्थान भक्तपुर नगरपालिकाद्वारा वि.सं. २०६० मा स्थापना गरिएको नेपालकै पहिलो सामुदायिक प्राविधिक शिक्षालय हो। यस संस्थानको प्रमुख उद्देश्य गुणस्तरीय प्राविधिक शिक्षा सुलभ शुल्कमा प्रदान गर्नु हो, जसबाट दक्ष, अनुशासित र आत्मनिर्भर जनशक्ति उत्पादन गरी राष्ट्रिय विकासमा योगदान पुऱ्याउन सकियोस्। यस अध्ययन संस्थानमा तीन वर्षीय डिप्लोमा कार्यक्रमहरू Diploma in Civil Engineering, स्टाफ नर्स, प्लम्बिङ, इलेक्ट्रीशियन, वायरिङ, मेशिन अपरेटर लगायतका छोटा तालिमहरू पनि नियमित रूपमा सञ्चालन हुन्छन्।



खवप बहुप्राविधिक अध्ययन संस्थान

यस अध्ययन संस्थानका मुख्य उद्देश्यहरू निम्नानुसार छन् :

- गुणस्तरीय र व्यवहारिक प्राविधिक शिक्षा प्रदान गर्ने ।
- दक्ष र प्रतिवद्ध प्राविधिक जनशक्ति उत्पादन गर्ने ।
- शिक्षा र श्रम बजारबिच सशक्त सम्बन्ध स्थापना गर्ने ।
- सस्तो शुल्कमा सबैलाई समान पहुँच दिने सामुदायिक भावना अनुसार सेवा पुऱ्याउने ।
- भक्तपुरलाई शैक्षिक तथा प्राविधिक उत्कृष्टताको केन्द्रको रूपमा स्थापित गर्ने ।

### १.४ ख्वप कलेज अफ ल

भक्तपुर नगरपालिकाद्वारा स्थापित कान्छो शैक्षिक संस्था ख्वप कलेज अफ ल हो । यस कलेजले गुणस्तरीय कानुनी शिक्षा प्रदान गर्दै राष्ट्र तथा समाजको समग्र विकासमा योगदान पुऱ्याउने लक्ष्य लिएको छ । पूर्वाञ्चल विश्वविद्यालयसँग सम्बन्धन प्राप्त यो संस्थाले आर्थिक रूपमा कमजोर वर्गका विद्यार्थीहरूलाई समेत पहुँच हुने गरी गुणस्तरीय कानुनी शिक्षा प्रदान गरिरहेको छ । अनुभवी प्राध्यापकहरू, विषय विशेषज्ञहरू, नियमित कक्षा, व्यवहारिक कार्यहरू, फिल्ड एक्स्कर्शन र मुटकोर्ट लेखनजस्ता अभ्यासमार्फत विद्यार्थीहरूलाई नेतृत्वदायी कानुन व्यवसायी बनाउने लक्ष्य राखिएको छ ।

## २) शिक्षा क्षेत्रमा भक्तपुर नपाद्वारा स्थापित शैक्षिक संस्थाहरूको योगदान

### २.१ ख्वप माध्यमिक विद्यालय

यस विद्यालयमा स्थापनाकालदेखि जम्मा २५,५३३ जनाले शिक्षा प्राप्त गरेका छन् । जसमा विज्ञानमा १०,४९१ जना, व्यवस्थापनमा १२,८८९ जना, मानविकी संकायमा १,८६३ जना र वि.सं. २०७६ सालदेखी सुरूवात भएको कानून विषयमा २९० जना अध्ययन गरिरहेका छन् । चालु शैक्षिक सत्रमा विज्ञानमा १४४९ जना, व्यवस्थापनमा १९६२ जना, मानविकी संकायमा १४४ जना र कानूनमा ९७ जना गरी ३७०२ जना भर्ना भएको विद्यालय प्रशासनको अभिलेखबाट देखिन्छ । जसमा छात्राको सङ्ख्या ४६ प्रतिशत रहेको छ भने बिचमै पढाइ छोडेर जाने दर जम्मा ५ प्रतिशत देखिएको छ । हाल ६८ जिल्लाका विद्यार्थीहरू यस विद्यालयमा अध्ययनरत रहेका छन् । यस विद्यालयले चालु आ.व.मा छात्रवृतिका लागि १ करोड ३० लाख विनियोजन गरेको छ भने गत आ.व. २०८०/८१ मा ७३९ जना विद्यार्थीहरूका लागि १ करोड २५ लाख ४५ हजार ३ सय २५ जनालाइ छात्रवृति वितरण गरेको थियो ।

विद्यार्थी भर्ना संख्या

| विवरण | ब्यबस्थापन | मानविकी | कानून | विज्ञान | जम्मा |
|---|---|---|---|---|---|
| चालु शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीहरुको संख्या | १९६२ | १४४ | ९७ | १४४९ | ३७०२ |
| स्थापनाकाल देखी हाल सम्म | १२८८९ | १८६३ | २९० | १०४९१ | २५५३३ |

### २.२ ख्वप कलेज

स्थापना कालदेखि यस कलेजमा स्नातक तहमा जम्मा ७८२४ जनाले शिक्षाआर्जन गरिसकेका छन् भने स्नातकोत्तर तहमा १,२९१ जना दीक्षित भइसकेका छन् । जस अन्तर्गत बी.बी.एस. मा जम्मा ४,७८२, बी.ए मा १,७७५ जना, बी.एस्सी (भौतिक विज्ञान) मा २५१ जना, बी.एस्सी. (वातावरण विज्ञान) मा ५९० जना, वि.एड्मा १९३ जना, वि.सं. २०७५ सालदेखि अध्यापन थालिएको बी.बी.एम. मा २३३ जना, एम.बी.एस.मा ५१९ जना, एम.ए. अर्थशास्त्रमा २२० जना, एम.ए. अङ्ग्रेजीमा २६७ जना र एम.एस.सी वातावरण विज्ञानमा २८५ जनाले अध्ययन गरेका थिए । चालु शैक्षिक सत्रमा बि.बि.एस.तर्फ ८०२ जना, बि.ए.तर्फ ३८८ जना, बि.एस्सी. वातावरण विज्ञानतर्फ ५६ जना, बि.एड्.तर्फ ९१ जना, बी.बी.एम.तर्फ १६८ जना, एम.बी.एस.तर्फ ७६ जना, एम.एस.सी. तर्फ १८ जना, एम.ए.अङ्ग्रेजीतर्फ २२ जना र एम.ए. अर्थशास्त्रतर्फ ३१ जना गरी कुल १६५२ भर्ना भएको कलेज प्रशासनको अभिलेखबाट देखिन्छ भने यस कलेजमा छात्राको सङ्ख्या साठी प्रतिशत रहेको छ । यस कलेजले गत शैक्षिक सत्रमा मात्र ५७४ जना विद्यार्थीहरूलाई छात्रवृति प्रदान गरेको थियो ।

विद्यार्थी भर्ना संख्या

स्नातक तर्फ

| विवरण | बी.बी.एस. | बी.ए | बी.एस्सी (भैतिक विज्ञान ) | बी.बी.एम. | वि.एड | बी.एस्सी. (वातावरण विज्ञान) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| चालु शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीहरुको संख्या | ८०२ | ३८८ | - | १६८ | ९१ | ५६ | १५०५ |
| स्थापनाकाल देखी हाल सम्म | ४,७८२ | १,७७५ | २५१ | २३३ | १९३ | ५९० | ७८२४ |

स्नातकोत्तर तर्फ

| विवरण | एम बी.एस | एम.ए अर्थशास्त्र | एम.ए अंग्रेजी | एम.एस.सी वातावरण विज्ञान | जम्मा |
|---|---|---|---|---|---|
| चालु शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीहरुको संख्या | ७६ | ३१ | २२ | १८ | १४७ |
| स्थापनाकाल देखी हाल सम्म | ५१९ | २२० | २६७ | २८५ | १२९१ |

## २.३ शारदा क्याम्पस मा.वि

यस शैक्षिक संस्थामा शिक्षा संकायमा मात्र अध्यापन गराउने गरिन्छ । हालसम्म यस मा.वि. मा जम्मा २७६ जनाले शिक्षा प्राप्त गरिसकेका छन् । विक्रम संवत् २०६९ सालदेखि निरन्तर शिक्षा संकायमा अध्यापन गराइरहेको यस मा.वि.मा हाल पुरूष ४ र महिला २२ गरी २६ जना अध्ययनरत रहेका छन् । यस कलेजमा आ.व. २०८१/८२ मा उत्कृष्ट, जेहेनदार र आर्थिक अवस्था कमजोर रहेका विद्यार्थीहरूका लागि २ लाख छात्रवृतिको प्रबन्ध पनि गरिएको छ । हाल यस मा.वि. ख्वप मा.वि. को एक अङ्गको रूपमा सञ्चालन भइरहेको छ ।

## २.४ ख्वप इञ्जिनियरिङ कलेज

भक्तपुर नगरपालिकाद्वारा स्थापना गरिएको सबैभन्दा पहिलो इञ्जिनियरिङ कलेजको रूपमा रहेको ख्वप इञ्जिनियरिङ कलेजले चालु शैक्षिक वर्षसम्म जम्मा ५२२५ जना विद्यार्थीहरूलाइ अध्यापन गराइसकेको छ । जसमध्ये विभिन्न प्रदेशगत रूपमा देहायबमोजिम अध्ययन गरेको कलेज प्रशासनको अभिलेखले देखाएको छ ।

| सि.नं. | प्रदेश | जम्मा भर्ना |
|---|---|---|
| १. | कोसी | ४२५ |
| २. | मधेश | ४७० |
| ३. | बागमती | ३७७५ |
| ४. | गण्डकी | १८० |
| ५. | लुम्बिनी | १६४ |
| ६. | कर्णाली | १६१ |
| ७. | सुदूरपश्चिम | ९० |
| | **जम्मा** | **५२२५** |

उपरोक्त बमोजिम मध्ये बि. आर्किटेक्ट विषयमा ८५१ जना, बि.इ. सिभिलमा १९९४ जना, बि.इ कम्प्युटरमा १०८५ जना, बि.इ इलेक्ट्रोनिक्स, कम्युनिकेशन र अटोमेशनमा ८६७ जना, एम.इ. अर्थक्वेकमा २९९ जना, एम. एस्सी. अर्बान डिजाइन र कन्जरभेसनमा १६९ जना विद्यार्थीले भर्ना भई अध्ययन गरेका थिए । उक्त तथ्याङ्कमध्ये करीब २८ प्रतिशत महिला विद्यार्थीको हिस्सा रहेको छ । चालु शैक्षिक सत्रमा अध्ययनरत ४२५ जना विद्यार्थीहरूमध्ये २९६ पुरुष र १९६ महिला छन् । यस कलेजमा चालु शैक्षिक सत्रदेखि ब्याचलर इन कम्प्युटर एप्लिकेशन र ब्याचलर इन इन्फरमेशन टेक्नोलोजी शैक्षिक कार्यक्रमसमेत सञ्चालन हुनेछ ।

## २.५ ख्वप कलेज अफ इञ्जिनियरिङ

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस कलेजमा हालसम्म जम्मा २७६९ जना विद्यार्थीहरूले अध्ययन गरेको कलेज प्रशासनको अभिलेखबाट देखिन्छ । हाल यस कलेजमा स्नातक तहको मात्र अध्ययन हुने गरेको छ । जसमध्ये बि.इ. सिभिलतर्फ १६३२ जना, बि.इ. इलेक्ट्रीकलतर्फ ७५३ जना, वि.सं. २०७४ सालदेखि सुरू गरेको विषय बि.इ. कम्प्युटरतर्फ ३८४ जना विद्यार्थी भर्ना भई अध्ययन गरेका थिए । उक्त तथ्याङ्कमध्ये करीब १८ प्रतिशत महिला विद्यार्थीको हिस्सा रहेको छ । चालु शैक्षिक सत्रमा भने सिभिल इञ्जिनियरिङमा २२८, कम्प्युटर इञ्जिनियरिङमा ४१५ र इलेक्ट्रीकल इञ्जिनियरिङमा ३८ गरी ६८१ जनाले अध्ययन गरिरहेका छन् ।

## २.६ ख्वप बहुप्राविधिक अध्ययन संस्थान

यस संस्थानमा सिभिल तथा नर्सिङतर्फ डिप्लोमा तहमा अध्यापन हुने गर्दछ । हालसम्मको तथ्याङ्क हेर्दा ६९ जिल्लाका १६७० जना विद्यार्थीहरू अध्ययन गरिसकेको यस संस्थानको रेकर्डबाट देखिन्छ । यसका अतिरिक्त यस अध्ययन संस्थानमा विभिन्न सीपमूलक तालिमहरू समेत सञ्चालन हुने गरेका छन् ।

| प्रदेश | अध्ययन पूरा | | | अध्ययनरत | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सिभिल | नर्सिङ्ग | जम्मा | सिभिल | नर्सिङ्ग | जम्मा | |
| कोशी | ४८ | १० | ५८ | ३ | १ | ४ | ६२ |
| मधेश | ५४ | ६ | ६० | १ | २ | ३ | ६३ |
| बागमती | ५३७ | ६३२ | ११६९ | ३ | ९६ | ९९ | १२६८ |
| गण्डकी | १९ | २ | २१ | १ | १४ | १५ | ३६ |
| लुम्बिनि | २८ | १ | २९ | १ | ० | १ | ३० |
| कर्णाली | १४१ | २४ | १६५ | ९ | ५ | १४ | १७९ |
| सूदुरपश्चिम | २५ | ५ | ३० | ० | २ | २ | ३२ |
| जम्मा | ८५२ | ६८० | १५३२ | १८ | १२० | १३८ | १६७० |

स्रोतः ख्वप बहुप्राविधिक अध्ययन संस्थान

## २.७ ख्वप कलेज अफ ल

यस कलेज भक्तपुर नगरपालिकाबाट सञ्चालित पछिल्लो शैक्षिक संस्था भएकोले यस कलेजमा हाल जम्मा १८० जना कानूनको स्नातक तह बी.ए.एल.एल.बी. अध्ययन गरिरहेका छन् । एक ब्याचमा जम्मा ६० जनालाई अध्ययन गराउने सीट स्वीकृत प्राप्त गरेको यस कलेजमा पूर्ण सीट क्षमतामा सञ्चालनमा छ । हाल यस कलेज सञ्चालनको तेस्रो वर्षमा रहेको छ । यस कलेजमा आ.व. २०८१/८२ मा उत्कृष्ट, जेहेनदार र आर्थिक अवस्था कमजोर रहेका

विद्यार्थीहरूका लागि पन्ध्र लाख छात्रवृतिको प्रबन्ध गरिएको छ । यस कलेजले विभिन्न अध्ययन अनुसन्धानसम्बन्धी तालिम, जनचेतनामूलक कक्षाहरू, कानून दिवसको अवसरमा नियमित **ख्वप न्याय दबु** प्रकाशन, Friday Talk Program लगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस कलेजमा विद्यार्थी उत्तीर्णदर ९७ प्रतिशत रहेको छ भने देशभरका ४२ जिल्लाका विद्यार्थीहरू अध्ययनरत रहेका छन् ।

## ३) शिक्षा क्षेत्रको विकासमा भक्तपुर नगरपालिकाले चालेका थप कदमहरू

### ३.१) शैक्षिक ऋण

भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा अवलम्बन गरेको नवीनतम् तथा अत्यन्त सफल कार्यक्रम हो शैक्षिक ऋण । आर्थिक अभावका कारणले शिक्षा लिन कोही वञ्चित नहोउन् भन्ने हेतुले शैक्षिक ऋण प्रदान गरिन्छ । भक्तपुर नगरपालिकाको चौथो नगरसभाले २०७५ सालदेखि शैक्षिक ऋण दिनेसम्बन्धमा बनेको निर्देशिका निर्माण गरी ऋण दिने व्यवस्था गरेको हो । यो कार्यक्रम अहिले अत्यन्तै प्रभावकारी बन्दै गएको छ । शैक्षिक ऋण बढीमा रु. पाँचलाखसम्म शैक्षिक संस्थाको खातामा नै भुक्तान हुने गरी प्रदान गरिन्छ । ऋण लिनका लागि भक्तपुर नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने जेहेनदार तथा विपन्न विद्यार्थी हुनुपर्ने, ऋण माग गर्ने विद्यार्थीले अध्ययन गरिने विषय संकाय र शैक्षिक संस्था नेपाल सरकारको स्वीकृति प्राप्त वा नेपाल सरकारद्वारा मान्यताप्राप्त हुनुपर्ने र शैक्षिक ऋण एसईई तहभन्दा माथिको शैक्षिक तहलाई मात्र दिइने, अध्ययन गर्दासम्म ऋण तिर्न नपर्ने र अध्ययन गरिसकेपछि सहुलियतपूर्ण ब्याजदरमा साँवा र ब्याज क्रमशः रकम चुक्ता गर्दै जानुपर्ने व्यवस्था छ । यसमार्फत अहिलेसम्म ७५१ जनालाई शैक्षिक ऋण प्रदान गर्ने निर्णय भएकोमा ५३२ जनाले ऋण प्राप्त गरिसकेका छन् । कार्यक्रम सञ्चालनमा ल्याएपछि उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या बढ्दै गएको नतिजा देखिएको छ ।

हालसम्म नगरपालिकाले शैक्षिक ऋणमा १५ करोड ९७ लाख ७३ हजार रुपियाँ वितरण गरेको छ । २ करोड ३१ लाख ८९ रुपियाँबराबरको साँवा ब्याज फिर्ता भइसकेको छ । पूर्ण रूपमा ऋण चुक्ता गर्नेको सङ्ख्या ६४ जना रहेको छ ।

आ.व२०८१।८२ चैत मसान्त सम्मको शैक्षिक ऋणसम्बन्धी विवरण ।

| क्र.सं | आ.व | विद्यार्थी संख्या | ऋण लगानी (रु) | साँवा प्राप्त (रु) | ब्याज प्राप्त (रु) | ऋण चुक्ता संख्या |
|---|---|---|---|---|---|---|
| १ | २०७५/७६ | ११ | १८,१६,२५० | 0 | 0 | ६४ |
| २ | २०७६/७७ | ५३ | ९२,१०,११७ | 0 | 0 | |
| ३ | २०७७/७८ | ६१ | १,४८,४४,२४८ | २,११,००० | ३२,९०१ | |
| ४ | २०७८/७९ | ११२ | ३,०९,४६,०७६ | १६,३१,९२८ | १,६९,५१९ | |
| ५ | २०७९/८० | १०७ | ३,५६,२८,६१२ | २८,५९,१७९ | ६,६२,२१९ | |
| ६ | २०८०/८१ | १०४ | ३,३७,०३,३८० | ६४,९२,८६३ | २३,८५,५५२ | |
| ७ | २०८१/८२ चैत सम्म | ८४ | ३,३६,२५,२५६ | १,१९,९४,८७८ | ३१,९४,४६६ | |
| जम्मा | | ५३२ | १५,९७,७३,९३९ | २,३१,८९,८४८ | ६४,४४,६५७ | |

स्रोतः भक्तपुर नगरपालिका, आर्थिक प्रशासन शाखा

### ३.२ छात्रवृति

नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा गरिब तथा जेहेनदार विद्यार्थीको लागि वार्षिक करोडौँको छात्रवृत्तिको व्यवस्था पनि गर्दै आएको छ । इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषा पढ्ने विद्यार्थीहरूको लागि उच्च शिक्षा पढ्न पूर्ण छात्रवृत्ति व्यवस्था गरिएको छ । नागरिकहरूमा यसको सकारात्मक प्रभाव परेको छ । देशको भविष्यको आवश्यकतालाई ध्यान दिएर इतिहास, भूगोल, संस्कृति, नेपालभाषा, राजनीतिशास्त्र, अर्थशास्त्र, दर्शनशास्त्र, तर्कशास्त्र विषय लिई अध्ययन गर्ने नगरवासी विद्यार्थीलाई स्नातकदेखि विद्यावारिधिसम्म पूर्ण छात्रवृत्तिको व्यवस्था छ । हाल धेरैले छात्रवृत्तिमा स्नातक र स्नातकोत्तर गरिरहेका छन् भने ९ जनाले विद्यावारिधि गरिरहेका छन् । भक्तपुर बाहिर भूगोल, राजनीतिशास्त्र, संस्कृति, नेपालभाषा, अर्थशास्त्रलगायत विषयमा पढ्न जानेलाई स्नातकदेखि विद्यावारिधिसम्म पढ्न छात्रवृत्ति दिने गरेको छ । स्नातकमा ४० जनाजति निःशुल्क अध्ययन गरिरहेका छन् । नगरपालिकाका शैक्षिक संस्थाहरूमा वार्षिक सवा ४ करोड छात्रवृत्तिमा रकम सदुपयोग हुने गरेको तथ्याङ्क छ ।

आ.व २०८१/८२ हाल सम्मको शैक्षिक छात्रवृति विवरण ।
(नगरपालिकाबाट सिधै प्रदान गरिकएको मात्र)

| क्र.सं | आ.व | जम्मा |
|---|---|---|
| १ | २०७८/७९ | १२,५३,५०० |
| २ | २०७९/८० | १५,१६,८६० |
| ३ | २०८०/८१ | ६,००,८५० |
| ४ | २०८१/८२ हालसम्म | २,२१,८५० |
| जम्मा | | ३५,९३,०६० |

स्रोतः भक्तपुर नपा, आर्थिक प्रशासन शाखा

### ३.३ स्थानीय पाठ्यक्रम

स्थानीय भाषा, मौलिक रीतिरिवाज र पहिचानबारे जानकारी समेटिएको मौलिक पाठ्यक्रम बनाएर नगर क्षेत्रका सबै विद्यालयमा कक्षा १ देखि ८ सम्म मौलिक पाठ्यक्रम लागू गरिएको छ। कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्क्रम बनाई लागू गर्ने भक्तपुर नै पहिलो नगरपालिका हो। स्थानीय पाठ्यक्रममा भक्तपुरको सांस्कृतिक, ऐतिहासिक महत्त्वका सम्पदाहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको जीवनी, स्थानीय खेल, संस्कृति आदिबारे विद्यार्थीहरूलाई जानकारी दिने प्रयास गरिएको छ। यस्तो पाठ्यक्रम अध्ययनमा नगरपालिकाले पाठ्यपुस्तक अध्ययन नगराई सन्दर्भ सामग्रीहरूका आधारमा व्यवहारिक अभ्यासका आधारमा विद्यार्थीहरूलाई सिकाउने गरिएको छ। नियमित रूपमा पाठ्यक्रम पुनरावलोकन गर्ने नीति अनुरूप हाल विज्ञहरूमार्फत पाठ्यक्रम पुनरावलोकन भइरहेको छ।

### ३.४ शिशु स्याहार केन्द्र

शिशुहरूको स्याहार सुसारका कारणले कामकाजी आमाहरूलाई आफ्नो कामकाजमा जान सहज होस् भनेर नगरपालिकाले ६ वटा वडामा शिशु स्याहार केन्द्र सञ्चालन गरेको छ। मासिक एक हजार रुपैयाँ तिरेर कार्यालय समयभर बच्चालाई त्यहाँ छाड्न सकिन्छ। यस्तो शुल्क आमाको दूध नछुटेका बच्चाहरूलाई पोषिलो खानाका लागि लिइएको नगरपालिकाले जनाएको छ। यस्तो रकम एकजना बच्चाको महिनाभरको रेखदेख गर्न लाग्ने खर्चको करीब पच्चीस प्रतिशत मात्र हो। हाल हरेक केन्द्रमा ३० देखि ४० जना बच्चा रहेको नगरपालिकाको तथ्याङ्क छ।



एक शिशु स्याहार केन्द्र

**हालसम्म शिशु स्याहार केन्द्रमा रही सेवा लिएका शिशुहरूको सङ्ख्या**

| सि.नं. | शिशुस्याहार केन्द्र | शिशुको सङ्ख्या |
|---|---|---|
| १. | भार्वाचो केन्द्र | ८०१ |
| २. | मंगलतीर्थ केन्द्र | १०५४ |
| ३. | गोल्मढी केन्द्र | ७४५ |
| ४. | खँचा केन्द्र | ९६६ |
| ५. | लिवाली केन्द्र | ९७९ |
| ६. | भोलाछेँ केन्द्र | ७९२ |
| | **जम्मा** | **५,३३७** |

स्रोतः भक्तपुर नगरपालिका, शिशु स्याहार शाखा

### ३.५ नगरस्तरीय परीक्षा सञ्चालन

विद्यालय शिक्षाको स्तर विकासको लागि कक्षा ५, ८ र कक्षा १० का विद्यार्थीहरूलाई नगरस्तरीय परीक्षा लिने प्रबन्ध गरिएको छ। नगरक्षेत्रमा अध्ययन गर्ने विद्यार्थीहरूको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि होस् भन्ने हेतुले यस किसिमका परिक्षाहरू लिने गरिएको छ। परिक्षा समिति गठन गरी शैक्षिक विज्ञहरूमार्फत प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका जाँच गरी नतिजा प्रकाशन गर्ने गरिएको छ।

### ३.६ जनज्योति पुस्तकालय





जनज्योति पुस्तकालय

जनताहरूलाई पठन संस्कृतिको विकास गर्ने, शिक्षाआर्जनको माध्यमबाट नागरिकहरूमा ज्ञानको स्तर अभिवृद्धि गर्ने साथै विभिन्न दुर्लभ पुस्तकहरूको संरक्षण गरी

पाठकमाझ पस्किने र नयाँ नयाँ प्रकाशनहरू जनतामाझ निःशुल्क अध्ययनको अवसर प्रदान गर्ने उद्देश्यले जनज्योति पुस्तकालय स्थापना गरिएको छ। पुस्तकालयमा नेपाली, अङ्ग्रेजी प्रकाशनको अलग अलग ब्लकलगायत अनलाइन पुस्तकालयको व्यवस्था समेत छ। पुस्तकालयमा नियमित अध्ययनका लागि आउनुहुने पाठकहरू कम्तीमा ३० देखी ७० जनासम्म रहेका छन्। हाल पुस्तकालयमा करीब २० हजार पुस्तकहरू सुरक्षित छन् भने करीब ६० प्रकारका पत्रपत्रिकाहरू नियमित रूपमा आउने गरेका छन्। यस पुस्तकालयका हाल १५९७ जना सदस्य रहेका छन् भने इ-पुस्तकालय प्रयोगकर्ताको सङ्ख्या समेत बढ्दो रहेको छ।

पुस्तकालयमा विशेष किसिमका अध्ययन, अनुसन्धान गर्ने प्रयोगकर्ताहरूलाई विशेष ब्लकको ब्यबस्था समेत गरिएको छ।

### ३.७ अनुसन्धानकर्तालाई सहयोग

भक्तपुर नगरक्षेत्रमा रहेका पुरातात्विक महत्त्वका विषय, इतिहास, भूगोल, कला संस्कृति, भाषा, वातावरण, सरसफाइ, खानेपानीलगायत विषयमा अनुसन्धानकर्ता विद्यार्थीलाई नगरले आर्थिक सहयोग गर्ने कार्यक्रम सञ्चालन गरिरहेको छ। नगरभित्रका विषयमा अनुसन्धान गर्ने विद्यार्थीलाई विषयवस्तु अनुसार नगद अनुदान प्रदान गर्ने गरिएको छ। आर्थिक सहायता चाहने विद्यार्थीले अनुसन्धानको विषयवस्तु समेटिएको खाकालाई नगरपालिकाबाट स्वीकृत गराई अनुसन्धान गर्नुपर्ने हुन्छ। साथै विभिन्न संकायमा अध्ययनरत विद्याथीहरू भक्तपुर नगरपालिकामा इन्टर्न गर्न चाहेमा आवश्यकता अनुसार सोको व्यवस्था समेत नगरपालिकाले गर्दै आएको छ।

## ४. केही सुखद परिणामहरू

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङ सिभिलका विद्यार्थी **गौरव भुसाल** ८६.०५ प्रतिशत अङ्क सहित त्रिभुवन विश्वविद्यालय अन्तर्गतका स्नातक सिभिलतर्फका विद्यार्थीहरूमध्ये नेपाल प्रथम भए। ख्वप इन्जिनियरिङ कलेजलाई पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ११७ वटा कलेजहरूमध्ये उत्कृष्ट ठहर भएपछि पूर्वाञ्चल विश्वविद्यालयको रजत जयन्तीको अवसरमा वि.सं. २०७६ सालमा पुरस्कृत गरियो। सोही कलेजको स्नातकोतर तह, एम.ई. इन अर्थक्वेक इञ्जिनियरिङ कार्यक्रमकी विशिष्ट विद्यार्थी **मेधास्मी खतिवडा**ले ३.८८ सी.जी.पी.ए. सहित आफ्नो अध्ययन पूरा गरेकी छन् र पूर्वाञ्चल विश्वविद्यालयको १३ औँ दीक्षान्त समारोहमा तीन प्रतिष्ठित विश्वविद्यालय स्वर्ण पदक, स्वर्गीय डिल्ली बहादुर अधिकारी स्वर्ण पदक र नारायण प्रसाद कोईराला स्वर्ण पदकहरूबाट सम्मानित भएकी छन्। साथै, २०७५ सिभिल समूहका **विकास पाण्डे** पूर्वाञ्चल विश्वविद्यालयको १३ औँ दीक्षान्त समारोहमा स्नातक तहको सिभिल समूहमा उत्कृष्ट प्रदर्शन गरेबापत डा. राम शोभना पोखरेल स्वर्ण पदकबाट सम्मानित भएका छन्। वागीश्वरी कलेज बीबीएसका विद्यार्थी **बबिता ग्वाछा** नेपाल प्रथम भइन्। वि.सं. २०८० सालको त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोहमा ख्वप कलेजका अङ्ग्रेजी विषयमा स्नातकोत्तर तह उत्तीर्ण विद्यार्थी **पलिस्था रञ्जितकार** सर्वोत्कृष्ट भई विभिन्न पुरस्कारले पुरस्कृत भइन् भने सोही सालमा समेत ३ जना विद्यार्थी स्नातकोत्तर तहका विभिन्न विषयमा नेपाल प्रथम भएका छन्। ख्वप मा.वि.मा कक्षा १२ मा अध्ययनरत विद्यार्थी **पुस्कर खत्री**ले मेटा प्लेटफर्मको भिडियो सामग्रीको गोपनियतासम्बन्धी एक महत्त्वपूर्ण बग पत्ता लगाएबापत मेटाबाट ३,६७५ अमेरीकन डलर पुरस्कार प्राप्त गरे। यी त केही प्रतिनिधि उदाहरणहरू मात्र हुन्। यी शैक्षिक संस्थाहरूबाट अध्ययन पूरा गरी अन्य विश्वविद्यालयहरूमा अध्ययन अनुसन्धान गर्न जाने विद्यार्थीहरूले हासिल गरेको उपलब्धि उल्लेखनीय छ। ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा दुईवटा राष्ट्रिय सम्मेलनहरू सफलतापूर्वक सम्पन्न भएका छन्। राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा, चौथो राष्ट्रिय भूकम्प इन्जिनियरिङ सम्मेलन (NCEE) माघ ५, २०८१ मा आयोजना गरिएको थियो। त्यस्तै गरी, विश्व सम्पदा दिवसको अवसरमा, चौथो राष्ट्रिय सम्मेलन–वास्तुकलाका प्रवृत्ति र सम्पदा (NCATH) बैशाख १५, २०८२ मा सम्पन्न गरिएको थियो। यसै सन्दर्भमा, आगामी माघ २०८२ मा चौथो अन्तर्राष्ट्रिय सम्मेलन–भूकम्प इन्जिनियरिङ तथा विपद्–पश्चात् पुनर्निर्माण योजना (ICEE–PDRP) आयोजना गर्ने तयारी गरिरहेको छ। नगरपालिकाद्वारा सञ्चालित ती शैक्षिक संस्थाहरूमा मात्र अहिले ७७ **वटै** जिल्लाका ४० हजारभन्दा बढी विद्यार्थीहरू अध्ययन गरिसकेका छन् भने देशका सबै जिल्लाका केही न केही विद्यार्थीहरूले उक्त कलेजहरूबाट अध्ययन पूरा गरिसकेका छन्। ख्वप इञ्जिनियरिङ कलेजबाटमात्रै भक्तपुर नगरपालिकाभित्र करिब १३०० जनाले अध्ययन पूरा गरिसकेका छन्। यस तथ्याङ्कले १० वटा वडा भएको भक्तपुर नगरमा औसतमा एउटा वडामा १३० जनाभन्दा बढी इञ्जिनियर भएको दाबी गर्न सकिन्छ। उक्त तथ्याङ्कमा ख्वप कलेज अफ इन्जिनियरिङ र नगरक्षेत्रभन्दा बाहिरका शैक्षिक संस्थाहरूमा अध्ययन गरेको तथ्याङ्क समावेश गरिएको छैन। सो तथ्यसमेत अध्ययन गर्दा हाल नगरका

प्रत्येक वडामा करीब २०० जना इन्जिनियरहरू रहेको अनुमान गर्न सकिन्छ । अहिले भक्तपुर विभिन्न जिल्लाका विद्यार्थीहरूको शैक्षिक गन्तव्य बन्दै गएको छ ।

# ५ भावी गन्तब्य

## ५.१ ख्वप विश्वविद्यालय

भक्तपुर नगरपालिकाले शैक्षिक क्षेत्रको विकास र दक्ष जनशक्तिहरू देशभित्रै उत्पादन गर्ने नीतिअनुरूप हालसम्म ख्वप समूहमा अध्ययन गर्ने विद्यार्थीहरू करीब ४५ हजारको हाराहारीमा पुगिसकेका छन् । त्यसैगरी शिक्षा क्षेत्रमा सुविधासम्पन्न पूर्वाधार, प्रयोगशाला तथा जनशक्तिको निर्माण भइसकेको सन्दर्भमा ख्वप विश्वविद्यालयको आवश्यकता महसुस गरिएको छ । आजभन्दा करीब १४ वर्षअघि देखि स्थापनाको प्रयास गरिएको यस विश्वविद्यालय विभिन्न अड्चनका कारण स्थापना हुन सकेको छैन । जसको मूल कारण यस विश्वविद्यालय सञ्चालनसम्बन्धी कानूनी व्यवस्थाको प्रबन्ध सङ्घीय संसद्बाट नहुनु नै हो । कम, सुलभ शुल्कमा एम.बी.बी.एस. डाक्टर उत्पादन गर्ने उद्देश्य समेत यस विश्वविद्यालय स्थापनापश्चात् पूरा हुने अपेक्षा नगरपालिकाले लिएको छ । विश्वविद्यालय स्थापनार्थ सरकार र संसद्का विभिन्न निकायहरूबाट निरन्तर भक्तपुर नगरपालिकाबाट सञ्चालित शैक्षिक संस्थाहरूको भ्रमण समेत हुँदै आएको छ । तर पनि हालसम्म जनमुखी विश्वविद्यालयको आवश्यकता पूरा हुन सकेको छैन । ख्वप विश्वविद्यालय केवल एउटा भवन वा संस्था होइन यो भक्तपुरवासी जनताको आकाङ्क्षा, स्थानीय नेतृत्वको आत्मविश्वास र शिक्षालाई आधारभूत हकको रूपमा सुनिश्चित गर्ने चाहनाको प्रतिनिधि हो । यसको स्थापना शीघ्र हुनु आवश्यक छ ।

## ५.२ स्थानीय सरकारको शैक्षिक नेतृत्वको उदाहरण

भक्तपुर नगरपालिकाले नेपालको संविधान अनुरूप हाल समाजवादउन्मुख शासन प्रणालीको अवलम्बन गर्दै आएको छ । संविधानले प्रदान गरेका एकल र साझा अधिकारसूचीमा रहेका विषयहरूलाई कानून निर्माण गर्दै लागू गर्दै आएको छ । सोही अनुरूप शिक्षा क्षेत्रमा गरेका कार्य देशमै अग्रणी मानिने गरेका छन् । शिक्षा सबै नागरिकहरूलाई अनिवार्य र निःशुल्क बनाउने कार्यमा नगरपालिकाले कार्य गरिरहेको छ । नगरपालिकाले सञ्चालन गरेका शैक्षिक संस्थाहरूमा देशभरका सबै जिल्लाहरूका विद्यार्थी अध्ययन गर्नुले स्थानीय सरकारको गतिलो नेतृत्व रहेको आभास जनताले गर्न पाएका छन् । यसै गरी भविष्यमा समेत यस्तै गरी अनुकरणीय शैक्षिक नेतृत्व प्रदान गर्ने उदेश्य लिइएको छ ।

## ५.३ रोजगारीमुखी तथा व्यवहारिक शिक्षा प्रणाली

भक्तपुर नगरपालिकाले व्यवहारिक तथा जीवनोपयोगी शिक्षालाई प्राथमिकता दिएको छ । सीपमूलक तालिमहरू, भाषासम्बन्धी तालिम र प्राविधिक शिक्षाले जनताहरूलाई ज्ञानलाइ काममा जोड्न सहज भएको छ । नवप्रवर्तन र स्टार्टअपका कार्य गर्न सहज भएको छ । नगरपालिकाले यो दिशालाई अझ व्यापक बनाउँदै प्राविधिक, अनुसन्धानात्मक र रोजगारीमूलक कार्यक्रमहरू सञ्चालन गर्ने र शिक्षालाई सीधा जीवनसँग जोड्ने निरन्तर प्रयासमा छ ।

## ५.४ शैक्षिक विस्थापन रोक्ने उपाय

देशका हजारौँ नेपाली विद्यार्थीहरू उच्च शिक्षाका लागि विदेश पलायन भइरहेका छन् । देशभित्रका शैक्षिक संस्थाहरू खाली खाली रहेका छन् भने नो अब्जेक्सन लेटर लिने शिक्षा मन्त्रालयको शाखा र त्रिभुवन विमानस्थलमा विद्यार्थीहरूको लाइन दिनहुँ बढ्दै गइरहेको छ । भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय स्थापनालगायतका कार्य गरी देशमै अन्तर्राष्ट्रिय स्तरको शिक्षा दिने वातावरण निर्माण मार्फत युवा पलायनलाई कम गर्न सहयोग पुऱ्याउने कोसिस गरिरहेको छ ।

## ५.५ भक्तपुरको ऐतिहासिक र सांस्कृतिक समृद्धिलाई ज्ञानसँग जोड्ने अवसर

भक्तपुरको सांस्कृतिक र ऐतिहासिक सम्पदा विश्वविख्यात छ । भक्तपुर आफैमा जीवित सङ्ग्राहलय र सांस्कृतिक नगरी हो । यहाँ रहेका सम्पदाहरू अध्ययन, अनुसन्धान, संरक्षण र विश्व सामु प्रस्तुत गर्ने विषयमा नगरपालिकाले सांस्कृतिक अध्ययन, वास्तुकला, इतिहास, समाजशास्त्र आदि विषयहरूमा विशेष कार्यक्रमहरू सञ्चालन गरी यसको ऐतिहासिकतालाइ शिक्षामा जोड्न प्रयासरत छ ।

## ५.६ समाजका सबै वर्गका लागि शिक्षा

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सबै शैक्षिक संस्थाहरूले शिक्षामा गरिब, ग्रामीण, दलित, जनजाति, महिलालगायत सबै वर्गलाई समेट्ने प्रयास गर्दै आएको छ । भविष्यमा यो प्रयास अझ व्यापक बनाउँदै लग्नु आवश्यक छ । यसमार्फत समावेशी शिक्षा प्रणालीलाई बलियो बनाउन सघाउ पुग्नेछ ।

## ६. निष्कर्ष

भक्तपुर नगरक्षेत्रमा हाल माध्यमिक स्तरसम्म अध्यापन गराउने ९२ वटा विद्यालय सञ्चालनमा छन्, जसमा ३६ वटा सामुदायिक र अन्य संस्थागत विद्यालय हुन् । वि.सं. २०८१ सालको तथ्याङ्क हेर्दा विद्यालय शिक्षा तह कक्षा १ देखि १२ सम्म कुल ३७,५९७ विद्यार्थीहरू अध्ययनरत छन् जसमा पुरुष २०,७८८ र महिला १६,८०९ रहेका छन् । त्यसैगरी नगरपालिकाबाट सञ्चालित ७ वटा शैक्षिक संस्थाहरूमा सात हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् ।

शैक्षिक संस्थाहरूको विकासक्रममा ख्वप समूहका कलेजहरूको योगदान महत्त्वपूर्ण रहेको छ । २०५८ सालदेखि सुरू भएको कलेज स्तरका शैक्षिक संस्था स्थापना गर्ने कार्य २०७९ सालमा आइपुग्दा ख्वप कलेज अफ ल (कानुन) समेत स्थापना भई सञ्चालनमा आएको छ, जसले बी.ए.एल.एल.बी. (५ वर्षीय) कार्यक्रम सञ्चालन गरिरहेको छ । नगरपालिकाको शैक्षिक विकासको यो कार्य निरन्तर रहेको छ । ख्वप विश्वविद्यालय स्थापना गरी सस्तो र सुलभ खर्चमा एम.बि.बि.एस. डाक्टर उत्पादन गर्ने ध्येय नगरपालिकाले लिएको छ । नगरपालिकाले गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न संस्थागत व्यवस्थापन मजबुत बनाउनु जरुरी छ । यसका लागि योग्य र सेवाभावी प्राध्यापकको व्यवस्था, इमानदार र पारदर्शी प्रशासन, पुस्तक तथा शैक्षिक स्रोतहरूको पर्याप्त उपलब्धता, व्यवस्थापनमा लगनशीलता र दक्षता अत्यावश्यक छन् । जसमार्फत समय सुहाउँदो प्रतिस्पर्धी शिक्षा विद्यार्थीहरूले प्राप्त गर्दछन् ।

## सन्दर्भ सामग्री

Onlinemajdoor. (२०७९ वैशाख ११)- भक्तपुर नपामा देशमै पहिलो नगर शिक्षा ऐन लागु ।

Sikshyasanchar. (२०८१, मंसिर १८)- भक्तपुर नगरपालिकाले दियो १५१ जनालाई शैक्षिक ऋण (विवरणसहित)

ख्वप,वार्षिक प्रतिवेदनहरू. (२०८१). भक्तपुर, ख्वप समूहका विभिन्न शैक्षिक संस्थाहरूका विभिन्न वर्षहरूका वार्षिक प्रतिव्रदनहरू

नगरपालिकाको शैक्षिक ऋणमा ६ सय विद्यार्थी उच्च शिक्षामा अध्ययनरत (२०२४।०७।१६)।

नेपाल कानून किताब व्यवस्था समिति (२०७२). नेपालको संविधान. बबरमहल: नेपाल कानून किताब व्यवस्था समिति ।

सुनिल प्रजापति (२०७८ चैत्र २४). onlinemajdoor.com

भक्तपुर नगरपालिका. (२०८१). भक्तपुर, मासिकका विभिन्न अङ्कहरू ।

सञ्चारग्राम (२०८१ मंसिर १३). भक्तपुर नगरपालिकाको शैक्षिक ऋण कार्यक्रम प्रभावकारी ।

सुदर्शन अर्याल, अ. च. (२०७८ चैत १३) Onlinekhabar- भक्तपुर नगरपालिका : सम्पदा पुनर्निर्माणसँगै शिक्षा र स्वास्थ्यमा अब्बल ।

**भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।**

### हार्दिक समवेदना



जन्म
२०१२/०२/१५

निधन
२०८२/०१/३१

भक्तपुर नगरपालिका वडा नं. ५ (हाल ६) का पूर्ववडाध्यक्ष कृष्णराम थुसाकी जीवन सङ्गिनी **केशरी थुसा**को दु:खद निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

### हार्दिक समवेदना



जन्म
१९८७/०५/०४

निधन
२०८२/०१/१६

भक्तपुर नगरपालिका वडा नं. १ (हाल ९) का पूर्ववडाध्यक्षद्वय कृष्णगोपाल कुसी र लक्ष्मीप्रसाद कुसीका पूजनीय पिता **लक्ष्मीनारायण कुसी**को दु:खद निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

# विदेशी हस्तक्षेप र राष्ट्रघाती सन्धि सम्झौताले जनता निरास



उकेश कवां

सङ्घीयता राज्य सञ्चालनको लागि बनाइएको एउटा प्रणाली हो। सङ्घ, प्रदेश, स्थानीय तहमार्फत सेवा-सुविधा सहज रूपमा जनतासम्म पुऱ्याउनु विकेन्द्रीकरण हो। सङ्घीयतालाई दुई तहको शासन प्रणाली पनि भनिन्छ। राज्यले विकेन्द्रीकरणको सिद्धान्तलाई राम्रोसँग लागु गर्ने हो भने सङ्घीयता आवश्यक नभएको विचार संविधान निर्माणको समयमा उठेको थियो। सङ्घीयताको कमजोरी भनेको एक आपसमा शक्ति सङ्घर्षको सम्भावना हो। त्यसको निराकरणको लागि केन्द्रीय र प्रदेश सरकारको काम, कर्तव्य र अधिकारलाई निर्दिष्ट गरी संविधानमा शक्ति बाँडफाँटको बन्दोबस्त गरिएको हुन्छ। नेपालको संविधान, २०७२ को अनुसूची ५,६ र ८ मा सङ्घ, प्रदेश, स्थानीय तहको छुट्टाछुट्टै अधिकार सूची उल्लेख गरिएको छ। अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा, अनुसूची ९ मा सङ्घ र स्थानीय तहको साझा अधिकार सूची उल्लेख छ।

स्विजरल्यान्डमा सन् १६४८ देखि सङ्घ राज्य छ। संरा अमेरिकाले सन् १७८३ देखि सन् १८९६ सम्म सङ्घीयता लागु गरेको थियो। पूर्वसोभियत सङ्घको सङ्घ राज्यमा समाजवाद र स्वेच्छाले स्वतन्त्र हुनसक्ने प्रावधान उल्लेख थियो। त्यही आधारमा सोभियत सङ्घ १५ टुक्रामा विभाजित भयो। संरा अमेरिकामा राज्यहरूको आ-आफ्नै कानुन भएको कारण राज्यहरू बलियो भएको स्थिति छ। त्यसको उल्टो भारतको केन्द्र सरकारले राज्य सरकारहरू बरोबर भङ्ग गर्ने गर्छ।

सामान्यतया सङ्घ राज्यमा रक्षा, परराष्ट्र, अन्तर्राष्ट्रिय व्यापार, मुद्रा र विनिमय, यातायात, हुलाक आदि केन्द्रको अधिकारमा पर्दछ भने अन्य विषय राज्यको हातमा हुने गर्दछ।

नेपालको संविधानमा प्रशासनिक एवं राजनीतिक सेवा प्रवाह गर्न तीन तहको सरकारी व्यवस्था छ। प्रदेश निर्माण गर्दा पहिचान, क्षमता, भूगोल र जनसङ्ख्यालाई आधार बनाइएको छ। पहिचानको अर्थ प्रदेश र स्थानीय तहमा बसोबास गर्ने सम्पूर्ण जनताको भाषिक, सांस्कृतिक, जातीय र ऐतिहासिक उपस्थितिलाई जनाउँछ। क्षमता भन्नाले प्रदेशको विकासका लागि आवश्यक पूर्वाधार, प्राकृतिक स्रोत, मानवीय स्रोत आदिलाई जनाउँछ।

नेपालको सङ्घीय व्यवस्थामा सङ्घ, प्रदेश र स्थानीय तहको संरचना रहेको छ। प्रदेशहरूको सङ्गठनलाई सङ्घ भनिन्छ। यसले सम्पूर्ण प्रदेशहरूको अभिभावकत्वको भूमिका निर्वाह गर्दछ। यसअन्तर्गत सङ्घीय व्यवस्थापिकाभित्र प्रतिनिधिसभा र राष्ट्रियसभा हुन्छन्। सङ्घीय कार्यपालिकाअन्तर्गत केन्द्रीय सरकार रहेको छ।

नेपालमा ७ वटा प्रदेशहरू छन्। सातै प्रदेशमा उच्च अदालत रहेका छन्। स्थानीय तहमा गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति रहेका छन्। गाउँ तथा नगरपालिकामा व्यवस्थापिका र कार्यपालिकाको बन्दोबस्त छ। स्थानीय तहको प्रत्येक जिल्लामा जिल्ला अदालत रहेका छन् भने गाउँ तथा नगरपालिकामा न्यायिक समिति रहेका छन्। स्थानीय तहको न्यायिक समितिको फैसला जिल्ला अदालतमा जान सकिन्छ। केन्द्रमा सर्वोच्च अदालतको व्यवस्था गरिएको छ।

सङ्घीयताले सामाजिक विविधताको सम्मान, सन्तुलित र समानुपातिक विकास, सामाजिक न्याय तथा सरकार र जनताबिचको दूरी कम गर्ने विश्वास गरिन्छ।

नेपालको संविधानमा स्थानीय तहलाई ७७ जिल्ला, ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका, ४६० वटा गाउँपालिका र ६७४३ वटा वडामा राजनैतिक सीमाङ्कन गरिएको छ। केन्द्रले देशमा शासन चलाउँछ, प्रदेशले प्रदेशमा सरकार चलाउँछ भने स्थानीय तहले आफ्नो क्षेत्रभित्र गतिविधि एवं सेवा सुविधा र पूर्वाधार विकासको सेवा पुऱ्याउँछ।

नेपालको पूर्वको सगरमाथा, कोसी र मेची अञ्चलका ताप्लेजुङ, पाँचथर, इलाम, झापा, तेह्रथुम, सङ्खुवासभा, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, उदयपुर, खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु गरी १४ जिल्ला कोसी प्रदेशमा छन्। यस प्रदेशमा नेपालको कुल भूभागको १७.६० प्रतिशत अर्थात् २५, ९०५ वर्ग किलोमिटर क्षेत्रफल पर्दछ। कोसी प्रदेशमा हिमाल, पहाड र तराई तीनओटै भौगोलिक क्षेत्र छन्। यस प्रदेशको पूर्वमा मेची र पश्चिममा सप्तकोसी नदी बगेका छन्। त्यसका सहायक नदीहरू दूधकोसी, सुनकोसी,

अरुण, वरुण, तमोर, कनकाई, लिखु आदि नदीहरू बगेका छन् । यहाँ उच्च भूभाग सगरमाथा, ल्होत्से, मकालु, चो ओयु र भिङ्सा हिमशिखरहरू रहेका छन् । विभिन्न पहाडी भूभाग र पोपटी, बरुण, देउराली, धाङला, लोर्से र खारे भन्ज्याङगजस्ता प्राकृतिक सौन्दर्यले कोसी प्रदेश सुशोभित छ । सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु निकुञ्ज, कञ्चनजङ्गा संरक्षण क्षेत्र, कोसी टप्पु वन्यजन्तु आरक्षण यहाँका महत्त्वपूर्ण जीवन्त प्राकृतिक सम्पदाहरू हुन् ।

कोसी प्रदेशमा विभिन्न जात-जाति, भाषा-भाषी र संस्कृतिका ४९,६१,४१२ जनसङ्ख्या (पुरुष २४,१७,३२८, महिला २५,४४,०८४) रहेको छ ।

यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, राई, लिम्बु, थारु, लेप्चा, तामाङ, गुरुङ, मेचे, कोचे, यादव, राजवंशी, नेवार, ताजपुरिया, सतार, धिमाल, विश्वकर्मा, दर्जी, मिजार आदि जात-जातिका मानिसहरू आ-आफ्नो संस्कृति, भाषा र रीति-रिवाजका साथ बसोबास गर्दै आएका छन् । कोसी प्रदेशमा विशेषतः नेपाली, मैथली, किराँती, तामाङ, लिम्बु, गुरुङ, लेप्चा, मगर, थारु र नेपालभाषा बोलिन्छ ।

हिमाली भेगका जनता बौद्ध (दर्शन) धर्ममा आस्था राख्छन्, पहाडी भूभागमा किराँती र हिन्दू धर्मावलम्बी र क्रिश्चियन धर्ममा आस्था राख्ने मानिसहरूको बसोबास रहेको छ । कोसी प्रदेशको तराई क्षेत्रमा धान, गहुँ, मकै ( खाद्यबाली); उखु, जुट, चिया, सुपारी, केरा (नगदेबाली) उत्पादन हुन्छ । तराईका सहर-बजारमा विभिन्न प्रकारका उद्योग-व्यवसायहरू सञ्चालनमा रहेका छन् । ग्रामीण क्षेत्रमा कृषि र पशुपालन पेसा गरिन्छ । विभिन्न नदीहरूबाट विद्युत् उत्पादन भइरहेका छन् भने प्राकृतिक निकुञ्ज हिमाल, भन्ज्याङ र धार्मिक पर्यटनको केन्द्रको रूपमा पनि विकास भइरहेको छ ।

कोसी प्रदेशलाई प्रतिनिधिसभाका लागि २८ वटा र प्रदेशसभाका लागि ५६ वटा निर्वाचन क्षेत्र तोकिएको छ । अहिले ३७ समानुपातिक सदस्य रहेका छन् । हाल कोसी प्रदेशसभा ९३ जनाको छ । यसको राजधानी विराटनगर तोकिएको छ ।

आम निर्वाचन पहिलो २०७४ र दोस्रो २०७९ मा सम्पन्न भयो । पहिलो निर्वाचनबाट गठित प्रदेशसभाले प्रदेशको नामकरण गर्न सकेन भने दोस्रो निर्वाचनबाट निर्वाचित प्रदेशसभाले प्रदेशको नाम कोसी नामकरण गऱ्यो । अहिले पनि पहिचानवादीहरू कोसी प्रदेश नामकरणविरुद्ध सङ्घर्षरत छन् ।

प्रादेशिक सरकारको मुख्य काम प्रदेशभित्रका भाषा, संस्कृति र सम्पदा संरक्षण, प्रदेशमा सरकारका प्रहरी परिचालन, खानेपानी, सिँचाइ, विद्युत् आदि योजनाहरू सञ्चालन गर्नु हो । प्रदेशसभा सरकार बनाउने र गिराउनेमा लाग्दा विकास निर्माणको काम ओझेलमा परेको छ । अर्थात्, प्रदेश सरकार जनताको समस्या समाधानमा लागेको छैन । बसाइँसराइले गाउँ-बस्ती रितिने स्थिति हुँदा बसाइँसराइ रोक्ने कुनै योजना र रणनीति प्रदेश सरकारले निर्माण गर्न सकेको छैन । आफ्नै प्रदेशसभा सञ्चालन नियमावली बनाउन सकेको छैन । पहिलो प्रदेशसभा सञ्चालन नियमावलीमार्फत सदन चलिरहेको छ ।

प्रदेश सरकार आज कर्मचारी र प्रदेश तहका प्रीतनिधिको खर्च धान्न मुस्किल अवस्थामा छ । देशको राजनैतिक अस्थिरताले विदेशी हस्तक्षेप र राष्ट्रघाती सन्धि सम्झौताले गर्दा नेपाली जनता निरास छन् । सङ्घीयता विरोधीहरूलाई मलजल भइरहेको छ । नेका, एमाले र माओवादीका नेताहरू पालैपालो प्रधानमन्त्री हुनेमा केन्द्रित छन् । जनता सचेत हुनु जरुरी छ ।

(सहायक सामग्री : एट्लास, प्रतिध्वनि, विभिन्न प्रकाशन र वीकीपेडिया)

## बासिबियाँलो

क) ६ अक्षरको अङ्ग्रेजी एक शब्द के होला जसको पहिलो तीन अक्षरले संसारको सबभन्दा ठूलो बनावटलाई सङ्केत गर्छ, दोस्रो, तेस्रो र चौथो अक्षरले मानव शरीरको भाग जनाउँछ, तेस्रो, चौथो र पाँचौं अक्षरले वृत्तको भाग बन्छ र छ ओटै अक्षर इन्टरनेटमा धेरै प्रयोग हुन्छ । उत्तर यसै अङ्कमा दिइएको छ ।

तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोऱ्याइ हात नभिकी अर्को धर्को तान्नुहोस् ।





# समाजवाद उन्मुख देशमा कानून निर्माणको स्वरूप : नेपालको सन्दर्भ



अनिता जधारी, अधिवक्ता

कुनै पनि मुलुकको संविधान तथा कानून निर्माण प्रक्रिया त्यो समाजको शासन प्रणाली, राजनीतिक दर्शन, सामाजिक संरचना र ऐतिहासिक सङ्घर्षहरूको ऐना हो। नेपालको संविधानले देशलाई *'समाजवाद उन्मुख'* राष्ट्रका रूपमा परिकल्पना गरेको छ। संविधानको प्रस्तावनामा *'समावेशी, समानतामूलक तथा समाजवाद उन्मुख लोकतान्त्रिक राज्य प्रणाली'* स्थापना गर्ने लक्ष्य स्पष्ट गरिएको छ। यस्तो प्रणाली केवल लोकतन्त्र स्थापनामा मात्र सीमित नरही सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरणको दिशामा समेत अग्रसर हुनुपर्छ।

समाजवाद भन्नाले जनताको सामुहिक भलाइ, सम्पत्तिको पुनर्वितरण, श्रमको सम्मान, उत्पीडित समुदायको मुक्ति र समान अवसरलाई केन्द्रमा राखिन्छ। त्यसैले समाजवाद उन्मुख संविधानको मर्मलाई सार्थक बनाउन कानून निर्माणको प्रक्रिया केवल प्रशासनिक कार्यमात्र होइन, नीति निर्माण गरी यसलाई वर्गीय शक्ति संरचनाको पुनर्संरचना गर्ने सामाजिक औजारको रूपमा कानून बन्नु पर्छ। कुनै पनि नयाँ कानून निर्माण गर्दा ती संवैधानिक मूल्य र लक्ष्यहरूको सम्मान हुनु आवश्यक छ। संविधानले समाजवादी मार्ग पहिल्याएको भए पनि व्यावहारिक कानून निर्माणमा ती मूल्यहरूको उपेक्षा भइरहेको या भनौं कानून निर्माण गर्ने जिम्मेवार निकाय नै जनतालाई आँखामा छारो हाली सार्वजनिक संस्थान उद्योग सस्तोमा निजीकरण गर्ने, विदेशी पुँजीको सेवा गर्ने जस्ता अनेकौं कारण नेपालमा 'समाजवाद कागजमा छ, तर कानूनहरू पूँजीवादका सेवा गर्दै छन्' भन्न सक्छौं। 'हिमाल खबर' ले पछिल्ला दशकहरूमा आय र सम्पत्ति थोरै व्यक्तिहरूमा थुप्रिंदा बढिरहेको असमानता विकास, स्थिरता साथै सामाजिक न्यायका लागि घातक छ भन्ने शीर्षकमा लेखेको एक लेखमा मानवीय जवाफदेहिता अनुगमन अभियान, दक्षिण एशिया गरीबी निवारण मञ्च र अक्सफाम नेपालद्वारा पुसमा प्रकाशित 'समृद्धिका लागि समानता अध्ययन प्रतिवेदनले नेपाली समाजमा बढिरहेको असमानता'को भयावह चित्र प्रस्तुत गरेको छ। प्रतिवेदनका अनुसार, ४० प्रतिशत गरीब नेपालीभन्दा १० प्रतिशत धनीसँग २६ गुणा बढी सम्पत्ति छ। सबैभन्दा दुर्भाग्य चाहिं, देशले उदार अर्थतन्त्र बाटो लिएपछि धनी र गरीबबिचको भेद थप फराकिलो हुँदै गएको छ। गरीबी घटेको यही अवधिमा समाजको तल्लो तह र माथिल्लो तहबिच आयको खाडल झन् फराकिलो भएको छ। माथिल्लो १० प्रतिशतमा रहेका धनीहरूको आय तल्लो ४० प्रतिशतमा रहेका गरीबको आयभन्दा तीन गुणाले बढेको तथ्य अक्सफामले सार्वजनिक गरेको विषयमा विश्लेषण गरेको छ। यो तथ्याङ्कले देश समाजवाद उन्मुख भन्दा पनि नवउदारवादको वाटोतिर गइरहेको स्पष्ट हुन्छ।

त्यसै गरी काठमाडौं पोस्ट को Bridging the development gap शीर्षकमा लेखिएको १६औं पञ्चवर्षीय योजनामा ८१ अर्ब अमेरिकी डलर बराबरको लगानी आवश्यक हुने अनुमान छ, जसको ६५ प्रतिशत भन्दा बढी निजी क्षेत्रबाट जुटाउने नीति सरकारले अघि सारेको छ। विकास नीति राज्य-नेतृत्वमा हुनु समाजवादी अवधारणा हो, तर अहिले यो निजी मुनाफामुखी संरचनातर्फ गइरहेको छ।

गोरखा पत्र दैनिकमा एक वर्षमा रोजगारीका लागि विदेसिनेको सङ्ख्या सात लाखभन्दा बढी शीर्षकमा लेखिएको गत आर्थिक वर्ष २०८०/८१ मा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेको सङ्ख्या झन्डै साढे सात लाख पुगेको छ। वैदेशिक रोजगार विभागका अनुसार आव २०८०/८१ मा सात लाख ४३ हजार ५९७ जना श्रम स्वीकृति लिएर विदेसिएको समाचार छ। यसले देखाउँछ कि सरकार देशभित्र रोजगारी सिर्जना गर्नुको सट्टा वैदेशिक रोजगारीमा निर्भर हुँदै गएको छ, जुन समाजवादी मान्यताको विपरीत हो। समाजवादी देशहरूले पूँजीवादी राष्ट्रहरूसँग सीमित सम्बन्ध राख्ने नीति अन्तर्गत आत्मनिर्भरतालाई प्राथमिकता दिन्छन्, जसले गर्दा उनीहरूले विदेशी आर्थिक निर्भरता घटाउन, पश्चिमी सांस्कृतिक प्रभावबाट बच्न र राजनीतिक स्वायत्तता कायम राख्न खोज्छन्। प्रजग कोरियाले जुछे सिद्धान्तअनुसार यस्तो नीति अपनाएको छ भने क्युबाले अमेरिकी प्रतिबन्धको बावजुद पनि आफ्नो समाजवादी मोडेल कायम राखेको छ।

नेपाल सरकारले १६ वटा संस्थानहरू सस्तोमा बेचिएको, १२ वटा सार्वजनिक संस्थानहरूलाई खारेज गरियो यो समाजवादी दृष्टिकोणमा, आधारभूत सेवा र सम्पत्तिहरू जनताको स्वामित्वमा रहनुपर्छ भन्ने मान्यता विपरीत छ। जनताको स्वामित्व भन्नाले देशको प्रमुख उत्पादनका साधन (जस्तै जग्गा, उद्योग, बैङ्क, प्राकृतिक स्रोत, संस्थान) व्यक्तिगत वा निजी कम्पनीको सट्टा

सम्पूर्ण समाजको साझा सम्पत्ति हुन्छ भन्ने बुझिन्छ। समाजवादी व्यवस्थामा यी सम्पत्तिहरू राज्य वा सहकारी संस्थाहरू मार्फत सामुहिक रूपमा सञ्चालित हुन्छन्, जसको उद्देश्य निजी मुनाफाको सट्टा सामाजिक कल्याण र समानतामा आधारित भई वितरण गर्नु हो। उदाहरणका लागि, चीनमा ठूला उद्योगहरू राज्यसँग छन् भने क्युबामा स्वास्थ्य सेवा र शिक्षा पूर्ण रूपमा सार्वजनिक छन्। यसले आर्थिक असमानता घटाउन र जनसाधारणको आवश्यकता पूरा गर्न मद्दत गर्छ।

समाजवाद उन्मुख संविधानमा कानून केवल दस्तावेज होइन समाज रूपान्तरणको एक महत्त्वपूर्ण साधन हो। यस्तो अवस्थामा कानून निर्माण निम्न वर्गहरूको हितमा केन्द्रित हुनुपर्छ। जस्तोकी श्रमको सम्मान र श्रमिकको हकहितको कानूनी रक्षा, गरिबी उन्मूलन, अवसरको समानता, सीमान्तकृत समुदायको सशक्तीकरण, शिक्षा, स्वास्थ्य, आवास र सामाजिक सुरक्षाको कानूनी सुनिश्चितता समाजवाद उन्मुख कानूनी सोचले कानूनलाई जनताको पीडासँग जोडिएको रूपान्तरणकारी माध्यमका रूपमा लिनुपर्छ।

नेपालमा कानून निर्माण अझै पनि सहर केन्द्रित, प्राविधिक, र सीमित विशेषज्ञतामा आधारित छ। समाजवाद उन्मुख कानूनी संरचना जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा जनसहभागितालाई सुनिश्चित गर्नुपर्ने प्रावधान हुन्छ। सरोकारवालासँग परामर्श र स्थानीय तहको भूमिकालाई झन्झन् बलियो गर्दै लग्ने नीति लिएको हुन्छ। त्यसैगरी मजदुर, किसान, महिला, जनजाति, दलित लगायत सबैको सहभागितालाई सुनिश्चित गर्दछ। ती समूहहरूको सहभगितालाई दरिलो बनाउन पछाडि परेका समुदायहरूको लागि शिक्षा, स्वास्थ्यलगायतमा विशेष व्यवस्था वा अभियानहरू चलाएर नै अगाडि ल्याउन नीति तथा कानूनहरू बनाएको हुन्छ। यो सबैलाई नियालेर हेर्दा संविधानको समाजवाद उन्मुख भन्ने व्यवस्था जनताको सान्त्वनाको निम्ति मात्र लेखिएको हो की भन्ने शङ्का उब्जिन्छ।

जबसम्म पुँजीपति वर्ग नै शासकको रूपमा सरकार तथा संसद्मा पुग्छन् र उनीहरूले नै वा उनीहरूको ईसारामा कानून निर्माण गरिरहन्छ र वास्तविक बहुमत जनताको बारेमा सोचविचार र सहभागितामा कानून निर्माणको अभ्यास हुन सक्दैन। साथै यस्तो अवस्थामा जनताले चाहेको जस्तो व्यवस्थाको आधार तयार हुँदैन।

नेपालको संविधानले ३१ वटा मौलिक हकहरूको प्रत्याभूति गरेको छ, जसमा शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य, आवास र सामाजिक सुरक्षासँग सम्बन्धित हकहरू समावेश छन्। यी हकहरूको व्यवहारिक कार्यान्वयनका लागि स्पष्ट, सशक्त र प्रगतिशील ऐन तथा नियमावलीको आवश्यकता हुन्छ। उदाहरणका लागिः रोजगारीको हक : श्रम ऐन, न्यूनतम ज्याला, सामाजिक सुरक्षा कोष; शिक्षाको हक : निःशुल्क शिक्षा नीति; स्वास्थ्य सेवाः सर्वसुलभ, गुणस्तरीय र निःशुल्क सेवा; यस्ता कानूनी ढाँचा तयार हुँदा केवल नीतिगत दस्तावेज मात्र होइन, जनता प्रत्यक्ष लाभान्वित हुने व्यवस्था बनाइनुपर्छ। नेपालमा श्रम ऐन छ, तर लागू गर्ने संयन्त्र कमजोर छ; सामाजिक सुरक्षा कोषको कानून छ तर कार्यान्वयन सून्य छ; स्वास्थ्य बिमाको रकम अस्पताललाई सरकारले तिर्न सकेको छैन अनि त्यो व्यवस्था समाजवादी कसरी भन्ने ?

नेपालको न्याय प्रणाली अझै पनि पहुँचका हिसाबले असमान छ। समाजवाद उन्मुख कानूनी संरचनामा न्यायिक सक्रियता मार्फत सामाजिक अन्यायविरुद्ध हस्तक्षेप गर्न आवश्यक छ, जनताको अदालत, निःशुल्क कानूनी सहायता, न्यायिक भाषा सबैले बुझ्ने खालको हुनु आवश्यक छ।

एक महिलालाई हिंसा हुन्छ, वकिल राख्न सक्दैन, सामाजिक सुरक्षा हुँदैन ,कानूनको भाषा बुझ्दैन–त्यसको लागि संविधानले के दियो ? न्याय केवल पढेका र पैसा हुनेहरूका लागि मात्र नभई, समाजको प्रत्येक वर्गका लागि उपलब्ध हुनुपर्छ।

कानूनको अज्ञानता क्षम्य नहुने देशमा यदि जनता नै कानूनबाट अनभिज्ञ छन् भने संविधानको समाजवाद व्यावहारिक बन्न सक्दैन। त्यसैले विद्यालयदेखि विश्वविद्यालयसम्म कानूनी शिक्षा, कानूनी सचेतना अभियान श्रमिक, महिला, किसान, युवा लक्षित, डिजिटल मञ्च, रेडियो, जनभाषामा कानूनी जानकारी हुन आवश्यक छ। संविधानमा खाद्य सम्बन्धी हकको व्यवस्था छ, तर कर्णालीमा आमाले खान नपाएर नवजात शिशु मरिरहँदा, कर्णालीका जनताले आफ्नो हक नै बुझ्दैनन्, किनभने राज्यले बुझ्न दिँदैन। तसर्थ, कानून केवल लेखेर मात्र हुँदैन, व्यवहारमा जनतासम्म पुऱ्याउनुपर्छ।

समाजवाद केवल नीतिगत शब्द होइन, विचार र व्यवहारमा हुनुपर्ने प्रणाली हो। नेपालमा समाजवादको वैचारिक बहस अपूर्ण छ। एक अन्तर्वार्तामा एक बुद्धिजीवीले औँल्याएः 'आज कानून समाजवादको कुरा गर्छ, तर पूँजीवादको सुरक्षा गर्छ। यो द्वैध भूमिका खतरनाक हो।'

त्यसैले, हामीले यी कानूनी संरचनाले उत्पादनमुखी समाज बनाइरहेछ ?, वर्गीय विभाजन अन्त्यतर्फ कानूनी संरचना अग्रसर छ कि छैन ? के कानूनी ढाँचा शासकीय नियन्त्रणको साधन हो वा सामाजिक मुक्ति र सहभागिताको यन्त्र ? प्रश्नहरू निरन्तर बहसमा रहनुपर्छ। समाजवाद उन्मुख कानूनको मूल वैचारिक स्पष्टता र वर्गीय पक्षधरता आवश्यक हुन्छ। नीति, कार्यक्रम र कार्यान्वयनका सबै तहमा यो प्रश्न निरन्तर उठाइरहनु सामाजिक चेतना निर्माणको आधार हो।

समाजवाद उन्मुख देशमा कानून व्यवसायीहरू वर्तमान व्यवस्थाको समर्थनमा होइन, जनताको हितमा त्यसको आलोचना र परिमार्जन गर्न अग्रसर रहनु पर्छ। संसद्को गुणस्तर जनताको

चेतनास्तरमा निर्भर हुन्छ, र चेतनास्तर उकास्ने दायित्व खासगरी पढेलेखेका विद्वानहरू, कानून अध्ययता र बुद्धिजीवीमा पर्दछ।

समाजवाद उन्मुख व्यवस्थामा कानूनी व्यवस्था पनि जनताको हित, समानता र न्याय सुनिश्चित गर्न डिजाइन गरिएको हुनुपर्छ। तर, नेपालको संविधान निर्माण प्रक्रिया र त्यसपछिको कानूनी अभ्यासमा आएको आलोचना र अनुभवले देखाउँछ कि हामी अझै पनि औपचारिक संविधानवाद र परम्परागत कानूनी सोचमा जकडिएका छौँ। साथै, न्यायाधीशहरूको भूमिका केवल कानूनको तटस्थ वा प्रक्रियागत व्याख्यामा सीमित रहँदैन, उनीहरूले रूपान्तरणकारी भूमिका निर्वाह गर्छन्। उनीहरूको प्रमुख जिम्मेवारी सामाजिक र आर्थिक न्याय, समानता, तथा शोषणको अन्त्य जस्ता संविधानमा कोरिएका मूल्यहरूलाई संरक्षण गरी संविधानलाई जीवित राख्ने र जनआस्था जोगाऊने कार्य गर्दछ। यस अर्थमा, न्यायाधीशहरूले कानूनहरूको व्याख्या गर्दा तल्लो तहका जनताको सशक्तिकरणलाई सहयोग पुर्‍याउने, शिक्षा, स्वास्थ्य, र जीविकोपार्जनजस्ता आधारभूत अधिकारमा पहुँच सुनिश्चित गर्ने, र सबै नागरिकको गरिमाको रक्षा गर्ने दिशामा हुनुपर्दछ।

नेपालमा समाजवादको आसय भनेको सर्वहारावर्गको मुक्तिको मार्ग तय गर्ने राज्य व्यवस्था हो। यस्तो व्यवस्थाले कानूनलाई जनताको सामुहिक हित, उत्पीडित वर्गहरूको सशक्तीकरण र आर्थिक-सामाजिक समानता कायम गर्ने साधनको रूपमा प्रयोग गर्नुपर्ने हुन्छ। तर, व्यवहारमा नेपालको कानून निर्माण अझै पनि शासक वर्ग, विदेशी प्रभाव, र औपचारिक प्रक्रियामै केन्द्रित देखिन्छ। नेपाल संविधानतः बहुलजातीय, बहुभाषिक र वर्गीय विभाजनमा जकडिएको समाज हो। समाजवाद उन्मुख संविधानले हामीलाई समावेशी, न्यायसङ्गत र समानतामूलक समाज निर्माणको मार्ग देखाएको छ। तर, त्यो मार्गदर्शन व्यवहारमा केवल तब बन्छ जब कानूनी संरचना स्वयं समाज परिवर्तनको साधन बन्छ। यसकोलागि कानून, नीति निर्माताहरूलाई समाजवाद उन्मुख भावनाको अर्थ बुझाउन आवश्यक छ र सोही अनुसार कार्य गर्न उत्प्रेरित गरिनुपर्छ।

कानून केवल विधायिकाको निर्णय होइन; यो जनताको अनुभव, सङ्घर्ष र आवाजको औपचारिक अभिव्यक्ति हो। कानून तब मात्र समाजवादी हुन्छ जब यसले जनताको पक्षमा वकालत गर्छ, श्रमिकको हकमा, किसानको पक्षमा, महिला र दलितको सम्मानको पक्षमा उभिन्छ। समाजवाद उन्मुख संविधानले हामीलाई स्पष्ट मार्गदर्शन दिएको छ। अब हामीले त्यो मार्गदर्शनलाई व्यवहारिक कानूनी संरचनामा रूपान्तरण गरी प्रक्रियागत सुधार र वैचारिक स्पष्टता मार्फत कानून, नीति-नियमहरू बनाऊँदै जान आवश्यक छ।

# जीवन-आचरण

## सत्यको बोधले प्रगति

एकदिन कर्मचारीहरू जब अफिसमा पुगे, तब उनीहरूले अफिसको ढोकामा ठुला ठुला अक्षरमा एउटा सूचना लेखेको देखे। सूचनामा लेखिएको थियो, 'जुन व्यक्तिले यो अफिसमा तपाईंको प्रगतिको बाटो रोकिरहेको थियो, उसको हिजो मृत्यु भएको छ। हामीले तपाईँहरूलाई उसलाई हेर्ने अन्तिम मौका दिएका छौँ। कृपया पालैपालो हलभित्र जानुहोस् र उसलाई हेरेर फर्कनु होला।'

सबैको मनमा त्यो व्यक्तिलाई भेट्ने भित्री इच्छा देखिन्थ्यो किनकि त्यो व्यक्तिको कारणले उनीहरूको प्रगति रोकिएको थियो। एकातिर त्यो व्यक्तिलाई मनैदेखि गाली गर्न मन लागिरहेको थियो भने अर्कोतिर जे जस्तो भए पनि त्यो व्यक्तिको मृत्युमा अपसोच र दुःख पनि लागिरहेको थियो। बिस्तारै सबै कर्मचारी एक एक गरी बैठक हलभित्र पस्न थाले।

त्यो मान्छेलाई हेरेर बाहिर निस्केका सबै कर्मचारीको अनुहार निकै गम्भीर देखिन्थ्यो। यस्तो लाग्थ्यो कि उनीहरूका निकै नजिकैका आफन्तको मृत्यु भएको छ। अन्तिममा बैठक हलभित्र पस्ने पालो एउटा पुरानो कर्मचारीको थियो। उसलाई सबैले चिन्थे पनि। ऊ हरेक चिजमा गुनासो मात्र गरिरहेको हुन्थ्यो। कहिले कार्यालयसित उसले गुनासो गरिरहेको हुन्थ्यो भने कहिले सहकर्मीहरूसँग। कहिले तलबमा असन्तुष्ट हुन्थ्यो। हर कुरामा उसको गुनासो रहन्थ्यो।

तर आज भने ऊ धेरै खुसी देखिन्थ्यो। यस्तो लाग्थ्यो कि आज उसको जीवनको सबै असन्तुष्टि र गुनासोहरू सकिने छ। त्यो व्यक्तिको मृत्युसँगै अब उसको जीवनको प्रगति सुनिश्चत हुने छ। आफ्नो पालो आउने बित्तिकै ऊ हतार हतार हल भित्र पस्यो र धेरै जिज्ञासा राखेर भित्र चिहाउन लाग्यो। के हो यो ? हल पूरै रित्तो थियो। सामानको नाममा एउटा ठुलो ऐना मात्र राखिएको रहेछ। यो देखेर ऊ क्रोधित हुन थाल्यो र जोड जोडले कराउन थाल्यो। त्यति नै बेला उसले ऐनाको छेउमा राखिएको एउटा सन्देश देख्यो र पढ्न थाल्यो।

'यो संसारमा केवल एक जना व्यक्ति मात्रै छ, जसले तपाईँको प्रगतिलाई रोकिराखेको छ र त्यो व्यक्ति अरू कोही होइन, तपाईं स्वयम् नै हो। यो संसारमा तपाईँ बाहेक तपाईँको जिन्दगीमा अरू कसैले पनि परिवर्तन ल्याउन सक्ने छैन।' यो सत्य कुराको बोधसँगै उसको मुहारमा एउटा नौलो आत्मसन्तुष्टि देखियो। मानौँ उसले सफलताको शिखर चुमिसकेको छ। जबसम्म हामी आफैं कोसिस गर्दैनौं, तबसम्म हामी अगाडि बढ्न सक्दैनौँ।'

# भियतनाममा संरा अमेरिका हारेको ५० औँ वर्ष

## भियतनाम : एक अजम्बरी विजय



एलन मायर्स



THE AGE

Rescue armada at Vung Tau as helicopters lift out Americans

U.S. quits Vietnam

Agreement on truce, says Saigon report

Up a ladder...into a helicopter...and the last Americans leave Vietnam

Wild crowds claw way to embassy

अमेरिकी शासक र तिनका आसेपासेहरू हामीले यो दिन बिर्सेको देख्न चाहन्छन् । ५० वर्षअघि १९७५ को अप्रिल ३० को दिन अमेरिकी साम्राज्यवादले इतिहासकै नमिठो सैन्य पराजय व्यहोर्नुपर्‍यो । उत्तरी भियतनामी सेना र दक्षिणी भियतनामी राष्ट्रिय मुक्ति मोर्चाका सैन्य दस्ताले हो चि–मिन्ह सहरमाथि पूर्ण नियन्त्रण जमाए । (तिनताका त्यो सहरलाई सैगोन भनिन्थ्यो ।) त्यसपछि ती दस्ता विस्तारै मुक्त भइनसकेका दक्षिणी इलाकाहरूमा छरिएका थिए ।

भियतनामी विजय जापानी, बेलायती, फ्रान्सेली र अमेरिकी साम्राज्यवादविरुद्ध तीन दशकसम्म अविरल सङ्घर्षको फल थियो । त्यो बेला आजको जस्तै संरा अमेरिका सैन्य शक्तिमा विश्वकै शक्तिशाली देश थियो । तैपनि, त्यो अजङ्गको महाशक्ति एउटा सानो, अविकसित र ग्रामीणप्रायः समाजबाट पराजित भयो ।

भियतनामविरुद्ध युद्धमा कुनै बेला अमेरिकाले झन्डै ५ लाख नियमित फौज परिचालन गरेको थियो । त्यसबेला भियतनामी लडाकु र सर्वसाधारण जनताविरुद्ध अमेरिकाले इतिहासमै अकल्पनीय बमबारुद प्रयोग गर्‍यो । भियतनाममाथि कैयौँ टन बम खसाल्यो । दोस्रो विश्व युद्धमा संलग्न सम्पूर्ण देशले प्रयोग गरेको बमको तीन गुना बम भियतनाममा अमेरिका एक्लैले खसाल्यो । अमेरिकाले अक्सिजन नष्ट गर्ने डिभोलियन्टजस्ता रासायनिक हतियारको पनि प्रयोग गर्‍यो । ती हतियारका कारण आज पनि कैयन् भियतनामीहरू मर्दै छन् भने कतिपयको वंशाणु विकृत भएको छ ।

भियतनामले चीन र सोभियत सङ्घबाट सीमित सैन्य सहायता पायो । तर, त्यो सहायता निर्णायक स्तरको थिएन । भुइँबाट आकाशमा मार हान्ने रकेटले अमेरिकी हवाई सेनामा क्षति पुग्ने क्रम बढ्यो । तर, त्यो क्षतिले गर्दा अमेरिकाको हवाई युद्ध कहिल्यै रोक्न सकेन ।

जति नै बमबारुद प्रयोग गरे पनि अमेरिकाले भियतनामीहरूको विजय रोक्न सकेन । हातहतियारभन्दा शक्तिशाली अर्थोक नै हुन्छ भन्ने साबित भयो । त्यो शिक्षा वा पाठ हामी सबैले बिर्से हुन्थ्यो भन्ने संसारका सबै साम्राज्यवादीहरू चाहन्छन् ।

हो चि–मिन्ह सहर मुक्त भएपछि प्राविधिक वा सैन्य सामर्थ्यको सीमा सबैलाई छर्लङ्ग भयो । सहरमा बाँकी रहेका अमेरिकीहरू र तिनका भियतनामी दलालहरूलाई लिएर अमेरिकी हेलिकप्टरहरू समुद्री तटमा पर्खिरहेका युद्धपोततिर उड्न थाले । तिनीहरू आकाशमै छँदा तिनलाई राख्न अमेरिकी जलसेनाले खाली हेलिकप्टरलाई समुद्रमा फालेर ठाउँ बनाए ।

अमेरिकी सैन्यशक्तिलाई केले परास्त गर्‍यो ? यसमा सबैभन्दा अगाडि आउँछ, भियतनामी जनताको वीरता र धीरताले । भियतनामी प्रतिरोधले अमेरिकी समाजमा आशङ्का र विभाजन बढाउँदै लग्यो । समयक्रममा अमेरिकाभित्रै साम्राज्यवादी युद्धको विरोधको बाटो खुल्यो । अन्ततः त्यो विरोधले विश्वव्यापी रूप लियो ।

एकातिर अमेरिकाले निर्णायक सैन्य विजय हासिल गर्न नसक्नु र अर्कोतिर राजनीतिक विरोध पनि बढ्नाले अमेरिकी शासकहरूको सोचमा बदलाव आयो । युद्ध लम्बिँदै गयो भने आफूहरूले झन् बढी मूल्य चुकाउनुपर्ने र त्यो क्षतिलाई कसै गरी पूरा गर्न नसकिने उनीहरूले देखे । विश्वभरिका शोषित–उत्पीडित जनता अमेरिका अजेय शक्ति रहेनछ र त्यसलाई प्रतिरोधबाट हराउन सकिने रहेछ भन्ने टुङ्गोमा पुगेको अमेरिकी शासकहरूले बुझे ।

भियतनाम युद्धभन्दा अगाडिभएका सङ्घर्षले पनि

युद्धविरोधी आन्दोलनमा मलजल गरिरहेको स्थिति थियो। अमेरिकामा सन् १९४० र १९५० को दशकमा म्याक्कार्थीवादले पाउ जमायो। जताततै 'कम्युनिस्टविरोधी सन्त्रास' फैलाइयो र अधिकांश मजदुर युनियनलाई दबाइयो। अश्वेत जनताले मौलिक अधिकारको आन्दोलन चलाएपछि त्यो हौवा घट्दै गयो। सन् १९६० को दशकमा भएका सांस्कृतिक र राजनीतिक जनजागरणले अमेरिकामा युद्धविरोधी लहर ल्यायो। भियतनाम युद्धका विरोधीहरूले विश्वविद्यालयमा युद्धविरोधी कक्षा र बहस चलाए। अमेरिकाका दक्षिणी क्षेत्रमा अश्वेत अधिकारकर्मीहरूले प्रचारप्रसार र प्रत्यक्ष गतिविधिका लागि यही शैली अपनाउँथे। युद्धविरोधीहरूले तिनकै सिको गरे।



मोहम्मद अली

प्रभाव दुवैतिर पर्‍यो। सन् १९६७ को अप्रिलमा मलाई पनि सिकागो सहरमा अमेरिकी सेनामा भर्ती गरियो। संयोग भनौँ, त्यही दिन बक्सिङ खेलका हस्ती मुहम्मद अलीलाई सेनामा अनिवार्य भर्ती हुन आदेश दिइएको थियो। उनले सार्वजनिक रूपमै इस्लाम धर्मले आफूलाई त्यस्तो युद्धमा जान नदिने घोषणा गरे। यो भियतनाम युद्धप्रतिको उनको नैतिक विरोध थियो।

मोहम्मद अली गागरमा सागर भर्न सिपालु थिए। उनले भने, 'हेर, भियतकङहरूसँग मेरो कुनै झगडा छैन। कुनै पनि भियतकङले मलाई कहिल्यै 'काले' भनेको छैन।' (अमेरिकी सेना र मिडियाले त्यसबेला भियतनामको 'राष्ट्रिय मुक्तिमोर्चा' लाई 'भियतकङ' भनी प्रचार गर्थे।) भर्ती हुन भनी सरकारले तोकेको मितिभन्दा एक हप्ता अगाडि अलीले भनेका थिए, 'एउटा गरिब राष्ट्रलाई मार्ने र जलाउने काममा सघाउन म यो १० हजार माइल टाढा पर्ने मेरो घरबाट बाहिर निस्किनेवाला छैन। म विश्वका गाढा छाला भएका जनतामाथि चलिरहेको गोरा दासमालिकको दमनलाई जारी राख्न चाहन्न। यदि यो युद्धले मेरा २ करोड २० लाख जनतालाई स्वतन्त्रता र समानता दिन्छ भने मलाई भर्ती गरे हुन्छ, म भोलि नै भर्ती हुनेछु।'

मोहम्मद अलीले के गर्लान् भनेर सारा जनताको मनमा खुलदुली थियो। सिकागोको भर्ती केन्द्रमा रहेका एक सिपाहीले समाचार सुन्न रेडियो बजाए। अलीले भर्ती हुन अस्वीकार गरेको खबर आयो। यो सुनेर भर्खरै भर्ती भएका एक अश्वेत सिपाही सुस्तरी भुनभुनाए। उनले भने, 'धत्तेरिका, मैले पनि त्यसै गर्नुपर्थ्यो।'

भियतनामी प्रतिरोध कति चर्कियो भने अमेरिका त्यहाँ आफ्नो फौज बढाउन बाध्य भयो। सैनिक भर्ती बढाउनुपर्ने भयो। अमेरिकाले युद्धको विरोध गर्ने र युद्धप्रति सशङ्कित युवाहरूलाई पनि भर्ती गर्नुपर्ने भयो। अमेरिकाका हजारौँ युवा, तिनका साथीसँगी र आफन्तका नजरमा त्यो युद्ध अब सुदूर मुलुकसँगको विचित्र द्वन्द्व होइन, आफ्नै ज्यानका लागि ठाडो खतरा बन्न पुग्यो। साँझपख टीभीको पर्दामा देखाइने युद्धका दृश्य हेरिरहेका अमेरिकीहरू झन्झन् आत्तिन थाले।

सन् १९५०–५३ को कोरिया युद्धतिरबाट अमेरिकी शासकहरूले एउटा पाठ राम्रै बुझ्न थाले। उनीहरूले फासीवाद जस्तो विपद्ले खतरामा परेका नागरिकहरूको 'नागरिक सेना' र तत्कालै खतरा ननिम्तिने 'साम्यवाद' जस्तो अमूर्त शत्रुको पछाडि लागेका जनता अथवा आफ्नो मुक्तिका निम्ति लडिरहेका उत्पीडित जनताबिचको भिन्नता देख्दै गए। अनिवार्य भर्ती सुरु भएपछि युद्धविरोधी जनप्रदर्शनमा उत्रेका मानिसहरूले आफ्नो विरोध झन् चर्काउन थाले।

मैले अमेरिकी सेनामा दुई वर्ष (सन् १९६७–१९६८) बिताएँ। त्यसबिच म अमेरिकामै तैनाथ रहेँ। युद्ध गलत हो भनी सहयोद्धा सिपाहीहरूलाई मनाउनु त्यसबेला चुनौतीको काम थिएन। बरु हामीले युद्धको विरोधमा के गर्न सकिन्छ भनी सिपाहीलाई केही गर्न भन्यौँ। यसै बेला देशभित्र र बाहिर रहेका सबै अमेरिकी सैन्य छाउनीहरूमा वितरण हुने गरी युद्धविरोधी पत्रिका 'समाचारपत्र' (वास्तवमा खबरपत्र) प्रकाशित भयो।

न्युजर्सीमा रहेको फोर्ट डिक्समा हामीले आफ्नो अन्तिम अस्त्र प्रयोग गर्‍यौँ। त्यो छाउनीमा पैदल सिपाहीलाई तालिम दिने गरिन्थ्यो। त्यसलाई फौजमा सेनाको 'अन्तिम अस्त्र' भन्ने चलन थियो। सन् १९७० को दशक भर्खरै सुरु हुँदै थियो। 'विद्यार्थी परिचालन समिति' युद्धविरोधी सङ्गठनमध्ये सबैभन्दा सचेत र जुझारु थियो। त्यस समितिले एउटा

'जीआइ प्रेस सेवा' चलायो। विभिन्न युद्धविरोधी सैन्य सामग्री प्रकाशित भइरहेको बेला त्यो 'सेवा' ले महत्त्वपूर्ण सूचना, सन्देश र सहकार्यको खबर दिन्थ्यो। पछिपछि त्यसप्रकारका सयौँ प्रकाशन छापिन थाले।

कर्मचारीतन्त्रको माथिल्लो तहले दमनकारी नीति लिएपछि अमेरिकी सेनामा युद्धविरोधी गतिविधि झन् फैलिँदै गयो। आफ्नो कमान्डमुनि 'विध्वंसक' गतिविधि बढेको थाहा पाए बटालिन कमान्डरले त्यसलाई आफ्नो बढुवाको लागि खतरा ठान्थ्यो र त्यस्ता गतिविधि गर्ने 'अगुवा' लाई भरसक टाढाका छाउनीमा सरुवा गर्थ्यो। सरुवामा पर्नेहरूले युद्धविरोधी गतिविधि फैलाउन झन् ठुलो मौका पाए। त्यसबेलाको परिस्थितिबारे कर्नेल रोबर्ट हाइन्लले १९७१ जून ७ को दिन 'सशस्त्र बल जर्नल' मा लेखे, 'अमेरिकी सशस्त्र बलको मनोबल, अनुशासन र युद्धतत्परता केही अपवादलाई छोडेर यो शताब्दी र सम्भवतः अमेरिकी इतिहासकै न्यूनतम एवम् खराब अवस्थामा छ। प्रत्येक सूचकाङ्कले भियतनाममा रहेको हाम्रो सेना पतनको सङ्घारमा पुगेको देखाउँछ। सैन्य टुकडीहरूले लड्न अस्वीकार गर्दै छन्; कतिपय लडाइँ टार्दै छन्; कतिपयले आफ्ना उच्च अफिसरको हत्या गर्दै छन्; कतिपय लागुपदार्थ सेवन गर्दै छन्। कतिपय सैन्य टुकडी झन्डै विद्रोह गर्ने स्थितिमा पुगेका छन्। अरू ठाउँमा भन्दा भियतनाममा स्थिति अत्यन्त नाजुक छ।'

छोटकरीमा अमेरिकी शासकहरू भियतनाममा रहेका सैन्य दस्तामा मात्र होइन, युद्धले आफ्नो समग्र सशस्त्र सेनामा पारेको असरले गर्दा आत्तिएका थिए। राष्ट्रपति निक्सनले युद्धलाई 'भियतनामीकरण गर्ने' कार्यक्रममार्फत स्थिति सुधार्न खोजे। अमेरिकी फौजलाई भियतनामबाट फिर्ता बोलाउँदै त्यहाँ पर्याप्त हतियार र खर्च दिएर कठपुतली 'भियतनाम गणतन्त्र' को स्थापना गर्ने र त्यसले अमेरिकाको पक्षमा लडाइँ जारी राख्ने उनको सोच थियो। युद्धलाई 'भियतनामीकरण' गर्ने कार्यक्रमको वास्तविक अर्थ यही थियो।

अमेरिकी कोणबाट हेर्दा यति आशा गर्नु पनि लाचारी नै थियो। सन् १९७३ मा अमेरिकी थलसेनाले भियतनामी भूमि छोड्न थालेपछि यो सत्य झन् स्पष्ट हुँदै गयो। सन् १९७५ को सुरुतिर मुक्तिसेनाले निर्णायक आक्रमण थाल्यो। अमेरिकाको 'आरभिएन' सेना छिन्नभिन्न भयो।

भियतनामी विजयको प्रभाव हामीले बिर्सेका छैनौँ। आज पनि पुँजीवादी शासकहरू त्यो पराजयको प्रभावबाट उम्किने प्रयास गर्दै छन्। अमेरिकामा यो प्रभावलाई 'भियतनाम सिन्ड्रोम' भनिन्छ, मानौँ त्यो कुनै दूर्भाग्यपूर्ण रोग थियो। वास्तवमा आफ्ना शासकहरूले एउटा प्रमुख सैन्य द्वन्द्वबारे निर्लज्जतापूर्वक झुटो बोलेका रहेछन् भनी अमेरिकाका बहुमत जनताले बुझेको त्यो एउटा कटु यथार्थ थियो। त्यसले गर्दा पछिपछि अमेरिकी जनताले आफ्नो सरकारले गर्ने सैन्य कारबाहीलाई शङ्काको आँखाले हेर्न थाले।

त्यसयता अमेरिकी शासकले नयाँ नीति नै बनाए। कतै सैन्य आक्रमण गर्दा बहुमत जनताले चनाखो भएर कान ठाडो पार्नुभन्दा अगाडि नै भरसक टुङ्ग्याइहाल्ने नीति लिइयो। विश्वभरि नै सैन्य हस्तक्षेप गर्ने क्षमता पुनःस्थापित गर्न अमेरिकी शासकहरूले अनिवार्य भर्ती हटाउनुपर्ने र आफ्नो सेनालाई 'स्वयंसेवक' सेनाको रूपमा पुनः गठन गर्नुपर्ने देखे। यसको अर्थ मूलतः गरिब र उत्पीडित अल्पसङ्ख्यक जातिका युवालाई 'स्वतःस्फूर्त भर्ती हुन' सामाजिक र आर्थिक दबाबमा पार्ने नीति लिइयो।

अनिवार्य भर्ती खारेज गर्नु अमेरिकी साम्राज्यवादको इतिहासमा एउटा ठुलो धक्का थियो। आज आधा शताब्दीपछि पनि अमेरिकी शासकहरू अनिवार्य भर्तीको नीति पुनः लागु गर्ने बाटो खोज्दै छन्।

भियतनामबाट शासकहरूले अर्को पनि पाठ सिके। गाजा र पश्चिम किनारमा इजरायलले चलाइरहेको जातिसंहारक युद्धविरुद्ध प्यालेस्टिनी जनताको पक्षमा विश्वव्यापी ऐक्यबद्धताको लहर उर्लियो। यो देखेर अमेरिकी सरकार जुन हर्कतमा उत्रियो त्यो हेर्दा शासकहरूले भियतनामबाट पाठ सिकेको प्रस्ट हुन्छ। विश्वविद्यालयहरूमा धर्ना कसेर विद्यार्थीहरूले आन्दोलन चलाएपछि सरकार तुरुन्तै चरम दमनमा उत्रियो। दमनको शैली हेर्दा शासकहरू भियतनाम युद्धको बेला जस्तै विरोधको स्वर चर्किने र फैलिने डरले अत्तालिएको साबित हुन्छ। यही डरले गर्दा सरकार वाक् स्वतन्त्रतालाई दबाउने र प्रदर्शनकारीहरूमाथि सनकपूर्ण आक्रमण गर्ने प्रयासमा देखिन्छ। जसरी साम्राज्यवादी प्रचारमाध्यमले भियतनाम युद्धलाई सही ठहऱ्याउन 'साम्यवाद' लाई सरापेका थिए आज यहुदीवादी जातिसंहारका पक्षपोषकहरू विरोधमा उत्रिने प्रत्येक स्वरलाई 'यहुदीविरोधी' भनी गाली गर्दै छन्।

न्यायको पक्ष लिनेहरूले पनि भियतनामी विजयबाट शिक्षा लिएका छन्। त्यसकारण पनि आज प्यालेस्टिनको पक्षमा यति ठुलो जनउभार उठ्न सकेको हो। आन्दोलनकारीहरूले प्यालेस्टिनको पक्षमा सुरुमा विश्वविद्यालयहरूमा धर्ना कसेपछि ठुला र अझ मुखर जुलुस तथा प्रदर्शन हुँदै बढीभन्दा बढी जनतासम्म पुग्ने नीति लिए। भियतनाम युद्धबारे थोरै वा केही पनि थाहा नपाएका असङ्ख्य शोषित–उत्पीडित जनता विश्वभरि छरिएका छन्। तर, साम्राज्यवाद अजेय छैन र दृढ सङ्घर्षबाट त्यसलाई पराजित गर्न सकिन्छ भनी तिनले बुझिसकेका छन्। 'नलडे हारिन्छ' भनी युद्धविरोधी जनताले बुझिसकेका छन्।

(स्रोत : एमआर अनलाइन। सम्यक)

(श्रमिक साप्ताहिक, २०८२।१।२० बाट)

# भियतनाम युद्ध सम्झँदा



स्कट कामिल

यो साता भियतनाम र त्यहाँका जनताविरुद्ध अमेरिकाले युद्ध हारेको ५० औँ वार्षिकोत्सव मनाइँदै छ । अमेरिकीहरू त्यसलाई भियतनाम युद्ध भन्छन् । खासमा त्यसलाई अमेरिकी युद्ध भन्नुपर्ने थियो ।

मेरो मात्र होइन, मेरो पुस्ता र सारा भियतनामीको जीवनमा यो युद्धले ठूलो छाप पार्‍यो ।

म सन् १९५० र १९६० को दशकमा हुर्केको हुँ । शीतयुद्धको बेला थियो । कम्युनिस्टविरोधी हौवामा हामी घाँटीघाँटी डुबेका थियौँ । साँच्चै भन्ने हो भने मलाई कम्युनिस्टको अर्थ समेत थाहा थिएन । यति थाहा थियो – तिनीहरू दुष्ट हुन्छन् र हामी तिनीहरूबाट डराउनुपर्छ । कम्युनिस्टहरू मेरो देशमा घुस्नुभन्दा अगाडि नै तिनलाई मार्नु गलत होइन भन्ने सोचिन्थ्यो ।

हामीलाई हामी विश्वकै सर्वश्रेष्ठ देशमा बस्छौँ भन्ने सिकाइयो । पुरुष हुनाले स्वदेशी सेनामा सेवा गर्नुपर्छ भनेर सानैबाट हाम्रो दिमागमा भरियो । हाइस्कुल पढेपछि सेनामा भर्ती हुनुपर्छ भन्ने मलाई थाहा थियो ।

त्यही बेला सरकारले नयाँ भर्ती खुलायो । भर्ती गर्ने गल्लावालहरू हाम्रो स्कुलमा पनि आए । तिनका कुरा सुन्न ठूलो कक्षाका दाइहरू जिम्नासियम हलमा गए ।

तिनीहरूले हामीमध्ये धेरैलाई छिट्टै सेनामा भर्ती गर्ने र हाइस्कुल सकिनेबित्तिकै भियतनाम पठाउने कुरा गरे । अहिले नै 'विलम्ब भर्ती कार्यक्रम' को फारम भरे हामीले अझ बढी सहुलियत पाउने जानकारी पनि दिए ।

बढी सहुलियत सुन्नेबित्तिकै म खुसी भएँ । त्यसैले मैले अमेरिकी सेनाको मरिन कोर (युएसएमसी) को फारम भरेँ । हाइस्कुल पास भएको तीन दिनपछि मरिनको तालिम लिन मलाई पारिस टापुको सिकारु शिविर लगियो ।

तालिम एकदम कडा थियो । जिन्दगीमा त्यस्तो कठोर अनुभव कहिल्यै गरेको थिइन । तालिमको उद्देश्य नै हामीभित्रको नागरिकभावलाई उखेलेर लाहुरे भावना घुसाउनु थियो । फेरि कडा तालिम नलिई युद्धको कहर कसरी थेग्ने ?

हर रात हामी देउता पुकार्थ्यौँ – 'अर्को दिन बित्यो प्रभू । हर दिन बिदा, हर दिन मेला । युद्धलाई बन्दना, युद्धलाई प्रार्थना । मरिन कोरलाई आशिष दिनुस् प्रभु, प्रशिक्षकलाई आशीर्वाद दिनुस् । युद्धलाई बन्दना, युद्धलाई प्रार्थना ।'

त्यो सिकारु तालिमपछि पैदल सेनाको तालिम लिन म नर्थ क्यारोलिना राज्यमा पर्ने क्याम्प जिगर गएँ । त्यसपछि म क्याम्प लेजुएन गएँ । त्यहाँ मैले '(भियत)नाम' जान स्वयंसेवकको काम गरेँ । तालिमको क्रममा हामीलाई मरिनको मूल उद्देश्य सिकाइयो । मरिनको उद्देश्य 'अमेरिकी हुकुमको प्रतिकार गर्ने शत्रुको मनोबल धुजाधुजा पार्नु हो' भनियो ।

जति निर्मम भएर तिनलाई नष्ट गरिन्छ त्यति चर्को तिनले मूल्य चुकाएको हुन्छ । भाग्ने ठाउँ दिनुहुन्न – यही भनिन्थ्यो ।

त्यसपछि म क्यालिफोर्निया राज्यको क्याम्प पेन्डल्टन गएँ । त्यहाँ मैले गुरिल्ला युद्धकला, पर्वतारोहण, विभिन्न अस्त्रशस्त्र, बमबारुद, भाग्ने र छल्ने कला, प्राथमिक उपचार, चालबाजी र कठोर शारीरिक तालिम लिएँ । त्यस्तै तालिम लिन हामी जापानको ओकिनावा गयौँ ।

यो तालिमको बेला हामीलाई भियतनामीहरूलाई मान्छेको रूपमा नहेर्न तयार गरियो । तिनलाई चिम्से, सिलौटो–मुन्टे, तेर्सा–आँखे र कम्मिज (कम्युनिस्ट) भन्ने चलन थियो । त्यो बेला मलाई यो जातिवादी बोली हो भन्ने थाहा थिएन ।

युद्धको तयारी नै त्यस्तो हुन्छ । तपाईँ आफ्ना शत्रुलाई समानुभूतिका आँखाले हेर्न चाहनुहुन्न । तिनलाई भेट्दा तुरुन्तै मार हान्नुपर्ने हुन्छ । समानुभूति राखे त्यसो गर्न सकिन्न ।

चाखलाग्दो कुरा के भने हामीलाई भियतनामी भाषा र संस्कृतिको तालिम नै दिइएन ।

सन् १९६६ मार्च २४ को दिन म भियतनाम पुगेँ । मरिन कोरका लडाकुहरू अघिल्लो वर्ष सेप्टेम्बरमै त्यहाँ पुगेका थिए । भियतकङहरूलाई दनादन मारेर ६ महिनामै घर फर्किन्छौँ – यही थियो मेरो दिमागमा ।

मेरो नयाँ युनिटको नाम अल्फा नर्थ थियो । युनिटमा नयाँ सिपाही हुनाले मलाई पहरेदारको काम दिइयो । सन् १९६६ अप्रिल १८ को रात म पहरेदारी गर्दै थिएँ । अचानक भियतकङहरूले आक्रमण गरे । हामीतिर ८९ सैनिकमध्ये ५ जना मारिए भने २८ जना घाइते भए । तिनले बिछ्याएको बमले हाम्रो अखडा ध्वस्त भयो । तिनीहरूमध्ये ४० जना मरे ।

मरेका मरिन लडाकुहरूलाई लुगाले ढाकिएको थियो। मैले पालैपालो लुगा उठाउँदै तिनको अनुहार हेर्दै गएँ। विलियम टेरी माइनको लास देखेर मलाई भाउन्न भयो। युनिटमा मैले बनाएको पहिलो साथी थियो ऊ। मजस्तै ऊ पनि फ्लोरिडा राज्यको थियो।

त्यो दिन मेरो सोच फेरियो। म र मेरा साथीहरूलाई मार्नु नै यो ठाउँका मान्छेको काम रहेछ भन्ने अनुभूति भयो। मान्छे एकचोटि मरेपछि मऱ्यो–मऱ्यो। नयाँ मौका कसैले पाउन्न। कसैका लागि कोही रोकिन्न।

अब मैले भियतनामीहरूलाई घृणा गर्न थालेँ। तिनीहरूसँग बदला लिने सोच आयो। तिनकाप्रति कुनै सहानुभूति नराख्ने भएँ। मैले तिनीहरू सबैलाई घृणा गरेँ। भेटेजति सबैलाई, धेरैभन्दा धेरैलाई मार्ने भएँ। त्यहाँका आइमाई मेरा नजरमा कम्युनिस्ट जन्माउने कारखाना बने। तिनका केटाकेटी मेरा छोराछोरीका लागि खतरा बने। तिनीहरू सबै घिनलाग्दा मुसा ठहरिए। हामीले सबैलाई सखाप पार्ने भयौँ।

हामी 'टाओर' (जिम्मेवारी क्षेत्र) मा क्रियाशील भयौँ।

एउटा बटालियनमा चार कम्पनी हुन्छन्। हाम्रोमा अल्फा, ब्राभो, चार्ली र डेल्टा थिए। म चार्ली कम्पनीमा फर्वर्ड अब्जर्भर थिएँ। हामी सी–१–१ मा तैनाथ थिएँ। हाम्रो पहिचान थियो – चार्ली कम्पनी, पहिलो बटालियन, पहिलो मरिन। पहिलोको पनि पहिलो थियौँ हामी।

हाम्रो 'टाओर' मा कम्पनी इलाका र बटालियन मुख्यालयहरू थिए। कम्पनी इलाका थिए – हर्सशु, मड फ्ल्याट्स (दाइ लक), आइल्यान्ड र स्यान्ड ड्युन्स। प्रत्येक महिना हामी पालैपालो यी कम्पनीहरूमा घुमिरहन्थ्यौँ। बिचबिचमा हामी बटालियन मुख्यालयमा जान्थ्यौँ।

हाम्रो आधिकारिक रणनीति तीन कुरामा आधारित थिए :

**१.** जसले बढी 'लास गऱ्यो' त्यो उति सफल हुन्थ्यो। एक अमेरिकी बराबर १० जना भियतनामीलाई मारे हामीले जितिन्छ भनेर सिकाइन्थ्यो। हामी जित्न चाहन्थ्यौँ। त्यही भएर सकेसम्म धेरैलाई माऱ्यौँ। हामीले कसैलाई माऱ्यौँ भनेँ 'आज चिम्से खेर गयो' भन्थ्यौँ। हामीमध्ये कोही मारियो भने 'हाम्रो केटो खेर गयो' भन्थ्यौँ। त्यो 'खेर गयो' भन्ने शब्दको अर्थ गहिरो रहेछ। पछि मात्र थाहा भयो।

**२.** हामी 'फ्रि फायर जोन' मा गयौँ। त्यहाँ हामीलाई जसलाई भेट्यो त्यसलाई मार्ने छुट थियो।

**३.** कारबाही गर्ने हाम्रो तरिकालाई 'खोज र मार' भनिन्थ्यो।

सन् १९६७ फेब्रुअरी १८ मा 'अपरेसन स्टोन' चलिरहेको थियो। त्यही बेला म पहिलोपल्ट घाइते भएँ। मड फ्ल्यान्ट्समा बिछ्याएको एउटा धराप (बाउन्सिङ बेट्टी) मा परियो। बमको छिर्का लाग्यो। तर, ज्यानै भने गएन।

अगस्ट १५ को दिन मैले डग डिकर्सनलाई गुमाएँ। न्युजर्सी घर भएको अग्लो, दुब्लो र कालो मरिन डग एकदम असल थियो। त्यसैले चाँडै हामी घनिष्ट साथी बनेका थियौँ। हामी सँगै आइल्यान्ड कम्पनीमा गयौँ। डग केही दिनअघि घाइते भएर आराम गरिरहेको थियो।

२० जनाको टोलीमा हामी एउटा टापुमा गस्ती गयौँ। त्यहाँ हामीमध्ये ९ जना मारिए र ८ जना घाइते भए। हेलिकप्टरहरू त्यहाँ अवतरण गर्न गाह्रो थियो। त्यसैले तिनीहरूले स्ट्रेचरहरू झारे र बोकेरै मान्छे बाहिर निकाल्न भने। हामीसँग पुग्दो सङ्ख्यामा मान्छे थिएनन्। त्यसैले तिनीहरूले हामीलाई सघाउन केही मान्छे झारे। डगले हामीलाई सहायता चाहिएको छ भनेर सुन्यो। आराम गरिरहेको भए पनि उसले सहयोगी हात बढायो र हामीलाई सघायो। हामीलाई सघाउँदा–सघाउँदै ऊ मारियो पनि। त्यो दिन मलाई खपिनसक्नु पीडा भयो।

बटालियनमा एक दिन म खाना खान मेस हलमा गइरहेको थिएँ। पछाडिबाट कसैले बोलायो, 'ए स्कटी।' म सार्जेन्ट कामिल थिएँ। कसैले पनि स्कटी भन्दैनथ्यो। पछिल्तिर हेरेँ। जोन रिचर्ड बेरिओस रहेछ। मेरो विद्यार्थीकालको साथी। हामीले अङ्कमाल गऱ्यौँ। उसलाई देखेर अचम्म परेँ। ऊ पनि मरिनमा भर्ती भएको थाहा थिएन।

जोन मभन्दा कान्छो थियो। एकदम असल थियो। मभन्दा राम्रो अङ्क ल्याउँथ्यो। कहिल्यै स्कुल छोड्थेन। कसैसँग झगडा गर्थेन।

मैले उसका आमाबालाई चिठ्ठी लेखेँ। उसको हेरविचार गर्नेछु, चिन्ता नलिनु भनी लेखेँ।

अगस्त २६ को दिन निसानेबाजले जोनलाई गोली हान्यो। नोभेम्बर २७ मा उसको सास गयो। मन छियाछिया भयो। आफू बाँच्दाको खिन्नता जुनीभरिलाई भयो।

मेरो कार्यावधि सक्कियो। तैपनि मैले त्यसलाई बढाउन भनेँ। सङ्ख्यामा थोरै भए पनि मर्दले कहिले पनि साथीलाई लडाइँमा एक्लो छोड्दैन। सानोमा यही सिकाइएको थियो मलाई। त्यसैले मैले साथीहरूलाई एक्लै छोड्न चाहिन।

सन् १९६७ अक्टोबर १२ को दिन मलाई दोस्रोपल्ट चोट लाग्यो। ग्रिनेडको छर्राले लाग्यो तर ज्यानै भने गएन।

नोभेम्बरमा घर फर्किनुपर्ने थियो। तर, फेरि पनि साथीहरूलाई लडाइँको मैदानमा छोडेर जाँदै छु भन्ने लाग्यो।

मैले माथिल्लो सार्जेन्टसँग समय बढाइदिन भनेँ। सार्जेन्टले भने, 'सार्जेन्ट कामिल, धेरै काम गरिसक्यौ, अब घर जानैपर्छ।' भियतनाम छोड्दा म खुसी पनि भएँ। धेरै लडिसकेको थिएँ। थाहा थियो। तैपनि स्वीकार्ने हिम्मतै भएन।

भियतनामपछि कोरमा बिताउनलाई मसँग जम्मा दुई वर्ष बाँकी थियो। म युरोप र क्यारिबियन देशहरूमा गएँ। आणविक, जैविक र रासायनिक युद्धकलाका प्रशिक्षण केन्द्रमा गएँ। सामान ओसारपसार केन्द्रमा गएँ। विद्रोह नियन्त्रण स्कुलमा गएँ।

सन् १९६९ को जुलाई महिनामा म सेनाबाट निस्कँ। सेप्टेम्बरमा कलेजमा भर्ना भएँ। सन् १९७० को डिसेम्बरमा मैले कानुन विषयमा एमए डिग्री लिएँ। त्यसपछि फ्लोरिडा विश्वविद्यालय गएँ। त्यहाँ सन् १९७१ जनवरीदेखि कक्षा लिन थालेँ।



अभिनेत्री जेन फोन्डा एक युटविरोधी प्रदर्शनमा

जनवरीमा (युद्धविरोधी अभियन्ता) जेन फोन्डा फ्लोरिडा विश्वविद्यालयमा आइन् र एउटा जोडदार भाषण दिइन्। म पनि उनलाई हेर्न गएँ किनभने उनी निकै चर्चित र आकर्षक व्यक्तित्व थिइन्। उनले हामी प्रजातान्त्रिक मुलुकमा बस्छौँ र सत्यसम्म जनताले पहुँच पाए मात्र प्रजातन्त्रले काम गरेको ठहरिन्छ भनिन्। सरकारले भियतनाम युद्धको साँचो प्रकृतिबारे जनतालाई ढाँटिरहेको उनले बताइन्। उनले जनतालाई सत्यतथ्य जानकारी गराउनु भियतनाम युद्ध लडेर आएका देशभक्त भेटरानहरू (पूर्वलडाकु) को कर्तव्य हो भनिन्।

मैले सोचेँ, 'मलाई प्रजातन्त्रमा विश्वास छ। (भियत)नाममा जे भइरहेको छ त्यसबारे तिनीहरू झूट बोल्दै छन् भन्ने पनि थाहा छ। (भियत)नाममा जनताले तिरेको करबाट तिनकै नाउँमा जे गरिँदै छ, त्यसबारे थाहा पाउनु जनताको हक पनि हो।' त्यसैले म अगाडि गएँ र उनीहरूलाई मेरो नाम, ओहोदा, सेवाको विभाग र फोन नम्बर दिएँ।

केही दिनपछि मलाई माइकल टि ओलिभरले फोन गरे। मलाई डेट्रोइटबाट 'हिउँदे सैनिक छानबिन' मा बोलाइएको थियो। त्यहाँ भियतनाममा भएका युद्ध अपराधबारे बयान लिन पूर्व सैनिकलाई बोलाइन्थ्यो।

मलाई बोलाउँदा मेरो भियतनाम अनुभवबारे उनीहरूलाई अत्तोपत्तो थिएन।

'हिउँदे सैनिक' मा बोल्दै जाँदा मलाई युद्धको कुरूपता महसुस भयो।

त्यसबेलासम्म म युद्धविरोधी आन्दोलनलाई घृणाले हेर्थेँ। भियतनाममै छँदा मैले जलसेनाले छाप्ने 'समुद्री बाघ' पत्रिकामा एउटा खबर पढेको थिएँ। त्यसमा (प्रसिद्ध गायिका) जाओन बायज र उनका साथीहरूले कन्सर्ट आयोजना गरेर रगत जम्मा गर्दै क्यानडाको बाटो उत्तर भियतनाम पठाइरहेको लेखिएको थियो। अमेरिकी रगत चढाएका 'कम्मिज' को हातबाट मारिन सक्छु भन्ने सोचले मात्र पनि म आगो भएको थिएँ।

कलेज पढ्न थालेपछि पनि मैले मरिन कोरको गर्मीमा लगाउने सर्ट लगाइरहेँ। म आन्दोलनकारीहरूलाई जिस्काउँथे र तिनीहरूसँग लड्न तम्सिन्थेँ।

'हिउँदे सैनिक छानबिन' को अन्त्यमा माइक ओलिभरले सम्पूर्ण पूर्वलडाकूहरूको भेला बोलाए। भेलामा उनले भने, 'लौ यसलाई अब के गर्ने त ?' हामीले भियतनाम भेटरानहरूको एउटा देशव्यापी युद्धविरोधी सङ्गठन बनाउने निर्णय गर्‍यौँ। हामीले अमेरिकालाई २८ क्षेत्रमा बाँड्यौँ। म फ्लोरिडा, अलाबामा र जर्जियाको क्षेत्रीय संयोजक बनेँ।

'युद्धविरुद्ध भियतनाम भेटरानहरू' को लक्ष्यको खेस्रा गर्न हामीले धेरै मिहिनेत गर्‍यौँ। आज पनि त्यो दस्तावेज सन् १९७१ मा जत्तिकै मूल्यवान र सान्दर्भिक छ।

'प्लेबोय' पत्रिकाले हाम्रो सङ्गठनबारे बिना पैसा एक पेज विज्ञापन छाप्यो। त्यसपछि हाम्रो सदस्य सङ्ख्या रातारात बढ्यो।

मैले युद्धविरोधी जुलुस निकाल्न थालेँ। हामी आफ्नो विचार प्रचार गर्न कक्षा पनि चलाउँथ्यौँ। एकाएक सरकारले मलाई पक्राउ गर्‍यो। त्यसको ६ महिनाभित्र म पटकपटक पक्राउ परिरहेँ। अन्त्यमा मलाई मृत्युदण्ड सहित १२० वर्षको कैद सजाय सुनाइयो। खासमा त्यो हामीलाई घुँडा टेकाउने र हाम्रा युद्धविरोधी गतिविधि बन्द गराउने सरकारी दाउ थियो।

पूर्वलडाकुहरूलाई अँठ्याउने त्यो चालले काम गरेन। उल्टो सरकारको करकापले हामी अझ बलियो भयौँ। युद्धको

विरोध गर्दागर्दै पनि लडाइँ चालु रह्यो। यस्तो कुराले विरोध जारी राख्ने जोशजाँगर आउँदैन। तर, लगातार पक्राउ परिरहँदा जोशजाँगर त्यहींबाट आयो। मैले सोचें – तिनीहरू हाम्रो मुख थुन्न चाहन्छन्, यसको अर्थ हामी सही बाटोमा हिँडिरहेका छौँ।

सन् १९७५ मा युद्ध टुङ्गियो। युद्धमा ५८,२२० अमेरिकी मरे र ३,०४,००० घाइते भए। भियतनामी आँकडाअनुसार ३० लाख भियतनामी मरे।

सरकारी गुप्तचरहरूले मेरो ढाडमा गोली हाने। युद्ध टुङ्गिएपछि मेरो जीवन कम विवादित बन्न थाल्यो। (सरकारका गुप्तचर प्रमुख जे एड्गर हुभरले म 'तटस्थ बन्नाले' अमेरिकाको राष्ट्रिय सुरक्षामा खतरा उत्पन्न भएको स्मरणपत्र बुझाएका रहेछन्।) गोली लागे पनि म बाँचें र अझ पनि जुझारु देखिन्छु।

अमेरिकी संविधानको रक्षा गरिरहेको विश्वासले म भियतनाममा दुईपल्ट घाइते भएँ। त्यसपछि 'संवैधानिक हकअधिकार पालन' गर्दै म घर फर्कें। यसको पुरस्कारमा म पुनः रगतपच्छे भएँ।

सन् १९९० मा मैले भियतनाम भ्रमण गर्ने मौका पाएँ। पहिले लडाइँ गरेका ठाउँहरू घुमें। म दाइ लक पुगें। त्यही म पहिलोपल्ट घाइते भएको थिएँ। दाइ लकमा अपरेसन स्टोनमा मारिएका २९२ जनाको नाममा एउटा स्मारक छ।

ती २९२ मानिसलाई मार्नेहरूमध्ये म पनि एक थिएँ भन्ने कुरा त्यहाँका जनतालाई थाहा थियो। तैपनि उनीहरूले मलाई घृणा वा शत्रुता भावले हेरेनन्। कुनै नकारात्मक कुरा भनेनन्। मसँग पुरानो साथीजस्तै व्यवहार गरियो। भियतनामी संस्कृति हाम्रोभन्दा एकदम फरक छ। प्रत्येक चिहानमा तीन अगरबत्ती बालेर घुँडा र हात टेकाई झुकेर मैले पूरा एक दिन बिताएँ। त्यसपछि म एक भियतनामीसँग पूल खेल्नतिर लागें। कुनै बेला तिनीहरूको त्यो गाउँ 'फ्रि फायर जोन' थियो।

म भन्छु – भियतनामका धानखेतहरूमा मैले द्वन्द्व–समाधानको सीप सिकें। तिनीहरूलाई भुलाउन मैले कडा मिहिनेत गरें। आजको मेरो व्यक्तित्व त्यही जगमा बनेको हो। म जस्तो व्यक्ति बनेको छु, यो मलाई मन पर्छ। तर, आफ्ना जहानपरिवार, घरखेत र जीवनवृत्तिलाई म जस्ता विदेशी आक्रान्ताहरूबाट जोगाउन खोजिरहेका मान्छेलाई मारेर मेरो आत्मविश्वास बढेको हो भनी सम्झिल्याउँदा आज पनि नमिठो लाग्छ।

(लेखक 'युद्धविरुद्ध भियतनाम भेटरानहरू' का सदस्य हुन्। उनले भियतनाममा अमेरिकाले गरेका युद्धअपराधबारे सन् १९७१ मा राखिएको 'हिउँदे सैनिक' सुनुवाइमा बयान दिएका थिए। भियतनाम युद्धपछि उनी शान्ति आन्दोलनमा सक्रिय भए। अहिले उनी फ्लोरिडामा बस्छन्।)

स्रोत : कोभर्ट एक्सन। सम्यक

(श्रमिक साप्ताहिक, २०८२।१।२३ बाट)

(संरा अमेरिकाले भियतनाम, कम्बोडिया र लाओस (हिन्द–चीन) मा १९५५ नोभेम्बर १ देखि बर्बर युद्ध थोपरेको थियो र १९७५ अप्रिल ३० मा अन्त्य गरेको थियो।)

## चीनका प्राचीन नीतिकथा

### nf]esf] ;Ldf

वाङ नाम गरेकी एक जना बूढी महिला रक्सी भट्टी चलाएर गुजारा गर्थी। एक जना ताओ धर्मका अनुयायी बेलाबेलामा उसको भट्टीमा रक्सी खान आउँथ्यो। तर उसले रक्सी खाएको पैसा तिर्दैनथ्यो। तैपनि बूढी महिलाले उसलाई केही पनि भन्दैनथी।

एक दिन त्यो ताओ अनुयायीले भन्यो, 'मैले तिम्रो भट्टीमा धेरै रक्सी खाइसकें। तिमीले कहिल्यै पैसा मागिनौ। तिम्रो गुन तिर्न अब म तिम्रो लागि एउटा इनार खनिदिन्छु।' इनार खनेर त्यो मानिस गयो।

इनारबाट पानीको सट्टा मिठो रक्सी निस्कन थाल्यो। बूढी महिलाले इनारबाट निकालेको रक्सी बेच्न थाली। तीन वर्षम्म रक्सी बेचेर उसले धेरै पैसा कमाई।

एक दिन ताओ अनुयायी फेरि आइपुग्यो। उसले बूढीसँग सोध्यो, 'इनारबाट निस्केको रक्सी बेस छ कि छैन ?'

बूढीले जवाफ दिई, 'रक्सी त साह्रै राम्रो छ। तर इनारबाट रक्सीको कट निस्कन्न। कट नभएर सुँगुर पाल्न गाह्रो भइरहेछ।'

उसको कुरा सुनेर ताओ अनुयायी मुसुक्क हाँस्यो। उसले भट्टीको भित्तामा यो श्लोक लेख्यो :

*आकाशको बरु सीमा होला तर लोभको सीमा छैन।*

*रक्सीको छेलोखेलो छ तैपनि कट नभएकोमा गुनासो छ !*

यो लेखेर ताओ अनुयायी हरायो। त्यस दिनदेखि इनारबाट रक्सी निस्कन छाड्यो।

अनुवाद: विनय कसजू

# क्युबाविरुद्ध अमेरिकी नाकाबन्दी



एडम केन्डल

क्युबाविरुद्ध अमेरिकाले नाकाबन्दी लगाउनु शीतयुद्धको अवशेष हो भन्ने धेरै क्यानडावासीको सोचाइ छ। कसैले त्यसलाई सोभियत युगको उपज र अमेरिकामा ओबामा राष्ट्रपति छँदा त्यसलाई खुकुलो पारिएको विश्वास गर्छन्। यो बुझाइ गलत छ। यो बुझाइले अमेरिकी साम्राज्यवादलाई निर्बाध अघि बढ्ने बाटो बनाइदिन्छ; आधुनिक इतिहासमा भएका युद्धहरूमध्ये एक अति लामो र अमानवीय आर्थिक युद्धको यथार्थलाई ढाकछोप गर्ने काम गर्छ। वास्तवमा अमेरिकाले आज पनि जोडबल लगाएर नाकाबन्दी जारी राखेको छ। ट्रम्पको सरकार क्युबाविरुद्ध झनै आक्रमक भएर लागेको छ। उसले क्युबाली जनताको घाँटी नै थिच्ने गरी नाकाबन्दीलाई कसिलो पारेको छ।

## साम्राज्यवादी आत्रामकताको उदय

सन् १९५९ मा क्युबाली क्रान्तिले अमेरिकाको आडमा चलिरहेको दशकौं लामो शोषणको अन्त्य गऱ्यो। क्रान्तिकारी सरकार क्युबालाई साम्राज्यवादी जञ्जालबाट मुक्त पार्ने र समाजवादको स्थापना गर्ने उद्देश्यमा प्रतिबद्ध रह्यो। यसकारण, लगत्तै अमेरिका क्युबाप्रति आक्रामक भयो। सन् १९६० मा क्युबाली जनतालाई भोकभोकै पारेर घुँडा टेकाउने र सत्ता उल्ट्याउने लक्ष्यका साथ अमेरिकाले क्युबाविरुद्ध आर्थिक नाकाबन्दी लगायो। नाकाबन्दी लगाउनको लागि अलग्गै कानुन पनि बनाइयो। सन् १९६२ मा क्युबाली व्यापार ऐन र सन् १९९६ मा हेल्म्स-बर्टन ऐन आयो। यसरी कानुन बनाएरै अमेरिकी नीतिलाई स्थायी रूप दिइयो। आजसम्म पनि यिनै कानुनले काम गर्दै छन्।

नाकाबन्दीको उद्देश्य क्युबालाई दण्ड दिनुमात्र थिएन। नाकाबन्दीले सारा संसारलाई एउटा सन्देश दियो – अमेरिकी प्रभुत्वलाई चुनौती दिनेहरूले यस्तै एक्लोपन, आर्थिक विनाश र हिंसाको धम्की खेप्नुपर्नेछ। अमेरिकी साम्राज्यवादको सक्कली विरासत यही हो – अरू देशको सार्वभौमिकता र आफूखुसी निर्णय गर्ने हकलाई अचानोमा राखेर भए पनि पुँजीपतिको रक्षा गर।

## नाकाबन्दी अन्त्यको मिथक

खासगरी ओबामाले क्युबासँग कूटनीतिक आदानप्रदान सुरू गरेपछि नाकाबन्दी अब उस्तो रहेन भन्ने सोझो बुझाइ छ। तर, उनले कूटनीतिक सम्बन्ध सुरू गरे पनि त्यसले नाकाबन्दी बन्द गर्न सकेन; खालि केही प्रतिबन्ध खुकुला भए। सीमित आवतजावत, रेमिट्यान्स र केही व्यापारका लागि अनुमति दिइयो। नाकाबन्दीको मूल मर्म अर्थात् वित्तीय र व्यापार प्रतिबन्धहरू ज्युका त्युँ रहे। अमेरिकी राष्ट्रपतिसँग नाकाबन्दी उल्ट्याउने अधिकार छैन। त्यो अधिकार केवल अमेरिकी संसद्सँग छ। ओबामाले क्युबालाई 'राज्यप्रायोजित आतङ्कवाद' को सूचीबाट हटाए।

ओबामाले एक पाइला चालेकै हुन्। तर, त्यसको मूल उद्देश्य अमेरिकी व्यापारीहरूका लागि क्युबाको ढोका खोल्नु र क्युबाली सरकारमाथिको दबाब पनि जारी राख्नु थियो। नाकाबन्दी जारी रह्यो। क्युबामा अन्न, औषधि र अत्यावश्यक प्रविधिको अभाव भइरह्यो। तर, जमेको सम्बन्धको हिउँ थोरै पग्लियो। यसैलाई क्युबा सरकार र बाँकी विश्वले स्वागत गऱ्यो।

## ट्रम्पले चर्काए साम्राज्यवादी आत्रामकता

ट्रम्पको कार्यकालमा नाकाबन्दी कायम रहेको मात्र होइन, थप चर्कियो। ओबामाले दिएका सीमित सहुलियत पनि ट्रम्पले फिर्ता लिए र थप कडा प्रतिबन्ध थोपरे। यीमध्ये एउटा महत्त्वपूर्ण निर्णय थियो – सन् २०२० मा पुनः क्युबालाई 'राज्यप्रायोजित आतङ्कवाद' को सूचीमा राख्नु। यसपछि क्युबा झन् एक्लिन पुग्यो। यो आरोपको कुनै वैधानिक आधार छैन। तैपनि, क्युबामाथिको आर्थिक पकड कसिलो पार्न र ल्याटिन अमेरिकामाथि अमेरिकाको नियन्त्रण अझ विस्तार गर्न यो बिल्लालाई राजनीतिक साधन बनाइयो।

'राज्यप्रायोजित आतङ्कवाद' को बिल्ला लागेपछि विदेशी वित्तीय प्रणालीसम्मको क्युबाको पहुँच दुरुह बन्न पुग्यो। विश्वव्यापी सङ्घसंस्थालाई क्युबाली निकायसँग सम्बन्ध नराख्न कडिकडाउ गरियो। क्युबासँग व्यापार गर्ने कम्पनी होस् वा देश अमेरिकी प्रतिबन्धको कोपभाजनमा पर्नुपर्ने भयो। यसले गर्दा क्युबा विश्व अर्थतन्त्रबाट एक्लिन पुग्यो। 'राज्यप्रायोजित आतङ्कवाद' को बिल्ला लागेपछि अन्तर्राष्ट्रिय ऋण बजारमा सहभागी हुने, विदेशी लगानी प्राप्त गर्ने वा अमेरिकी डलरमा कारोबार गर्ने क्युबाको क्षमता खुम्चिन पुग्यो।

नाकाबन्दीको अर्को घातक पक्ष १० प्रतिशतभन्दा बढी अमेरिकी सामग्री प्रयोग गरेर विश्वका जुनसुकै देशमा उत्पादन

गरिएका वस्तुमाथिको पूर्ण प्रतिबन्ध हो। यसले गर्दा उन्नत प्रविधि, उपकरणका साथै स्वास्थ्य, कृषि, ऊर्जा, उपभोग्य सामान र तयारी वस्तुमाथिको क्युबाको पहुँच असम्भव प्राय: बनेको छ।

## नाकाबन्दीको मानवीय क्षति

नाकाबन्दीका कारण मान्छेले ठुलो मूल्य चुकाउनु परेको छ। स्वास्थ्यसेवा, शिक्षा, सामाजिक सेवा र अन्य क्षेत्रमा क्युबाले हासिल गरेको ठुलाठुला उपलब्धिलाई आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि गर्नुपर्ने दैनिक सङ्घर्षले छायाँमा पारेको छ। नाकाबन्दीले क्युबालाई एक सार्वभौम मुलुकको रूपमा काम गर्नका निम्ति चाहिने संसाधनबाट वञ्चित गरेको छ। त्यही भएर अन्न, औषधि र अत्यावश्यक सामानको बरोबर अभाव हुन्छ।

क्युबाको विश्वविख्यात स्वास्थ्य प्रणालीमा नवप्रवर्तन हुँदाहुँदै पनि यसले नाकाबन्दीको चर्को मार खेप्नुपरेको छ। कोभिड-१९ को आफ्नै खोप विकास गरेको क्युबाली स्वास्थ्य प्रणालीले अति आवश्यक मेडिकल सामग्री र प्रविधिमा पहुँच नपाउँदा उल्लेख्य चुनौती भोग्दै छ। जनतालाई दिन चाहेको स्तरको स्वास्थ्य सेवा दिन क्युबालाई हम्मेहम्मे पर्दै छ।

नाकाबन्दीको असर अर्थतन्त्रको परिधिभन्दा पर फैलेको छ। नाकाबन्दीले सामाजिक र मनोवैज्ञानिक जटिलता पनि थपिएका छन्। स्वतन्त्र रूपमा बाँच्ने र काम गर्ने क्युबाली जनताको क्षमता सीमित हुँदै छ। यति हुँदाहुँदै पनि क्युबा सतिसालझैँ उभिएको छ। क्रान्तिका सिद्धान्तहरूमा जरा गाडेर उभिएको छ।

## क्युबाली क्रान्तिका सफलताहरू

नाकाबन्दी जति नै विकराल भए पनि क्युबाले स्वास्थ्य सेवा, शिक्षा र आवासको क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको छ। सामाजिक न्यायप्रति क्रान्तिकारी सरकारको प्रतिबद्धताले यी मानवीय विजय सम्भव भएका हुन्। यी उपलब्धि क्युबाली जनताको प्रतिरोधी भावनाका प्रमाण हुन्।

**१. स्वास्थ्यसेवा :** क्युबाले सबैको पहुँचमा पुग्ने गरी स्वास्थ्य प्रणाली निर्माण गरेको छ। नाकाबन्दीले जति नै बारबन्देज लगाए पनि यसलाई अझै विश्वको उत्कृष्ट स्वास्थ्यसेवा भन्ने गरिन्छ। क्युबाको सरदर आयु विकसित देशको स्तरमा छ। क्युबाले खाँचो परेका देशमा लगातार डाक्टर र स्वास्थ्यकर्मी पठाउँदै आएको छ। क्युबाले ल्याटिन अमेरिकाको पहिलो घरेलु कोभिड-१९ को खोप विकास गर्‍यो। यसलाई क्युबामा मात्र नभई सहयोगको आसमा रहेका अन्य देशमा पनि वितरण गरियो।

**२. शिक्षा :** क्युबाली क्रान्तिले देशको शिक्षा व्यवस्थामा कायापलट गर्‍यो। शिक्षालाई नि:शुल्क बनाउनुका साथै सबैको पहुँचमा पुर्‍यायो। साक्षरताको हिसाबले क्युबा संसारमै अब्बल देशहरूमा पर्छ। क्युबाली शिक्षाले आलोचनात्मक सोच, विज्ञान र प्रविधिमा जोड दिन्छ। क्युबाले अन्य देशका विद्यार्थीलाई छात्रवृत्ति दिने नीति स्थापित गरेको छ। यसमा खासगरी दक्षिणी गोलार्द्धका गरिब देशका विद्यार्थीलाई विशेष प्राथमिकता दिइन्छ। पहुँच नपुग्ने विश्वका धेरै विद्यार्थीलाई क्युबाले गुणस्तरीय शिक्षा दिएको छ।

**३. आवास :** क्रान्तिपछि क्युबाले आवास व्यवस्थामा उल्लेख्य सुधार गर्‍यो। क्रान्तिअघि आवास व्यवस्थामा ठुलो असमानता थियो। क्रान्तिले त्यो असमानता हटायो। आज क्युबाले आफ्ना प्रत्येक नागरिकलाई आवास उपलब्ध गराएको छ। नाकाबन्दीका गहिरा चुनौतीबिच पनि सरकारले जनताको जीवनस्तर सुधार्ने कार्यलाई उच्च प्राथमिकता दिँदै आएको छ।

यी उपलब्धिले क्युबाको समाजवादी प्रयोगको शक्ति झल्काउँछन्। साथै, यसबाट मुलुकले बहुराष्ट्रिय कम्पनीहरूको नाफालाई भन्दा आफ्ना जनताको जीवनलाई प्राथमिकतामा राख्छ भने यी उपलब्धि हासिल गर्न सकिन्छ भन्ने बहुमूल्य पाठ पनि सिक्न सकिन्छ।

## क्युबाप्रति ऐक्यबद्धता : साम्राज्यवादविरुद्ध उभिऔँ

नाकाबन्दी पुरानो कुरा हो भन्ने मिथकलाई हामीले चुनौती दिनु आवश्यक छ। क्युबाविरुद्ध अमेरिकाले लगाएको नाकाबन्दीले लगातार क्युबाली जनताको सार्वभौमिकतामा हमला गरिरहेको छ। साम्राज्यवादले गर्ने हिंसाको दाँजोमा यो हमला कुनै पनि कोणबाट कम छैन। विश्वमा आफ्नो प्रभुत्व कायम गर्न अमेरिका कतिसम्म गिर्न सक्छ भन्ने कुराको ज्वलन्त उदाहरण हो क्युबामाथि अमेरिकी नाकाबन्दी। क्युबाप्रति ऐक्बद्धतालाई अझ व्यापक बनाउनुपर्ने बेला भइसकेको छ। शब्दमा मात्र होइन, केही ठोस काम गर्नुपर्ने बेला आइसकेको छ।

सार्वभौमिकता जोगाउने क्युबाको सङ्घर्षमा योगदान गर्ने केही उपाय यस्ता हुनसक्छन् – अमेरिकाको अवैध नाकाबन्दीविरुद्ध स्पष्ट अडान लिनका लागि आफ्नो देशको सरकारलाई दबाब दिने; क्युबाको आफूखुसी निर्णय लिने अधिकारको पक्षमा चल्ने आन्दोलनमा सहभागी हुने; नाकाबन्दीको नृशंसताबारे अरूलाई शिक्षित गर्ने।

हामी श्रमजीवी हौँ; समाजवादी हौँ। तसर्थ, क्युबाको सङ्घर्ष हाम्रो पनि सङ्घर्ष हो। अमेरिकी नाकाबन्दी अन्त्य गर्नका लागि हुने लडाइँ क्युबाको लडाइँ मात्र होइन, साम्राज्यवादविरोधी लडाइँ पनि हो। हो, विश्वका सम्पूर्ण शोषित-पीडित जनताको स्वाभिमानको लडाइँ।

(लेखक क्यानडा-क्युबा मैत्री सङ्घ टोरन्टोका कार्यकारी सदस्य हुन्।)

स्रोत : एमआर अनलाइन, अनुवाद : सम्यक/अनलाइन मजदुर

# इभान पेट्रोभिच प्याभलभ



राजेन्द्र बहादुर कायष्ठ



**विषय प्रवेश :** मनोविज्ञानलाई अङ्ग्रेजीमा Psychology भनिन्छ । Psychology शब्द ल्याटीनी भाषाको Psyche र logos मिलेर बनेको हो । ल्याटीनी भाषामा psyche को अर्थ आत्मा र logos को अर्थ विज्ञान हुन्छ । यसरी मनोविज्ञानको सबभन्दा पुरानो परिभाषा 'आत्माको विज्ञान' हो । लामो समयसम्म मनोविज्ञानलाई आत्माको विज्ञान भन्ने मान्यता कायम रह्यो । पछि गएर आत्मा भनेको अमूर्त र हालसम्म कसैले नदेखेको साथै प्रमाणित पनि नभएकोले यो परिभाषा मान्य भएन । त्यसपछि क्रमशः मनोविज्ञानको अर्थ 'मनको विज्ञान', 'चेतनाको विज्ञान' हुँदै हाल यसलाई 'प्राणीहरूको व्यवहार अध्ययन गर्ने विज्ञानको' रूपमा लिइन्छ । यसरी नै मनोवैज्ञानिक **गेटे**को भनाइअनुसार 'अनुभव र तालिमबाट प्राणीको व्यवहारमा आउने परिवर्तनलाई सिकाइ' भनिन्छ । मनोवैज्ञानिक **क्याल्भिन**को भनाइअनुसार 'अनुभवको कारणबाट हाम्रो प्रचलित र मौलिक व्यवहारमा हुने परिवर्तन सिकाइ हो' । सिकाइ सम्बन्धी धेरै परिभाषाहरू विभिन्न मनोवैज्ञानिकहरूले दिँदै आएका छन् । यसै सन्दर्भमा रुसका प्रसिद्ध मनोवैज्ञानिक इभान पेट्रोभिच प्याभलभ (Ivan Petrovich Pavlov-1849 -1936) ले सिकाइ सम्बन्धी प्राचीन वा शास्त्रीय वा अनुबन्धन वा सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्त प्रतिपादन गरेका थिए । उनले कुकुर माथि गरेको प्रयोगको आधारमा यो सिकाइ सिद्धान्त प्रतिपादन गरेका थिए । यो सिकाइ सिद्धान्तहरूमा पौराणिक, प्राचीन वा पुरानो सिद्धान्त भएकोले यसलाई प्राचीन वा शास्त्रीय सिकाइ सिद्धान्त (Classical conditioning theory) भनिन्छ । यस सिकाइ सिद्धान्तलाई उत्तेजना (Stimulus ) र प्रतिक्रियाको (Response) सिद्धान्त वा (S.R. Theory) पनि भनिन्छ ।

**बाल्यकाल र शिक्षा :** प्याभलभको जन्म सन् १८४९ सेप्टेम्वर २४ मा रुसको मध्यभाग रियाजानमा भएको थियो । उनको पिताको नाम Peter Dmitrievich Pavlov र माताको नाम Varvara Ivanovna Uspenskaya थियो । उनी गरीब परिवारमा जन्मेका थिए । उनी मातापिताका जेठा सन्तान थिए । उनको पिता पेशाले गाउँले पादरी थिए । उनकी आमा गृहीणी थिइन् । उनको बाल्यकाल धार्मिक र नैतिक वातावरणमा बित्यो । उनले सुरुमा चर्चको विद्यालयमा पढे तर उनको रुचि प्राकृतिक विज्ञान र जीव विज्ञानतर्फ बढ्दै गयो । उनले सेन्ट पिटर्सवर्ग विश्वविद्यालयमा प्राकृतिक विज्ञान र रसायन शास्त्रको अध्ययन गरे । सन् १८७५ मा उक्त संस्थाबाट स्नातक उपाधी हासिल गरे । पछि सैन्य चिकित्सा एकेडेमीमा भर्ना भए, जहाँ उनले चिकित्सा र फिजियोलोजीमा विशेषता हासिल गरे । उनले सैन्य चिकित्सा एकेडेमीबाट सन् १८७९ मा मेडिकल डिग्री हासिल गरे । पछि सन् १८८३ मा स्वर्ण पदकसहित M.D. उपाधी हासिल गरे । उनी जर्मनीमा रहँदा cardiovascular physiologist Carl Ludwig र gastrointestinal physiologist Rudolf Heidenhain को निर्देशनमा शल्यचिकित्सा सम्बन्धी कार्य गर्ने मौका पाए । पछि गएर उनी कुशल शल्य चिकित्सक बने । उनको वैज्ञानिक दृष्टिकोण र अनुसन्धानप्रतिको



युवावस्थामा प्याभलभ

लगनशीलता उनको विद्यार्थी जीवनदेखि नै स्पष्ट थियो। उनले विशेष गरी पाचन प्रणालीको अध्ययनमा रुचि देखाए। उनको यो रुचिले पछि गएर नोबेल पुरस्कार पाउन सफल भयो।

## अनुसन्धान र सफलता :

**क) पाचन प्रणालीमा अनुसन्धान र नोबेल पुरस्कार :** उनले आफ्नो करियरको सुरुवातमा पाचन प्रणालीको अध्ययन गरेका थिए। उनले विशेष गरी कुकुरको पाचन प्रक्रियामा अनुसन्धान गरेका थिए। जसमा उनले र्‍याल ग्रन्थीको कार्य र पाचनरसको स्रावलाई गहिरिएर अध्ययन गरे। उनको यो अनुसन्धानले पाचन प्रक्रियालाई नियन्त्रण गर्ने स्नायु प्रणालीको भूमिकालाई उजागर गर्न सफल भयो। उनले कुकुरको पेटमा शल्यक्रिया गरेर पाचनरस सङ्कलन गर्ने नवीन विधिको विकास गरे। जसले वैज्ञानिक अनुसन्धानमा नयाँ आयाम थप्यो। सन् १९०४ मा प्याभलभलाई उनको पाचन प्रणाली सम्बन्धी अनुसन्धानका लागि फिजियोलोजी वा चिकित्सा क्षेत्रमा नोबेल पुरस्कार प्रदान गरियो। यो पुरस्कारले उनको वैज्ञानिक योगदानलाई अन्तराष्ट्रिय मान्यता प्रदान गर्‍यो। तर उनको सबैभन्दा प्रसिद्ध कार्य सिकाइ सम्बन्धी शास्त्रीय कन्डिसनिङ सिद्धान्त भयो।

**सिकाइ सिद्धान्त अनुसन्धानमा उत्प्रेरणा :** उनी विद्यालय शिक्षा समाप्तीपछि सेन्ट पीटर्सवर्ग विश्वविद्यालयको स्कुल अफ नेचुरल साइन्सेजमा भर्ना भए। त्यहाँ एउटा पुस्तक 'मस्तिष्कको स्वभाविक प्रतिक्रिया' उनको हातमा लाग्यो। उक्त पुस्तकको अध्ययन पछि भविष्यमा उनलाई सिकाइ सिद्धान्तमा अनुसन्धान गर्न प्रेरणा मिल्यो। उनले सिकाइ सिद्धान्त प्रतिपादनमा अकाम्य क्रिया (Reflex action) मा सबैभन्दा बढी अध्ययन गरे। दैनिक जीवनमा धूलोको कण जब आँखाको नजिक आउँछ, हाम्रो आँखा आफसे आफ बन्द हुन्छ, सानो धूलोको कण नाकमा पस्यो भने हामीलाई हाच्छिऊँ आउँछ, खाँदा खानाको केही अंश श्वास नलितिर गएमा हामी खोक्न सुरु गर्दछौं, हामी लड्दा हातले नजिकको कुनै सामान समात्ने वा भुईँमा हातले टेक्ने गर्दछौं आदि। यी सबै अकाम्य क्रिया वा स्वतः प्राप्ती क्रिया हो। यो क्रिया सिक्नु पर्दैन। यो गुण आमाबुबाबाट सर्दै जाने वंशाणुगत गुण वा जन्मजात गुण हुन्। यसलाई गहिरिएर अध्ययन गरेपछि मानिसले जन्मपछि सिकाइ गर्ने आर्जित गुणहरू जस्तै भाषा, सीप, दक्षता, क्षमता, व्यवहार, रुचि आदिको विश्लेषण गरी शास्त्रीय सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्तको प्रतिपादन गरे।

**ख) सिकाइको शास्त्रीय सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्त** (Classical Conditioning Theory of Learning) : प्याभलभको यस सिकाइ सिद्धान्तलाई उत्तेजना (stimulus) र प्रतिक्रिया (Response) सिद्धान्त पनि भनिन्छ। यसमा दृष्य जस्तै खाना खानु वा खाना देख्नु



र अदृष्य खानाको सूचना पाउनु दुवै तत्त्वबाट एउटै प्रतिक्रिया देखाउने बानीलाई अभ्यास भनिन्छ। यस सिद्धान्तमा उत्तेजना र प्रतिक्रियाका बिचमा सम्बन्ध स्थापना गर्ने कार्य भएकोले यसलाई सम्बन्ध प्रत्यावर्तनको सिद्धान्त भनिन्छ।

**प्याभलभको प्रयोग :** प्याभलभले सम्बन्ध प्रत्यावर्तन सम्बन्धी अनेकौँ प्रयोगहरू गरे। त्यसमध्ये उनले कुकुरमाथि गरेको एउटा महत्त्वपूर्ण प्रयोगबाट यस सिकाइ सिद्धान्तको प्रतिपादन गरेका थिए। उनले एउटा भोकाएको कुकुरलाई एक विशेष प्रकारको उपकरणको सहायताबाट ध्वनि नियन्त्रित प्रयोगशालामा उभ्याएका थिए। उनले कुकुरको र्‍याल सङ्कलन गर्न र्‍याल ग्रन्थीको अप्रेसन गरी र्‍याललाई नलिद्वारा एउटा भाँडोमा जम्मा गर्ने व्यवस्था मिलाएका थिए। सामान्यतया कुकुरले खाना देख्नासाथ र्‍याल निकाल्ने गर्दछ जुन एक प्राकृतिक प्रतिक्रिया हो। तर उनले देखे कि कुकुरले खाना नदेखे पनि खाना ल्याउने व्यक्तिको पाइलाको आवाज सुन्दा पनि र्‍याल निकाल्न थाल्यो। यो अवलोकनले उनलाई नयाँ प्रयोगको लागि प्रेरित गर्‍यो। उनले कुकुरले देख्ने गरी मासुसहितको खाना (स्वाभाविक उत्तेजना वा Unconditioned Stimulus) ल्याइयो र कुकुर भोकाएको हुनाले खाना देखेर उसको मुखमा र्‍याल (स्वाभाविक प्रतिक्रिया वा Unconditioned Response) आयो। यो कार्य केही पटक गरेपछि खाना दिनुभन्दा २/३ सेकेण्ड पहिले घण्टी बजाएर खाना दिइयो। यो प्रक्रिया केही दिनसम्म दोहोर्‍याए पछि कुकुरले बिनाखाना घण्टीको आवाज (अस्वाभाविक उत्तेजना वा Conditioned Stimulus) मात्र दिँदा पनि र्‍याल निकालेको (अस्वाभाविक प्रतिक्रिया वा Conditioned Response) पाइयो। यसरी प्याभलभले आफ्नो प्रयोगमा कुकुरले घण्टी र खानाबिच सम्बन्ध कायम (सम्बन्ध प्रत्यावर्तन) गरी घण्टीमात्र बजाउँदा पनि र्‍याल निकाल्न (घण्टी र र्‍यालबिच सम्बन्ध कायम भएकोले) थालेको पाए। यसलाई निम्नअनुसार प्रष्ट पार्न सकिन्छ।



प्याभलभले प्रयोग गरेकामध्ये एक कुकुर

**अ) पहिलो चरण वा सम्बन्ध प्रत्यावर्तन पूर्व :**

i) घण्टी बजाउँदा : कुकुरले घण्टी बज्दा हेरिरहन्छ।

ii) खाना ल्याउँदा : कुकुरले खाना देख्नासाथ र्‍याल निकाल्छ।

**आ) सम्बन्ध प्रत्यावर्तनको समय :**

i) घण्टी बजाएर खाना दिँदा : कुकुरले घण्टी र खाना सँगसँगै दिँदा र्‍याल निकाल्छ।

**इ) सम्बन्ध प्रत्यावर्तन पछि :**

i) खाना दिनु अघि घण्टी बजाउँदा : कुकुरले घण्टीमात्र बजाउँदा पनि र्‍याल निकाल्दछ।

यस प्रयोगमा उनले के पनि पाए भने कुकुरलाई लामो समय घण्टीमात्र बजाएर खाना नदिँदा र्‍याल निकाल्ने मात्रामा कम हुँदै गयो र एउटा अवस्थामा कुकुरले घण्टी बज्दा र्‍याल निकाल्न नै बन्द गर्‍यो। यसलाई विलोपनको अवस्था (Stage of extinction) भनिन्छ।




Classical Conditioning

प्याभलभको कुकुरमाथिको प्रयोगको परिणाम

**ग) सम्बन्ध प्रत्यावर्तन सिकाइको आधारभूत प्रक्रिया** (Basic Process of Classical Conditioning Theory) : यस सम्बन्ध प्रत्यावर्तन सिकाइका लागि आवश्यक शर्त तथा अवस्थाहरू निम्न बुँदाहरूबाट प्रष्ट पार्न सकिन्छ।

**अ)** अस्वाभाविक उत्तेजना (घण्टी) सँगसँगै स्वाभाविक उत्तेजना (खाना) को प्रस्तुतीकरण गर्नु।

**आ)** अस्वाभाविक उत्तेजना र स्वभाविक उत्तेजना एकदम कम समय अन्तरालमा प्रयोग गर्नु जसलाई सामीप्यता (Contiguity) भनिन्छ।

**इ)** अभ्यास वा पुनरावृत्तिले उत्तेजना र प्रतिक्रियाबिचको सम्बन्ध दरिलो बनाउँछ।

**ई)** बाधा पर्ने उत्तेजनाको अनुपस्थित हुनुपर्दछ। यसको लागि प्याभलभले कुकुरलाई आवाज नछिर्ने स्थलमा राखिएकोले त्यहाँ बाधक तत्त्व थिएन।

**उ)** पुनर्बल (Reinforcement) : यो सिकाइ सिद्धान्तमा पुनर्बल शब्द प्रयोग नगरेको भएपनि खाना वा खानेकुरा पुनर्बलीय उत्तेजना हो । यसको अर्थ सिकाइको लागि निष्क्रिय प्राणीलाई उत्प्रेरित गर्न पुनर्बल दिनुपर्दछ ।

**घ) सम्बन्ध प्रत्यावर्तन सिकाइका विशेषताहरू** (Characteristics of Classical Condition Learning ) : यस सिकाइ सिद्धान्तमा सम्बन्ध प्रत्यावर्तनसँग सम्बन्धित वातावरणलाई सिकाइका विशेषताको रूपमा लिइन्छ । यसका विशेषताहरू निम्नअनुसार छन् –

**अ)** उत्तेजना सामान्यीकरण (Stimulus generalization) : मिल्दाजुल्दा उत्तेजनाहरूलाई चिन्नु वा थाहा पाउनुलाई उत्तेजनाको सामान्यीकरण भनिन्छ । प्याभलभको प्रयोगमा खानासँगै घण्टी बजाउँदा सोको आवाज सम्झिएर खाना नदिई घण्टीमात्र बजाउँदा न्याल निकाल्नु सामान्यीकरण हो । दैनिक जीवनमा 'छोरीलाई गाली गरेको देखेर बुहारी तर्सनु', 'चोरका खुट्टा काट भन्दा चोरले खुट्टा उचाल्नु,' 'अगुल्टोले हानेको कुकुर बिजुली चम्कदाँ तर्सनु' आदि उत्तेजनाको सामान्यीकरण प्रक्रिया हो ।

**आ)** उत्तेजनाको विभेदीकरण (Stimulus discrimination) : कुनै खास प्रकारको उत्तेजनाप्रति प्रतिक्रिया व्यक्त गर्ने सिकारुले त्यस्तै मिल्दाजुल्दा उत्तेजनाहरूको बिच फरक छुट्याएर प्रतिक्रिया गर्न सक्नु उत्तेजनाको विभेदीकरण हो । प्राणीहरूमा सिकाइको अभ्यास हुँदै जाँदा समान किसिमका उत्तेजनाहरूबिच भिन्नता कायम गर्न सक्दछ । प्याभलभको प्रयोगमा खानाको साथ बजाइने घण्टीको आवाजबाहेक अन्य कुनै पनि वस्तुको आवाजमा प्रतिक्रिया देखाउँदैन । यसको अर्थ आवाजमा समानतामा एउटै प्रतिक्रिया देखाउनु सामान्यीकरण हो भने आवाज छुट्याई प्रतिक्रियामा भिन्नता देखाउनु विभेदीकरण हो ।

**इ)** अभ्यस्त गराउनु नपर्ने उत्तेजना ( Unconditioning stimulus) : स्वभाविक उत्तेजनाबाट प्राप्त गरेको प्रतिक्रिया पुनःस्वभाविक उत्तेजनाबाटै हटाउनुलाई अभ्यस्त गराउनु नपर्ने उत्तेजना भनिन्छ । यसको अर्थ स्वभाविक उत्तेजना अभ्यस्त गराउनु नपर्ने उत्तेजना हो । प्याभलभको प्रयोगमा खाना स्वभाविक उत्तेजना हो । यसमा कुकुरलाई अभ्यस्त गराउनु नपर्ने उत्तेजना (खाना) लाई यस सिकाइ सिद्धान्तको विशेषता मानिन्छ ।

**ई)** आकस्मिक प्राप्ति (Spontaneous recovery) : समयको अन्तरालपछि उत्तेजनाको पहिचान गरी सही प्रतिक्रिया देखाउने कार्यलाई आकस्मिक प्राप्ति वा स्वतः प्राप्ति भनिन्छ । यस सिद्धान्तको प्रयोगमा उत्तेजनाको विभेदीकरण गरी कुकुरले प्रतिक्रिया देखाउँदैन । केहीक्षण पश्चात पुनः उत्तेजना (खाना र घण्टी) प्रस्तुत गर्दा कुकुरले पहिलेकै प्रतिक्रिया देखाउँछ । यसरी प्राकृतिक वा स्वाभाविकरूपबाट पुनःप्राप्ति हुने वा आकस्मिक प्राप्ति हुने अवस्था आउँछ ।

**उ)** विलोपन वा लोप हुनु (Extinction) : उत्तेजनाको विभेदीकरण पश्चात प्रतिक्रिया नदेखाउनुलाई विलोपन वा लोप हुनु भएको मानिन्छ । यो प्रतिक्रियाको समाप्तिको अवस्था हो । घण्टीमात्र बजाउने तर खाना नदिने हो भने कुकुरले न्याल निकाल्न छाड्छ । जस्तै कुनै व्यक्तिले कुनै कार्य सधैँ भोलि भनेर गरिदिएन भने उस्को 'भोलीप्रति' कसैको विश्वास र भर हुँदैन ।

**ङ) सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्तको सिकाइमा प्रयोग** (Implications of classical Conditioning in learning) : वास्तवमा जनावरमाथि गरिएको प्रयोगबाट यो सिद्धान्तको प्रतिपादन भएपनि यसका कतिपय सिद्धान्तहरू मानव सिकाइमा प्रयोग भएको पाइन्छ । विशेषतः मानव सिकाइको व्यवहार परिवर्तन गर्न यो सिद्धान्त उपयोगी छ । शिक्षण सिकाइ क्षेत्रमा यसको प्रयोग प्रत्यक्ष र अप्रत्यक्ष रूपमा निम्न अवस्थाहरूमा प्रयोग हुँदै आएको मानिन्छ –

**अ)** संवेगात्मक प्रतिक्रियाहरूको शिक्षण सिकाइ गर्न (Teaching and Learning Emotional Response) : यस सिद्धान्तका कारण सिकारुले डर, चिन्ता, खुशीजस्ता संवेगहरू सिक्दछन् । जस्तै कुनै शिक्षकसँग डराउने विद्यार्थी उसको विषयसँग पनि डराउने गर्दछ तर माया ममताका साथ पढाउने शिक्षकको विषयसमेत सरल मान्ने प्रवृत्ति हुन सक्छ । सिकारुलाई बाधा, अवरोध पार्ने उत्तेजनाहरू हटाई शिक्षण गरेमा संवेगात्मक व्यवहारमा सुधार ल्याई शिक्षण प्रभावकारी बनाउन सकिन्छ ।

**आ)** तालिम दिन (Training) : यस सिद्धान्तको सुरुवातदेखि नै प्राणीहरूलाई तालिम दिन प्रयोग गरेको पाइन्छ । घरमा पालिने जीवजन्तु जस्तै कुकुर, बिरालो, चरालगायत विभिन्न सिनेमा, नाटक, सर्कस आदिमा प्रयोग गरिने जन्तुहरू जस्तै हात्ती, घोडा, बाँदर, भालु आदिलाई आवश्यक र अपेक्षित कार्य गराउन

पनि यो सिद्धान्त प्रयोग गरिन्छ। यसरी नै मानिसहरूलाई विभिन्न तालिमहरू दिन पनि यो सिद्धान्त प्रयोग गरिन्छ।

**इ)** विशिष्ट डर हटाउन (Removing Special Fear) : केटाकेटी र बुढाबुढीहरू कतिपय सङ्केतद्वारा नै विशिष्ट डरको धरापमा पर्दछन्। डराउने उत्तेजनालाई परिवर्तन गराएर डर हटाउन सकिन्छ। जस्तै : कक्षामा शिक्षकसँग धेरै डराउने विद्यार्थीलाई सिक्न समस्या हुन्छ। यसको लागि शिक्षकको व्यवहारमा परिवर्तन वा शिक्षकनै परिवर्तन गरी विद्यार्थीको मनमा डर हटाउन सकिन्छ।

**ई)** उत्तेजना र प्रतिक्रियाबिच सम्बन्ध स्थापना गर्न (Relation between Stimulus and Response) : शिक्षण कार्यमा संलग्न सिकारुहरू समक्ष उपस्थित हुने उत्तेजना र उनीहरूको उचित प्रतिक्रियाहरूबिच सम्बन्ध गाँसेर खास व्यवहारहरू सिकाउन सहयोग गर्दछ। यसको अर्थ उत्तेजनासँग पुनर्बलको सामीप्यता कायम गराई अभ्यास गराइएमा अपेक्षित व्यवहार निमार्ण गर्न सकिन्छ।

**उ)** नराम्रा बानीहरू हटाउन (Breaking of bad habits) : व्यक्ति वा विद्यार्थीहरूमा हुने कतिपय नराम्रा बानीव्यवहार वा खराव लतहरू जस्तै : चोर्ने, झूटो बोल्ने, चुरोट तान्ने, भाग्ने, तास खेल्ने, मनपरी बोल्ने, औंला चुस्ने, छिटो रिसाउने आदि बानी हटाउन यो सिद्धान्त उपयोगी हुन्छ। जस्तै : औंला चुस्ने बानी भएको बच्चालाई औंलामा तीतो पदार्थ लगाइदियो भने उसको औंला चुस्ने बानी हट्छ। यसैगरी झूटो बोल्ने बच्चालाई अप्रिय उत्तेजना दण्ड दिएर झूटो बोल्ने बानी हटाउन सकिन्छ।

**ऊ)** राम्रा बानीहरू विकास गर्न (Developing good habits) : सिकारुहरूको असल बानीव्यवहारको निर्माण, विकास र विस्तार गर्न यो सिद्धान्त उपयोगी मानिन्छ। सिकारुको अपेक्षित उत्तेजना प्रदान गरेर विद्यार्थीहरूको राम्रो बानी, व्यवहार, सफा सुग्घर, ठुलोको आदर र सत्कार गर्ने, नियमित विद्यालय आउने, गृहकार्य गर्ने, सहयोगी भावना आदिको यो सिद्धान्तबाट विकास गर्न सकिन्छ।

**ए)** खेलकुद सिकाउन (Sports Learning) : विद्यार्थीहरूलाई भलिबल, फुटबल, टेनिस, क्रिकेट आदि खेलाउन यो सिद्धान्त उपयोगी मानिन्छ। खेलले विद्यार्थीहरूको शारीरिक विकास, मानसिक विकास साथसाथै अनुशासन पालना गर्ने, सामुहिक भावनाको विकास आदिमा सहयोग गर्दछ।

**च) प्याभलभको योगदानको प्रभाव :** प्याभलभले प्रतिपादन गरेको शास्त्रीय सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्तले मनोविज्ञान, शिक्षा, चिकित्सा र विज्ञापन जस्ता विभिन्न क्षेत्रमा गहिरो प्रभाव पारेको छ। केही प्रमुख प्रभावहरू निम्नअनुसार छन्–

**अ) मनोविज्ञानमा प्रभाव :** प्याभलभको यस सिद्धान्तले व्यवहारवादी मनोविज्ञानको विकासमा ठुलो योगदान पुऱ्याएको छ। **जोन.बि.वाटसन** र **बी.एफ. स्किनर** जस्ता मनोवैज्ञानिकहरूले प्याभलभको कार्यलाई आधार बनाएर व्यवहारवादी सिद्धान्तहरूको विकास गरे। यो सिद्धान्त विभिन्न प्रकारको फोविया, चिन्ता लगायत अन्य मनोवैज्ञानिक समस्याहरूको उपचारमा पनि प्रयोग गरिन्छ।

**आ) शिक्षण सिकाइ :** यस सिद्धान्तले शिक्षण विधिहरूलाई प्रभावित गरेको छ। सकारात्मक उत्तेजनाहरूसँग सिकाइलाई जोडेर विद्यार्थीहरूको रुचि र प्रेरणा बढाउन सकिन्छ। उदाहरणको लागि पुरस्कार, प्रशंसा, स्यावासी आदिले विद्यार्थीहरूलाई राम्रो कार्य गर्नमा प्रोत्साहित गर्दछ।

**इ) चिकित्सा र स्वास्थ्य :** प्याभलभको अनुसन्धानले चिकित्सा क्षेत्रमा पनि प्रभाव पारेको छ। उनको सिद्धान्तले औषधीको प्रभावलाई प्लेसिबो प्रभावसँग (चिकित्सा क्षेत्रमा परामर्शदाताले बिरामीलाई आफ्नो स्वास्थ्य अवस्थामा लाभ भइरहेको अनुभव दिने कार्य) जोडेर अध्ययन गर्न सहयोग गर्दछ। साथै लत र दुर्व्यसनको उपचारमा पनि यो सिद्धान्त उपयोगी छ।

**ई) विज्ञापन र मार्केटिङ :** विज्ञापनमा यो सिकाइ सिद्धान्तको व्यापक रूपमा प्रयोग गरिन्छ। विभिन्न ब्राण्डहरूले आफ्ना उत्पादनहरूलाई सकारात्मक भावना वा उत्तेजनाहरूसँग जोडेर उपभोक्ताहरूलाई आकर्षित गर्दछन्। उदाहरणका लागि रमाइलो सङ्गीत वा आकर्षक दृष्यहरूसँग जोडेर उपभोक्ताहरूमा सकारात्मक सम्बन्ध स्थापित गरिन्छ।

**प्याभलभको व्यक्तिगत जीवन र विवाह :** उनी एक समर्पित वैज्ञानिक थिए। उनी आफ्नो अनुसन्धानमा पूर्ण रूपमा समर्पित थिए। उनले सन् १८८१ मा Seraphima (Sara) Vasilievna Karchevskaya सँग विवाह गरे। उनी पेशाले शिक्षिका थिइन्। उनीहरूको चार सन्तानहरू थिए। प्याभलभको जीवनमा धेरै व्यक्तिगत र आर्थिक




प्याभलभको चित्र अङ्कित एक हुलाक टिकट

कठिनाइहरू आए तर उनले आफ्नो वैज्ञानिक अनुसन्धान कार्यलाई कहिल्यै रोकेनन्। सन् १९१७ को रुसी क्रान्तिपछि प्याभलभको सोभियत सरकारसँग केही वैचारिक मतभेद भयो तर सोभियत सरकारहरूले उनको वैज्ञानिक योगदानलाई सम्मान गरिरहे।

## सम्मान र पुरस्कार :

– Copley Medal (1915)
– Nobel Prize (1904) in Physiology or Medicine
– Foreign Member of the Royal Society
– Doctorate from Cambridge University.
– Member of Russian Academy of Sciences



रियाजानमा स्थापित प्याभलभको पूर्णकदको प्रतिमा

**निष्कर्ष :** इभान प्याभलभ एक यस्ता वैज्ञानिक थिए जसको कार्यले मानव र जनावरको व्यवहारलाई बुझ्नमा क्रान्तिकारी परिवर्तन ल्यायो। उनको शास्त्रीय सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्तले सिकाइको आधारभूत प्रक्रियालाई व्याख्या गरेर मनोविज्ञान र अन्य क्षेत्रमा ठुलो योगदान पुऱ्यायो। उनको अनुसन्धानले आज पनि शिक्षा, चिकित्सा, मनोविज्ञान, व्यवहार निमार्ण, विज्ञापन आदि कार्यमा प्रभाव पारेको छ। उनको निधन सन् १९३६ फेब्रअरी २७ मा ८६ वर्षको उमेरमा निमोनियाका कारण भयो। उनको शाश्वत शरीर पृथ्वीमा नरहे पनि उनको कार्य, वैज्ञानिक समर्पण र खोजको महत्वले उनलाई सबैले सम्झिराख्ने छन्। उनको विरासत आधुनिक विज्ञानमा अमर छ!

## सन्दर्भ सामग्रीहरू :

अ) विश्वका चर्चित वैज्ञानिकहरू : दिलिप श्रेष्ठ/उर्मिला शाही : पाँचपोखरी प्रकाशन
आ) बाल विकास र सिकाई कक्षा ११ : चन्द्र बहादुर श्रेष्ठ, बद्री प्रसाद अधिकारी, किरणराम रञ्जितकार, सम्झना बस्न्यात, कर्ण बहादुर चोङवाङ : भुँडी पुराण प्रकाशन
इ) बालविकास र सिकाइ कक्षा ११ : स्वयंप्रकाश जबरा : विद्यार्थी पुस्तक भण्डार
ई) बालविकास र सिकाइ कक्षा ११ : चिरञ्जीवी शर्मा/निर्मला शर्मा : विद्यार्थी पुस्तक भण्डार
उ) गुगल
ऊ) कृत्रिम बौद्धिकता (AI)

बसिबियाँलो (क) को उत्तर : SEARCH

## Word Search

Nelson Mandela

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| C | R | M | I | F | S | E | C | A | E | P | T |
| G | O | V | E | R | N | M | E | N | T | R | P |
| N | E | J | E | N | I | T | R | I | B | E | E |
| L | E | A | R | E | T | M | A | C | N | S | R |
| T | S | I | E | I | B | R | F | B | I | Y | S |
| N | U | L | A | S | R | S | R | T | F | D | I |
| E | F | T | S | E | E | F | A | I | R | R | S |
| D | E | T | S | E | L | E | C | T | E | D | T |
| I | R | T | S | E | E | A | E | F | E | I | E |
| S | P | E | T | N | C | C | G | E | D | T | N |
| E | S | T | H | L | T | B | O | F | O | S | C |
| R | A | V | G | F | R | S | B | T | M | E | E |
| P | E | A | I | T | P | G | E | R | E | R | G |
| E | O | F | R | D | C | T | Y | D | M | S | O |

ARREST
ELECTED
GOVERNMENT
OBEY
PERSISTENCE
REFUSE
RIGHTS
TRIBE
PRESIDENT
PEACE
FAIR
FREEDOM
JAIL

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस्।)

# Gorky in America (X)



## The City of the Yellow Devil

Maxim Gorky




The crowd laughs and nods to the musician in approval. He is pleased, and a moment later he repeats his performance.

There are women among the spectators; some of them doubtless are mothers. Yet not one of them utters a word in protest against this vicious entertainment. They all enjoy it.

Some eyes seem ready to burst with the strain of watching the torments of the mother monkey and the wild horror of the child.

Next to the band is the cage of the elephant, an elderly gentleman with shabby, shiny skin on his head. He has thrust his trunk through the bars of his cage and is swaying it reflectively as he watches the public. And being a kind and sensible animal, he is thinking:

"Of course, this scum that has been swept this way by the filthy broom of boredom is capable of mocking even its own prophets—as I have heard aged elephants say. Yet I cannot help feeling sorry for the monkey.... I have heard, too, that men, like the jackals and hyenas, sometimes, tear each other to pieces but alas that does not make it any easier for the monkey!"

...One looks at those eyes stark with the grief of a mother, helpless to protect her child, and at the eyes of the infant frozen with a deep, cold horror of humans, one looks at people who And pleasure in tormenting a living creature, and turning to the monkey, one murmurs:

"Animal! Forgive them! In time they will grow better..."

It is ridiculous and foolish, of course. And useless. Is there a mother who could forgive the torturers of her child; there are no such mothers I think, not even among dogs....

Pigs, perhaps....

Well, well....

And so—when night comes—an enchanted phantom city of lights blazes torte on the shore to the ocean. It glows for a long time—without burning—against the dark background of the nocturnal sky, its beauty reflected in the shining expanse oi the ocean.

In the brilliant cobweb of translucent buildings tens of thousands of grey people with colourless eyes crawl about tediously, like lice in a beggar s rags.

The avid and the base show them the disgusting nakedness of their ties and the naivete old their cunning, their hypocrisy, and the insatiable power to their greed. The cold gleam to the dead light lays bare the intellectual poverty, which with a triumphant glitter has laid its stamp on everything around these people....

But the people have been dazzled so thoroughly that in silent delight they quaff the evil potion that poisons their souls.

Boredom moves slowly in a sluggish dance, expiring in the agony of its own impotence.

The only good thing about that city of lights is that you can steep your soul in lifelong hatred for the power of stupidity. ...

1906

**(To be continued)**

## तस्बिरमा केही गतिविधि




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) बाट ख्वप कलेजको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा 'इन्भारोमेन्टल, सोसियल एन्ड गभर्नान्स रिनोभेसन' विषयक दुईदिने चौथो राष्ट्रिय सम्मेलनको उद्घाटन । जेठ ८ गते




नेमकिपाका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा 'इन्भारोमेन्टल, सोसियल एन्ड गभर्नान्स रिनोभेसन' विषयक दुईदिने चौथो राष्ट्रिय सम्मेलन समापन । जेठ ९ गते

लक्ष्मीनरसिंह मन्दिर उद्घाटनका केही झलक









## तस्बिरमा केही गतिविधि



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँबाट उत्कृष्ट खेलाडी सम्मानित । जेठ १५ गते




नेमकिपाका केन्द्रीय सचिव एवम् सांसद प्रेम सुवाल ख्वप अस्पतालमा कार्यरत चिकित्सकहरूसँग भेटघाट तथा मार्गनिर्देशन कार्यक्रममा । वैशाख २९ गते



ख्वप बहुप्राविधिक अध्ययन संस्थानको आयोजनामा अन्तर्राष्ट्रिय नर्सिङ दिवस (२०२५ मे १२) कार्यक्रम । वैशाख २८ गते



महेश्वरी पीठस्थित न्याकी देगः नारायण मन्दिर पुनः निर्माणको लागि नगर प्रमुख सुनिल प्रजापतिबाट शिलान्यास । वैशाख १७ गते

# चिनियाँ प्रतिनिधिमण्डलको भक्तपुर भ्रमण केही झलक









चिनियाँ जनप्रतिनिधि सभाका उपाध्यक्ष सियाओ चिएको नेतृत्वको प्रतिनिधिमण्डलले भक्तपुरका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको अभिरूचिपूर्वक अवलोकन गऱ्यो । जेठ ३ गते

# भक्तपुर नगरपालिका
# कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या- ७७

## मिति २०८१ फागुन २८ गते, बुधबार

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. | उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. | वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. | वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. | वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. | वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. | वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. | वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. | वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. | वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. | वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. | वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. | कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. | कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. | कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. | कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. | कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. | प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई | ऐ |

## निर्णयहरू

### शिशुस्याहार केन्द्र स्थानान्तरण

भक्तपुर नगरपालिकाका वडा नं. ६ मा सञ्चालित शिशु स्याहार तथा बाल विकास केन्द्रलाई स्तरीय रूपमा सञ्चालन गर्न सोही वडाको याछेँ स्थित श्री आधारभूत विद्यालयमा स्थानान्तरण गर्न सम्बन्धित वडा कार्यालयबाट पठाएको मिति २०८१।७।९ गतेको पत्रानुसार उक्त शिशु स्याहार तथा बाल विकास केन्द्र श्री आधारभूत विद्यालयमा स्थानान्तरण गर्ने सम्बन्धमा विद्यालयसँग आवश्यक समन्वय गरी प्रक्रिया पुऱ्याई स्थानान्तरण प्रक्रिया अगाडि बढाउने तयारी गर्ने निर्णय गरियो ।

### इन्टर्नसीप अनुमति

ख्वप इन्जिनियरिङ्ग कलेजमा अध्ययनरत विद्यार्थीहरू श्री निशेष श्रेष्ठ, प्रियंकर गोपाल किसिजु, विकेश कोण्डा र मिलन शाहीलाई यस नगरपालिकामा इन्टर्नसीप कार्य गर्न लगाउने तथा निजहरूलाई यस पूर्व खटिएका ईन्जिनियरहरूलाई दिए सरह मासिक खाजा खर्च रकम (इन्टर्नमा कार्य गर्ने सरह) प्रदान गर्ने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोदन

**महिला बालकालिका तथा समाज कल्याण समिति**

**मिति २०८१।११।२२ गते**

१. बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयको स्थानीय तहमा विनियोजित सशर्त अनुदानको वार्षिक कार्यक्रम अनुसार आ.व. २०८१/०८२ को सामाजिक संरक्षण भत्ता यस भनपा क्षेत्रभित्रका बाबु आमा दुवै गुमाएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षण गर्ने उद्देश्य अनुरूप वडा नं. २ का सोहन खर्बुजा र वडा नं. ९ का युजल खुसुबाट प्राप्त आवेदन अनुसार निजहरूलाई मासिक रु.२,०००।- का दरले त्रैमासिक रूपमा सामाजिक संरक्षण भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

२. भ.न.पा.क्षेत्रभित्रका युवा लक्षित गरी सञ्चालन हुने २ महिने एड्भान्स पाक शिक्षा तालिम मिति २०८१ चैत्र १ गतेबाट सञ्चालन गर्ने र सो तालिम सञ्चालन गर्नका लागि श्री सुनिल सुवाल र श्री विष्णु श्रेष्ठलाई प्रशिक्षकको रूपमा खटाउन मासिक रु.२५,०००।- दिने गरी करारनामा गर्ने निर्णय गरियो ।

३. उपर्युक्त २ महिने एड्भान्स पाक शिक्षा तालिममा सहभागी हुने प्रशिक्षार्थीबाट मासिक रु.१०००।- शुल्क लिने निर्णय गरियो ।

**कृषि समिति**

**मिति २०८१।१०।२०**

भक्तपुर नगरपालिकाको आ.व. २०८१।०८२ को

वार्षिक सशर्त कार्यक्रम अन्तर्गत च्याउ पकेट कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**मिति २०८१।११।२३ गते**

भक्तपुर नगरका कृषकहरूलाई भक्तपुर नगरपालिकाबाट उत्पादन गरिएको कम्पोष्ट मल हाल कायम मूल्य २० किलोको प्रति बोरा रु.३५०।- (अक्षेरूपी तीन सय पचास) बाट सहुलियत दर रु.२००।- (अक्षेरूपी दुई सय) मा प्रतिबोरा मिति २०८१ चैत्र १ गतेदेखि २०८२ असार मसान्तसम्म वितरण गर्ने निर्णय गरियो।

## शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति २०८१।११।२७गते**

त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसमा नेपाली, इतिहास, संस्कृति र पुरातत्त्व विषयमा स्नातकोत्तर तह अध्ययन गर्ने वडा नं. ६ निवासी सविन दुवाल र वडा नं. ७ निवासी रुसेल शिल्पकारलाई न.पा.का. तर्फबाट छात्रवृत्ति प्रदान गर्ने निर्णय गरियो।

## युवा तथा खेलकुद समिति

**मिति २०८१।११।२१ गते**

भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८१ चैत्र २३-२५ गतेसम्म हुने अन्तर नगर जिम्नाष्टिक प्रतियोगिताको लागि छनौट भएका खेलाडीहरूलाई लिवाली कभर्ड हलमा दिनको २ सिफ्ट विहान र बेलुका मिति २०८१ फागुन २५ गतेदेखि प्रशिक्षण सञ्चालन गर्ने र उक्त प्रशिक्षणमा सहभागी प्रशिक्षक र खेलाडीहरूलाई डाइट ( खुराक) को व्यवस्था गर्ने र उक्त प्रशिक्षणको लागि २ जना प्रशिक्षक प्रशिक्षण अवधिभरको लागि नियुक्ति गर्ने निर्णय गरियो।

## वातावरण तथा पर्यटन समिति

**मिति २०८१।११।२६ गते**

१. भक्तपुर नगरपालिकाद्वारा भ.न.पा. वडा नं. ६, देकोचामा निर्माणाधीन अरनिको सभा भवन निर्माण कार्यको वातारणीय अध्ययन प्रतिवेदन तयारी गर्न भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज (वातावरण विभाग) लाई अनुरोध गर्ने निर्णय गरियो।

२. नगरवासी जनता तथा अस्थायी बसोबास गर्ने परिवारका घरको फोहोरलाई कुहिने र नकुहिने अलग अलग सङ्कलन गर्नको लागि प्रति चुल्हो रातो र हरियो रङ्गको गरी २ वटा बाल्टिन वितरण गर्ने र बाल्टिन वितरण गर्दा २ वटा बाल्टिनको रु.२००।- शुल्क लिने र सफाइ शुल्क लिने गरी बाल्टिन वितरण गर्ने निर्णय गरियो।

## च. निर्माण समिति

मिति २०८१।११।२६ गते

| क. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रिल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सडक बत्ती तथा फ्लोड लाइट जडान तथा मर्मत कार्य ( १०८ रोपनी जग्गाको उत्तरपश्चिम सडकमा र रानी पोखरीमा) | १ | मर्मत | ९६,९६०।८२ | | | | | | | | |
| २ | सीसीटीभी निगरानी प्रणाली मर्मत सम्भार तथा स्टोरेज/ब्याकअप क्षमता वृद्धि कार्य (भनपा कार्यालय र बजार क्षेत्रको) | नपा | मर्मत | ४२६,५००।०० | | | | | | | | |
| ३ | नगर शिक्षा शाखामा कोठा पार्टिशन कार्य | २ | मर्मत | ५४,४०४।७३ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | हाडा छैं पुन:निर्माण कार्य अन्तिम चरण | ४ | नपा | ५,९७०,३९९।४२ | | | उ.स.अ. : श्री कृष्णगोविन्द दुवाल अ.स.स. : श्री उपेन्द्र सुवाल | | | | | |
| २ | लर्के पुलको पूर्वतर्फ रिटेनिङ्ग वाल लगाउने कार्य | ८ | खोला नियन्त्रण का लागि रिटेनिङ वाल निर्माण कार्य | ४,७६६,४२०।६४ | | | उ.स.अ. : श्री विष्णुप्रसाद ढुकुछु अ.स.स. : श्री कृष्णप्रसाद कोजु | | | | | |
| ग) रि.ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भाजु पोखरीको दक्षिणतर्फको सीमा पर्खाल निर्माण कार्य | १ | अन्य सार्वजनिक निर्माण । वातावरणीय सुधार | ३,६३६,०५२।४५ | | १,२००,०००।०० | १,८३९,९९२।१२ | ६३९,९९२।१२ | २,०३०,५९९।५४ | आंशिक सम्पन्न | लक्ष्मी नारायण राजलवट | |
| २ | बाराही पुल परिसरमा एप्रोच रोड र रिटेनिङ्ग वाल निर्माण कार्य (आ.व.२०७९/८०) | ३ | बाराही पुल परिसरमा एप्रोच रोड र रिटेनिङ्ग वाल निर्माण कार्य | परिमार्जन भइसकेको ल.ई. : ३,०६,७१,९७१।२५ | परिमार्जन भइसकेको कबोल रकम : १,५३,१२,३५२।०२ | प्रथम रनिङ्ग बिल | २,१९३,८८८।७९ | २,१९३,८८८।७९ | २,१९३,८८८।७९ | आंशिक सम्पन्न | रिना कन्स्ट्रक्सन प्रा.लि. | चौथो रनिङ्ग बिल रू. ३६,२५,५४९।९१ भुक्तानी |
| | | | | | | दोस्रो रनिङ्ग बिल | ३,३१६,९२२।९५ | ३,३१६,९२२।९५ | ३,३१६,९२२।९५ | | | |
| | | | | | | तेस्रो रनिङ्ग बिल | २,६४६,८१२।७० | २,६४६,८१२।७० | २,६४६,८१२।७० | | | |
| | | | | | | चौथो रनिङ्ग बिल | ३,६२५,५४९।९१ | ३,६२५,५४९।९१ | ३,६२५,५४९।९१ | | | |
| | | | | | | जम्मा | ११,७८३,१७४।३५ | ११,७८३,१७४।३५ | ११,७८३,१७४।३५ | | | |
| ३ | बंश गोपाल पाटी निर्माण कार्य | ३ | नपा | २,३८४,७११।६० | | ६००,०००।०० | १,२०९,९९८।२७ | ६०९,९९८।२७ | २,००५,९६८।५८ | सम्पन्न | राम सुन्दर खाताखो | |
| ४ | शित भण्डारण गृहको Electrial, Refrigeration र Ventilation system को डिजाइन र इष्टिमेट तयार गर्ने परामर्श सेवा | ८ | परामर्श सेवा | | | | ६३,३९३।०० | ६३,३९३।०० | ६३,३९३।०० | सम्पन्न | Lucid Engineering Pvt. Ltd. Lalitpur | परामर्शदाताको प्रतिवेदनमा पेश भएअनुसार Electrial, Refrigeration र Ventilation system को डिजाइन, दररेट तथा ल.ई. अनुमोदन गर्ने |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | नपुखूको उत्तरपश्चिमतर्फ पार्किङ्गका लागि ढुङ्गा छपाइ | १ | योजनाको बाँकी भुक्तानी | ४,६१५,४३०।९० | | १,५००,०००।०० | ४,५८३,७९१।८० | ३,०८३,७९१।८० | ५,३३८,४९३।५६ | सम्पन्न | राजा राम पञ्च | |
| ६ | सिथामला बाटो ढुंगा छपाइ मर्मत कार्य | ७ | सडक बोर्ड नेपाल · नपा | १,२८४,१२७।०२ | | ३८०,०००।०० | १,२८०,०९६।३७ | ९००,०९६।३७ | १,७२३,२१६।९५ | सम्पन्न | कृष्ण दुमरू | |
| ७ | लिवाली कभर्ड हल अगाडिको ३ वटा बाटोमा ग्राभेलिङ गर्ने | ८ | सडक बोर्ड नेपाल · नपा | १,२८७,०९१।१८ | | ३८०,०००।०० | १,२७७,१०५।२५ | ८९७,१०५।२५ | १,४००,५०६।१६ | सम्पन्न | विक्रम धुकुछु | |
| ८ | ठुलो ब्यासी बाटो ढुंगा छपाइ कार्य | २ | बागमति प्रदेश सशर्त अनुदान | ५,४६४,७७८।३४ | | १,६००,०००।०० | २,३९८,८०१।२० | ७९८,८०१।२० | २,५५४,१९३।१७ | आंशिक सम्पन्न | सत्य राम बासुकला | |
| ९ | फ्लोड लाइट तथा सडक बत्ती जडान कार्य ( महेश्वरी खेल मैदान क्षेत्र) | ७ | सडक बत्ती जडान कार्य | १८७,५००।०० | २२२,१९६।२३ | | १५६,६३६।७० | १५६,६३६।७० | १५६,६३६।७० | सम्पन्न | एण्डिज ग्वाछा | |
| १० | लर्केस्थित कम्पोष्ट प्लानमा सोलार वाटर हिटर तथा प्लम्बिङ्ग कार्य | ८ | मर्मत | २३४,९७३।३३ | २६१,७६२।६२ | ७०,०००।०० | २२१,७६४।२५ | १५१,७६४।२५ | २४३,०१०।४५ | सम्पन्न | दिपक जाकिबन्जार | |
| ११ | भनपाका विभिन्न स्थानहरूमा विद्युतीय मर्मत तथा सडक बत्ती जडान तथा मर्मत (पुस र माघ महिनाको) | १-१० | मर्मत | ४०६,४४८।४० | | | ८४,०००।०० (ज्याला मात्र) | ८४,०००।०० (ज्याला मात्र) | ३६९,८७२।८९ | सम्पन्न | अमानत (जयराम प्रजापति ) | सामान सम्बन्धीत वडाबाट प्राप्त भएकोले रू. ८४,०००।- ज्याला मात्र भुक्तानी गर्ने |
| १२ | सीसीटीभी मर्मत सम्भार कार्य (भार्वाचोदेखि च्याम्हासिंहसम्म र दरबार स्क्वायर क्षेत्र) | नपा | मर्मत | ल.ई. रू. ९८,८८६।०० | कबोल रू. ९१,६०२।९५ | | ९१,६०२।९५ | ९१,६०२।९५ | ९१,६०२।९५ | सम्पन्न | Time Enterprises, Lalitpur | |
| १३ | भक्तपुर नगरको रिङ्ग रोडलगायतका स्थानहरूको रोडमा नयाँ सडक बत्ती जडान कार्य (ठेक्का नं. bktmun/NCB/works/16/076/77_ | नपा | सडक बत्ती जडान कार्य | परिमार्जन भइसकेको ल.ई. रू. १,४४,६७,९६६।९२ | परिमार्जन भइसकेको कबोल रकम रू. १,१०,५१,९५०।०० | प्रथम रनिङ्ग बिल | ८,२८७,५६१।२५ | ८,२८७,५६१।२५ | ८,२८७,५६१।२५ | सम्पन्न | Topsun Energy Pvt. Ltd., Kathmandu | दोस्रो रनिङ्ग बिल रू. १७,६१,५५७।०० भुक्तानी |
| | | | | | | दोस्रो रनिङ्ग बिल | १,७६१,५५७।०० | १,७६१,५५७।०० | १,७६१,५५७।०० | | | |
| | | | | | | जम्मा | १०,०४९,११८।२५ | १०,०४९,११८।२५ | १०,०४९,११८।२५ | | | |
| १४ | सल्लाघारी १०८ रोपनी जग्गाको उत्तर-पश्चिमतर्फ पीच बाटो मर्मत कार्य | १ | सडक स्तरोन्नति | ८५२,२३९।०८ | | २५०,०००।०० | ७९८,९६५।६२ | ५४८,९६५।६२ | ८२४,७११।५४ | सम्पन्न | ढकराज थापा | |

## सूचीकरण समिति

भ.न.पा. अन्तरगत सूचीकरण समितिको मिति २०८०।०४।०१ गते नक्सा पास/नक्सा सूचीकरणको लागि निर्णयार्थ भ.न.पा.को कार्यपालिका बैठकमा पेश गर्ने भनी निर्णय भए अनुसार निम्न अनुसारको नक्सावालाको नक्सा पास/सूचीकरण गर्ने निर्णय गरियो :

| क्र.सं. | निवेदकको नाम/थर | निर्माणठेगाना | कि.नं. | क्षेत्रफल | समितिको सिफारिस | सूचिकरण समितिको सिफारिस मिति |
|---|---|---|---|---|---|---|
| १. | कृष्ण भक्त दुवाल | भ.न.पा. वडा नं. ८ | ३४३ | | **सूचीकरण हुने ।** | २०८०।११।२२ |
| २. | एम बहादुर लामा | भ.न.पा. वडा नं. १ | ४४८ | ०-२-१-० | **सूचीकरण हुने ।** | २०८०।११।२२ |
| ३. | शारदा मैंया कोजु | भ.न.पा. वडा नं. १ | ७४३ | ०-३-०-० | **नक्सा पास हुने ।** | २०८०।११।२२ |
| ४. | रेणु श्रेष्ठ | भ.न.पा. वडा नं. १० | ४०४ | ०-२-२-० | **नक्सा पास हुने ।** | २०८१।०१।०४ |
| ५. | मोहन कृष्ण सिल्पकार | भ.न.पा. वडा नं. ६ | ९८३ र ९८४ | ०-१-०-१ र ०-८-२-२ | **सूचीकरण हुने ।** | २०८०।०४।०१ |
| ६. | कृष्ण लक्ष्मी चवाल | भ.न.पा. वडा नं. ४ | १२५६ | ०-१-२-२ | **सूचीकरण हुने ।** | २०८०।०४।०१ |
| ७. | लक्ष्मी कुमार सुवाल | भ.न.पा. वडा नं. ४ | १००७ र १०१० | ०-१-१-२ र ०-१-१-२ | **पास एवं सूचीकृत समेत गर्ननहुने ।** | २०८०।०४।०१ |

### भक्तपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को सूचिकरण तथा छनौट समिति

**मिति २०८१।११।२५ गते**

१. यस नगरपालिकाको लागि आवश्यक कम्प्युटर अपरेटरहरूको प्रशासनिक र कम्प्युटर सम्बन्धी लिखित र कम्प्युटर सम्बन्धी प्रयोगात्मक परीक्षा सञ्चालन गर्न ख्वप ईन्जिनियरिङ्ग कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ्गलाई जिम्मा दिने निर्णय गरियो ।

२. उक्त परीक्षा सञ्चालनको लागि प्रशासन सम्बन्धी ५० अङ्क भारको आवश्यक प्रश्न पत्र तयार गर्न यस न.पा. का प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराईलाई जिम्मेवारी दिने र कम्प्युटर सम्बन्धी सैद्धान्तिक र प्रयोगात्मक परीक्षाको लागि ख्वप कलेज अफ इन्जिनियरिङ्गलाई जिम्मा दिने निर्णय गरियो ।

३. हेभी ड्राईभर र ट्राइसाइकल ड्राईभरको प्रयोगात्मक परीक्षा मिति २०८१ चैत्र ६, ७ र ८ गते सञ्चालन गर्ने र उक्त परीक्षा सञ्चालनको लागि यस न.पा.का हल्का सवारी चालक श्री बुद्धिनारायण सुवाललाई जिम्मा दिने निर्णय गरियो ।

४. कार्यालय सहयोगी र हेल्परहरूको अन्तर्वार्ता मिति २०८१ चैत्र ११-१५ गतेसम्म भक्तपुर न.पा. कार्यालयमा सञ्चालन गर्ने निर्णय गरियो ।

५. उक्त अन्तर्वार्ताको लागि निम्न अनुसारको एक अन्तर्वार्ता समिति गठन गर्ने तथा आवश्यकता अनुसार विषय विज्ञलाई समितिमा आमन्त्रण गर्ने निर्णय गरियो :

संयोजक : श्री रविन्द्र ज्याख्व
सदस्य : श्री उकेश कवां
सदस्य : श्री बसन्त भट्टराई
सदस्य : श्री दामोदर सुवाल

६. उपर्युक्त प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता सम्बन्धी सूचना 'मजदुर' दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित गर्ने निर्णय गरियो ।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क) यस नगरपालिकाको लागि आवश्यक टोल नाम मेटल इचिङ्ग गरी दिए वापत रु. १,०२,८३०।- अक्षेरूपी एक लाख दुई हजार आठ सय तीस रूपैयाँ इन्द्रेनी छापाखानालाई भुक्तानी दिने निर्णय गरियो ।

# बैठक सङ्ख्या- ७८

## मिति २०८१ चैत्र २२ गते, शुक्रबार

## निर्णयहरू

### बिस्का जात्रा

२०८१ चैत्र २८ गते शुरु भई २०८२ बैशाख ५ गते सम्पन्न हुने बिस्का जात्रा र नयाँ वर्षको शुभकामना र्‍याली तथा कार्यक्रम २०८१ चैत २८ गते, र्‍याली दत्तात्रयबाट र कार्यक्रम टौमढीमा गर्ने निर्णय गरियो :

### अन्तर नगर जिम्नाष्टिक प्रतियोगिता

नेपाल मजदुर किसान पार्टीबाट २०७९ सालको निर्वाचनमा व्यक्त गरिएको प्रतिवद्धता अनुसार हरेक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिता अन्तर्गत यस वर्ष अन्तर नगर जिम्नाष्टिक प्रतियोगिता नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छेँ (रोहित) ज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम तथा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद माननीय श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा निम्न मिति, समय र स्थानमा पुस्तकार वितरण तथा समापन कार्यक्रम गर्ने निर्णय गरियो :

**उद्घाटन कार्यक्रम**

मिति : २०८१।१२।२३ गते

र्‍याली शुरु हुने स्थान : दत्तात्रय, भ.न.पा. ९

स्थान : शहीद स्मृति खेल मैदान, व्यासी, २

**पुरस्कार तथा समापन कार्यक्रम**

मिति : २०८१।१२।२५ गते

स्थान : शहीद स्मृति खेल मैदान, व्यासी, २

अन्तर नगर जिम्नाष्टिक प्रतियोगिता २०८१ को अवसरमा २०७४ सालदेखि हालसम्म भक्तपुर नगरपालिकाबाट सम्पन्न गरेका अन्तर नगर खेलकुद प्रतियोगिताहरू सम्बन्धी विवरण, अन्तर विद्यालय खेलकुद प्रतियोगिताहरू सम्बन्धी विवरण, राष्ट्रपति कप प्रतियोगिता सम्बन्धी विवरण र अन्य विभिन्न खेलकुद सम्बन्धी गतिविधि तथा लेख रचनाहरू समावेश गरी ***खेलकुद स्मारिक-२०८१*** प्रकाशन गर्ने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोदन

**शिक्षा, स्वास्थय संस्कृति समिति**

**मिति २०८२।१।२गते**

१. चालू आ.व. को लागि खरिद गर्ने औषधीहरूको स्वास्थ्य शाखा संयोजक डा. रत्नसुन्दर लासिवाले पेश गर्नु भएको सूची र सोको लागत अमुमान बमोजिमरु.२०,३९,६९८।६० मध्ये नेपाल सरकारको सशर्त अनुदान रु.१७,५६,०००।- र सोमा नपुग हुने रकम यस न.पा.बाट व्यहोर्ने गरी खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

२. यस न.पा.बाट अन्तर नगर खेलकुद प्रतियोगिताको उद्घाटनको अवसरमा विमोचन गर्न लागिएको **"खेलकुद स्मारिका-२०८१"** पुस्तकको मूल्य रु.१५०।- कायम गर्ने, ३००० प्रति छपाइ गर्ने, छपाइका लागि प्राप्त दरभाउ पत्रमध्ये सबैभन्दा कम दरभाउ पेश गर्ने मित्रता छापाखानाको दरभाउ पत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**कृषि समिति**

**२०८१।१२।३ गते**

१. मिति २०८१।११।२७ गते भ.न.पा. ७ मा अर्पण मिटशप व्यवसाय गर्ने बलराम सिंबन्जारको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्य एकाई, भक्तपुरको मिति २०८१।८।१३ गतेको प्रकाशति सूचना अनुसार सिफारिस पाऊँभनी दिएको निवेदनमा मिति २०८१।११।२८ गते कृषि प्राविधिकबाट स्थलगत निरीक्षण गरी मिति २०८१।१२।०१ गते पेश गरेको प्रतिवेदन अनुसार कार्य सम्पन्न गरेको हुनाले निजको माग बमोजिम सम्बन्धित कार्यालयको नाउँमा सिफारिस गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरका कृषकहरूलाई धानको मूल बीउ वितरण गरी बीऊ उत्पादन गराउनको लागि नेपाल सरकारको DESIS सफ्टवेयरमा खुमल ११ जातको धानको मूल बीउ १००० किलो माग विवरण पेश गर्ने गरी खरिद गर्ने निर्णय गरियो ।

**वातावरण तथा पर्यटन समिति**

**मिति २०८१।१२।१९गते**

स्रोतमै कुहिने र नकुहिने फोहोर छुट्याई सङ्कलन गर्ने गराउनको लागि घर दैलोमा रातो र हरियो बाल्टिन वितरण हुने बारे सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो :

१. प्रत्येक चुल्होलाई वितरण गर्ने,
२. अस्थायी बसोबास गर्ने प्रत्येक चुल्हो,
३. सफाइ शुल्क तिरेको रसिद हुनुपर्ने
४. २ वटा वाल्टिनको रु.२००।- सेवा शुल्क लिने

**युवा तथा खेलकुद समिति**

**मिति २०८१।१२।१ गते**

भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८१

चैत २३–२५ गतेसम्म हुने अन्तर नगर जिम्नाष्टिक प्रतियोगिताको लागि आवश्यक व्यवस्थागर्न यस समितिका संयोजक श्री श्यामकृष्ण खत्रीलाई रु.१५,००,०००।– (अक्षेरूपी रु. पन्ध्र लाख) पेश्की लिन लगाउने निर्णय गरियो ।

**मिति २०८१।१२।५ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८१ चैत २३–२५ गतेसम्म हुने अन्तर नगर जिम्नाष्टिक प्रतियोगिताको लागि भक्तपुर नगरपालिका टीमबाट खेल्ने खेलाडीहरू, अफिसियलहरू र प्रशिक्षकलाई ट्र्याक सुट र खेलकुद सामग्रीको व्यवस्था गर्ने निर्णय गरियो ।

२. ललितपुर महानगरपालिकाको आयोजनामा २०८१ चैत १०–१५ गतेसम्म जावलाखेल भलिबल प्रशिक्षण केन्द्रमा हुने बागमती प्रदेश स्तरीय अन्तरपालिका मेयर कप, २०८१, महिला तथा पुरुष भलिबल प्रतियोगितामा यस नगरपालिका टीमबाट सहभागी गराउने निर्णय गरियो ।

**मिति २०८१।१२।२१ गते**

भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८१ चैत्र २३–२५ गतेसम्म हुने अन्तर नगर जिम्नाष्टिक प्रतियोगिताको लागि आवश्यक खेलकुद सामग्रीहरू खरिद गर्ने निर्णय गरियो ।

## अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति

**मिति २०८१।१०।२८ गते**

१. भ.न.पा. क्षेत्रभित्रका व्यक्तिहरूबाट अपाङ्गता परिचयपत्रको लागि प्राप्त निवेदन अनुसार यस समितिका चिकित्सक समेतको टोलीबाट परीक्षण पश्चात् ‘क’ वर्गको एक, ‘ख’ वर्गको एक र ‘ग’ वर्गको एक जनालाई अपाङ्गताको परिचय पत्र दिने र कमला वनको काजगात थप माग गर्ने निर्णय गरियो । साथै अरुष कोजु र सितल माया देशेमरुलाई ‘क’ वर्गमा परिणत गर्ने ।

२. भ.न.पा. क्षेत्रभित्रका ‘क’ वर्गमा अपाङ्गता कार्ड प्राप्त गरेका व्यक्तिहरूलाई सर्वोत्तम पिठो प्रति व्यक्ति २ किलोका दरले वितरण गर्न आवश्यक सामग्री खरिद गर्नको निम्ति रु.१,००,०००।– (एक लाख) पेश्की समितिका सदस्य श्री रोशनमैया सुवाललाई लिन लगाउने निर्णय गरियो ।

**मिति २०८१।१२।१९ गते**

भ.न.पा. द्वारा अपाङ्गता भएका व्यक्तिहरूको निम्ति तयार गरिएको पोषिलो पिठो दशै वटा वडाका पूर्व अशक्त (क) वर्गका व्यक्तिहरूलाई वितरण गर्ने निर्णय गरियो :

सामग्री : भटमास ५० प्रतिशत, गहुँ २५ प्रतिशत, मकै २५ प्रतिशत र चिनी ५ प्रतिशत सो वितरण गर्न १० वटै वडा कार्यालयमा वितरण गर्न अनुरोध गर्ने ।

## किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति

**मिति २०८१।१२।५ गते**

आ.व. २०८१।०८२ को सङ्घीय सशर्त कार्यक्रमतर्फ किसान सूचीकरण कार्यक्रम शीर्षकमा रु.२,००,०००।–(अक्षेरूपी दुई लाख रूपैयाँ) मात्र विनियोजन भएकोले किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

## निर्माण समिति

### २०८१।१२।२१ गते

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लायकु पाहाँछे पुन:निर्माण कार्य | ३ | नपा | ३,०६५,८३७।५९ | | | | | | | | |
| २ | बाराही पुलको एप्रोच रोडको मोडमा कज् वे का लागि सोलिङ्ग, पीसीसी र ढल निर्माण कार्य | ३ | बाराही पुलको एप्रोच रोड तथा रिटेनिङ्ग वाल निर्माण | ९९८,८४७।०७ | | | | | | | | स्वीकृत ल.ई अनुमोदन गर्ने |
| ३ | पुरानो जगाति पुल निर्माण ( डीपीआर सहित) कार्य | ८ | सङ्घीय सरकार सशर्त अनुदान | ५,३४४,०१८।१८ | | | | | | | | ख्वप कलेज अफ इन्जिनियरिङ्गबाट प्राप्त डिजाइन ड्इङ्गअनुसार साविकको जग Abutment र Arch यथावत राखी सो माथिको संरचना पुन:निर्माण गर्ने । |
| ४ | वर्कशप निर्माण कार्य, सिलखे | १० | वर्कसप निर्माण | ६,२१५,९८९।०१ | | | | | | | | |
| ५ | सिलखे प्राङ्गारिक मल प्रशोधन केन्द्रमा गेट तथा ड्रेन निर्माण कार्य | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्र पूर्वाधार निर्माण | २,२३९,८४१।९२ | | | | | | | | |
| ६ | सिलखेको टहरामा पार्टिशन तथा फ्लोरिङ्गको कार्य | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्र पूर्वाधार निर्माण | २,७८९,१८३।०९ | | | | | | | | |
| ७ | भूतिपाखामा पर्ति जग्गा संरक्षण गर्न रिटेनिङ्ग वाल निर्माण कार्य | १० | पर्ति जग्गा संरक्षण तथा सिमाङ्कन | ३,३६१,३४४।८० | | | | | | | | |
| ८ | भनपा वडा नं. ८ को सडक फुटपाथमा बिरूवा दुबो र जाली राख्ने कार्य | ८ | वातावरण तथा पर्यटन समिति | ५६२,५८३।६३ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | इताछेँमा भासिएको सडक मर्मत कार्य | २ | मर्मत | २९०,९२९।५४ | | | | | | | | |
| १० | सीसीटीभी मर्मत सम्भार कार्य, कमलविनायक मूलढोका सडकमा | १० | मर्मत | ९४,३५९।५२ | | | | | | | | |
| ११ | ६ KVA online Ups जडान कार्य, भनपा कार्यालयमा | २ | मर्मत | १३६,७३०।०० | | | | | | | | |
| १२ | लाइट पोल र केबुल जडान कार्य, सिद्धपोखरी उत्तरतर्फ | १ | मर्मत | ९९,१५१।८५ | | | | | | | | |
| १३ | याछेँ पाटीको छाना मर्मत कार्य | ६ | मर्मत | १७६,४२२।९० | | | | | | | | |
| १४ | बिस्का जात्रामा योसिंद्योको लागि फलामे च्वलं बनाउने कार्य | ४ | मर्मत | २१८,९५०।९० | | | | | | | | |
| १५ | नपली स्वास्थ्य चौकीमा रेलिङ बनाइ जडान कार्य | १ | मर्मत | ७६,०१४।१५ | | | | | | | | |
| १६ | शहिद स्मृति खेल मैदानमा मञ्चको छाना मर्मत कार्य | २ | मर्मत | ८६,७८०।७१ | | | | | | | | |
| १७ | जनज्योति पुस्तकालय र भनपा भवनमा पाखा मर्मत कार्य | ३ | मर्मत | ९७,६३७।९७ | | | | | | | | |
| १८ | नपली पाटीमा छाना मर्मत कार्य | १ | मर्मत | ३२०,४१०।८८ | | | | | | | | |
| १९ | सहिद स्मृति खेल मैदानमा ब्लक छपाइ कार्य | २ | मर्मत | ६५,३५०।७४ | | | | | | | | |
| २० | सीसीटीभी मर्मत सम्भार कार्य, दरबार क्षेत्र र भार्वाचोदत्तात्रय सडकमा | १, ३, ४, ५, ७, ९ | मर्मत | १७५,५७०।०० | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | फ्लोड लाइट तथा सडक बत्ती थप जडान कार्य, बिस्का जात्रा क्षेत्र टौमढी, योसिंखेलगायत का स्थान | ४, ५ | मर्मत | २७५,०८७ ०० | | | | | | | | |
| २२ | 2HP water Pump जडान कार्य, भनपा कार्यालय भवनमा | २ | मर्मत | ९५,३७४।० ० | | | | | | | | |
| २३ | सडक बत्ती जडान कार्य, अरनिको राजमार्गको सब वे (सूर्यविनायक देखिजगातीसम्म) | ३, ४, ५ ७ | मर्मत | ४६४,९८ ०।७२ | | | | | | | | |
| ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लायकु पाहाँछे पुन:निर्माण कार्य | ३ | नपा | ३,०६५,८३ ७।५९ | | | उ.स.अ.:श्री रामहरि गोरा<br>अ.स.स.:श्री राजकृष्ण गोरा | | | | | |
| २ | न्याकीदह नारायण मन्दिर पुन:निर्माण कार्य | ८ | नपा | ५,०१९,७९ १।४३ | | | उ.स.अ. : श्री कृष्णसागर बासी<br>अ.स.स. : श्री कृष्णप्रसाद कोजु | | | | | |
| ३ | बिस्का जात्रामा योसिंद्योको लागि फलामे च्वलं बनाउने कार्य | ४ | मर्मत | २१८,९५०। ९० | | | उ.स.अ. : श्री सुरेश छुकां<br>अ.स.स. : श्री उपेन्द्र सुवाल | | | | | |
| ग) रि.ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लक्ष्मी नरसिंह मन्दिर पुन:निर्माण कार्य अन्तिम चरण | ४ | मर्मत | ३,४४४,२ ६८।४० | ५,६०१, २०४।८ ८ | | | | | | | |
| २ | कालीघाट ढुङ्गेधारा परिसर सुधार कार्य | २ | मर्मत | ४८७,९७२ ।०२ | ४९६,४ ९५।३१ | | | | | | | |
| ३ | मंगलतीर्थ परिसर छग देग पुन:निर्माण कार्य | ४ | नपा | ३,८६३,७९ ५।४८ | ४,२३२, ७२८।३ ४ | | | | | | | |
| ४ | सडक बत्ती जडान कार्य ( लिवाली आवास क्षेत्रको पूर्वतर्फको दुई वटा बाटोमा) | ८ | सडक बत्ती जडान कार्य | ५८८,२६४ ।९० | ७८३,८ ३९।११ | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | अरनिको सभा भवनको दक्षिणतर्फ ग्याभियन वाल निर्माण तथा भुमिगत पानी व्यवस्थापन कार्य | ६ | योजनाको बाँकी भुक्तानी | ४,७७३,२७०।७१ | १,७८१,९५८।६७ | | | | | | | स्वीकृत ल.ई भन्दा कामको आइटम र परिमाण संशोधन भएको |
| ६ | भनपा वडा नं. ७ मा पीच बाटो मर्मत कार्य | ७ | मर्मत | ६६०,२६४।०१ | ७४६,३९०।०३ | | | | | | | |
| ७ | सल्लाघारी पुलदेखि राममन्दिर पुलसम्मको हनुमन्ते खोला सुधार कार्य | १, ३, र ४ | खोला सुधार विपद् व्यवस्थापन | ८,७९९,५५७।७२ | ८,७९९,५५७।७२ | | | | | | | साइटको अवस्था अनुसार आइटमहरू थपघट गर्नुपरेको |
| घ) पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | टेलिकमदेखि ईटाछेँसम्म पीच सडकको दायाँ बायाँ ढुङ्गा छपाइ मर्मत कार्य | १ | सडक बोर्ड नेपाल नपा | १,३२१,२२७।९७ | | ३८०,०००।०० | १,२८०,०१४।६० | ९००,०१४।६० | १,७७२,२९५।४३ | सम्पन्न | विकल बाटी | |
| २ | इताछें सडक मर्मत कार्य | २ | सडक बोर्ड नेपाल नपा | १,२८३,७८८।०८ | | ३८०,०००।०० | १,२८२,२६८।०० | ९०२,२६८।०० | १,७२५,६७०।६८ | सम्पन्न | पुण्यराम देशेमरू | |
| ३ | तारा मा.वि.को उतरतर्फको बाटोमा ढुङ्गा छपाइ मर्मत | ४ | सडक बोर्ड नेपाल नपा | १,२८०,९७७।३५ | | ३८०,०००।०० | १,२८०,१६४।७३ | ९००,१६४।७३ | १,४२५,९६१।८८ | सम्पन्न | रामकृष्ण सुवाल | |
| ४ | बालाखुदेखि त्रिपुरासुन्दरीको बाटो ढुङ्गा छपाइ मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल नपा | १,२८३,०७५।२० | | ३८०,०००।०० | १,२७४,६९५।०० | ८९४,६९५।०० | १,६१५,०२८।६० | सम्पन्न | सागर आचार्य | |
| ५ | बालबोध शान्ति स्कूलबाट यालाछेँसम्म ढुङ्गा छपाइ मर्मत कार्य | ६ | सडक बोर्ड नेपाल नपा | १,२८३,१३२।०६ | | ३८०,०००।०० | १,२७९,६०८।०० | ८९९,६०८।०० | १,७०१,२७३।९० | सम्पन्न | रमिला माकजु (दिस्ती) | |
| ६ | नवदुर्गा घ:छेँदेखि गछेँ हुँदै सकोलान सम्मको सडक मर्मत | ९ | सडक बोर्ड नेपाल नपा | १,२८२,४२९।६७ | | ३८०,०००।०० | १,२७९,९५४।३७ | ८९९,९५४।३७ | १,६५४,८६५।८४ | सम्पन्न | बाल गोपाल वैद्य | |
| ७ | महालक्ष्मी मन्दिरदेखि नागपोखरीसम्मको बाटोमा ढुङ्गा छपाइ मर्मत कार्य | १० | सडक बोर्ड नेपाल नपा | १,२९३,९२९।८२ | | ३८०,०००।०० | १,२७९,८८०।४७ | ८९९,८८०।४७ | १,६६०,६१५।८८ | सम्पन्न | रमेश दुवाल | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | खँचा पुखू स्वास्थ्य चौकी निर्माण कार्य (तेस्रो चरण) | ७ | वाग्मती प्रदेश विशेष बजेट · नपा | १४,२४६,१६१।८७ | कबोल अंक ९१,३१,२६२।६३ | प्रथम रनिङ्ग बिल | २,१८२,७०८।८३ | २,१८२,७०८।८३ | २,१८२,७०८।८३ | आंशिक सम्पन्न | Newa Construction, मध्यपुर थिमि ५, भक्तपुर | |
| | | | | | | दोस्रो रनिङ्ग बिल | २,१२२,४१९।२९ | २,१२२,४१९।२९ | २,१२२,४१९।२९ | | | |
| | | | | | | तेस्रो रनिङ्ग बिल | २,०५४,२९४।९१ | २,०५४,२९४।९१ | २,०५४,२९४।९१ | | | |
| | | | | | | जम्मा | ६,३५९,४२३।०३ | ६,३५९,४२३।०३ | ६,३५९,४२३।०३ | | | |
| ९ | नगर शिक्षा शाखामा कोठा पार्टिशन कार्य | २ | मर्मत | ५४,४०४।७३ | | | ४९,०३४।०० | ४९,०३४।०० | ४९,५७१।५१ | सम्पन्न | पासा आल्मुनियम, गोल्मढी | |
| १० | मंगलतीर्थ शिशु स्याहार तथा बाल विकास केन्द्र भवनको छाना र पर्खाल मर्मत | ४ | मर्मत | ७४१,४१७।०३ | | २४०,०००।०० | ४२३,६३७।७३ | १८३,६३७।७३ | ४६९,६३७।३८ | सम्पन्न | जयराम सुवाल | |
| ११ | सडक बत्ती तथा फ्लोड लाइट जडान तथा मर्मत कार्य (१०८ रोपनी जग्गाको उत्तरपश्चिम सडकमा र रानी पोखरीमा) | १ | मर्मत | ९६,९६०।८२ | | | ९५,७९९।२४ | ९५,७९९।२४ | ९८,०६५।६७ | सम्पन्न | हरिसुन्दर गरू | |
| १२ | भनपाका विभिन्न स्थानमा नियमित मर्मत सम्भार कार्य (फागुन महिनाको) | १–१० | मर्मत | ज्याला ६३,७९१।०० | | | ज्याला ६०,०००।०० | ज्याला ६०,०००।०० | ज्याला ६०,०००।०० | सम्पन्न | (राधेश्याम भैनात्व) अमानत | जिन्सी शाखाबाट प्राप्त पुरानो निर्माण सामग्री प्रयोग भएको |
| १३ | भनपा वडा नं. ७ मा पीच बाटो मर्मत कार्य | ७ | मर्मत | ७४६,३९०।०३ | | २१०,०००।०० | ६६९,५६७।७७ | ४५९,५६७।७७ | ६९६,०४०।८१ | सम्पन्न | रत्नगोपाल त्वायना | |
| १४ | कालीघाट ढुङ्गेधारा परिसर सुधार कार्य | २ | मर्मत | ४९६,४९५।३१ | पहिलो पेश्की | १६०,०००।०० | २८७,५३१।५९ | १२७,५३१।५९ | ३५०,५३०।७२ | सम्पन्न | बाल मुकुन्द बासुकला | दोस्रो पेश्की फछ्र्यौट गरी नपुग रू. ११,४७७।२५ भुक्तानी दिने |
| | | | | | देस्रो पेश्की | १००,०००।०० | १११,४७७।२५ | ११,४७७।२५ | १२०,९६३।३२ | | | |
| | | | | | जम्मा | २६०,०००।०० | ३९९,००८।८४ | १३९,००८।८४ | ४७१,४९४।०४ | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | भेलुखेलस्थित तरकारी बजारमा फ्लोड लाइट जडान कार्य | ५ | मर्मत | ७९,८०९।०० | | २५,०००।०० | ६८,४९७।०० | ४३,४९७।०० | ७५,०३३।९० | सम्पन्न | नारायणप्रसाद त्वानाबासु | |
| १६ | भार्वाचो बसपार्कबाट पश्चिम हुँदै भाजु पोखरी डील बाटोसम्म र इनागल गणेश मन्दिरबाट भक्तपुर क्याम्पस जाने बाटोमा ढुङ्गा छपाइ कार्य | १ | बाग्मती प्रदेश ससर्त अनुदान | ५,२५४,८०८।३० | | १,६५०,०००।०० | २,५०१,१०५।०० | पे.फ. गरी हाललाई ८ लाख ५० हजार रुपैयाँ भुक्तानी गर्ने | ३,४१२,४८७।४३ | आंशिक सम्पन्न | स्वस्थानी शर्मा कार्की | यसअघिको योजनाको नाम र स्थान परिवर्तन नगर कार्यपालिका बैठकबाट गरिएको र सोको प्रदेशबाट सहमति आउन बाँकी |
| १७ | इतापाके पाटी पुन:निर्माण कार्य | २ | नपा | १,४६२,७७९।२९ | | ५००,०००।०० | ७६८,६९४।७० | २६८,६९४।७० | ९४३,८११।३५ | आंशिक सम्पन्न | साहिँला वैद्य | |
| १८ | मंगलतीर्थ परिसर छग देग पुन:निर्माण कार्य | ४ | नपा | ४,२३२,७२८।३४ | पहिलो पेश्की | ६५०,०००।०० | ८१०,२१४।४५ | १६०,२१४।४५ | ८९९,२६४।९६ | सम्पन्न | विश्वराम त्वायना | तेस्रो पेश्की फछ्र्यौट गरी नपुग रू. ३,१८,४१९।०० भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | १,०००,०००।०० | १,२८७,१७७।०० | २८७,१७७।०० | १,५७१,६९४।६६ | | | |
| | | | | | तेस्रो पेश्की | ८००,०००।०० | १,११८,४१९।०० | ३१८,४१९।०० | १,३५८,१४९।९५ | | | |
| | | | | | जम्मा | २,४५०,०००।०० | ३,२१५,८१०।४५ | ७६५,८१०।४५ | ३,८२९,१०९।५७ | | | |
| १९ | प्रेश इकाइमा पानी निकास व्यवस्थापन कार्य | २ | मर्मत | ९६,६३८।७९ | | ३०,०००।०० | ८६,६१२।२३ | ५६,६१२।२३ | ९९,९६९।११ | सम्पन्न | अमानत ( लक्ष्मीप्रसाद दुवाल) | |
| २० | भनपा भवनको सभा हल र बैठक कक्षमा रङ्गरोगन कार्य | २ | मर्मत | ४८,४४४।३३ | | | ४७,२००।०० | ४७,२००।०० | ४७,३०७।९७ | सम्पन्न | अमानत (कृष्णहरि लागेजु) | |
| २१ | बाराही पुलको एप्रोच रोडमा क्याचड्रेन कभर निर्माण कार्य | ३ | मर्मत | ८०,३७२।९७ | | | ७९,५००।०० | ७९,५००।०० | ७९,५९६।५९ | सम्पन्न | अमानत (सुरेन्द्र नकर्मी) | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | अरनिको सभा भवनको दक्षिणतर्फ ग्याभियन वाल निर्माण तथा भूमिगत पानी व्यबस्थापन कार्य | ६ | योजनाको बाँकी भुक्तानी | १,७८१,९५८।६७ | | १,५००,०००।०० | ११८४९०७८९ | | १,६३५,३६२।९५ | सम्पन्न | गोबिन्द राम त्वानाबासु | पे.फ. गरी बाँकी रकम रू. ३,१५,१०० भनपाको नाममा बैंक दाखिला भएको |
| २३ | सल्लाघारी पुलदेखि राममन्दिर पुलसम्मको हनुमन्ते खोला सुधार कार्य | १, ३, र ४ | खोला सुधार · विपद् व्यवस्थापन | ८,७९९,५५७।७२ | | २,६००,०००।०० | २६००६९० | ६९०।०० | २,७२१,४५०।२१ | आंशिक सम्पन्न | लक्ष्मीभक्त दुवाल | |
| | विविध | | | | | | | | | | | |
| १ | खोला सुधार तथा घाट सुधारको लागि एक्साभेटर भाडामा लिने | | | | वर्षायाम नजिकिएकोले नगरपालिकाको एक्साभेटरले मात्र काम गराउंदा ढिला भएको गुनासो आएकोले उक्त कार्य छिटो सम्पन्न गर्न ७ दिनको सूचना दिई दरभाउपत्र ( कोटेशन) लिई २ देखि ४ वटासम्म स्क्याभेटर भाडामा लिई उपभोक्ता समितिलाई उपलब्ध गराउने निर्णय गरियो । | | | | | | | |
| २ | नगरका विभिन्न सडकहरूको स्तरोन्नती कार्य | ४, ६, ८ र १० | सडक स्तरोन्नी | १८,४९८,५३२।८९ | चालु आ.व. २०८१/८२ का लागि भक्तपुर नगरपालिकाको नगरका विभिन्न सडक स्तरोन्नती कार्य (ठेक्का नं. bktmun/NCB/works/04/081/82) गर्नको लागि तोकिएको म्यादभित्र प्राप्त श्री Standard Asphalt and Construction Company Pvt. Ltd., Liwali, Bhaktapur को एक मात्र अनलाइन बोलपत्र प्राप्त भएकोमा निजको कबोल अङ्क रु. १,२७,४३६७२।८० (अक्षरेपि एक करोड सताइस लाख त्रिचालीस हजार छ सय बहत्तर रुपैयाँ र असी पैसा मात्र) स्वीकृत ल.ई. (रु. १,८४,९८,५३२।८९) भन्दा ३०.१० प्रतिशत कम देखिएको र सारभूत रूपमा प्रभावग्राही देखिएकोले मिति २०८१/१२/०४ गते बसेको मूल्याङ्कन समिति बैठकबाट सिफारिस भई बोलपत्र स्वीकृत भइसकेकोले सोको अनुमोदन गर्ने निर्णय गरियो । | | | | | | | |
| ३ | बाराही पुलको एप्रोच रोडको मोडमा कज् वे का लागि सोलिङ्ग, पीसीसी र ढल निर्माण कार्य | ३ | बाराही पुलको एप्रोच रोड | ९९८,८४७।०७ | चालु आ.व. २०८१/८२ का लागि बाराही पुलको एप्रोच रोडको मोडमा कज् वे का लागि सोलिङ्ग, पीसीसी र ढल निर्माण कार्य गर्नको लागि तोकिएको म्यादभित्र प्राप्त तीन वटा दरभाउपत्रहरूमध्ये सबभन्दा कम अङ्क रु. ९,५३,१६६।५७ (अक्षरेपि नौ लाख त्रिपन्न हजार एक सय छैसाठी रुपैयाँ र सन्ताउन्न पैसा मात्र) कबोल गर्ने श्री अम्बर कन्स्ट्रक्सन, जुगल गापा सिन्धुपाल्चोकको दररेट न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले सो दरभाउपत्र (कोटेशन) स्वीकृत गर्ने निर्णय गरियो । | | | | | | | |
| ४ | तारा लाँ बाटो स्तरोन्नती कार्य (ठेक्का नं. bktmun/NCB/works/03/081/82) | १ | बागमति प्रदेश समपूरक र नपा बजेट | ल.ई. रकम २,३४,११,८६०।२४ | कबोल अङ्क १,४०,०७,८३२।४९ | श्री Iskra/Abhiyanta J.V., Koteshwor, Kathmandu को अग्रीम भुक्तानी पाऊँ भनी Advance payment guaranteeको कागजात सहित निवेदन प्राप्त भएकोले सम्झौताअनुसार सो कार्य गर्न निज कम्पनीलाई सम्झौताको कबोल अङ्कको १० प्रतिशतमा नबढ्ने गरी हाललाई रु. १२,१५,०००।०० ( अक्षरेपि बाह्र लाख पन्ध्र हजार रुपैयाँ मात्र) अग्रीम भुक्तानी दिने निर्णय गरियो । | | | | | | |

## बैठक सङ्ख्या- ७९

### मिति २०८२ बैशाख १० गते, बुधबार

### निर्णयहरू

### अन्तर्राष्ट्रिय समितिको बैठक

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका र पुरातङव विभागको संयुक्त आयोजनामा A Deecade of Rehibilitation: Reflecting on the 2015 Gorkha Earthquake On 25th April, 2025 ,International Scientific Committee (ISC-KVWP) को तेश्रो वार्षिक बैठक र उक्त बैठकको उद्‌घाटन कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गर्ने र सोको लागि आवश्यक अतिथि सत्कार लगायतका खर्चहरू यस नगरपालिकाबाट व्यवस्था गर्ने निर्णय गरियो :

कार्यक्रम :
मिति : २०८२ बैशाख १२ गते, शुक्रबार
समय : विहान ८:०० बजे
स्थान : भक्तपुर दरवार क्षेत्र, तवः सत्तल

### बजेट संशोधन प्रस्ताव

यस नगरपालिकाको आ.व. २०८१/०८२ मा देहायका योजनाहरूको लागि बजेट स्रोत सुनिश्चितताका लागि देहाय बमोजिमको बजेट संशोधन प्रस्तावपारित गर्ने निर्णय गरियो :

### क) पुँजीगत योजनाहरुको बजेट स्रोत सुनिश्चितताका लागि बजेट संशोधन सम्बन्धमा

चालु आ.व. २०८१/८२ मा देहायका योजनाहरूको लागि विनियोजित रकममा अपुग भएकोले सो योजनाको लागि बजेट स्रोत सुनिश्चित गर्न देहाय बमोजिम रकमान्तरण गर्ने गरी बजेट संशोधन गर्न नगर परिषद्मा सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.सं. | विनियोजित बजेट शीर्षकको नाम | साविक बजेट | घटाइएको बजेट | संशोधित बजेट | क्र.सं. | बजेट नपुग योजनाको नाम | वडा नं. | साविक बजेट | थप बजेट | संशोधित बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सवारी साधन | १५,०००,०००।०० | २,५००,०००।०० | १२,५००,०००।०० | १ | सडक स्तरोन्नति योजना | नपा | २०,०००,०००।०० | २,५००,०००।०० | २५,५००,०००।०० |
| २ | मेसिनरी औजार तथा उपकरण | २०,०००,०००।०० | ७,०००,०००।०० | १३,०००,०००।०० | | | | | ३,०००,०००।०० | |
| | | | | | २ | वर्कसप निर्माण | १० | ५,०००,०००।०० | १,०००,०००।०० | ६,०००,०००।०० |
| | | | | | ३ | प्राङ्गारिक मल प्रशोधन केन्द्र पूर्वाधार निर्मा कार्य | १० | ७,५००,०००।०० | ३,०००,०००।०० | १०,५००,०००।०० |
| ३ | खानेपानी पूर्वाधार विकास | ६,०००,०००।०० | ३,०००,०००।०० | ३,०००,०००।०० | ४ | अन्य सार्वजनिक निर्माण | नपा | ५,०००,०००।०० | ३,०००,०००।०० | ८,०००,०००।०० |
| ४ | ढल पूर्वाधार विकास | ५,०००,०००।०० | २,०००,०००।०० | ३,०००,०००।०० | ५ | इतापाके पाटी पुन:निर्माण | २ | १,६००,०००।०० | २,०००,०००।०० | ३,६००,०००।०० |
| ५ | जग्गा खरीद | ४०,०००,०००।०० | १०,०००,०००।०० | ३०,०००,०००।०० | ६ | वडास्तरीय बजेट (१ देखि १० सम्म) | १-१० | ५०,०००,०००।०० | १०,०००,०००।०० | ६०,०००,०००।०० |
| | | ८६,०००,०००।०० | २४,५००,०००।०० | ६१,५००,०००।०० | | | | ८९,१००,०००।०० | २४,५००,०००।०० | ११३,६००,०००।०० |

### ख) आ.व. २०८१/०८२ को बजेटमा वित्तीय व्यवस्था तर्फको रकमान्तर निम्न बमोजिम गर्ने निर्णय गरियो :

| क्र.सं. | शीर्षक | विनियोजन | खर्च रु. | घटाइएको | थपिएको | अब कायम रकम |
|---|---|---|---|---|---|---|
| १ | शैक्षिक ऋण | १,००,०००,००।- | ३,३६,२५,२५६।० | ०० | ५,०००,०००।- | १,५०,०००,००।- |
| २ | कृषि ऋण | १,००,०००,००।- | ०।० | | | १,००,०००,००।- |
| ३ | युवा उद्यमशील | ३,००,०००,००।- | | २,५०,०००,००।- | | ५०,०००,००।- |
| ४ | सांवा भुक्तानी | ५०,०००,००।- | ५,४२,११,६७६।०२ | | २,००,०००,००।- | ७,००,०००,००।- |
| ५ | जम्मा | १०,००,०००,००।- | | २,५०,०००,००।- | २,५०,०००,००।- | १०,००,०००,००।- |

## समितिको निर्णय अनुमोदन

### शिक्षा, स्वास्थ्य संस्कृति समिति

**मिति २०८१।१२।२० गते**

१. २१ औं राष्ट्रिय महिला स्वयंसेविका दिवसका अवसरमा आयोजना गरिएको कार्यक्रममा भएको खर्च रु.२७,६६३।- (अक्षरेपि सत्ताइस हजार छ सय त्रिसठ्ठी रूपैयाँ) अनुमोदन गरी भुक्तानी गर्ने निर्णय गरियो।

२. यस न.पा.अन्तर्गत महिला स्वास्थ्य स्वयंसेविकाको ०८०।०८१ मा गरिएको कार्यको समीक्षा कार्यक्रममा खर्च भएको रकम रु.५०,०१०।- (अक्षरेपि पचास हजार दश रूपैयाँ) अनुमोदन गरी भुक्तानी गर्ने निर्णय गरियो।

**मिति २०८२।१।२गते**

१. जनस्वास्थ्य कार्यालय, भक्तपुरको आ.व. २०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहायको कार्यको लागि जनस्वास्थ्य कार्यालय, भक्तपुरबाट मिति २०८१।१२।१५ को प्राप्त यस भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देहाय बमोजिमको आधारभूत स्वास्थ्य उपचार केन्द्र छनौट गर्ने निर्णय गरियो। पत्रानुसार स्वास्थ्य प्रयोगशाला सबलीकरण गर्न औंजार उपकरणको लागि स्वास्थ्य संस्थाको नाम र आवश्यक सामग्री माग भए बमोजिम भक्तपुर नगरपालिका अन्तर्गत तपसिल स्वास्थ्य संस्थामा देहाय अनुसारका सामग्रीहरू व्यवस्थाको लागि अनुरोध छ :

क) स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना आधारभूत स्वास्थ्य सेवा केन्द्र, कोठा सवलीकरण (Councelling ROOM)

ख) प्रयोगशालाका लागि नगर स्वास्थ्य केन्द्र, व्यासीमा ब्याट्री ब्याकअप, ए.सी. जेनेरेटर आदि सामग्री

ग) प्रयोगशालाका लागि औंजार उपकरण स्थापना : आधारभूत स्वास्थ्य सेवा केन्द्र, सल्लाघारी

घ) यस नगरपालिका अन्तर्गत सञ्चालित तपसिल अनुसारका सामुदायिक आधारभूत विद्यालयहरूलाई शैक्षिक स्तरोन्नतीका लागि प्रति विद्यालय रु.१,००,०००।- (अक्षरेपि रु. एक लाख रूपैयाँ मात्र) अनुदान प्रदान गर्ने भनी निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु-

१. जनसेवा आधारभूत विद्यालय, भनपा ४
२. श्री आधारभूत विद्यालय, भनपा ६
३. बालसेवक आधारभूत विद्यालय, भनपा ७
४. भीम आदर्श आधारभूत विद्यालय, भनपा ८
५. महेन्द्र आधारभूत विद्यालय, भनपा ८
६. ब्रम्हायणी आधारभूत विद्यालय, भनपा ८
७. दत्तात्रय आधारभूत विद्यालय, भनपा ९
८. हंसवाहिनी आधारभूत विद्यालय, भनपा १०
९. ब्रम्हचारिणी आधारभूत विद्यालय, भनपा ८
१०. नवीन आधारभूत विद्यालय, भनपा ७
११. चण्डेश्वरी आधारभूत विद्यालय, भनपा ७
१२. सन्तति आधारभूत विद्यालय, भनपा १
१३. ज्ञान विजय आधारभूत विद्यालय, भनपा १
१४. उदय आधारभूत विद्यालय, भनपा १
१५. शारदा आधारभूत विद्यालय, भनपा ३
१६. सुस्त मनस्थिति कल्याण विद्यालय, भनपा ४
१७. बरदायणी आधारभूत विद्यालय, भनपा ५
१८. भारती आधारभूत विद्यालय, भनपा ५
१९. समाज सेवा इन्स्टिच्यूट आधारभूत विद्यालय, भनपा ८
२०. सिद्धि शारदा आधारभूत विद्यालय, भनपा ८

### वातावरण तथा पर्यटन समिति

**मिति २०८१।१२।२८गते**

नगर क्षेत्रबाट सङ्कलित फोहोर मैलालाई अझ व्यवस्थित रूपमा व्यवस्थापन गर्नको लागि निम्न अनुसारका मेशिनहरू खरिद गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो:

क. नकुहिने फोहोरको मात्रा कम गर्नको लागि १ थान Compaction Mechine खरिद गर्नेबारे स्पेसिफिकेसनबारे छलफल गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

ख. कुहिने र नकुहिने फोहोरलाई सानो सानो मात्रामा टुक्रा गर्नको लागि अलग अलग २ थान Crussing Machine खरिदबारे स्पेसिफिकेशन सम्बन्धमा छलफल गरियो र खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**मिति २०८२।१।९ गते**

१. नगरबाट दैनिक सङ्कलन भएको फोहोरलाई जम्मा गर्न सल्लाघारीस्थित KUKL को जग्गामा ट्रान्सपोर्ट स्टेशनको रूपमा प्रयोग गरिरहेकोमा हाल उक्त जग्गा KUKL लाई आफ्नै प्रयोजनको निर्माण कार्य सुरु गर्ने प्रक्रिया अगाडि बढाइरहेकोले फोहोर जम्मा गर्ने ट्रान्सपोर्ट स्टेशनको लागि समस्या भएको हुनाले अन्यत्र ट्रान्सपोर्ट स्टेशन निर्माण गर्नुपर्ने भएकोले उपयुक्त स्थानमा ट्रान्सपोर्ट स्टेशन निर्माण गर्ने जिम्मा योजना तथा प्राविधिक शाखालाई दिने निर्णय गरियो।

२. पर्यटन प्रवर्द्धनको लागि दरबार क्षेत्र, टौमढी क्षेत्र, पोटरी स्क्वायर र दत्तात्रय क्षेत्रमा रात्रीकालीन बत्ती व्यवस्था गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

### युवा तथा खेलकुद समिति

**मिति २०८२।१।३गते**

१. चाँगु नगरपालिका ९ नं. वडा कार्यालयको च.नं. ३६५५,

मिति २०८१।१२।२९ गतेको पत्रानुसार चाँगु नारायण न.पा. वडा नं. ९ ताथलीमा छिकोङ प्रशिक्षण सञ्चालन गर्न प्रशिक्षक माग सम्बन्धमा उक्त ९ वडामा छिकोङ खेल प्रशिक्षण गर्न २ जना प्रशिक्षक पठाउने निर्णय गरियो।

२. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८१ चैत २३-२५ गतेसम्म हुने अन्तर नगर जिम्नाष्टिक प्रतियोगितामाप्रथम, द्वितीय र तृतीय भएका नगरपालिकाहरूलाई, रेफ्री र निर्णायकहरूलाई कर बाहेक (कर कट्टी नगरी) नगद पुरस्कार र पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

**आर्थिक समिति**

**मिति २०८१।१२।२१ गते**

यस नगरपालिका अन्तर्गतका सहकारी संस्थाहरूबाट ऋण लिएका सदस्यहरूको विवरण २०८१ साल चैत्र मसान्तसम्मको माग गर्न उक्त विवरण २०८२ वैशाख ७ गतेसम्म आइपुग्नु पर्ने गरी पत्राचार गर्ने निर्णय गरियो।

**सुशासन समिति**

**मिति २०८१।११।२२ गते**

१. यस नगरपालिकाको स्थानीय सेवा (कर्मचारी) गठन, सञ्चालन, व्यवस्थापन, सेवा शर्त तथा सुविधा सम्बन्धमा बनेको ऐन, २०८० र यसका अनुसूचीहरूमा रहेका प्रावधानहरूका सम्बन्धमा समसामयिक संशोधन, परिमार्जन गर्नेपर्ने विषयमा अध्ययन गरी बैठकले अनुमोदन गरेको मितिले ३० (तीस) दिनभित्र सुझाव पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो :

संयोजक : श्री रविन्द्र ज्याख्व, वडाअध्यक्ष भनपा ९
सदस्य : श्री गणेशलाल फोजु, उपनिर्देशक, भनपा
सदस्य : श्री गौत्तमप्रसाद लासिवा, सहायक निर्देशक एवम् अध्यक्ष कर्मचारी एशोसियसन
सदस्य : श्री दामोदर सुवाल, प्रशासकीय अधिकृत

२. उपरोक्त समितिले आवश्यकता अनुसार विज्ञ, जनप्रतिनिधि र कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं।



## निर्माण समिति

### मिति२०८१।१२।२९गते

| क.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रिल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मुल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | CNRMकम्पोस्ट प्लान्टमा ब्लक छपाइ कार्य | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्र पूर्वाधार निर्माण | २,९७५,८४९।५१ | | | | | | | | |
| ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | नपली पाटीमा छाना मर्मत कार्य | १ | मर्मत | ३२०,४१०।८८ | | | उ.स.अ. : श्री भोजराज बस्नेत<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| २ | सलाँ गणेश पोखरी जीर्णोद्धार कार्य | ९ | नपा | ५,४१९,११२।४४ | | | उ.स.अ. : श्री श्यामकृष्ण लवजु<br>अ.स.स. : श्री इन्द्रबहादुर प्याथ | | | | | |
| ३ | वर्कशप निर्माण कार्य, सिलखं | १० | वर्कसप निर्माण | ६,२१५,९८९।०१ | | | उ.स.अ. : श्री तीर्थमान दुमरू<br>अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | | | |
| ४ | सिलखं प्राङ्गारिक मल प्रशोधन केन्द्रमा गेट तथा ड्रेन निर्माण कार्य | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्र पूर्वाधार निर्माण | २,२३९,८४१।९२ | | | उ.स.अ. : श्री नारायणप्रसाद ह्यौमिखा<br>अ.स.स. : श्री तारादेवी शाक्य | | | | | |
| ५ | सिलखंको टहरामा पार्टिशन तथा फ्लोरिङ्गको कार्य | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्र पूर्वाधार निर्माण | २,७८९,१८३।०९ | | | उ.स.अ. : श्री गंगा प्रजापति<br>अ.स.स. : श्री जितेन्द्र मुनकर्मी | | | | | |
| ६ | भुतिपाखामा पर्ति जग्गा संरक्षण गर्न रिटेनिङ्ग वाल निर्माण कार्य | १० | पर्ति जग्गा संरक्षण तथा सिमाङ्कन | ३,३६१,३४४।८० | | | उ.स.अ. : श्री हरिप्रसाद मगजु<br>अ.स.स. : श्री लक्ष्मीप्रसाद ह्यौमिखा | | | | | |
| ग) म्याद थप सम्बन्धमा । | | | | | | | | | | | | |
| १ | बाराही पुल परिसरमा एप्रोच रोड र रिटेनिङ्ग वाल निर्माण कार्य । आ.व.२०७९/८०। | ३ | बाराही पुल परिसरमा एप्रोच रोड र रिटेनिङ्ग वाल निर्माण कार्य | ल.ई. : ३,०६,७१,९७।२५ | कबोल रकम : १,५३,१२,३५।०२ | मिति २०८२ वैशाख मसान्तसम्म म्याद थप गर्ने । | | | | | | |
| घ) पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सीसीटीभी निगरानी प्रणाली मर्मत सम्भार तथा स्टोरेज/ब्याकअप क्षमता वृद्धि कार्य (भनपा कार्यालय र बजार क्षेत्रको) | नपा | मर्मत | ४२६,५००।०० | | | ३८९,७९१।०१ | ३८९,७९१।०१ | ४२२,२७६।८४ | सम्पन्न | 4G Electronic Security Trades, Bhaktapur | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सोलार सडक बत्ती मर्मत कार्य (योसिंखेल, गलसी, ग:हिटी, चासुखेललगायत) | ५ | मर्मत | २८६,५५०।०० | | | २७९,१८२।५४ | २७९,१८२।५४ | २८७,०६८।३४ | सम्पन्न | महाकाली ट्रेड एण्ड सप्लायर्स, काठमाडौं | |

मिति २०८२/०१/०८ गते

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| अ | महादेव बगैंचाको सार्वजनिक जग्गा संरक्षण गर्न पर्खाल निर्माण र ढुङ्गा छपाइ कार्य | ६ | मर्मत | ६३८,५९६।७२ | | | | | | | | |
| आ | CNBM कम्पोस्ट प्लान्ट सञ्चालनार्थ थ्रिफेज मिटर जडान कार्य | १० | मर्मत | ३२५,००७।७४ | | | | | | | | |
| २) ल.ई. स्वीकृति तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| अ | तारा लाँ बाटो स्तरोन्नती कार्य (ठेक्का नं. bktmun/NCB/works/03/081/82) | १ | बागमति प्रदेश समपूरक र नपा बजेट | ल.ई. रकम २,३४,११,८६०।२४ | कबोल अंक १,४०,०७,८३२।४९ | | ३,९५२,९३९।६३ | ३,९५२,९३९।६३ | ३,९५२,९३९।६३ | आंशिक सम्पन्न | Iskra/Abhiyanta J.V., Koteshwor, Kathmandu | प्रथम रनिङ्ग बिल भुक्तानी |
| आ | तरकारी बजार पूर्वाधार निर्माण (कार्यालय भवन निर्माण) कार्य | ५ | नपा | ३,८१८,३४१।६८ | | १,०००,०००।०० | १,१८३,०६९।०० | १८३,०६९।०० | १,३७०,८४९।५५ | आंशिक सम्पन्न | राजाराम त्वानाबासु | |
| इ | भनपाका विभिन्न स्थानहरूमा विद्युतीय मर्मत तथा सडक बत्ती जडान तथा मर्मत (फागुन र चैत महिनाको) | १-१० | मर्मत | ६३१,६०१।०९ | | | ९१,५००।०० (ज्याला मात्र) | ९१,५००।०० (ज्याला मात्र) | ५७०,८८३।६० | सम्पन्न | अमानत (जयराम प्रजापति) | सामान सम्बन्धीत वडाबाट प्राप्त भएकोले रू. ९१,५००।- ज्यालामात्र भुक्तानी गर्ने |
| ई | भक्तपुर नगरपालिका कार्यालयमा १०० LPH Ro water Purfier system जडान कार्य | २ | मर्मत | १११,०११।५७ | | | ९६,६१५।०० | ९६,६१५।०० | ९६,६१५।०० | सम्पन्न | लक्ष्मी ट्रेडिङ सेन्टर, भक्तपुर | |
| उ | सहिद स्मृति खेल मैदानमा मञ्चको छाना मर्मत कार्य | २ | मर्मत | ८६,७८०।७१ | | | ७८,२०८।७७ | ७८,२०८।७७ | ८१,१७८।३६ | सम्पन्न | गणेशभक्त खर्बुजा (अमानत) | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ऊ | सहिद स्मृति खेल मैदानमा ब्लक छपाइ कार्य | २ | मर्मत | ६५,३५०।७४ | | | ६३,४९८।०० | ६३,४९८।०० | ६५,११४।७६ | सम्पन्न | पुण्यराम स्वंग मिखा अमानत | |
| ३) कोटेशन स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| अ | खोला सुधार तथा घाट सुधारको लागि एक्साभेटर भाडामा लिने | | | | हनुमन्ते खोला सुधार तथा घाट सुधार कार्यका लागि Excavator Track भाडामा (मेसिन भाडा, इन्धन, अपरेटर भत्ता र मर्मत समेतका) लिनेका लागि म्यादभित्र प्राप्त भएका (चार) वटा कोटेशनहरूमध्ये सबभन्दा कम दररेट भ्याट सहित रू. ३,६७०।०० (अक्षरेपि तीन हजार छ सय सत्तरी रुपैयाँ मात्र) कबोल गर्ने श्री खायमली कन्स्ट्रक्सन, भक्तपुरको दररेट स्वीकृत जिल्ला दर रेट (रू. ३,३१६।४३ भ्याट बाहेक, रू. ३७४७।५६ भ्याट सहित) भन्दा २.०६ प्रतिशत कम देखिएको र न्यूनत्तम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले सो कम्पनीको दरभाउपत्र (कोटेशन) स्वीकृतिको निर्णय अनुमोदन गरियो । | | | | | | | |
| ४) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| अ | इताछेँमा भासिएको सडक मर्मत कार्य | २ | मर्मत | २९०,९२९।५४ | | | उ.स.अ. : श्री राधेश्याम दुवाल अ.स.स. : श्री श्यामसुन्दर मातां | | | | | |
| आ | CNBM कम्पोस्ट प्लान्ट सञ्चालनार्थ थ्रिफेज मिटर जडान कार्य | १० | मर्मत | ३२५,००७।७४ | | | उ.स.अ. : श्री गोविन्द राम थुसा अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. यस नगरपालिकाको आ.व. २०८२/०८३ को लागि बागमती प्रदेशीय समपूरकम तथा विशेष अनुदानको लागि देहाय बमोजिमका योजनाहरू स्वीकृत गरी प्रस्ताव पठाउने निर्णय गरियो–

आ.व. २०८२/८३ लागि बागमती प्रदेश समपूरक तथा विशेष अनुदानका लागि योजना प्रस्ताव

आ.व. २०८२/८३ का लागि बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त हुने प्रदेश अनुदान अन्तर्गत देहायका योजनाहरूका लागि समपूरक तथा विशेष अनुदान माग गर्ने निर्णय गरियो । साथै समपूरक अनुदानका योजनाको लागि आवश्यक लागत सहभागिताको रकम नगरपालिकाबाट व्यहोर्ने गरी आगामी आ.व. मा आवश्यक बजेटको व्यवस्था गर्ने निर्णय समेत गरियो ।

| क. सं. | विवरण | वडा नं. | ल. ई. | बागमती प्रदेशले व्यहोर्ने रकम | भक्तपुर न.पा.ले व्यहोर्ने रकम | मूलभूत क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|
| अ) | समपूरक अनुदान | | | २० प्रतिशत | ८० प्रतिशत | | |
| क) | नयाँ | | | | | | |
| १ | ख्वप अस्पताल परिसरमा सहायक पूर्वाधार निर्माण कार्य | ९ | २९,६४२,३०८।०९ | ५,९२८,४६१।६२ | २३,७१३,८४६।४७ | सामाजिक क्षेत्र | १ |
| २ | धालाखुसीदेखि तपाकेसम्मको सडक स्तरोन्नति कार्य | १ | २९,८४७,२६१।४४ | ५,९६९,४५२।२९ | २३,८७७,८०९।१५ | पूर्वाधार क्षेत्र | २ |
| ३ | तारा माविको लागि भवन निर्माण गर्ने योजना | ४ | २४,५३३,०२७।२० | ४,९०६,६०५।४४ | १९,६२६,४२१।७६ | सामाजिक क्षेत्र | ३ |
| | कुल रकम | | ८४,०२२,५९६।७३ | १६,८०४,५१९।३५ | ६७,२१८,०७७।३८ | | |
| आ) | विशेष अनुदान | | | १०० प्रतिशत | | | |
| क) | नयाँ | | | | | | |
| १ | हनुमानघाट दक्षिणतर्फको सत्तल पुन:निर्माण कार्य | ७ | ९,८०४,५१८।४७ | ९,८०४,५१८।४७ | ———— | विपद् व्यवस्थापन तथा अन्य क्षेत्र | १ |
| २ | सिलखेदेखि कमलविनायकसम्म खानेपानी पाइपलाइन तथा प्रशोधन प्लान्ट जडान कार्य | १० | ७,३२४,२८२।०९ | ७,३२४,२८२।०९ | ———— | खानेपानी क्षेत्र | २ |
| ३ | तालाक्व दम्फोको पाटी पुन:निर्माण कार्य | ४ | ४,२१९,०७५।१२ | ४,२१९,०७५।१२ | ———— | विपद् व्यवस्थापन तथा अन्य क्षेत्र | ३ |

ख) यस नगरपालिकाले विभिन्न समयमा जफल गरेका अवैध ठेलागाडा, नबिग्रने सामानलगायतका मालवस्तुहरु लिलाम बिक्रीको आवश्यक प्रक्रिया सञ्चालन गर्न जिन्सी उपशाखालाई निर्देशन दिने निर्णय गरियो ।

## भक्तपुर नगरपालिका गतिविधि

# न्याकी देग: शिलान्यास





भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापतिले** सम्पदा पुन: निर्माण गर्दा परम्परागत शैलीमा नै निर्माण गर्न विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ८ को महेश्वरी पीठस्थित न्याकी देग: नारायण मन्दिर पुन: निर्माणको लागि वैशाख १७ गते भएको शिलान्यास कार्यक्रममा प्रमुख प्रजापतिले उक्त विचार राख्नुभएको हो ।

नगर प्रमुख प्रजापतिले सम्पदा पुन: निर्माण गर्दा पुरानो शैली र पुरानो स्थानमा, परम्परागत स्रोत साधन र सामग्रीहरूको प्रयोग गरी निर्माण गर्नुपर्ने बताउनुभयो । 'सम्पदा पुन: निर्माण गर्दा नयाँ स्थान र फरक शैलीमा बनाउने हो भने त्यसलाई पुन:निर्माण भन्न नमिल्ने, यसलाई नयाँ बनाएको भन्नुपर्छ ।' नगर प्रमुख सुनिल प्रजापतिले बताउनुभयो ।

भाज्या पुखू पुन:निर्माणको प्रसङ्ग जोड्दै प्रमुख प्रजापतिले सम्पदा पुन: निर्माण गर्दा अध्ययन, अनुसन्धान र विज्ञहरूसँग छलफल गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाले विदेशीको सहयोगबिना १९० वटा सम्पदाहरू पुन: निर्माण सम्पन्न गरिसकेको बताउनुहुँदै उहाँले सम्पदा पुन:निर्माणमा सहयोग सङ्कलन भए जनताको अपनत्व बढ्ने बताउनुभयो ।

नेमकिपा वडा नं. ८ का अध्यक्ष **लक्ष्मीनारायण दुवालले** महेश्वरी पीठमा रहेको न्याकी देग: नारायण मन्दिर पाँचतले मन्दिरको जग साइत गरेको समयमा भक्तपुरका पाँचवटा अन्य मन्दिरहरूको पनि शिल्यान्यास गरेकोमा न्याकी देग: मन्दिर पनि एक भएको भनाइ रहेको हुँदा पुन:निर्माण हुने मन्दिरको छुट्टै विशेषता रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका सम्पदा विभाग प्रमुख **रामगोविन्द श्रेष्ठले** वि.सं. १९९० सालको भूकम्पले भत्केको भनिएको न्याकी देग: नारायण मन्दिर उक्त ठाउँमा रहेको भन्ने प्रमाणको रूपमा स्थानीय बुढापाकाहरूसँगको कुराकानी, मन्दिरको गजुर, मन्दिर रहेको भनिएको स्थानमा भेटिएको जग र मन्दिरभित्रको देवताको मूर्तिको आधारमा पुन: निर्माणका लागि मन्दिरको नक्सा तयार गरेको उहाँले बताउनुभयो ।




वडा अध्यक्ष **कृष्णप्रसाद कोजुको** सभापतित्वमा भएको शिल्यान्यास कार्यक्रममा पुर्व वडा अध्यक्ष **महेन्द्र खायमली**, नारायण मन्दिर पुन: निर्माण उपभोक्ता समितिका अध्यक्ष **कृष्णसागर वासी**, वडासदस्य **सुमित्रा वोहजु** र **रामसुन्दर वासीले** पनि बोल्नुभएको थियो ।

# कमलविनायक पोखरी परिसरमा सरसफाइ




भक्तपुर नगरपालिकाको आयोजनामा पाक्षिक सरसफाइ कार्यक्रम अन्तर्गत जेठ १ गते भक्तपुर नगरपालिका वडा नं. १० स्थित कमलविनायक पोखरी परिसरमा सरसफाइ कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष एवं वातावरण समितिका सदस्य **कृष्णप्रसाद कोजू**ले भक्तपुर नगरपालिकाले चुनावी घोषणापत्र बमोजिम नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, स्थानीयवासी, टिम, क्लब, विद्यालय तथा अन्य महानुभावहरूको सहभागितामा पाक्षिक रूपमा सरसफाइ कार्यक्रम गर्दै आइरहेको बताउनुभयो ।

उहाँले सफाइ कार्यक्रम एक अभियानको रूपमा सञ्चालन गरिएको र यसले अपनत्वको भावना पनि विकास हुने बताउनुहुँदै कमलपोखरी परिसरमा अपराधिक गतिविधि बढ्दै गइरहेकोले स्थानीयवासीहरू पनि सचेत हुन आग्रह गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. १० का वडा अध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**ले भक्तपुर नगरपालिकाले वरपरको वातावरण पहिलादेखि नै सफा र सुन्दर बनाउन आफ्नो ठाउँको सफाइ आफै गरौं भन्ने उद्देश्यले पाक्षिक सरसफाइ कार्यक्रमलाई निरन्तरता दिँदै आइरहेका चर्चा गर्नुभयो । सफाइ गर्नु सबैको कर्तव्य रहेको बताउनुहुँदै उहाँले सफाइ अभियानमा नगरपालिकामात्र होइन स्थानीयवासीको पनि साथ तथा सहयोग आवश्यक रहेको बताउनुभयो । साथै नगरवासीले कुहिने र नकुहिने फोहोर छुट्याएर नगरपालिकाको सफाइ गाडीमा राखी सहयोग गर्न पनि उहाँले आग्रह गर्नुभयो ।







कार्यक्रममा वडा सचिव **रामेश्वर कोजू**ले पनि बोल्नुभएको थियो ।

## बाल्टिन वितरण



भक्तपुर नगरपालिका १० नं. वडा कार्यालयको आयोजनामा कुहिने र नकुहिने फोहोर छुट्याई सङ्कलन गर्न बाल्टिन वितरण कार्यक्रम वैशाख २५ गते सम्पन्न भयो।

कार्यक्रममा वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौमिखा**ले फोहोर छुट्याउने कार्य नगरपालिकाको लागि नभई वडावासीहरूको लागि नै भएको भावनाले मनैदेखि गरे मात्र सफल हुने बताउनुभयो।

उहाँले यस वडामा १३००० जनसङ्ख्या रहेको र घरधुरी पनि बढी भएको वडाभएको बताउनुहुँदै बाल्टिन दुरूपयोग नगर्न अनुरोध गर्नुभयो।

उहाँले रासायनिक मलले कृषि योग्य खेतिको माटो बिग्रिसकेकोले कुहिने फोहोरबाट कम्पोष्ट मल बनाई माटोको गुणस्तर बढाउनुपर्ने बताउनुभयो।

कार्यक्रममा फोहर पृथकीकरण र कम्पोष्ट मलबारे वडा निरीक्षक **रामकृष्ण प्रजापति**ले, सञ्चालन वडा सचिव **रामेश्वर कोजू**ले गर्नुभएको थियो।

## नेमकिपा अध्यक्षबाट अरनिको सभाभवन, थन्थु दरबार र हाडा छेंको निरीक्षण

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले जेठ ८ गते भक्तपुर नगरपालिकाद्वारा निर्माणाधीन अरनिको सभाभवन, थन्थु दरबार र हाडा छेँ पुन:निर्माण कार्यको स्थलगत निरीक्षण गर्नुभयो।





अरनिको सभाभवन



थन्थु दरबार



हाडा छेँ

निरीक्षणका क्रममा अध्यक्ष बिजुक्छेँले कुनै पनि व्यक्ति, समाज र देशको पहिचान त्यस देशको कला, संस्कृति र सम्पदाले दिने बताउनुहुँदै स्थानीय कला, संस्कृति र सम्पदालाई जोगाउने काम स्थानीय तहबाट हुनुपर्ने बताउनुभयो ।

कला संस्कृति संरक्षणसँगै देशको पहिचान र अस्तित्व पनि जीवित रहने बताउनुहुँदै उहाँले भक्तपुर नपाले अन्य स्थानीय तहलाई अनुकरण गर्नलायक धेरै कामहरू गर्दै आएको बताउनुभयो ।

अरनिको सभाभवनको निर्माण र थन्थु दरबार पुनःनिर्माण जस्ता योजनाहरू भक्तपुरका गौरवका योजना हुन् र यसले भक्तपुरको इतिहासलाई पुनःजीवन दिने अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।

निरीक्षणमा नेमकिपा वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाई, नगर प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवाल, प्राविधिक, कर्मचारी र स्थानीय जनताको सहभागिता रहेको थियो ।

## पर्यटन व्यवसायीहरूबिच भक्तपुरको पर्यटन प्रवर्द्धनबारे छलफल



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपालमा पर्यटन विकासको सम्भावना धेरै भएर पनि नेपालले पर्यटनबाट प्रगति गर्न नसक्नु चिन्ताको विषय भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरको पर्यटन प्रवर्द्धनबारे पर्यटन व्यवसायीबिच जेठ १२ गते गरिएको छलफल कार्यक्रममा उहाँले मुलुकको पर्यटन प्रवर्द्धन र विकासका लागि सञ्चार माध्यमको पनि उल्लेखनीय भूमिका रहेको बताउनुहुँदै पर्यटकलाई नेपाल भित्र्याउन नेपालबारे व्यापक प्रचारप्रसारको आवश्यकता रहेको बतानुभयो ।

उहाँले पर्यटन प्रवर्द्धनमा सरकारको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको बताउनुहुँदै पर्यटन प्रवर्द्धनमा सरकारको तर्फबाट नीतिगत पहलकदमी आवश्यक भएको बताउनुभयो ।

भक्तपुरको विकाससँगै संसारभर देशलाई चिनाउने प्रयास भक्तपुर नगरपालिकाले गर्दै आएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले विदेशीको सहयोगबिना सम्पदा पुनःनिर्माण गर्नु गौरवको विषय भएको बताउनुभयो । भक्तपुरको पर्यटन विकासले सिङ्गो देशलाई नै फाइदा पुगेको उहाँले प्रष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाले पर्यटकहरूबाट उठाउँदै आएको पर्यटक सेवा शुल्कबाट उठेको रकमबाट सिङ्गो नगरको सन्तुलित विकासमा खर्च गर्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले गरिरहेको सम्पदा संरक्षण कार्यले आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाको वातावरण समितिका संयोजक **रविन्द्र ज्याख्व**ले भक्तपुर देशकै सानो नगर भएर पनि ऐतिहासिक र सांस्कृतिक हिसाबले अत्यन्त महत्त्वपूर्ण नगर भएको बताउनुहुँदै भक्तपुर नपाले सम्पदा संरक्षण र सम्बर्द्धन गर्दै नयाँ पुस्तालाई पुस्तान्तरण गर्ने उद्देश्यले काम गर्दै आएको बताउनुभयो ।

बाह्य पर्यटनमा मात्र निर्भर हुँदा कुनै पनि समय सङ्कट आउनसक्नेतर्फ पर्यटन व्यवसायीहरू सचेत हुनुपर्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाले यहाँको हरेक सांस्कृतिक गतिविधिसँगै जनताको आर्थिक स्तर उकास्ने प्रयास पनि भइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका पर्यटक सूचना केन्द्रका प्रमुख **गौतमप्रसाद लासिवा**ले भक्तपुर नपाले पर्यटन प्रवर्द्धनमा गर्दै आएका गतिविधिहरूबारे प्रष्ट पार्नुहुँदै पर्यटकबाट उठाउँदै आएको सेवा शुल्कले भक्तपुरको ऐतिहासिक, शैक्षिक, पूर्वाधार निर्माण, स्वास्थ्य, सीपमूलक तालिम तथा पर्यटन विकासका लागि विविध कार्यक्रमहरू अगाडि सार्दै आएको बताउनुभयो ।

कार्यक्रममा सरोकारवाला पर्यटन व्यवसायीहरूले नेपालका युवा जनशक्तिलाई भक्तपुरको पर्यटन प्रवर्द्धनमा आबद्ध गराउनुपर्ने, भक्तपुरको इतिहासलाई जीवन्त राख्न आन्तरिक पर्यटन प्रवर्द्धन गर्नुपर्ने, सामाजिक सञ्जालमार्फत भक्तपुरको व्यापक प्रचारप्रसारमा जोड दिनुपर्ने, मौलिक खानेकुराको प्रवर्द्धन गर्नुपर्ने, पर्यटकहरूलाई सुरक्षित खानाको सुनिश्चितता गराउनुपर्ने, भक्तपुरको रैथाने वस्तु पर्यटकलाई उपहारको रूपमा प्रदान गर्ने व्यवस्था आवश्यक भएको, पर्यटकको सुरक्षाबारे पनि ध्यान दिनुपर्ने, छाडा कुकुरहरूलाई नियन्त्रण गर्नुपर्ने, समयसुहाउँदो नीतिहरू आवश्यक भएको, रात्रीकालीन पर्यटनलाई प्रवर्द्धन गर्नुपर्ने, पर्यटक लक्षित सुविधासम्पन्न शौचालयको व्यवस्था हुनुपर्ने, सांस्कृतिक नाच

प्रदर्शनीको व्यवस्था हुनुपर्नेलगायतका धारणाहरू व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा टुरिष्ट गाइड एसोसिएसन अफ नेपाल, रेष्टुरेन्ट तथा बार एशोसिएसन नेपाल, नेपाल एशोसिएसन अफ ऱ्याफ्टिङ एजेन्सी, होटल एसोसिएसन अफ नेपाल, नेपाल टुरिजम डेभलपमेन्ट इन्टरप्रेनर एशोसिएसन, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, पर्यटक प्रहरी केन्द्रीय कार्यालय, नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट, भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।



## नगर प्रमुख प्रजापतिद्वारा तालिम निरीक्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमअन्तर्गत भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालन भएको आधारभूत छालाको जुत्ता, ब्याग/झोला, मखमली जुत्ता, बेकरी बनाउने तालिमको जेठ १२ गते निरीक्षण गर्नुभयो ।

निरीक्षणाको क्रममा उहाँले प्रशिक्षार्थीहरूलाई तालिमबाट सिकेको ज्ञान र सीपलाई व्यवहारिक र व्यावसायिक रूपमा प्रयोगमा ल्याउन प्रेरित गर्नुभयो ।



तालिमका प्रशिक्षार्थीहरूले तालिम आफूहरूको लागि निकै प्रभावकारी भएको बताएका छन् ।







## eQmk'/ gkfsf]cgudg

### लक्ष्मी दही भण्डारमा अनुगमन



भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा व्यासीमा रहेको लक्ष्मी दही भण्डारमा दही उत्पादन गरेको वैशाख २४ गते अनुगमन गरियो ।

दहीमा अखाद्य मिसावट, उपभोग अयोग्य भएको गुनासोको आधारमा अनुगमन गर्दा दुधको तर परीक्षणको लागि ल्याई खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रतिनिधहरूको रोहवरमा गर्ने बताउनुभयो ।

अनुगमनमा लक्ष्मी दही भण्डारबाट ल्याएको दहीमा अखाद्य मिसावट भएको भनी नगरपालिकामा दहीसहित गुनासो गरेकोले अनुगमन गर्दा पसल नवीकरण गर्न, ग्यास चुल्हो प्रयोग गरेकोले ग्यास सुरक्षितका साथ प्रयोग गर्न र सरसफाइ र व्यवस्थित गर्न निर्देशन दिइयो ।

लक्ष्मी दही भण्डारका प्रोप्राइटर लक्ष्मी नारायण सुवालले दहीमा पेपर मिसावट गरेको व्यापक हल्ला र सामाजिक सञ्जालमा भाइरल भएपनि त्यो असत्य भएको र पेपर मिसावट नगरेको र बरु फ्याट नपुगेमा पाउडर दुध प्रयोग गरेको बताउनुभयो ।

### दही व्यवसाय सङ्घ भक्तपुरका अध्यक्षलाई कारबाही

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा व्यासी र च्याम्हासिंह जगातीमा वैशाख २६ गते अनुगमन गरियो ।

अनुगमनमा खाद्यको अनुज्ञापत्रबिना नै प्याकेजिङ गरी व्यवस्थित लेवलबिना बिक्री वितरण गरेकोले सैंजू दुग्ध दही उद्योगलाई पाँच हजार जरिवाना गरिएको छ ।

अनुगमनमा लक्ष्मी दही भण्डार पसल नवीकरण गर्न, खाद्यको अनुज्ञापत्र लिई लेवल राखी बिक्री वितरण गर्नुपर्नेमा अनुज्ञापत्रबिना सामान्य लेवल राखेकोमा पनि मूल्य नभएकोले मूल्य राख्न निर्देशन दिई सरसफाइमा ध्यान दिन र भ्याट वा प्यान बिल प्रयोग गर्न निर्देशन दिइयो ।

सैंजू दुग्ध दही उद्योग पसललाई नवीकरण गर्न, सरसफाइमा ध्यान दिन, दही, लालमोहन, पुष्टकारी, गुडपाक, घ्यूमा खाद्यको अनुज्ञापत्र लिई लेवल राखी बिक्री वितरण गर्न निर्देशन दिई लेवल भएको, सामान्य लेवल पनि उत्पादन गर्ने समयको नराखी बेच्ने बेलामा मात्र पछि उत्पादन मिति राख्ने गरेकोले पाँच हजार रुपैयाँ जरिवाना सहित तीन दिन भित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दिइयो ।

### कमलविनायक बजारमा

त्यस्तै समितिले वैशाख ३० गते कमलविनायकमा रहेको मिनिमार्ट र खाद्य पसल अनुगमन गरियो ।

अनुगमनमा खाद्य अनुज्ञापत्रबिना प्याकेजिङ गरी लेवल नराखी सामानहरू बिक्रीवितरण गरेको पाइएको छ ।

अनुगमनमा मेगा मार्ट प्रा.लि.लाई ढक तराजु तीन दिनभित्र नवीकरण गर्न,खाद्य प्रविधि तथा गुण नियन्त्रणको प्रमाणपत्र नवीकरण गरी सात दिनभित्र कागजातसहित नगरपालिकामा उपस्थित हुन निर्देशन दियो ।

त्यस्तै कक्षपति किराना पसल नवीकरण गर्न, खाद्य अनुज्ञापत्रबिना प्याकेजिङ गरी लेवल नराखी सामानहरू बिक्रीवितरण गरेकोले खाद्य अनुज्ञापत्र लिई लेवल राखीमात्र सामान बिक्रीवितरण गर्न, सरसफाइमा ध्यान दिन र म्याद नाघेका सामानहरू विभिन्न परिमाणमा सिजनल टेष्टिङ पाउडर, भि जोहन सेभिङक्रिम, पतञ्जलीको दन्तक्रान्ति मञ्जन, एन-राट मुसा टाँस्ने गम, चउमिन मसल, जसमिनको मःमःमसला, सातमोल बदाम सानो, प्राणक्रेकर आलुचिप्स, दुधवाला चकलेट जफत गरी नष्ट गरियो ।

नारायण किराना स्टोरलाई ग्यास पसलको नवीकरण गर्न, मूल्यसूची राख्न, पेटी र पेटी मुनि सामान नराख्न र म्याद नाघेको सामानहरू पसलमा नराखी छुट्टै राख्न निर्देशन दियो ।

### नक्कली भ्याट बिल भेटियो

समितिले वैशाख ३१ गते कमलविनायकदेखि मूलढोकासम्म रहेको खाद्य पसलहरू अनुगमन गरियो ।




अनुगमनमा भ्याट बिल र खरिद बिक्री खाता पसलमा नभएको नक्कली भ्याट बिल प्रयोग भएको पाइयो ।

अनुगमनमा माखा किराना स्टोरमा पूर्ण ट्रेड इन्टरप्राइजेज नगरपालिकामा दर्ताबिना सञ्चालन गरेकोले दर्ता गरी सञ्चालन गर्न, नक्कली भ्याट बिल प्रयोग नगर्न र म्याद नाघेका सामानहरू नष्ट गरिएको छ । तीन दिनभित्र कागजातसहित नगरपालिकामा उपस्थित हुन निर्देशन दिइएको छ ।

ओमज्योति किराना पसलमा के.एम.स्टोर, जे एन्ड जे स्टोर नगरपालिकामा दर्ताबिना सञ्चालन गरेकोले नगरपालिकामा दर्ता गरी सञ्चालन गर्न, म्याद नाघेका सामानहरू नष्ट गरी तीन दिनभित्र कागजातसहित नगरपालिकामा उपस्थित हुन निर्देशन दिइयो ।

एस.बी.एस. किराना पसलमा प्यान बिल गत वर्षको प्रयोग गरेको, म्याद नाघेका सामानहरू नष्ट गरी तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दिइयो ।

वेस्ट भेराइटीमा प्याकेजिङ सामान खाद्य अनुज्ञापत्र लिई लेबल राखी मात्र बिक्री वितरण गर्न र सरसफाइमा ध्यान दिन निर्देशन दिइयो भने एच. के. खाद्य स्टोरमा मूल्यसूची राख्न र बढी मूल्य नलिन आग्रह गरियो । भक्तपुर लात् बेकरीलाई तीन दिनभित्र नवीकरण गर्न र प्याकेजिङ म:म:लगायत सामानहरूमा लेबल नभएकोले र बिक्री वितरण नगर्न निर्देशन दिइएको थियो ।

उपरोक्त अनुगमनहरूमा समितिका सदस्यहरू वडाध्यक्ष श्यामकृष्ण खत्री, ज्ञान बहादुर मानन्धर, रीता फसिकव, भनपा श्यानिटेश शाखाका प्रमुख दिलिप कुमार सुवाल, वडनिरीक्षक रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका मोहनदेवी व्याञ्जू, जिल्ला प्रशासन कार्यालय भक्तपुरका शिव कार्की, यादव प्रसाद मिश्र, उद्योग बाणिज्य सङ्घका विश्वराम दुवाल, उद्योग तथा वाणिज्य कार्यालय भक्तपुरका लक्ष्मी प्रसाद कासुला, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका दृष्टि ढकाल, सरोज पौडेल, पत्रकार महासंघ भक्तपुरका अध्यक्ष सुन्दर शिल्पकार, महानगरीय प्रहरी प्ररिसरका प्रहरी कमलकुमार श्रेष्ठ, उद्योग बाणिज्य संघका गौतम सुजखू, भक्तपुर घरेलु तथा साना उद्योग संघका सुमित्रा श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, भक्तपुर राजस्व कार्यालयका देवानन्द तिमिल्सिना विभिनन मितिमा सहभागी रहेको थियो ।

# सहकारी अनुगमन

## चुनदेवी साकोस

भक्तपुर नगरपालिका सहकारी अनुगमन समितिको आयोजनामा भनपा वडा नं. १ स्थित चुनदेवीमा बचत तथा ऋण सहकारी संस्थाको अनुगमन वैशाख २५ गते भयो ।

अनुगमनको क्रममा कार्यक्षेत्रभन्दा बाहिरको सञ्चालक समितिमा बसेको, आ.व. २०७९/०८० र २०८०/०८१ को लेखा परीक्षण नगरेको, नगरपालिकासँग स्वीकृति नलिई साधारणसभा गरेको, मासिक रिपोर्ट नबुझाएको, बिना धितो ऋण प्रदान गरेको, कार्यक्षेत्रभन्दा बाहिरकालाई सदस्य बनाई बचत सङ्कलन तथा ऋण लगानी गरेको पाइएको छ । साथै लामो समयदेखि सञ्चालक समितिको बैठक नबसेको, लेखा सुपरिवेक्षण समिति सक्रिय नभएको, विभिन्न तालिम, शिक्षा शिविर, समुदायको हितमा कुनै गतिविधि नगरेको देखिएको छ ।

## बचत साकोस

त्यस्तै समितिले घलाँटे ३ स्थित बचत तथा ऋण सहकारी संस्था लि. मा जेठ ५ गते अनुगमन गऱ्यो ।

संस्थाले अध्यक्षले अरू पदाधिकारीहरूलाई आय व्यय स्पष्ट नदेखाएको, कर्मचारीले बचत सङ्कलन गरी आफैं प्रयोग गरेको, संस्थाका अध्यक्षले अन्य पदाधिकारीहरूसँग बचत लिई फसाएको, बिना धितो ऋण लगानी गरेको, २ वर्षदेखि लेखा परीक्षण र साधारणसभा नगरेको, केही वर्षदेखि सञ्चालक समितिको बैठक नबसेको, कार्यक्षेत्र बाहिरकासँग आर्थिक कारोबार गरेको, सदस्यहरूको बचत फिर्ता गर्न नसकेको देखियो ।

उपरोक्त अनुगमनमा समितिका संयोजक हरिप्रसाद बासुकला, श्यामसुन्दर मातां, कृष्णगोपाल चौगुठी, तारादेवी शाक्य, सिद्धिराम अवाल, हरिरत्न गोर्खाली, सहकारी प्रमुख रेभिड कुस्माको सहभागिता थियो ।

# शैक्षिक गतिविधि

## ख्वप इन्जिनियरिङ र ख्वप कलेज अफ इन्जिनियरिङलाई परिषद्‌द्वारा स्थायी मान्यता



वैशाख २२ गते । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका स्नातक तहका इन्जिनियरिङ कार्यक्रमहरूलाई नेपाल इन्जिनियरिङ परिषद् (NEC) ले स्थायी मान्यता प्रदान गरेको छ ।

पूर्वाञ्चल विश्वविद्यालयसँग सम्बन्धन प्राप्त **ख्वप इन्जिनियरिङ कलेज**ले सञ्चालन गर्दै आएको सिभिल (९६), इलेक्ट्रोनिक्स, कम्युनिकेसन तथा अटोमेसन (४८), कम्प्युटर इन्जिनियरिङ (४८) र आर्किटेक्चर (४८) कार्यक्रमलाई स्थायी मान्यता दिइएको हो । परिषद्‌को संस्थागत मूल्याङ्कनमा ख्वप इन्जिनियरिङ कलेजले ८३.७५ अङ्क प्राप्त गरेको छ । यो मूल्याङ्कन परिषद्‌को २०८० को 'इन्जिनियरिङ कार्यक्रमहरूको मान्यता तथा अनुगमन कार्यविधि' अन्तर्गत संस्थागत नीति, व्यवस्थापन प्रणाली र नेतृत्व, पाठ्यक्रम व्यवस्थापन तथा शिक्षण सिकाइ प्रक्रिया, अनुसन्धान, ज्ञान उत्पादन तथा विस्तार गतिविधिहरू, भौतिक स्रोतसाधन, मानव स्रोत र विद्यार्थी हित तथा सहयोग सेवाका शीर्षकमा गरिएको थियो ।

यस्तै, त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धन प्राप्त **ख्वप कलेज अफ इन्जिनियरिङ**ले सन् २००८ देखि अस्थायी स्वीकृतिमा सञ्चालन गर्दै आएको सिभिल (९६), इलेक्ट्रिकल (४८) र कम्प्युटर (४८) इन्जिनियरिङ कार्यक्रमहरूका लागि स्थायी मान्यता प्राप्त गरेको हो । परिषद्‌को मूल्याङ्कनमा ख्वप कलेज अफ इन्जिनियरिङले ८४.७५ अङ्क प्राप्त गर्दै पाठ्यक्रम व्यवस्थापन, पूर्वाधार र जनशक्ति विकासका क्षेत्रमा उल्लेखनीय प्रगति दर्शाएको छ ।

यी उपलब्धिहरूले भक्तपुर नगरपालिकाको सामुदायिक उच्च शिक्षाप्रति देखिएको प्रतिबद्धता र गुणस्तरीय इन्जिनियरिङ शिक्षाको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पुष्टि गरेका छन् ।

## सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न




ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा वाग्मती प्रदेश, शिक्षा विकास निर्देशनालय, हेटौंडाबाट आ.व. २०८१/०८२ को 'सामुदायिक क्याम्पस गुणस्तर अभिवृद्धि कार्यक्रम' अन्तर्गत प्राप्त अनुदान रकम खर्च सम्बन्धमा जानकारी दिन सार्वजनिक सुनुवाइ कार्यक्रम कलेजको सभाहलमा वैशाख २५ गते सम्पन्न भयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सरकार नै ठेकेदारले चलाएको चर्चा गर्नुहुँदै भक्तपुरमा उपभोक्ता समितिमार्फत इमानदारीपूर्वक कार्य हुँदै आएको बताउनुभयो ।

भक्तपुरको पशुपति मन्दिर ठेक्कामा निर्माण गर्दा भएका कमी कमजोरीको चर्चा गर्नुहुँदै १ करोडभन्दा बढीको निर्माणलाई ठेक्कामा दिने प्रावधानले बहुमूल्य सम्पदाको पुन:निर्माण नहुने बताउनुहुँदै उहाँले सम्पदाको पुनः निर्माण उपभोक्ता समितिमार्फत हुनुपर्नेमा जोड दिनुभयो । उपभोक्ता समितिमार्फत सम्पदा पुन:निर्माण गर्दा जनताको अपनत्व बढ्ने तथा इमानदारीपूर्वक काम सम्पन्न हुने ङातापोल्हँ मन्दिर, भैरवनाथ मन्दिर र हालै सम्पन्न लक्ष्मीनरसिंह मन्दिरको पुन:निर्माणले प्रमाणित गरेको बताउनुभयो । लक्ष्मीनरसिंह मन्दिर निर्माणसम्बन्धमा पनि सबै कुरा पारदर्शी हुनेगरी

जनश्रमदान, आर्थिक सहयोगलगायतमा सबै विवरण समेतेर पुस्तक प्रकाशित हुने बताउनुहुँदै उहाँले काम गर्ने बेलामा केही कमजोरी हुन सक्छ, रचनात्मक आलोचना गर्नुपर्ने बताउनुभयो ।

उहाँले विश्वविद्यालयको स्वीकृति दिनु हुँदैन भन्ने विचार गलत भएको बताउनुहुँदै अहिले हामी २१ औं शताब्दीमा भएपनि केही बुद्धिजीवीको विचार १८ औं शताब्दीको जस्तो भएको चर्चा गर्नुभयो । 'समाजमा सबै मान्छे राम्रा हुन्छ भन्ने होइन, हामीले राम्रो काम गर्ने मान्छेलाई उत्साहित गर्नुपर्छ ।' उहाँले बताउनुभयो ।

देशभरका स्थानीय तहमा जाने अनुदान कटौती गरेको सन्दर्भमा उहाँले सरकारको भरमा मात्र विकास नहुने, अरूको भरमा होइन आत्मनिर्भर भएर आफ्नो ठाउँको विकास गर्नुपर्ने, जहाँ जहाँ जनता जागरुक भई काम गरेका छन् ती ठाउँहरुमा विकास भएको बताउनुभयो । शिक्षा, स्वास्थ्य, सरसफाइ, कृषिलगायतका सबै क्षेत्रको विकास भएमा मात्र साँचो अर्थमा विकास भएको मान्न सकिने बताउनुहुँदै प्रमुख प्रजापतिले विकास निर्माणको कार्यमा जनताको साथ र सहयोग पाइरहेको विचार व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा कलेज सञ्चालक समितिका सदस्य एवं भनपा वडा नं. ८ का वडाध्यक्ष **कृष्णप्रसाद कोजू**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको देशैभरी चर्चा भइरहेको बताउनुहुँदै कलेजले गरेको गतिविधिको जानकारी दिन सार्वजनिक सुनवाइ हुनु सकारात्मक भएको चर्चा गर्नुभयो ।

कार्यक्रममा कलेजका प्राचार्य ई. **सुनिल दुवाल**ले वाग्मती प्रदेशबाट प्राप्त उक्त अनुदान कार्यक्रम अन्तर्गत २ थान Interactive Smart Board सार्बजनिक खरिद ऐन २०६३ को नियमावली २०६४ अनुसार खरिद गरी कलेजका कक्षा कोठामा जडानसमेत भई विद्यार्थीको अध्ययन अध्यापनमा प्रयोग भएको जानकारी दिनुभयो । वाग्मती प्रदेशबाट अनुदान बापत रु. ५,००,०००।- प्राप्त भएकोमा २ थान Interactive Smart Board खरिद गर्दा जम्मा रु. ५,९५,५१०।- (अक्षरेपी रु. पाँच लाख पन्चानब्बे हजार पाँच सय दश मात्र) खर्च भएको र नपुग रकम रु. ९५,५१०।- (अक्षरेपी रु. पन्चानब्बे हजार पाँच सय दश मात्र) कलेजले व्यहोर्ने जानकारी दिनुभयो ।

कलेज सञ्चालक समितिका सदस्यहरू, स्थानीय जनप्रतिनिधि, अभिभावक, शिक्षक कर्मचारी तथा विद्यार्थीहरूको उपस्थितिमा भएको उक्त सार्वजनिक सुनवाइ कार्यक्रममा प्रशासन शाखाका प्रमुख **सन्जय मानन्धर**ले पनि बोल्नुभएको थियो ।

## कानुनका जानकार व्यक्तिहरुले अन्यायमा परेकाहरुको पक्ष लिनु जरुरी छ : प्रेम सुवाल



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजनामा कानुन दिवसको अवसरमा 'कानुनका सिद्धान्त र व्यवहार' विषयक प्रवचन कार्यक्रम एवं कलेजबाट प्रकाशित 'ख्वप न्याय दबु' को दोस्रो अङ्कको विमोचन कार्यक्रम वैशाख २६ गते कलेज प्राङ्गणमा सम्पन्न भयो ।

कर्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले पत्रिका विमोचन गर्नुहुँदै कानुनका जानकार व्यक्तिहरुले अन्यायमा परेकाहरुको पक्ष लिनु जरुरी छ भन्नुभयो ।

उहाँले भन्नुभयो, 'समाज विकास क्रमलाई अध्ययन गर्दा व्यक्तिगत सम्पत्तिको सुरुआतसँगै समाज शोषक र शोषित वर्गमा विभाजन भएको हो । वर्गीय समाजकै कारण अशान्ति, हिंसा, चोरी, डकैती पनि बढेको हो ।'

शोषक वर्गले मजदुर वर्गलाई दिनको १८-२० घण्टा काम गराएर पनि पेटभरि खान पाउने ज्याला नदिएकैले मई १ को मजदुर आन्दोलन भएको सांसद सुवालले स्पष्ट पार्नुभयो ।

सांसद सुवालले भन्नुभयो, 'काठमाडौं केन्द्रित सामुदायिक विद्यालयका शिक्षकहरू, सहकारी पीडितहरू, लघुवित्त पीडितहरू, मिटर ब्याज पीडितहरुको आन्दोलन भयो । सरकारले विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क गर्नु जरुरी छ । भक्तपुर नगरपालिकाले सञ्चालन गरेको ख्वप कलेज अफ लमा भन्दा अन्य निजी कलेजमा बीएएलबीको पढाइ शुल्क तीन गुणा बढी छ । सरकारका प्रधानमन्त्रीहरुको काम झन्डावाल गाडीमा सिंहदरबार भित्र बाहिर गर्ने मात्र भइरहेको छ । सहकारी संस्थाको नाममा जनताको बचत ठगी गरेका सञ्चालकहरूको सम्पत्ति र लगानी जफत गरी बचत फिर्ता गराउने काम सरकारले गरेको छैन । कानुन पढेकाहरूले पीडितहरुको पक्षमा आवाज राख्न जरुरी छ ।'




'विद्यालयको पाठ्यपुस्तकमा 'एउटा राम्रो जागीर खाने र धेरै पैसा कमाउने' भनी स्वार्थी विषय लेखिएको छ। पाठ्यपुस्तक लेखकहरूले राम्रोसँग पढेर देश र जनताको नि:स्वार्थरूपमा सेवा गर्ने भनी किन लेखेनन् ? सरकारले लेख्न लगाउने काम किन गरेन ?', उहाँले प्रश्न गर्नुभयो।

सांसद सुवालले भन्नुभयो, 'चिकित्सकहरूलाई कामअनुसार सरकारी तहको ज्याला पहिले नै व्यवस्था गर्नुपर्ने थियो। आवासीय चिकित्सकहरूलाई अस्पतालको सेवा छोडेर सडकमा आउनुपर्ने अवस्था सरकारले उत्पन्न गराउनु हुँदैनथ्यो।'

'कानुन विषयमा स्नातक र स्नातकोत्तर पढ्न ३०-४० लाख रुपैयाँ शुल्क तिर्नुपर्ने किन ? के जनतालाई एक आपसमा भिडाएर कानुन पढेकाले पैसा असुल्नुपर्ने हो र ?' उहाँले प्रश्न गर्नुभयो।

३५ वर्षयता सरकारमा गएका पार्टीहरूले देशलाई २७ खर्बको ऋण बोकाएको उल्लेख गर्नुहुँदै सांसद सुवालले न्यायसमेत पैसाले किन्नुपर्ने अवस्था भएको पीडितहरूको गुनासो रहेकोले कानुन पढेका नयाँ पुस्ता नै अघि बढेर देश र जनताको नि:स्वार्थरूपमा सेवा गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले भन्नुभयो, 'सन् १८१४ को कालापानीको युद्धमा देशद्रोहीहरूले पानीको मुहान अङ्ग्रेजको फौजलाई देखाएर घात गरेका थिए। सुगौली सन्धि गर्न गएका नेपाली दूतहरू चन्द्रशेखर उपाध्याय र गजराज मिश्रले आ-आफूलाई भारतमा जग्गा लिएर नेपालको भूगोल सानो पार्न लगाएका थिए। त्यस्तै कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरुण तेस्रो, अरुण चौथो, फुकोट कर्णाली, कर्णाली चिसापानी भारतीय एकाधिकार पूँजीलाई दिने नेपालका सरकारहरू देशद्रोही हुन्।'

सांसद सुवालले भन्नुभयो, 'नयाँ पुस्ताका कानुन पढेकाहरू व्यक्ति व्यक्ति बिचको लेनदेनका मुद्दा मामिलामा अल्झिनु हुँदैन। बरु देशको सार्वभौमिकता रक्षाको लागि आवाज उठाउनु पर्दछ। सार्वजनिक र सरकारी जग्गा, कमलपोखरी, पर्ती जग्गा अतिक्रमण गरेकाहरूलाई सजाय दिलाउन मुद्दा लड्नु आवश्यक छ।'

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले शिक्षा क्षेत्रमा उत्कृष्ट कलेजहरू सञ्चालन गर्ने उद्देश्यका साथ भनपाले कलेजहरू सञ्चालन गरिरहेको र कलेजहरूको नतिजा पनि उत्कृष्ट हुँदै आइरहेकोमा खुसी व्यक्त गर्नुभयो।




कलेजहरूको गुणस्तर वृद्धिको लागि हरसम्भव प्रयास गर्नु जरूरी रहेको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले कलेजले विद्यार्थीको शैक्षिक ज्ञान अभिवृद्धिको लागि समय समयमा विशिष्ट महानुभावहरूलाई आमन्त्रण गरी विशेष कक्षालाई निरन्तरता दिँदै जानुपर्ने आवश्यकता औँल्याउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, 'पुँजीवादी बन्दोबस्तमा कानुन पुँजीपतिवर्गको पक्षमा बनाइने हुँदा अदालतबाट कामदारवर्गका जनताले न्याय नपाउनेतर्फ कानुनका विद्यार्थी स्पष्ट हुनु जरूरी छ। जनताको हितमा कानुन बदल्नेतर्फ जनताका वकिलहरूले ध्यान दिनुपर्छ।'

कानुनको शासन भन्नुभन्दा पनि कानुन जनताको हितमा बनेको छ वा छैन भन्नेतर्फ ध्यान दिनु महत्त्वपूर्ण हुने धारणा प्रमुख प्रजापतिले राख्नुभयो।

कानुनअनुसार फैसला गरे पनि सबैको लागि न्याय नहुनेतर्फ सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले भन्नुभयो, 'बाली नबुझाएको आधारमा कानुनअनुसार मोहीलाई निष्काशन गर्ने फैसला किसानको पक्षमा हुँदैन। बरू जमीन जोत्ने किसान नै जमिनको मालिक बनाउने कानुन निर्माण गर्नु जरूरी छ।'

'पुँजीवादी बन्दोबस्तको संसद्मा ठेकेदार, एनजीओका प्रतिनिधि, बैङ्क मालिक, व्यापारी, निर्माण व्यवसायीहरूको प्रतिनिधिहरू हुने भएकाले त्यहाँबाट निर्माण हुने कानुन पनि पुँजीपति वर्गकै हितमा हुन्छ। त्यसैले विश्व सर्वहारावर्गका महान् गुरू कार्ल मार्क्सले संसद् पुँजीवादी व्यवस्थाको सञ्चालक समिति हुने भन्नुभएको अहिले चरितार्थ भइरहेको छ।', प्रमुख प्रजापतिले स्मरण गराउनुभयो।

संविधानमा कक्षा १२ सम्म नि:शुल्क हुने व्यवस्था गरे

तापनि कानुन बनाएर नि:शुल्क शिक्षाको बन्दोबस्त गर्न नसक्नुमा सरकार दोषी रहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'नेताहरूले इमानदारीपूर्वक काम नगरेकै कारण तथा योग्य र सक्षम व्यक्तिलाई भन्दा आफ्ना मान्छेलाई अयोग्य भए पनि नियुक्ति दिँदा आज देश र जनताले दु:ख पाएका छन् । शासन सत्तामा बस्नेहरू इमानदार नभएसम्म यस्तै स्थिति रहिरहनेछ ।'

विद्यार्थीहरू अनुशासित हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले भन्नुभयो, 'अनुशासित र लगनशील विद्यार्थी अहिलेको आवश्यकता हो । सभ्य र सुसंस्कृत समाज स्थापना गर्ने हामी सबैको लक्ष्य हुनुपर्छ । अहिलेदेखि राम्रो सुरुवात गऱ्यौँ भन्ने एक दिन जरूर सफलतामा पुग्नेछ ।'

सर्वोच्च अदालतका पूर्वन्यायाधीश **पवनकुमार ओझाले** कानुनी सिद्धान्त असीमित भएको धारणा राख्नुहुँदै मानिसको गर्भास्थादेखि मृत्युपछिको अधिकार र सम्मानसम्मको बन्दोबस्त पनि कानुनमा गरेको हुन्छ भन्नुभयो ।




कानुन र समाजको सम्बन्ध नङ र मासुको जस्तै हुनुपर्ने धारणा राख्नुहुँदै उहाँले जुन प्रयोजनको लागि कानुन बनाएको हो सोही अनुकूल कानुनको प्रयोग र व्याख्या हुनु जरूरी छ भन्नुभयो ।

उहाँले भन्नुभयो, 'कानुनी सिद्धान्तअनुसार कानुनलाई व्यवहारमा लागु गर्न सक्नुपर्छ; न्यायको मान्यताअनुसार अदालतले फैसला गर्नुपर्छ । कानुनी सिद्धान्तलाई अवज्ञा गर्दा न्यायको सही निरूपण हुनेछैन ।'

पूर्वन्यायाधीश ओझाले भन्नुभयो, 'सबभन्दा ठूलो न्याय भनेको सरकारले मात्र दिनसक्छ । विषमता अन्त गर्ने जिम्मेवारी राज्यको हो । समतामूलक ढङ्गले सबैलाई अवसर दिन सकेमात्र जनताले न्याय पाउनेछन् । व्यवस्था परिवर्तन हुनुभन्दा परिवर्तनबाट जनता लाभान्वित हुनु जरूरी छ ।'

भक्तपुर अदालतका मुख्य न्यायाधीश **बासुदेव न्यौपानेले** कानुनको सिद्धान्तअनुसार सबैले कानुन जानेकै हुन्छ भन्ने अनुमान गरिने भएकोले आफ्नो पेसा, व्यवसायसँग सम्बन्धित कानुनी बन्दोबस्तबारे जानकारी पाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।




गल्ती गर्नेले त्यसको परिणाम भोग्नैपर्ने भएकोले आफूले गर्ने हरेक गतिविधिबारे सचेत हुनु जरूरी भएको उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराईले** हामीले गर्ने हरेक काम कानुनको दृष्टिमा उपयुक्त हुनुपर्ने धारणा राख्नुहुँदै कानुनी शासन र कानुनद्वारा गरिने शासनबिचको भेदबारे स्पष्ट हुनु जरूरी छ भन्नुभयो ।

उहाँले भन्नुभयो, 'विधिको शासन र कानुनको शासनलाई उच्च स्थानमा राखी काम गर्नुपर्छ । आफ्नो चाहना र स्वार्थअनुसार कानुनलाई उपयोग गर्नु हुँदैन ।'

उहाँले समाजवादउन्मुख संवैधानिक व्यवस्थामा कानुन र न्यायको प्रारूप कस्तो हुनुपर्छ भन्ने विषयमा समेत छलफलको आवश्यकता रहेको उल्लेख गर्नुभयो ।

कानुन अध्ययन समाजका अध्यक्ष एवं अधिवक्ता **रामप्रसाद प्रजापतिले** कानुनको सिद्धान्त र व्यवहारमा तालमेल हुन नसकेकै कारण कानुनी क्षेत्रमा समस्या आइरहेको बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ. **सुजन माकले** आजका गतिविधिले भोलिका दिनमा समस्या नहोस् भन्ने सोचका साथ विद्यार्थीकालदेखि नै विद्यार्थीहरू अनुशासित हुनु जरूरी छ भन्नुभयो ।

पूर्वाञ्चल विश्वविद्यालयका प्राज्ञिक समितिका सदस्यसमेत रहनुभएका उहाँले ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ ल का विद्यार्थीहरूबिच संयुक्त अध्ययन अनुसन्धानका कार्यहरू गर्दै जाने समझदारी भएको जानकारी गराउनुभयो ।

इन्जिनियरिङ कलेजहरूलाई आवश्यक कानुनी कक्षाका पाठ्यक्रमहरू निर्माण गरी कक्षा सञ्चालन गर्नसमेत अनुरोध गर्नुभयो ।



कलेजका प्राचार्य **अनिता जधारी**ले स्वागत गर्नुभएको उक्त कार्यक्रममा विद्यार्थीहरूले कविता वाचन एवं गीत प्रस्तुत गर्नुभएको थियो ।

## ख्वप बहुप्राविधिक अध्ययन संस्थानद्वारा नर्सिङ दिवस मनाइयो




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको आयोजनामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा अन्तर्राष्ट्रिय नर्सिङ दिवस (२०२५ मे १२) कार्यक्रम वैशाख २८ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले नर्सहरूको मूल्याङ्कन उनीहरूले बिरामीहरूप्रति गरिने व्यवहारमा गरिने बताउनुभयो । नर्सिङ पेशामा सिद्धान्त र व्यवहारमा एकरूपता कायम भएन भने सफल हुन नसक्ने बताउनुहुँदै उहाँले सङ्कटको समयमा मानिसको मूल्याङ्कन हुने हुँदा सङ्कटमा खटिनेहरूकै सच्चा मूल्याङ्कन हुने बताउनुभयो । नर्सहरूलाई जनताको सेवा र हितको लागि सरल, नम्र व्यवहारले काममा लाग्न प्रेरित गर्नुहुँदै प्रमुख प्रजापतिले नर्सिङ पेशा सामाजिक सेवासँग जोडिएको पेशा हो भन्नुभयो ।

कार्यक्रममा कलेज व्यवस्थापन समितिका सदस्य एवम् भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले दिवस मनाउनुको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै चिकित्सक तथा नर्सहरूले आफ्नो सामाजिक दायित्व र नैतिकताको ख्याल गरी आफ्नो कर्तव्य पूरा गर्नुपर्ने बताउनुभया ।

जस्तोसुकै परिस्थितिमा जनताको सेवा गर्ने भावनाले आफ्नो पेशाको पनि सम्मान हुने बताउनुहुँदै उहाँले आफ्नो जिम्मेवारीबोधलाई कहिल्यै पनि बिर्सन नहुने बताउनुभयो ।

सोही क्रममा अतिथि ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले प्रत्येक वर्ष करिब १ हजार नर्सहरू विदेशिने गरेको बताउनुहुँदै युवाहरू बाध्यता र रहरले भन्दा पनि रोजगारी र देखासिकीको लागि विदेश जाने प्रचलन बढिरहेको बताउनुभयो ।

नर्सिङ पेशामा आबद्धहरूले आफ्नो पेशाप्रति इमानदार र नयाँ प्रविधिहरूको समयअनुसारको प्रयोग गर्न जान्नुपर्ने कुरा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. **रत्नसुन्दर लासिवा**ले राख्नुभयो ।



कार्यक्रममा नर्सिङ विभागका विभागीय प्रमुख **इश्वरी डंगोल**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने नर्सिङ तेस्रो वर्षका उपप्राध्यापक **कृष्णशोभा प्रजापति**ले नर्सिङ दिवससम्बन्धी प्रस्तुतीकरण दिनुभएको थियो । नर्सिङ दोस्रो वर्षका विद्यार्थीहरूले नर्सिङ दिवस सम्बन्धी तयार पारेका कविताहरू पनि वाचन गरेका थिए ।

## "बौद्ध दर्शन विश्वकै दर्शन हो"






'बौद्ध दर्शनका प्रणेता गौतम बुद्ध 'विश्वका ज्योति' हुन् । बुद्धलाई 'एसियाको ज्योति' भनी सङ्कुचित पारिएको छ । विज्ञानसम्मत विश्व दृष्टिकोण दर्शन हो । दर्शनलाई कुनै सम्प्रदायसँग मात्र जोड्नु हुन्न । दर्शन मानव जातिको हितसँग जोडिएको हुन्छ ।'

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद **प्रेम सुवाल**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थानहरू (ख्वप मा.वि., ख्वप कलेज, ख्वप कलेज अफ ल, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप बहुप्राविधिक अध्ययन संस्थान र शारदा क्याम्पस मावि) को संयुक्त आयोजनामा २५६९ औँ बुद्ध जयन्तीको अवसरमा 'बुद्ध दर्शन र समाज विज्ञान' विषयक ख्वप कलेज अफ लको प्राङ्गणमा वैशाख २९ गते भएको प्रवचन कार्यक्रममा व्यक्त गर्नुभएको हो ।




'लुम्बिनीको राजदरबारमा जन्मनुभएका बुद्धले मानव समाजको विकासको सिलसिला अध्ययन गरेका हुन् । यसकारण, बुद्ध दुःख छ, दुःखको अन्त्य छ; दुःख अन्त्य हुने कारण छ भन्ने निष्कर्षमा पुग्नुभएको हो ।', उहाँले भन्नुभयो ।

सांसद सुवालले भन्नुभयो, 'मानिस जङ्गली युगबाट बाहिर आएको लगभग ७ हजार वर्ष भयो । यो अवधिमा मानिसले भूदास र पुँजीवादी युगजस्ता दुःख सामना गर्‍यो र गर्दै छ । कतिपय देशहरू अहिले पुँजीवादी युगबाट समाजवादी युगमा पदार्पण भइरहेका छन् । यो दुःखको अन्त्य हो । पीडितहरूले सङ्घर्ष गरी मुक्ति प्राप्त गर्नु दुःखको अन्त्य हो ।'

उहाँले भन्नुभयो, 'दास र दास मालिक, भूदास र सामन्त, मजदुर र पुँजीपतिवर्ग भइरहनु नै मानवजातिको दुःख हो । दास मालिक र सामन्तवर्गको अन्त्यको साथै कतिपय देशमा पुँजीपतिवर्गको पनि समाप्त हुँदै छ । कतिपय देशमा पुँजीवाद समाप्त हुने क्रममा छ । यो समाज विकासको नियम पनि हो ।'

सांसद सुवालले भन्नुभयो, 'बुद्धलाई शान्ति, सहिष्णुता, सद्भावका प्रणेता उल्लेख गरी वक्तव्य प्रकाशित गरेका सरकारमा गएका दलका नेताहरू २५६९ औँ बुद्ध जयन्तीको अवसरमा 'बौद्ध धर्मावलम्बीहरूलाई' शुभकामना दिन्छन् । यो बौद्ध दर्शनलाई निश्चित सम्प्रदायमा सीमित पार्ने नियत हो । बौद्ध दर्शन मानवजातिको हितसँग सम्बन्धित विश्व दर्शन हो ।'

सरकारको नेतृत्वमा पुगेकाहरूको कर्तव्य बौद्ध दर्शनको सारलाई विद्यालय र विश्वविद्यालयमा पाठ्यपुस्तकमा समावेश गराई नयाँ पुस्तालाई शान्ति, सहिष्णुता र सद्भावको 'दूत' बनाउने हो । बुद्धको जन्मथलो लुम्बिनी, स्वयम्भूको महाचैत्य, बौद्धको महाचैत्यलगायतलाई बुद्ध जयन्तीको दिनमात्र होइन सधैँ सफा, स्वच्छ र सुन्दर राख्नु जरूरी छ । यहाँका पुरातात्त्विक क्षेत्र र वस्तु यथास्थितिमा संरक्षण गरिनु आवश्यक छ । तर, लुम्बिनी विकास कोषका नाममा भ्रष्टाचार भइरहेको र पुरातात्त्विक महत्त्व नष्ट भइरहेको जनगुनासो बढ्दो छ । यतातिर सरकारको यथोचित ध्यान जानु जरुरी छ, उहाँले भन्नुभयो ।

सांसद सुवालले भन्नुभयो, 'बौद्ध दर्शन बुझेर काम गरेको भए सरकारमा गएका नेताहरूले नीतिगत निर्णयलाई अख्तियारको छानबिन बाहिर राख्ने र कर्मचारीको अवकाशपछिको १–२ वर्ष कतै सेवा गर्न नपाइने कानुनी व्यवस्थासम्बन्धी विधेयक बनाउन जोडबल गर्नुपर्ने थिएनन् । महिनौँसम्म त्रिविको उपकुलपति, नेपाल राष्ट्र बैङ्कको गभर्नर रिक्त राख्न पर्ने थिएनन् । ख्वप विश्वविद्यालय विधेयक रोकिराख्नुपर्ने थिएनन् । बौद्ध दर्शनको महत्त्व नबुझेकाहरू सरकारमा पुगेकैले नेपाली जनतालाई अहिले थप दुःख भइरहेको हो । अर्थमन्त्रीले संसदमा राजस्वले कर्मचारीलाई तलव दिन धौ धौ भएको बोलेका थिए । सरकारको १२ खर्ब रुपियाँ बेरुजु पुग्यो । सरकारमा गएकाहरूले बौद्ध दर्शनलाई स्वीकार गरेको भए देशको यो दुर्गति हुने थिएन ।'

उहाँले भन्नुभयो, 'आजका विद्यार्थीले भोलि राजनीति, पत्रकारिता, चिकित्सा, अर्थशास्त्र, विज्ञान, इन्जिनियरिङ क्षेत्रमा

नेतृत्व लिने हो। कलेजले विद्यार्थीलाई सबै विषयमा कम्तीमा ६० प्रतिशत नतिजा आउने गरी तयार गर्नु उपयुक्त हुनेछ। यो विषय धेरै वर्ष अगाडि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले पनि सुझाउनुभएको हो। कलेजका प्राध्यापक र कर्मचारीको थप ध्यान यतातिर थप मिहिनेत हुने विश्वास गर्दछु।'

कार्यक्रमका सभापति, कलेज/विद्यालय सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले बौद्ध दर्शनले सभ्य र सुसंस्कृत समाज निर्माणको लागि मार्ग निर्देश गरेको बताउनुभयो।




'बुद्धले मानव जातिको उत्थानको लागि दरबार त्यागेर जानुभएको इतिहास पढ्दै गर्दा नेपालका शासकहरूले दरबार र दरबारको जग्गा नै हडपेको तथ्यले बौद्ध दर्शनलाई गिज्याइरहेको छ', उहाँले भन्नुभयो।

भक्तपुरको सामाजिक र सांस्कृतिक परिवर्तनमा नेपाल मजदुर किसान पार्टीका अग्रजहरूको योगदान महत्त्वपूर्ण रहेको र उहाँहरूकै असल नेतृत्वकै कारण आज भक्तपुर शिक्षा, स्वास्थ्य, सरसफाइ र सम्पदा संरक्षणमा उदाहरणीय नगर बन्न सफल भएको प्रमुख प्रजापतिले बताउनुभयो।

बौद्ध दर्शनले आलोचना र आत्मालोचनालाई जोड दिएको धारणा राख्नुहुँदै प्रमुख प्रजापतिले आलोचना र आत्मालोचनाको अभावमा मानिस स्वेच्छाचारी हुनसक्ने भएकोले रचनात्मक आलोचना जरूरी छ भन्नुभयो।

समाज रूपान्तरण स्वतः नहुने भएकोले विश्व सर्वहारावर्गका महान नेता कार्ल मार्क्सले शोषकवर्गको सत्तालाई मजदुरवर्गले बल प्रयोग गरी मजदुरवर्गको सत्ता कायम गर्नुपर्ने र मजदुरवर्गको शासन सत्ता कायम भएपछि विश्वमा शान्ति कायम हुने मार्क्सवादी सिद्धान्त प्रतिपादन गरेको प्रमुख प्रजापतिले बताउनुभयो।

देशको नीति निर्माण गर्ने थलो संसद्मा शासक पार्टीका सांसदहरू हाजिर गरी निस्कने र संसद्को गतिविधिमा भाग नलिने, उपस्थिति अत्यन्त न्यून हुने जस्ता सांसदहरूको गतिविधिले देशको अन्तर्राष्ट्रिय बेइज्जत भइरहेको उहाँले बताउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, 'शैक्षिक माफियाहरूको स्वार्थको कारण सबै पूर्वाधार पूरा भएको ख्वप विश्वविद्यालय स्वीकृति भइरहेको छैन। मुखले के भन्छ महत्त्वपूर्ण होइन व्यवहारले के गरिरहेको छ त्यो महत्त्वपूर्ण हुने गर्छ।'

सरकारले नियोजितरूपमा युवाहरूलाई विदेश धपाइरहेको धारणा राख्नुहुँदै प्रमुख प्रजापतिले समाजलाई सही नेतृत्व गर्ने र देशलाई दुर्घटनाबाट जोगाउन सक्ने असल नेतृत्व तयार गर्न सक्यो भने मात्र भनपाद्वारा सञ्चालित शैक्षिक संस्थाको औचित्य रहने बताउनुभयो।

भक्तपुर नपाले ७५१ जना विद्यार्थीलाई प्रतिव्यक्ति रू. ५ लाख शैक्षिक ऋण उपलब्ध गराइसकेको प्रमुख प्रजापतिले बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज/विद्यालय सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले शोषणबाट मुक्ति हुने व्यवस्था समाजवाद हो भन्नुभयो।

समाजलाई परिवर्तन ल्याउन तल्लोवर्गका जनताको उत्थान हुनु जरूरी छ भन्नुहुँदै उपप्रमुख जोशीले भनपाले विकास निर्माणमा जनतालाई संलग्न गराउन उपभोक्ता समिति गठन गरी काम गराइरहेको जानकारी दिनुभयो।

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले बुद्ध दर्शनले भौतिकवादी दृष्टिले चिन्तन गर्न सिकाउने र व्यक्तिको शुद्धीकरण र सामूहिक अनुशासनमा जोड दिने बताउनुभयो।

बौद्ध दर्शनको भनाइलाई स्मरण गर्नुहुँदै उहाँले भन्नुभयो, 'शत्रुताले शत्रु नास हुँदैन, मित्रताले शत्रु नास हुन्छ।'

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ. **सुजन माक**ले बौद्ध दर्शन धार्मिक पद्धति नभई सांस्कृतिक क्रान्ति भएको बताउनुभयो।

ख्वप कलेज अफ इन्जिनियरिङ कलेजका प्राचार्य इ. **सुनिल दुवाल**ले बौद्धिक दर्शनमा सोचको स्वतन्त्रता भएको र बौद्ध दर्शनले आलोचनात्मक चेतनालाई जोड दिने बताउनुभयो।

ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी**ले



बौद्ध दर्शन धर्म नभई जीवन दर्शन र असल जीवन जिउने पद्धति हो भन्नुभयो ।

ख्वप मा.वि.का प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य**ले सही र गलतबिचको भिन्नता गहिरो अध्ययनले मात्र थाहा पाउन सकिने धारणा राख्नुहुँदै शिक्षकहरूमा करूणाभाव र सहिष्णु भाव हुनु जरूरी छ भन्नुभयो ।

कार्यक्रममा ख्वप मा.वि.का इन्चार्ज **गोकर्ण दुलाल**ले पनि बोल्नुभएको थियो

## शिशु स्याहारका कर्मचारीहरूलाई एकदिने तालिम



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार केन्द्रहरूमा कार्यरत कर्मचारीहरूलाई एकदिने तालिम वैशाख २९ गते सम्पन्न भयो ।

## भूकम्प इन्जिनियरिङ र सहरी योजना तथा संरक्षणका नयाँ विद्यार्थीहरूलाई स्वागत




भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप इ. कलेज र ख्वप कलेज अफ इ.को संयुक्त आयोजनामा भूकम्प इन्जिनियरिङ र सहरी योजना तथा संरक्षणका नयाँ विद्यार्थीहरूलाई स्वागत, अभिमुखीकरण र स्नातकोत्तर तहका उत्कृष्ट विद्यार्थीलाई सम्मानपत्र वितरण कार्यक्रम जेठ २ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेमकिपाका केन्द्रीय सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले स्नातकोत्तर तहका उत्कृष्ट विद्यार्थी मेधास्मी खतिवडा र युरिका शाक्यलाई नगदसहित सम्मानपत्र हस्तान्तरण गर्नुभयो ।




कार्यक्रममा सचिव सुवालले नेपाल मजदुर किसान पार्टीको राजनैतिक प्रतिबद्धताअनुसार ख्वप सर्कलअन्तर्गतका कलेजहरूको स्थापना भएको बताउनुहुँदै राजनीति देश र जनताको निःस्वार्थ सेवा हो भन्नुभयो । राजनीतिको नाममा गलत गर्नु देशप्रतिको धोखा र बेइमानी भएको प्रष्ट पार्नुहुँदै सांसद सुवालले देशको सन्तुलित विकासमा सङ्घीय सरकारले जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नपाले सञ्चालन गरेका सातओटा कलेजहरूमा देशका विभिन्न जिल्लाबाट ४४ हजारभन्दा बढीले अध्ययन गरिसकेको बताउनुहुँदै उहाँले सक्षम र भौतिक रूपमा सम्पन्न भएर पनि शासकहरूले भक्तपुर नपालाई ख्वप विश्वविद्यालय सञ्चालन गर्न नदिइएको उहाँले बताउनुभयो ।

ख्वप विश्वविद्यालयलाई नगर विश्वविद्यालयको रूपमा सञ्चालन गर्न खोजेका हौँ भन्नुहुँदै सांसद सुवालले संविधान संशोधन देशको आवश्यकताअनुसार हुन जरुरी रहेको बताउनुभयो ।

सरकार आफ्नो दायित्वबाट पन्छिन खोजिरहेको बताउनुहुँदै उहाँले सबै पूर्वाधारहरूको विकास पछि मात्र व्यवस्थित आवास योजना सञ्चालनतर्फ जोड दिनुपर्ने बताउनुभयो ।

महाकाली सन्धि देशको लागि घातक भएको प्रसङ्ग उल्लेख गर्नुहुँदै उहाँले भारतले नेपालका नदीनालालाई दुईदेशको साझा नदीको रूपमा उपभोग गर्न खोज्नु गलत भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले ख्वप इन्जिनियरिङ कलेज भक्तपुरको उदाहरणीय कलेज बन्न सफल भएको र यस कलेजलाई अगाडि बढाउन थप मिहिनेत जरुरी रहेको बताउनुभयो ।




नेपाल भूकम्पीय जोखिम भएको देश हो र यसलाई मध्यनजर गर्दै भक्तपुर नगरपालिकाबाट सञ्चालित कलेजहरू भूकम्प इन्जिनियरिङलाई महत्त्वका साथ यी विषयहरू सञ्चालनमा ल्याएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले भूकम्पलाई अवसरको रूपमा ग्रहण गरी यहाँको सम्पदा संरक्षणमार्फत भक्तपुरलाई देशकै उदाहरणीय र नमुनाको सहरको रूपमा विकास गरेको बताउनुभयो ।

भक्तपुरले यहाँको विकास विदेशी सहयोगविना जनताको साथ र सहयोगले सम्पन्न गरेको बताउनुहुँदै उहाँले भक्तपुरको पहिचान जोगाउन सम्पदा पुन:निर्माण र जीर्णोद्धार कार्य उपभोक्ता समितिमार्फत सञ्चालन गरेको बताउनुभयो ।

देशको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने, गुणस्तरीय शिक्षा प्रदान गरी नयाँ नयाँ प्रविधिमार्फत देशको विकास गर्ने लक्ष्यले भक्तपुर नपाले विभिन्न शैक्षि संस्था सञ्चालन गरेको बताउनुहुँदै प्रमुख प्रजापतिले युवा जनशक्ति विदेशिनुमा सरकार र म्यानपावर कम्पनीहरू मुख्य दोषी रहेको स्पष्ट पार्नुभयो ।




उपप्रमुख एवम् कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले भक्तपुर नगरपालिकाले सञ्चालन गरेका कलेजहरूको उद्देश्य पूरा गर्ने काम यहाँ अध्ययनरत विद्यार्थीहरूले गरिरहेकोमा खुशी व्यक्त गर्नुहुँदै देशकै लागि उत्कृष्ट जनशक्ति उत्पादन गर्दै कलेजले आफ्नो ख्याति र गरिमालाई अझ उँचो बनाउने काम गर्दै आएको बताउनुभयो ।

ख्वप इ. कलेजका प्राचार्य **सुजन माक**ले ख्वप इ. कलेजमा नेपालमा पहिलोपटक भूकम्प इ. विषय पढाइ हुने कलेजको रूपमा रहेको बताउनुहुँदै नेपालका कला संस्कृति र सम्पदा संरक्षित क्षेत्रलाई मध्यनजर गर्दै अर्बान डिजाइन र कन्जर्भेसन विषयलाई महत्त्वका साथ अध्ययन अध्यापन हुँदै आएको बताउनुभयो ।

ख्वप कलेज अफ इ. का प्राचार्य **सुनिल दुवाल**ले स्नातकोत्तर तह स्नातकभन्दा पनि बृहत भएको हुँदा व्यापक दृष्टिकोणले विद्यार्थीहरूले अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप इ. कलेजका उपप्राचार्य डा. **सुबेगमान बिजुक्छें**ले स्नातकोत्तर तह भनेको शिक्षण सिकाइभन्दा पनि अनुसन्धानमा आधारित शिक्षा हुने भएकोले विद्यार्थीहरूले थप मिहिनेत गर्नुपर्ने बताउनुभयो ।

विभागीय प्रमुख डा. **मन्जिप शाक्य**ले भूकम्प इन्जिनियरिङमा ३११ जना र अर्बाइन डिजाइनमा १८१ गरी ४९२ जनाले स्नातकोत्तर तह भर्ना भइसकेको तथ्याङ्क प्रस्तुत गर्नुभयो ।



सम्मानित मेधास्मी र युरिका

कार्यक्रममा उत्कृष्ट विद्यार्थी **मेधास्मी खतिवडा** र **युरिका शाक्य**ले कलेजबारे आफ्नो अनुभव सुनाउनुभयो ।



कार्यक्रममा विभागीय प्रमुख **लिबास फैजु**ले पनि बोल्नुभएको थियो ।

# चौथो राष्ट्रिय सम्मेलन

## राजधानी उपत्यकाबाट बाहिर नसार्दा काठमाडौँ अस्तव्यस्त




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैं (रोहित) ले ख्वप कलेजको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा 'इन्भारोमेन्टल, सोसियल एन्ड गभर्नान्स रिनोभेसन' विषयक दुईदिने चौथो राष्ट्रिय सम्मेलन जेठ ८ गते एक समारोहबिच उद्घाटन गर्नुभयो।

कार्यक्रममा अध्यक्ष **बिजुक्छैंले** नेमकिपाको तर्फबाट देशको राजधानी काठमाडौँबाट बाहिर सार्नुपर्ने प्रस्ताव ३५ वर्ष अगाडि नै राखेकोमा शासक पार्टीहरूले नस्वीकार्दा अहिले राजधानी काठमाडौँ अस्तव्यस्त भएको बताउनुभयो।




जहाँ अधिकार दिँदैन त्यहाँ सङ्घर्ष हुने धारणा राख्नुहुँदै अध्यक्ष बिजुक्छैंले भक्तपुर नगरपालिकाले जस्तै अरू स्थानीय तहले पनि विश्वविद्यालय सञ्चालनको माग गर्ने र परिस्थितिले सबैलाई घच्घच्याउनेछ भन्नुभयो।

नेपालको आवश्यकता नेपाली विश्वविद्यालयले मात्र पूरा गर्नसक्ने भएकोले भनपाले ख्वप विश्वविद्यालय सञ्चालन गर्न खोजेको धारणा अध्यक्ष बिजुक्छैंले राख्नुभयो।

उहाँले भन्नुभयो, 'देशको नेतृत्वमा बस्नेहरूले विदेशीसँग नभई स्वदेशी विज्ञ, बुद्धिजीवी र विश्वविद्यालयका प्राज्ञहरूसँग सल्लाह लिई काम गर्नुपर्छ। स्वतन्त्रता र स्वाधीनता हासिल गरेका देशहरूले आफ्नै देशका विज्ञहरूसँग राय सुझाव लिई स्वतन्त्ररूपमा प्रगति गरिरहेका उदाहरणबाट हामीले शिक्षा लिनुपर्छ। चीनले स्वतन्त्रता प्राप्त गरेपछि शिक्षालाई पूर्णरूपमा परिवर्तन गरी शिक्षालाई उत्पादन श्रमसँग जोड्यो; चीनले आफ्नै 'एडम स्मिथ' तयार गऱ्यो।'

विदेशी विश्वविद्यालयको पाठ्यक्रम नक्कल गरेर देशको हित नहुनेतर्फ सचेत गराउनुहुँदै अध्यक्ष बिजुक्छैंले भन्नुभयो, 'देशको परिस्थिति र माटो सुहाउँदो उत्पादन श्रमसँग जोडिएको विश्वविद्यालयको पाठ्यक्रम हुनुपर्छ र विश्वविद्यालयलाई स्वायत्त बनाउनु जरूरी छ।'

उहाँले भन्नुभयो, 'नेपाली विश्वविद्यालयको शिक्षा गुणस्तरीय नहुँदा, विदेशी विश्वविद्यालयको नक्कल गर्दा रोजगारी तथा अध्ययनको नाममा देशको एकतिहाइ जनसङ्ख्या बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बन्न बाध्य छन्। विदेश पलायन रोक्ने हो भने आईएनजीओ र म्यान पावर कम्पनीहरू बन्द गराउनु जरूरी छ।'

देशको परिस्थितिलाई समालोचनात्मक ढङ्ले विश्लेषण गर्नु जरूरी रहेको आवश्यकता औँल्याउनुहुँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'बुद्धिजीवी, प्राध्यापकहरू राजनीतिक व्यक्ति होइनन् भन्ने गलत धारणाबाट मुक्त हुनु जरूरी छ। कुनै पनि देशको सङ्कटलाई पार लगाउन बुद्धिजीवी, प्राध्यापक र विद्वत् वर्गले महत्त्वपूर्ण भूमिका खेलेको कुरा संसारका क्रान्तिबाट शिक्षा लिनु जरूरी छ।'



कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने, २१ औँ शताब्दीका चुनौतीहरू सामना गर्न सक्ने क्षमतावान विद्यार्थी तयार गर्ने उद्देश्यले २०५८ सालमा ख्वप कलेज स्थापना भएको र भक्तपुर नगरपालिकाले ७ वटा कलेज/विद्यालय सञ्चालन गरी ७७ जिल्लाका सात हजारभन्दा बढी विद्यार्थीलाई अध्ययन गर्ने अवसर दिइरहेको छ भन्नुभयो।

उहाँले भन्नुभयो, 'नेपालका विश्वविद्यालयहरू शिक्षा र अनुसन्धानको केन्द्र बन्न सकिरहेको छैन; कलेज र विश्वविद्यालयहरू विद्यार्थीलाई आत्मनिर्भर बनाउने ज्ञानको केन्द्र हुनुपर्नेमा बेरोजगारी प्रमाणपत्र वितरण गर्ने केन्द्रमात्र बनिरहेको छ।'

प्रमुख प्रजापतिले भन्नुभयो, 'अहिले उच्च शिक्षा हासिल गर्न वर्षको १ लाखभन्दा बढी विद्यार्थीहरू बाहिरिने गरेको तथ्याङ्क सार्वजनिक भएको छ। नेपालका सयौँ कलेजहरू खाली हुने अवस्थामा पुगेको समाचारहरू आइरहेका छन्। यो शिक्षालाई व्यापारीकरण गर्दाको परिणाम हो।'

धेरै विद्यार्थी सङ्ख्या भएका विश्वविद्यालयहरूभन्दा कम विद्यार्थी भएका तर देशको निम्ति आवश्यक आत्मनिर्भर जनशक्ति उत्पादन गर्नसक्ने स-साना विश्वविद्यालयहरू देशको लागि आवश्यक भएको धारणा राख्नुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'देशको लागि आवश्यक कोर्स डिजाइन गर्ने, तुरुन्त कोर्स संशोधन गर्नसक्ने सक्षम विश्वविद्यालय भए सक्षम जनशक्ति उत्पादन हुन्छ। वास्तवमा ख्वप विश्वविद्यालयको माग त्यसै कारण भएको हो। ख्वप विश्वविद्यालय सञ्चालन अनुमति पाएमा देशमा एउटा विश्वविद्यालयको सङ्ख्यामात्र थपिने छैन; त्यसले नयाँ नयाँ कोर्सहरू डिजाइन गरी आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने विशेषता पनि कायम गर्नेछ।'

प्रमुख प्रजापतिले भनपाद्वारा सञ्चालित कलेजहरूको तर्फबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनलाई निरन्तरता दिने कोसिस भइरहने बताउनुभयो।



नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले राजनीतिमा 'इनोभेसन' आवश्यक भएको, नेपालको सन्दर्भमा नेपाल मजदुर किसान पार्टीले देशको राजनीतिलाई दिशा निर्देश गरिरहेको र देशमा शैक्षिक क्षेत्रमा कतै रूपान्तरण भएको छ भने त्यो ख्वप कलेजहरूमा मात्र भएको बताउनुभयो। यो वर्ष गर्मी र वर्षा अत्यधिक हुने प्रक्षेपण गरिएको हुँदा वातावरण परिवर्तन, प्राकृतिक विपत्तिबाट जोगिन सरोकारवाला निकायले पूर्व तयारी गर्नु जरूरी रहेको उहाँले बताउनुभयो।

अथाह सम्भावना बोकेको देश नेपालको राजनीतिमा शुद्धीकरण भएमा देश विकास हुन धेरै समय नलाग्ने प्रदेश सदस्य गोसाईंले बताउनुभयो।

सङ्घीयताको मर्मअनुसार काम हुन नसकेको चर्चा गर्नुहुँदै उहाँले सङ्घीयता विषयबारे बौद्धिक वर्गले चिन्तन गर्नु जरूरी छ भन्नुभयो।

छिमेकी देश चीनको प्रविधि, अर्थतन्त्र, राजनीति र विकासको मोडेलबाट सिकेर अगाडि बढ्न सके देशमा परिवर्तन सम्भव भएको उहाँले बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्यले भनपा अगाडि बढिरहेको छ भन्नुभयो।

नेपाल मजदुर किसान पार्टीको निर्वाचन



घोषणापत्रअनुसार भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले काम गरिरहेको चर्चा गर्नुहुँदै उपप्रमुख जोशीले प्राचीन सहर भक्तपुरलाई आधुनिक र डिजिटल समाजमा रूपान्तरणका लागि यहाँका कला,

संस्कृति, सम्पदा संरक्षणलाई वैज्ञानिकीकरण गर्नु जरूरी छ भन्नुभयो ।




वाग्मती प्रदेश विश्वविद्यालयका डिन डा. **गंगाराम विश्वकर्मा**ले सीपमूलक र नैतिक शिक्षालाई अहिलेका विश्वविद्यालयहरूले कति सम्बोधन गर्न सक्यो छलफल हुनु जरूरी छ भन्नुभयो ।

शिक्षालाई व्यवहारिक र प्रयोगात्मक बनाउनु जरूरी भएको धारणा राख्नुहुँदै उहाँले देशको दिगो विकासको लागि अनुसन्धानमूलक शिक्षालाई जोड दिनुपर्ने बताउनुभयो ।




विश्वविद्यालय अनुदान आयोगका निर्देशक **केदारप्रसाद आचार्य**ले नेपालको उच्च शिक्षाको समग्र नतिजा ३५ प्रतिशत पनि नपुग्नुले हाम्रो शैक्षिक क्षेत्र कमजोर तथा असफल सिद्ध भएको धारणा राख्नुभयो ।

शिक्षाको गुणस्तरलाई उच्च बनाउन धेरै मिहिनेत आवश्यक भएको, यसको लागि उच्च शिक्षा र प्रारम्भिकको पाटोबाट प्रयास दिनु जरूरी भएको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'विद्यार्थीहरूको उज्ज्वल भविष्य र गुणस्तरीय शिक्षाको जिम्मेवारी सम्बन्धित कलेजले नै लिनुपर्छ; विद्यार्थीलाई विश्वव्यापी प्रतिस्पर्धाका लागि सक्षम बनाउने जिम्मेवारी प्राध्यापकहरूकै हो ।'

कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले स्वागत गर्नुभएको उक्त कार्यक्रममा सम्मेलन तयारी समितिका संयोजक डा. **राजकुमार प्रधान**ले पनि बोल्नुभएको थियो ।

उद्घाटन कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले कलेजबाट प्रकाशित 'ख्वप रिभ्यु' बुलेटिन विमोचन गर्नुभएको थियो ।

उद्घाटन सत्रपछिको सम्मेलनमा खुला विश्वविद्यालयका व्यवस्थापन तथा कानुन सङ्कायका डिन प्रा.डा. अहर्ण स्थापितले प्रमुख वक्ताको रूपमा मन्तव्य दिनुभएको थियो । बिहीबारको कार्यक्रममा १२ वटा शैक्षिक संस्थानका प्रतिनिधिहरूले २६ विषयमा प्रस्तुति राख्नुभएको थियो ।

पाँच वटा सेसनमा सञ्चालन भएको बिहीबारको कार्यक्रममा 'सेसन चियर'को भूमिका प्रा.डा. जितेन्द्र डंगोल, प्रा.डा. सिद्धिवीर कर्माचार्य, प्रा.डा. विनोद पोखरेल, प्रा.डा. सुरेन्द्र मिश्र र डा. किशोर हाकुदुवालले निर्वाह गर्नुभएको थियो ।



# सम्मेलन सम्पन्न

## विश्वविद्यालय र प्राध्यापकहरूले देशको सामसामयिक राजनीतिक विषय र व्यवस्थाबारे छलफल गर्नुपर्ने




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा 'इन्भारोमेन्टल सोसियल एन्ड गभर्नान्स रिनोभेसन' विषयक दुईदिने चौथो राष्ट्रिय सम्मेलन जेठ ९ गते सम्पन्न भयो।



समापन समारोहका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवम् कलेजका संस्थापक अध्यक्ष एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले सम्मेलनको निचोड र निष्कर्ष नयाँ पुस्ताका विद्यार्थीहरूलाई उपयोगी र देशलाई मार्गनिर्देश हुने विश्वास व्यक्त गर्नुभयो।

सांसद सुवालले भक्तपुर नपाबाट सञ्चालित ७ वटा शैक्षिक संस्थाले ७७ वटै जिल्लाका विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गरिसकेको बताउनुहुँदै ख्वप विश्वविद्यालय सञ्चालनले यस्ता राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनले अझ व्यापकता पाउने बताउनुभयो।

विश्वविद्यालय व्यक्ति व्यक्तिलाई सञ्चालन गर्न दिइएको छ, तर भक्तपुर नपाले लामो समयदेखि ख्वप विश्वविद्यालय सञ्चालनको लागि माग गर्दै आएकोमा सरकारले अहिलेसम्म पनि विश्वविद्यालय सञ्चालनको स्वीकृति नदिने पक्षपातीपूर्ण व्यवहार प्रदर्शन गरिसकेको बताउनुहुँदै सांसद सुवालले ग्रीस र रोममा जस्तै भक्तपुर नपाले पनि नगर विश्वविद्यालय सञ्चालन गर्ने लक्ष्य लिएको बताउनुभयो।

उहाँले विश्वविद्यालय र प्राध्यापकहरूले देशको सामसामयिक राजनीतिक विषय र व्यवस्थाबारे छलफल गर्नुपर्ने बताउनुहुँदै समाजवादी गणतन्त्रमा मात्र कामदार जनताको हितमा काम हुने बताउनुभयो।

देशको सन्तुलित विकासतर्फ राज्यले नै गम्भीरतापूर्वक नीति निर्माण गर्नु आवश्यक भएको बताउनुहुँदै उहाँले शैक्षिक संस्थाले सबै विद्यार्थीहरूलाई समान ढङ्गले विकास गर्नेतर्फ सोच्नुपर्छ भन्नुभयो।

विद्यार्थीलाई नयाँ नयाँ भाषा सिक्न अभिप्रेरित गर्नुपर्ने बताउनुहुँदै सांसद सुवालले सूचनाको प्रविधिको विकासले हामीलाई अनुसन्धानमा सहयोग पुऱ्याए पनि त्यसकै भरमा मात्र विकास गर्ने सोचबाट टाढा हुनुपर्ने बताउनुभयो।

विद्यार्थीहरूले आफ्नो शैक्षिक जगलाई सानैदेखि बलियो बनाउनुपर्नेमा जोड दिनुहुँदै उहाँले पुँजीवादी व्यवस्थाले शासन, समाज र वातावरणलाई बिगार्ने काम गर्छ भन्नुभयो।



कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले सम्मेलनबाट निस्केका महत्त्वपूर्ण निष्कर्षलाई सम्बन्धित निकायसम्म पुऱ्याउन पहल गरिने बताउनुहुँदै भक्तपुर नगरपालिकाले संविधान र कानुनको परिधिभित्र रही भक्तपुरको विकास निर्माण कार्यलाई अगाडि बढाइरहेको बताउनुभयो।

उहाँले सङ्घीयता कार्यान्वयनमा ८ वर्ष बितिसक्दा पनि नेपालमा सङ्घीयताको कार्यान्वयन सन्तोषजनक नभएको बताउनुहुँदै स्थानीय तहलाई दिइनुपर्ने बजेट अनुदानलाई सरकारले घटाउँदै लगेकोमा आपत्ति जनाउनुभयो।

प्रमुख प्रजापतिले देश बहुदलीय व्यवस्थामा भए पनि दुई दलीय तानाशाही हाबी भइरहेको बताउनुहुँदै शासन सत्ता चलाउनेहरूले इमानदारीपूर्वक काम नगर्दा जनतामा राजनीतिप्रति वितृष्णा जागेको बताउनुभयो।




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशका सदस्य **सृजना सैंजू**ले ख्वप कलेजले देश सुहाउँदो विषयमा राष्ट्रिय सम्मेलन गरेको बताउनुहुँदै सम्मेलनको निष्कर्ष र उपलब्धीले राज्यलाई मार्गनिर्देश गर्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले ख्वप सर्कलबाट यस्ता प्राज्ञिक गतिविधिलाई निरन्तरता दिने आशा रहेको बताउनुहुँदै पुँजीवादले मानव समाज र प्रकृति पर्खाल सिर्जना गरिरहेको बताउनुभयो।

सांसद सैंजुले राजनीतिक प्रणाली राम्रो भएको देशमा सुशासन कायम हुने बताउनुहुँदै देशलाई अहिले भ्रष्टाचारको अखडा बनाउन शासक दलहरू लागिपरेको बताउनुभयो।

ख्वप कलेजका प्राचार्य **प्रकाश कुमार श्रेष्ठ**ले दुई दिने सम्मेलनमा विद्यार्थी, शिक्षकलगायत सबैको उत्साहजनक सहभागिता रहेको बताउनुहुँदै सम्मेलनमा अनुसन्धाताहरूबाट







महत्त्वपूर्ण कार्यपत्रहरू प्रस्तुत भएको बताउनुभयो।

चौथो राष्ट्रिय सम्मेलन संयोजक डा. **राजकुमार प्रधान**ले धन्यवादज्ञापन मन्तव्य दिनुभयो।

कार्यक्रममा प्रमुख अतिथि सुवालले सम्मेलनमा सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो।

सम्मेलनमा प्रस्तुत ६१ वटा कार्यपत्रमध्ये अनुसन्धानकर्ता **श्रेणा श्रेष्ठ**ले प्रस्तुत गरेको कार्यपत्रलाई उत्कृष्ट कार्यपत्रको रूपमा सोही कार्यक्रममा सम्मानित गरिएको थियो।



# "एकतिहाइ नेपालीलाई विदेश पठाएर सरकार विदेशी कामदार आयात गर्दै"

– नारायणमान बिजुक्छेँ




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालय र शारदा क्याम्पस माध्यमिक विद्यालयमा भर्ना भई कक्षा १२ को बोर्ड परीक्षा दिएर बसेका २०८१ भर्ना समूहका विद्यार्थीहरूको बिदाइ तथा मार्गनिर्देशन कार्यक्रम जेठ १० गते सम्पन्न भयो ।

कार्यक्रममा अतिथि **बिजुक्छेँ**ले सरकार एकतिहाइ नेपालीलाई विदेश पठाएर विदेशी कामदारलाई आयात गर्दै छ भन्नुभयो ।

विश्व व्यापार सङ्गठनको सदस्य हुन नहुनेबारे नेपाल मजदुर किसान पार्टीले सचेत गराए  पनि शासक पार्टीको गलत निर्णयका कारण सदस्य बन्दा नेपाली कलेजहरू बन्द हुने स्थितिमा पुगेको उहाँले बताउनुभयो ।




'रेमिट्यान्सबाट नेपाल भित्रिने पैसाभन्दा बढी रकम उच्च शिक्षा अध्ययन र रोजगारको नाममा विदेश जानेहरूबाट नेपाली मुद्रा बाहिरिरहेको छ। नेपाल विश्व व्यापार सङ्गठनको सदस्य हुँदाको परिणाम काठमाडौँमा धेरै विदेशी विश्वविद्यालयहरू भित्रिरहेका छन्  । यसले हामी झन्झन् गरिब हुँदै जानेछौँ', अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

उहाँले अगाडि भन्नुभयो 'हामीले अरूलाई चित्त दुख्ने काम नगरौँ, सबैलाई समान व्यवहार गर्ने शिक्षा विद्यालय तहमै सिकाउनु जरूरी छ।'

'संरा अमेरिकामा अझै कालो र गोरा जातिबिच धेरै विभेद छ। विश्व सर्वहारावर्गका नेता कार्लमार्क्सले भन्नुभएको थियो – 'अमेरिकाको हरेक डलरमा काला जातिको रगत पसिना बगेको छ।' त्यो देश काला वर्णका जनताले बनाएका हुन्।' अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

उहाँले अगाडि भन्नुभयो, 'हाम्रो देश विभिन्न जात जाति मिलेर बनेको छ। हाम्रै देशमा पनि पक्षपात छ। यो देशमा कसैले हामी ठुलो जात भनेर दाबी गर्छ भने त्यो धेरै दिन टिक्नेछैन ।'

अध्यक्ष बिजुक्छेँले शिक्षकहरूलाई सुझाव दिनुहुँदै भन्नुभयो, 'हामीले हाम्रा विद्यार्थीलाई पाठ्यपुस्तकबाहेक हरेक विषयमा ज्ञान दिऔँ; देशलाई आइपर्ने हरेक समस्याको विषयमा तिनीहरू जानकार होऊन्; हामीले विद्यार्थीलाई अरूको सेवा गर्ने भावना दिऔँ; अरूको सेवा गर्ने शिक्षा दिऔँ।'

'संरा अमेरिकी साम्राज्यवादको हैकम संसारका न्यायप्रेमी जनताले मान्नेछैनन्। संरा अमेरिकी साम्राज्यवादको अहँकार धेरै टिक्नेछैन। अमेरिकामा  धेरै राष्ट्रपति गोलीको सिकार भएका छन्। घमण्ड गर्नेहरू धेरै टिक्दैन भन्ने कुरा अमेरिकाको इतिहासले स्पष्ट गर्छ। संरा अमेरिकाले भियतनाममा धेरै अन्याय गरेपछि आखिर अमेरिकीहरू त्यहाँबाट भाग्नुपऱ्यो।', अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

'राणाकालमा गल्लावालहरू गाउँ गाउँमा गई नेपाली युवाहरूलाई गोर्खा भर्तीमा पठाएजस्तै अहिलेका गणतन्त्रवादी र प्रजातन्त्रवादी भन्ने सरकारले म्यानपावर कम्पनी खोलेर युवाहरूलाई विदेश पठाइरहेको र तिनीहरूले विदेशीको एजेन्ट भई काम गरिरहेका छन्। नेपाली युवालाई विदेश पठाउने नीतिले नेपाल बुढाबुढी र रोगीहरूको देश बन्ने खतरा छ; नयाँ पुस्तालाई धेरै दुःख हुने भएकोले हामीले अहिलेदेखि नै युवालाई विदेश पठाउने नीतिको विरोध गर्नुपर्छ', अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

'युवालाई विदेश पठाउने नीतिलाई नियन्त्रण गर्न म्यानपावर कम्पनीलाई निगरानी राख्ने, राहदानी दिनमा कडाइ गर्न सके युवा विदेश पलायन रोकिनेछ। हाम्रो देशलाई हामीले नै विकास गर्नुपर्छ भन्ने भावना विकास युवा पुस्तालाई दिनु जरूरी छ। विदेशबाट सिकेर देशको लागि योगदान गरौँ', अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।




विद्यालय सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले यो विद्यालय एउटा विचार र चिन्तनले स्थापना भएको चर्चा गर्दै भन्नुभयो, 'नेपाल मजदुर किसान पार्टीको २०५४ सालको स्थानीय निकाय

निर्वाचनमा 'शिक्षालाई जोड दिने' भन्ने उल्लेख थियो। त्यसैको परिणामस्वरूप स्थापना भएको ख्वप मा.वि.को जगमा अहिले २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालनमा छन्। ती शैक्षिक संस्थाहरूमा ७७ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। हालसम्म यी शैक्षिक संस्थामा ४४ हजार विद्यार्थीहरूले अध्ययन गर्ने अवसर पाएका छन्।'

प्रमुख प्रजापतिले भन्नुभयो, 'ख्वप सर्कलमा थुप्रै विषयहरू स्नातक र स्नातकोत्तर अध्ययनको व्यवस्था छ। विज्ञान, व्यवस्थापन, मानविकी, इन्जिनियरिङ जुन विषय पढ्न चाहनुहुन्छ, ती विषयमा भर्ना भई अध्ययन गर्नुहोला। उच्च शिक्षा अध्ययन गरेर देश र समाजको सेवा गर्नु आग्रह गर्छु।'

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा वर्षको ४ करोडभन्दा बढी रकम बराबरको छात्रवृत्तिको व्यवस्था गरिएको जानकारी दिनुहुँदै उहाँले भन्नुभयो, 'आर्थिक कारणले कोही पनि विद्यार्थी उच्च शिक्षा पढ्नबाट वञ्चित नहोस् भनी भक्तपुरवासी विद्यार्थीहरूका लागि जहाँ गएर अध्ययन गरे पनि शैक्षिक ऋण दिने व्यवस्था छ। हाल ७५१ जनालाई ऋण स्वीकृत गरी नपासँग रु. ५ लाखसम्म शैक्षिक ऋण लिएर अध्ययन गरिरहेका छन्।'

'अहिले शिक्षालाई सेवाभन्दा व्यापार वा उद्योगको रूपमा स्थापना गर्नेहरूले झिलिमिली विज्ञापन गरिरहेका छन्। शिक्षामा अर्बौं लगानी गरेर वर्षको करोडौं कमाउनेहरू यहाँ थुप्रै पुँजीपतिहरू छन्। तिनीहरूकै कारण अहिले शिक्षा निकै महँगो हुँदै गइरहेको छ। त्यस्ता कलेजहरूले विद्यार्थीहरूलाई विदेश जान उत्साहित गरिरहेका छन्। बुझेर वा नबुझेर वार्षिक १ लाखभन्दा बढी विद्यार्थीहरू विदेश अध्ययन गर्न जाने गरेको तथ्याङ्क छ। ती विद्यार्थीको अध्ययनको लागि मात्र वार्षिक १ खर्बभन्दा बढी पैसा बाहिर जाने गरेको छ' उहाँले सचेत गराउनुभयो।

अरूको लहलहैमा मापदण्ड पूरा नभएका कलेजहरूमा अध्ययन गर्नुभयो भने पछि समस्या आउन सक्नेप्रति विद्यार्थीलाई सजग गराउनुहुँदै प्रमुख प्रजापतिले जहाँ पढे पनि जुनसुकै विषय अध्ययन गरे पनि सोचेरमात्र अध्ययन गर्न सुझाव दिनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, '२०५६ सालमा ख्वप मावि खोल्ने बेला त्यतिबेलाका प्रशासकहरूले नगरपालिकालाई मावि र कलेज सञ्चालन गर्ने अधिकार छैन भनेका थिए। लामो समय लगाएर हामीले स्वीकृति पायौं। अहिले यी शैक्षिक संस्थाहरू देशकै नमुना बनेका छन्, उत्कृष्ट बनेका छन्। हाम्रा संरचनाभित्र अध्ययन गर्नुभयो भने कुनै किसिमको समस्या आए पनि सहज रूपमा अध्ययनको अवसर दिनेछौं, सहयोग गर्नेछौं।'

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य




**सुरेन्द्रराज गोसाईं**ले विद्यार्थीले आफ्नो क्षमता, पारिवारिक स्थिति र परिवेशलाई ध्यान दिई उच्च शिक्षाको अध्ययनको विषय छनोट गर्नुपर्ने सुझाव दिनुभयो।

युवाकालमा विभिन्न अवसरका ढोकाहरू खुल्ने भएकोले सही अवसर छनोट गर्न सक्नुपर्ने र विवेकको प्रयोग गरी जीवनलाई अगाडि बढाउन सक्नुपर्छ भन्नुहुँदै उहाँले बढीभन्दा बढीसँग घुलमिल हुन सक्नुपर्ने र धेरै जीवनोपयोगी सीपहरू सिक्नुपर्नेमा जोड दिनुभयो।

अहिलेको लागि राम्रा शिक्षकहरू धेरै आवश्यक भएको चर्चा गर्नुहुँदै विद्यार्थीहरूलाई एक असल शिक्षक बन्ने जीवनको उद्देश्य लिन सुझाव दिनुभयो।



भक्तपुर नपाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्यकासाथ भनपा अगाडि बढिरहेको छ भन्नुभयो।

नेपाल मजदुर किसान पार्टीको निर्वाचन घोषणापत्रअनुसार भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले काम गरिरहेको उहाँले बताउनुभयो।

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**, ख्वप कलेज अफ इन्जिनियरिङ कलेजका प्राचार्य इ. **सुनिल दुवाल**, ख्वप अस्पतालका निर्देशक डा. **मजेशप्रताप मल्ल**, ख्वप कलेज अफ ल का प्राचार्य **अनिता जधारी**ले उच्च शिक्षाका विविध विषयमा मार्गनिर्देशन दिनुभएको थियो।

ख्वप मा.वि.का प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य**ले स्वागत गर्नुभएको उक्त कार्यक्रममा विद्यार्थी प्रतिनिधिहरूले ख्वप मा.वि.मा अध्ययन गर्दाको अनुभव बताउनुभएको थियो।



कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम देखाएका थिए।

# कानुनले सत्य र न्यायको सुनिश्चितता गर्नुपर्ने : अध्यक्ष बिजुक्छेँ




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लमा शैक्षिक वर्ष २०८१/८२ मा भर्ना भएका विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम जेठ १३ गते सम्पन्न भयो।

कार्यक्रममा अध्यक्ष **बिजुक्छेँले** व्यक्ति, समाज, राष्ट्र र विश्वलाई गतिशील, शान्त, समान र व्यवस्थित गर्ने संहिता नै कानुन हो भन्दै कानुनले सत्य र न्यायको सुनिश्चितता गर्नुपर्ने बताउनुभयो।




कानुनको अज्ञानता र अपहेलना क्षम्य नहुने बताउनुहुँदै उहाँले कानुनको उल्लङ्घन दण्डनीय हुने हुँदा कानुनबारे सबै सचेत र सहज हुनुपर्ने बताउनुभयो।

अध्यक्ष बिजुक्छेँले न्यायालय निष्पक्ष र तटस्थ हुनुपर्ने बताउनुहुँदै अधिवक्ताहरूले राष्ट्र र समाजलाई हानि हुने काम र झूटा कुरा गरेर मुद्दा जित्ने प्रयत्न कहिल्यै गर्न नहुने बताउनुभयो।

कानुनी शिक्षा सबै विषय र क्षेत्रमा अति आवश्यक विषय भएको हुँदा विद्यालय तहदेखि नै कानुन शिक्षामा जोड दिन सके विद्यार्थीहरूमा व्यापक दृष्टिकोणको विकास हुने उहाँले प्रष्ट पार्नुभयो।

कतिपय अवस्थामा अपराध नियतले नभई परिस्थितले पनि गर्न बाध्य पार्ने बताउनुहुँदै उहाँले यस्तो अवस्थामा अपराधी स्वयम्भन्दा पनि अपराध हुने स्थिति तयार गर्ने तत्त्वहरू दोषी हुने बताउनुभयो।

ल कलेजले विद्यार्थीहरूलाई कानुनबाहेक देशको भूगोल, राजनीतिशास्त्र, धर्म, इतिहासबारे पनि अध्ययन गराउनुपर्ने बताउनुहुँदै उहाँले कानुनी विद्यार्थीहरूले तात्कालीन राजनीतिक र सामाजिक विषयबारे पनि अध्ययनमा जोड दिनुपर्ने धारणा राख्नुभयो।



विद्यालय सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापतिले** भक्तपुर नगरपालिकाले निर्वाचनको घोषणापत्रमा नयाँ नयाँ विषयका कलेजहरू सञ्चालन गर्ने प्रतिबद्धताअनुसार विद्यार्थीको चाहना र देशको आवश्यकताअनुसार २०७९ सालबाट ख्वप कलेज अफ ल सञ्चालनमा ल्याएको बताउनुभयो।

सीमित सिट सङ्ख्याका कारण चाहेर पनि ख्वप कलेज अफ लले धेरै विद्यार्थीलाई कानुन अध्यापन गराउन नसकिरहेको बताउनुहुँदै उहाँले कानुनका विद्यार्थीहरू सामाजिक र व्यवहारिक रूपमा पनि अब्बल बन्नुपर्छ भन्नुभयो।

प्रमुख प्रजापतिले पुँजीवादी गणतन्त्रको विकल्प वैज्ञानिक समाजवाद हो, पुँजीवादी वर्ग मजदुर वर्गको साथी कहिल्यै हुन नसक्ने बताउनुहुँदै समाजवादी गणतन्त्र नै कामदार वर्गको प्रजातन्त्र हो भन्नुभयो।



सञ्चालक समितिका उपाध्यक्ष एवं भक्तपुर नपाका उपप्रमुख **रजनी जोशीले** भक्तपुरलाई शैक्षिक रूपमा अगाडि बढाउन नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको महत्त्वपूर्ण देन रहेको बताउनुहुँदै नगरपालिकाको ख्वप विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्य पनि ढिलोचाँडो पूरा हुने विश्वास व्यक्त गर्नुभयो।



कानुन अध्ययन समाज नेपालका अध्यक्ष **रामप्रसाद प्रजापति**ले कानुन व्यवसाय झन झन् चुनौतीपूर्ण बन्दै गइरहेकोले कानुन व्यवसायीहरू कानुन निर्माणको उद्देश्यबारे प्रष्ट हुनुपर्ने बताउनुभयो।

कानुन व्यवसायीहरूले अन्तर्राष्ट्रिय विषयमा पनि अध्ययन अनुसन्धान गरी व्यापक दृष्टिकोण लिएर काम गर्नुपर्ने बताउनुहुँदै उहाँले न्यायाधीश नियुक्तिमा भागबन्डाको राजनीतिले गर्दा देशको न्यायलय पनि दुर्गन्धित बनिरहेको बताउनुभयो।



कार्यक्रममा ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले नयाँ नयाँ ज्ञान र सीप सिक्नबाट विद्यार्थीहरू सधैँ अभिप्रेरित भइरहनुपर्ने बताउनुहुँदै सिकाइले हाम्रो अज्ञानताबारे अझ प्रष्ट हुने अवसर प्रदान गर्ने बताउनुभयो।



कार्यक्रममा ख्वप कलेज अफ ल का प्राचार्य **अनिता जधारी**ले कलेज स्थापनाको उद्देश्यबारे प्रष्ट पार्नुहुँदै न्याय र समानताको लागि विद्यार्थीहरूले सत्यको पक्षमा लड्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा विद्यार्थी प्रतिनिधि **दिलबहादुर भण्डारी** र **जिविता कुँवर**ले ख्वप कलेज अफ लमा अध्ययन गर्दाको अनुभव बताएका थिए भने विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुतीहरू पनि देखाएका थिए।



# भक्तपुर नपाका जनप्रतिनिधिहरू र सरोकारवाला पक्षबिच छलफल

'ख्वप कलेज पब्लिक इन्फरमेसन सेल' को आयोजनामा 'भक्तपुर नगरपालिकाका वडामा सञ्चालित विकास निर्माणलगायत अन्य वडाका गतिविधिहरूमा ख्वप कलेजमा अध्ययनरत विद्यार्थीलाई (प्रोजेक्ट बेस लर्निङअनुरूप) संलग्न गराई अनुसन्धानात्मक तथा प्रयोगात्मक अध्ययन अगाडि बढाउने' विषयमा सरोकारवाला पक्षको भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूसँग छलफल कार्यक्रम जेठ १७ गते सम्पन्न भयो।



कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेज र भक्तपुर नगरपालिकाबिच समन्वय गरेर धेरै काम गर्न सकिने भएकोले अनुसन्धानसम्बन्धी प्रस्तावहरू कलेजबाट पेस भएमा नगरपालिकाले सहयोग गर्ने बताउनुभयो।

'एक घर एक स्नातक' अभियान, 'सय वर्षपछिको भक्तपुर' को परिकल्पनालाई साकार पार्ने, शिक्षाको माध्यमबाट देशकै सेवा गर्ने उद्देश्यले नै भक्तपुर नगरपालिकाले कलेजहरू सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो।

विश्वविद्यालय अनुसन्धानको केन्द्र हुनुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले विश्वविद्यालयले सम्बन्धन नदिँदा नयाँ नयाँ विषय सञ्चालन गर्ने लक्ष्य पूरा नभए पनि प्रयास जारी रहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको घरदैलो कार्यक्रमको तथ्याङ्कलाई मनन गरी नगरपालिकाले शैक्षिक ऋणको व्यवस्था र टोलटोलमा व्यायामशाला बनाउँदै लगेको प्रमुख प्रजापतिले बताउनुभयो।

सरकारबाट विकास निर्माणमा अपेक्षा गर्ने स्थिति नरहेकोले नगरवासीकै भरमा भनपाले काम गरिररहेको उहाँले स्पष्ट पार्नुभयो।

'नेपाल मजदुर किसान पार्टीका अग्रजहरूको दूरदर्शी




सोचका कारण शिक्षा, स्वास्थ्य, सरसफाइ र सम्पदा संरक्षणमा भक्तपुरले उदाहरणीय कामको सकारात्मक चर्चा परिचर्चा भइरहेको छ', उहाँले भन्नुभयो ।

ख्वप कलेज सञ्चालक समितिका सदस्य एवं भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्वले** भक्तपुरलाई सफा-स्वस्थ नगर, ज्ञानविज्ञानको केन्द्र, पर्यटकीय गन्तव्यस्थल बनाउनेजस्ता निश्चित मार्गनिर्देशनअनुरूप भक्तपुर नगरपालिका लागिरहेको बताउनुभयो ।

आजभन्दा २६ वर्ष अगाडि स्थापना भई सञ्चालनमा रहेका ख्वप शैक्षिक सर्कल कलेजका विद्यार्थीहरूले स्वदेशमात्र नभई अन्तर्राष्ट्रिय स्तरमै उत्कृष्टता हासिल गरिरहेको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'नयाँ पुस्तालाई इमानदार र योग्य बनाउनु हाम्रो दायित्व हो । नयाँ पुस्ता र अग्रजहरूलाई सम्मान गर्नु जरूरी छ ।'

भक्तपुरका दुई वटा खोला (हनुमन्ते र खासाङखुसुङ) लाई जीवन्त राख्ने र फोहोरलाई व्यवस्थित गर्नु नगरपालिकाको लागि चुनौती भएकोले यसको समस्या समाधानमा नपाद्वारा सञ्चालित कलेजहरूले सहयोग गर्नुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठले** कार्यक्रमको उद्देश्यबारे प्रस्ट्याउनुहुँदै कलेजको प्रमुख सरोकारवाला पक्ष भनेको भक्तपुर नगरपालिका भएकोले कलेजको स्थिति र कार्यक्रमबारे जानकारी दिन जनप्रतिनिधिसँग छलफल कार्यक्रम राखेको हो भन्नुभयो ।

विद्यार्थीलाई कक्षा कोठाका साथसाथै व्यवहारिक र समाजसँग घुलमिल गराउन समुदाय लक्षित कार्यक्रममा सहभागी गराउनु जरूरी रहेकोले भनपाका विभिन्न विकास निर्माण एवं सामाजिक गतिविधिहरूमा विद्यार्थीलाई सहभागी गराउने अवसर उपलब्ध गराइदिन उहाँले भक्तपुर नगरपालिकालाई अनुरोध गर्नुभयो ।

कलेजका वरिष्ठ उपप्राध्यापक एवं अर्थशास्त्र विषयका उपप्राध्यापक **राजन फाँजुले** 'लागत लाभ र विश्लेषण' बारे जानकारी दिनुहुँदै योजना लागु गर्नुभन्दा पहिले 'लागत लाभ र विश्लेषण' गर्नु जरूरी छ भन्नुभयो ।

कलेजका सामाजिक कार्य विषयका उपप्राध्यापक **सुन्दर श्रेष्ठले** 'एकेडेमिया मिट्स प्रोफेसनालिज्म्' विषयमा जानकारी दिनुहुँदै भक्तपुर नपाले आफूअन्तर्गत शैक्षिक संस्थासँग सहकार्य गरी काम गर्न सकेमा नतिजा धेरै फलदायी हुने बताउनुभयो ।

कार्यक्रममा उपप्राध्यापक **मीरा प्रजापतिले** कलेजको वातावरण विभागले गर्दै आएका गतिविधि र उपप्राध्यापक **जुनु हाडाले** 'समुदाय र नगरपालिकाका परियोजनाहरूसँग विद्यार्थीहरू' बारे प्रस्ट्याउनुभएको थियो ।

ख्वप मा.वि.का प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्यले** विद्यालयको गतिविधिबारे जानकारी दिनुभएको उक्त कार्यक्रममा कलेजका इन्चार्ज **कमिनिका न्याइच्याईले** पनि बोल्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, शिक्षक र विद्यार्थीहरूको सहभागिता थियो ।



# स्वास्थ्य सेवा

## सरकारले स्वास्थ्य बीमाको करोडौं रकम भुक्तानी दिन बाँकी




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा १० नं. वडा कार्यालयको आयोजनामा महिला पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी स्वास्थ्य शिविरको उद्घाटन वैशाख २० गते भयो।

कार्यक्रममा प्रमुख **प्रजापति**ले भक्तपुर नगरभित्र हिँडेर दस मिनेटमा स्वास्थ्य उपचार प्राप्त हुने स्थानको रूपमा विकास गरिरहेको बताउनुहुँदै तीस वर्षअगाडि एक जना डाक्टर र एकजना नर्सबाट सुरु गरेको जनस्वास्थ्य केन्द्रबाट सय बेडको ख्वप अस्पताल निर्माण भएको बताउनुहुँदै काम गर्दा बाधा अड्चन दिने र सहयोग गर्ने दुईखाले बुद्धिजीवी र साधारण मानिसहरू हुने बताउनुभयो।

उहाँले पहिला खेतबारीको सागसब्जी खाने भएकोले नसर्ने क्यान्सरजस्ता रोगहरू नदेखिएको तर अहिले भारतबाट आउने विषादी भएको तरकारीका कारण क्यान्सर रोगहरू निम्तिएको बताउनुभयो।

उहाँले स्वास्थ्य क्षेत्रका माफिया डाक्टरहरूले विदेशमा उपचारको लागि रिफर गर्ने गरेको बताउनुहुँदै सरकारले ख्वप अस्पतालको स्वास्थ्य बीमाको करोडौं रकम भुक्तानी नदिएको बताउनुभयो।

उहाँले ख्वप अस्पतालमा केही महिनापछि सिटिस्क्यानको सेवा उपलब्ध हुने जानकारी दिनुहुँदै घरदैलो नर्सिङ सेवाले नगरवासीहरूको सुझाव सङ्कलन गरी योजना बनाउन आधार तयार हुने भएकोले सत्यतथ्य कुरा बताई सहयोग गर्न अनुरोध गर्नुभयो। उहाँले जनताको सहयोगले अक्सिजन प्लान्ट स्थापना गर्न सफल भएकोले नि:शुल्क अक्सिजन प्रदान गरिरहेको बताउनुभयो।

वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**को सभापतित्वमा सम्पन्न कार्यक्रममा डा. **सृजा किसी**, वडा सदस्य **जितेन्द्र मुनंकर्मी** र **तारादेवी शाक्य**, ओमकारेश्वर सेवा समितिका अध्यक्ष **मदनबहादुर थापा**ले पनि बोल्नुभएको थियो।

स्वास्थ्य परीक्षणमा १३७ जना महिला दिदीबहिनीहरूले सेवा पाएका थिए।

## स्तन तथा पाठेघरको मुखको क्यान्सर रोगको नि:शुल्क स्वास्थ्य शिविर




भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा भक्तपुर नपा १ वडा कार्यालयको आयोजनामा स्तन तथा पाठेघरको मुख क्यान्सर रोगको नि:शुल्क स्वास्थ्य शिविर वैशाख २७ गते सम्पन भयो।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले शिविर सञ्चालनको मुख्य उद्देश्य नगरवासीहरूलाई स्वस्थ राख्नु हो भन्नुभयो।

समाज परिवर्तनको निम्ति महिलाहरूको भूमिका महत्त्वपूर्ण हुने र महिलाले धेरै सङ्घर्ष गर्नुपर्ने भएकोले महिलाहरू आफ्नो स्वास्थ्यबारे सजग हुनुपर्ने बताउनुभयो। रोगबाट बच्न समय-समयमा स्वास्थ्य परीक्षण गर्नुपर्ने बारे जानकारी दिनुहुँदै उहाँले स्वस्थ रहन स्वस्थ्यकर खाना सेवन गर्नुका साथै नियमित शारीरिक व्यायाम पनि गर्न जरुरी रहेको बताउनुभयो। भक्तपुर नपाले नगरवासीलाई स्वस्थ्य राख्न वडा-वडामा छि:कोन व्यायाम सञ्चालन गर्दै आएको बताउनुभयो।

भक्तपुर नगरको ऐतिहासिक सम्पदा पुन: निमार्ण नगरवासीहरू, सल्लाह सुझाब एवम् श्रमदानबाट भइरहको कारण देशमै नमुनाको रूपमा काम भइरहको जानकारी दिनुभयो र नगरपालिकाको मुख्य आय स्रोत भनेको विदेशी पर्यटकहरू प्रवेश शुल्क रहेको हुनाले नगरको हरेक वडा -

वडामा पर्यटकीय वातावरण बनाउन वडावासीको साथ र सहयोग जरुरी रहेको बताउनुभयो ।

समाजसेवी **कृष्ण बहादुर दुगुजु**ले नेपाल मजदुर किसान पार्टीको घोषणा पत्रअनुसार भक्तपुर नपाले आफ्ना गतिविधिलाई अगाडि बढाइरहेको उल्लेख गर्नुहुँदै स्वास्थ्य शिविर सञ्चालनले समयमै रोगको पहिचानमा मद्दत पुगेको बताउनुभयो ।

कार्यक्रमका सभापतिवडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले वडामा घरदैलो नर्सिङ सेवाबाट आएको रोगको तथ्याङ्कको आधारमा विभिन्न रोगहरूको स्वाथ्य शिविर सञ्चालन गरी वडावासीहरूमा स्वाथ्य सेवा दिँदै आएको बताउनुभयो । आजभन्दा २०७ वर्ष अगाडि जन्म भएका कार्ल मार्क्सका ५ सन्तान मध्ये उपचार गर्ने रकम नभएर एक छोरी जेनी मार्क्स क्यान्सर रोगबाट मृत्यु भएको बारेमा स्मरण गराउनुभयो ।

उहाँले आ.व. २०८१/२०८२ मा वडामा गरिएको योजनाबारे जानकारी दिनुहुँदै ऐतिहासिक सम्पदाहरू संरक्षण गर्न नगरवासीहरूको साथ र सहयोगको साथै एकजुट भई लाग्नु पर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालमा कार्यरत डाक्टर **चन्द्र मालिका श्रेष्ठ**, भनपा १ वडाका जनप्रतिनिधिद्वय **कल्पना शिल्पकार** र **सूर्य प्रसाद श्रेष्ठ**ले पनि बोल्नु भयो

निःशुल्क स्वास्थ्य शिविरमा १३० जनाले स्वास्थ्य परीक्षण गराई स्वास्थ्य सेवाको लाभ लिनुभयो ।

## देशको सार्वभौमिकता कमजोर हुँदा अन्तर्राष्ट्रिय जगतमा नागरिकहरूको प्रतिष्ठा पनि गुम्ने

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् प्रतिनिधिसभाका सांसद **प्रेम सुवाल**ले देशको सार्वभौमिकता कमजोर हुँदा अन्तर्राष्ट्रिय जगतमा नागरिकहरूको प्रतिष्ठा पनि गुम्ने खतरा बढ्ने बताउनुभयो ।



भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालमा कार्यरत चिकित्सकहरूसँग वैशाख २९ गते भएको भेटघाट तथा मार्गनिर्देशन कार्यक्रममा सांसद सुवालले शासक दलका गलत क्रियाकलाप र भ्रष्टाचारको कारण अन्तर्राष्ट्रिय समुदायमा नेपालको उपस्थिति कमजोर बनेको र त्यसले गर्दा नेपालको पासपोर्टलाई समेत तल्लो दर्जा दिइएको बताउनुभयो ।

उहाँले भन्नुभयो, नेपाल सरकारले गौतम बुद्ध नेपालमा जन्मेका हुन् भनेर ऐतिहासिक तथा प्रमाणसहित पेश नगर्दा अहिले पनि विभिन्न देशमा बुद्ध नेपालमा नभई भारतमा जन्मेका हुन् भनी प्रचार गरिएको छ । यो गलत हो र सरकारमार्फत तत्काल सच्याइनुपर्छ ।

सांसद सुवालले शिक्षा र स्वास्थ्य उपचार सेवा हरेक नागरिकको नैसर्गिक अधिकार हुनुपर्नेमा नेपालमा सबैभन्दा महँगो सेवा नै स्वास्थ्य उपचार बनेको उल्लेख गर्नुहुँदै स्वास्थ्य विज्ञान र स्वास्थ्य उपचार सेवामा चिकित्सकहरूले भोगेका समस्याहरूबारे जनप्रतिनिधिहरूलाई जानकारी भएमा संसद् र सम्बन्धित ठाउँमा समाधानका लागि पुऱ्याउन सकिने प्रष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिका पञ्चायतकालदेखि नै जनस्वास्थ्य केन्द्र स्थापना गरेर जनतालाई उपचार सेवा प्रदान गरिरहेको र हाल ख्वप अस्पतालको रूपमा विकास भएको इतिहासबारे चर्चा गर्नुहुँदै उहाँले सुरुवाती चरणदेखि सेवा गर्ने अग्रज चिकित्सकहरूको नाम सूचिकृत गर्न र कार्यरत चिकित्सकहरूलाई नियमित रूपमा विशेषज्ञहरूबाट अभिमुखीकरण गर्न सुझाव पनि दिनुभयो ।




कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् अस्पताल सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले भक्तपुरलाई स्वास्थ्य उपचारका लागि देशकै गन्तव्य बनाउने लक्ष्यसहित स्वास्थ्य उपचार सेवालाई प्राथमिकतामा राखेको स्पष्ट पार्नुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टीको मार्गनिर्देशनमा समाजवादी विचारबाट प्रभावित हुँदै ख्वप अस्पताललाई जनताको अस्पताल बनाउने दिशामा लागिरहेको चर्चा गर्नुहुँदै भन्नुभयो, अन्य अस्पतालभन्दा विशेष सुविधा दिने उद्देश्यले ख्वप अस्पतालमा ३६५ दिन नै बिहान ७ बजेदेखि बेलुकी ६ बजेसम्म सेवा सञ्चालन गरेको, नि:शुल्क अक्सिजन तथा रगत सेवा प्रदान गरेको, घरदैलो नर्स सेवा सञ्चालन गरेको र स्वास्थ्य परीक्षण शिविरहरू समुदायस्तरमा चलाइरहेको हो।

प्रमुख प्रजापतिले समाजको सेवा गर्ने उद्देश्यले सामुहिक भावना बोकेर बिरामीको उपचार सेवामा लाग्न चिकित्सकहरूलाई उत्साहित गर्नुभ्यो।

कार्यक्रममा अस्पताल सञ्चालक समितिका सदस्य **रविन्द्र ज्याख्व**, नि. मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल** र डा. **रत्नसुन्दर लासिवा**ले पनि बोल्नुभयो।

## नर्सिङ दिवसको अवसरमा ख्वप अस्पतालका नर्सहरूबिच प्रवचन कार्यक्रम




भक्तपुर नगरपालिकाका प्रमुख एवम् अस्पताल व्यवस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापति**ले समाजलाई निरोगी बनाउने उद्देश्यले भक्तपुर नगरपालिकाले ख्वप अस्पताल सञ्चालन गरेको बताउँदै ख्वप अस्पताल स्तरोन्नति र स्तरवृद्धि गर्ने विषयमा अस्पताल व्यवस्थापन समिति क्रियाशील रहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा कार्यरत नर्सहरूबीच वैशाख ३० गते भएको १६६ औँ अन्तर्राष्ट्रिय नर्सिङ दिवस कार्यक्रममा उहाँले चिकित्सक र नर्सहरूमा स्वयम्सेवाको भावना हुनु जरुरी रहेको बताउनुहुँदै आफ्नो पेशागत हकहित र व्यक्तित्व विकासको लागि निरन्तर अध्ययनलाई जोड दिनुपर्ने बताउनुभयो।

अस्पतालमा कार्यरत कर्मचारी र नर्सहरूले व्यापक उद्देश्यका साथ आफ्नो कामलाई अगाडि बढाउन प्रेरित गर्नुहुँदै प्रमुख प्रजापतिले २१ औँ शताब्दीका चुनौती र समस्या सामना गर्ने दक्ष जनशक्ति आजको आवश्यकता हो भन्नुभयो।

स्वास्थ्य क्षेत्रमा भएको व्यापारीकरणले गरिब जनता स्वास्थ्य उपचारबाट वञ्चित भएको उदाहरण दिनुहुँदै उहाँले स्वास्थ्य क्षेत्रलाई व्यापारीकरण र निजीकरण गरिनु नै स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीको रूपमा रहेको बताउनुभयो।

पञ्चायतमा जस्तै शासक दलले कानुनभन्दा माथि बसेर काम गरिरहेको बताउनुहुँदै उहाँले कुनै पनि संस्थाको प्रगति त्यहाँ कार्यरत कर्मचारीहरूबिचको एकतामा निर्भर हुने हुँदा संस्थागत हितको निम्ति चिकित्सक नर्सले एकताबद्ध भई काम गर्नुपर्नेमा जोड दिनुभयो।

सन्तोष अध्ययनको शत्रु हो भन्नुहुँदै उहाँले सिक्ने विषयमा कहिल्यै पछि पर्न नहुने र नयाँ नयाँ विषयमा अध्ययन अनुसन्धानलाई जोड दिन मार्गनिर्देश गर्नुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् ख्वप अस्पताल सञ्चालक समितिका सदस्य **रविन्द्र ज्याख्व**ले नर्सहरूको विशेष दिनका रूपमा प्रत्येक वर्ष नर्सिङ दिवस मनाउँदै आएको प्रसङ्ग जोड्दै सेवाको प्रतिमूर्ति फ्लोरिन्स नाइटिङ्गेलको कामबाट प्रेरणा लिएर नर्सहरू अगाडि बढनुपर्ने विचार राख्नुभयो।

उहाँले समाजलाई स्वस्थ र निरोगी बनाउने उद्देश्यले ख्वप अस्पताल स्थापना भएको बताउनुहुँदै शिक्षा र स्वास्थ्यमा सरकारले द्वैध चरित्र अपनाउँदा जनतालाई सकस भएको बताउनुभयो।

क्रिमिया युद्धमा घाइतेको उपचारमा फ्लोरेन्स नाइटिङ्गेलले खेलेको योगदान र भूमिकाबाट नर्सहरूले सिक्नु जरुरी रहेको बताउनुहुँदै वडाध्यक्ष ज्याख्वले नर्स र चिकित्सकहरू जुनसुकै परिस्थितिमा पनि जनताको सेवाको लागि अग्रपङ्क्तिमा बस्नुपर्ने बताउनुभयो।

कार्यक्रमका सभापति ख्वप अस्पतालका निमित्त मेडिकडल सुपरिटेन्डेन्ट डा. **मजेशप्रताप मल्ल**ले नर्सिङ दिवस नर्सप्रति सम्मान गर्ने दिनको रूपमा स्मरण गर्नुहुँदै यो पेशा सेवा, अनुशासन र करुणाले भरिएको बताउनुभयो।

नर्सहरू हरेक क्षेत्रमा अग्रपङ्क्तिमा रहेर काम गर्ने भएकोले ती जनशक्तिलाई दक्ष र सक्षम बनाउन समयसापेक्ष तालिमहरूको आवश्यकता रहेको बताउनुहुँदै उहाँले नर्सलाई सबल बनाउन सके मात्र गुणस्तरीय सेवाको सुनिश्चितता हुने बताउनुभयो।

कार्यक्रममा ख्वप अस्पताल अन्तरंग विभागका इन्चार्ज **रविना कवां** र घर दैलो नर्सिङ इन्चार्ज **रविना सुवाल**ले नर्सिङ दिवसको मनाउनका उद्देश्यमाथि प्रकाश पार्नुहुँदै फ्लोरेन्स नाइटिङ्गेलको जन्मोत्सवको रूपमा विश्वभर प्रत्येक वर्ष मे १२ को दिनमा नर्सिङ दिवस मनाउँदै आएको प्रष्ट पार्नुभयो।




नर्सिङ दिवसको अवसरमा ख्वप अस्पतालमा कार्यरत नर्सहरूलाई प्रमुख प्रजापतिले मायाको चिनो वितरण गर्नुभएको थियो भने नर्सहरूले सांस्कृतिक प्रस्तुतीहरू प्रदर्शन गरेका थिए।

## पाठेघर र स्तन क्यान्सर सम्बन्धी शिविर

भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा जेठ ३ गते पाठेघर र स्तन क्यान्सर सम्बन्धी स्वास्थ्य शिविर सम्पन्न भयो।

शिविरमा प्रमुख अतिथि भक्तपुर नपाका उप-प्रमुख रजनी जोशीले शिक्षा सँगसँगै स्वस्थ जीवन जीउन समय अनुसार स्वास्थ्य शिविरहरू सञ्चालन गरिरहेको बताउनुभयो। उहाँले समाज विकसित हुन महिला र पुरुष दुवै स्वस्थ हुनु पर्ने तर आजभोली सर्ने भन्दा पनि नसर्ने रोगहरू बढी देखिरहेकोले स्वास्थ्य सम्बन्धी सचेतना अपनाउनु पर्ने बताउनुभयो।

सरकारले जनतालाई जन्मदेखि मृत्यु सम्मका सबै सेवाहरू पुऱ्याउनुपर्ने तर पुँजीवादी सरकारले जनताका आधारभूत सेवा पनि दिन नसकेको दुरावस्थाबारे चर्चा गर्नुहुँदै भक्तपुर नपाले समाजवाद उन्मुख कार्य गरिरहेको चर्चा गर्नु भयो।

उहाँले महिलाहरू आर्थिक रूपमा सक्षम हुन एक सीप हुनुपर्ने कुरामा जोड दिनुहुँदै भक्तपुर नपाले सीपमुलक तालिमहरू दिइरहेको बताउनुभयो।

कार्यक्रमको सभापतित्व गर्नु भएका२ नं. वडा अध्यक्ष **हरिप्रसाद बासुकला**ले वडामा भइरहेको विकास निर्माण कार्यको जानकारी दिनुहुँदै सहकारी क्षेत्रमा देखिएको समस्या न्यूनीकरण गर्न स्थानीयवासीहरू सचेत हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले जनताको सल्लाह सुझाव अनुसार विकास निर्माणका योजनाहरू बनाउने कार्य भइरहेको पनि बताउनुभयो।



उक्त कार्यक्रममा वडा सदस्यद्वय श्याम सुन्दर मातां र **मन्जु मैया लाखाजू**ले पनि बोल्नु भएको थियो।

ख्वप अस्पतालको प्राविधिक सहयोगमा सञ्चालित उक्त शिविरमा १४८ जनाले स्वास्थ्य परीक्षण गरेका थिए।

## नाक, कान तथा घाँटीको शिविर




भक्तपुर नगरपालिका वडा नं. ३ तथा ख्वप अस्पतालको प्राविधिक सहयोगमा जेठ ३ गते वडा नं. ३ स्थित वंशगोपालमा नाक, कान र घाँटीको स्वास्थ्य शिविर भयो।

उक्त शिविरमा भनपा ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले डा. एलिसा महर्जनलाई सामान हस्तान्तरण गरी कार्यक्रम शुभारम्भ गर्नुभएको थियो। उहाँले भक्तपुर नपा जनताको साझा संस्था हो; भनपाले नगरवासीहरूको भावनासँग एकाकार गरी नगरवासीहरूको सल्लाह, सुझाव र सहयोगमा काम गरिरहेको बताउनुभयो।

जनताको स्वास्थ्यलाई सदैव प्राथमिकतामा राखी समय-समयमा विभिन्न रोगहरूको स्वास्थ्य शिविर सञ्चालन गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले स्वास्थ्य नै धन भएकोले आ-आफ्नो स्वास्थ्य समय-समयमा परीक्षण गरी जटिल रोगबाट बच्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रममा कार्यपालिका सदस्य **सुनिता अवाल**ले पनि बोल्नुभएको थियो।

शिविरमा महिला पुरुष गरी जम्मा १०५ जनाले स्वास्थ्य परीक्षण गराएका थिए। शिविरमा नि:शुल्क औषधि वितरण गरिएको थियो।

## वडा नं ३ मा पाठेघर तथा स्तन परीक्षण

भक्तपुर नगरपालिका वडा नं ३ को आयोजनामा जेठ १० गते ख्वप अस्पतालको प्राविधिक सहयोगमा पाठेघर तथा स्तन परीक्षण गरियो। भनपा वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराले डा. एन्जा सुजखुलाई सामान हस्तान्तरण गरी शुभारम्भ गरिएको थियो।

कार्यक्रममा वडाध्यक्ष **गोरा**ले भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्यलाई मध्यनजर गरी समय समयमा विभिन्न रोगहरूको स्वास्थ्य शिविर सञ्चालन गरिरहेको प्रस्ट्याउनुभयो।

कार्यपालिका सदस्य **सुनिता अवाल** र डा. **एन्जा सुजखु**ले पनि बोल्नुभएको उक्त शिविरमा १८८ जना महिलाले स्वास्थ्य परीक्षण गराएका थिए। शिविरमा औषधि निःशुल्क वितरण गरिएको थियो।

शिविरमा डा. **कृष्णप्यारी दुगुजु**, डा. **एन्जा सुजखु**, विभिन्न वडाका नर्सहरू, महिला स्वास्थ्य स्वयम्सेविका, कर्मचारी तथा स्थानीयहरूले आवश्यक सहयोग गर्नुभएको थियो।

## नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि स्वस्थ जीवन प्रवर्द्धन कार्यक्रम

जिल्ला आयुर्वेदिक कार्यालयको प्राविधिक सहयोगमा नसर्ने रोगको रोकथाम तथा नियन्त्रणको लागि स्वस्थ जीवन प्रवर्द्धन कार्यक्रम जेठ १२ गते सम्पन्न भयो।

कार्यक्रममा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौँमिखा**ले रोगको समयमै उपचार गर्नुपर्ने बताउनुभयो। उहाँले न.पा.ले स्वास्थ्य क्षेत्रमा गरेको योगदान र काम कारबाहीबारे जानकारी दिनुभयो।

कार्यक्रममा डा. **रत्नसुन्दर लासिवा**ले प्रारम्भिक समयमै रोगको पहिचान गरी रोकथाम गरे कम खर्चमै दीर्घरोगबाट जोगिन सकिने बताउनुभयो। उहाँले नसर्ने रोगको स्रोत ब्लड प्रेसर र चिनी रोग भएको हुँदा यो रोगबाट बच्न खानपँनमा बढी ध्यान दिनुपर्ने बताउनुभयो।

सभापतिको आसनबाट जिल्ला आयुर्वेदिक कार्यालयका कार्यालय प्रमुख डा. **नदन कँडेल**ले नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि स्वस्थ जीवन प्रवर्द्धनको लागि गर्नुपर्ने दिनचर्या र खानपानसम्बन्धी अभिमुखीकरण गर्नुभएको थियो।

शिविरमा ८३ जनाले स्वास्थ्य जाँच गराएका थिए।

## ख्वप तिलगंगा आँखा अस्पतालको वार्षिक कार्यक्रम



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले गुणस्तरीय स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच स्थापित गर्न भक्तपुर नगरपालिकाले ख्वप अस्पताल सञ्चालन र स्वास्थ्य केन्द्रहरू सञ्चालन गर्दै आएको बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप तिलगंगा आँखा अस्पतालको जेठ १४ गते भएको प्रथम वार्षिकोत्सव कार्यक्रममा उहाँले ख्वप तिलगंगा आँखा अस्पताल स्थापनाको एक वर्ष अवधिमा धेरै आँखाका बिरामीहरूको सेवा गरिसकेको बताउनुहुँदै अस्पतालले स्वास्थ्य बीमा सेवालाई अझ व्यवस्थित गर्दै लानुपर्ने बताउनुभयो।

भक्तपुरको स्वास्थ्य क्षेत्र गुणस्तरीय र विश्वसनीय बन्दै गइरहेको बताउनुहुँदै उहाँले अस्पतालले बिरामी सङ्ख्याको वृद्धिमा भन्दा पनि स्वास्थ्य सेवाको गुणस्तर वृद्धिमा जोड दिनुपर्ने बताउनुभयो।

सामुदायिक अस्पताल र स्वास्थ्य केन्द्र राम्रो भए मात्र व्यापक गरिब जनताको सेवा हुने बताउनुहुँदै अरूको सहयोगको भरमा नभई आत्मनिर्भर ढङ्गले संस्था सञ्चालनतर्फ अस्पतालले जोड दिनुपर्छ भन्नुभयो।



त्यस्तै अस्पताल व्यवस्थापन समितिका सदस्य तथा भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले बिरामी जुनसुकै स्वास्थ्य समस्या लिएर आए पनि एकै ठाउँबाट सबै

सेवा सुविधा प्रदान गर्ने उद्देश्यले ख्वप अस्पताल सञ्चालन भएको बताउनुहुँदै ख्वप तिलगंगा आँखा अस्पतालका विशिष्टिकृत सेवाहरूबारे जनतामाझ प्रचारप्रसारको आवश्यकता रहेको बताउनुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेश प्रताप मल्ल**ले तिलगंगा आँखा अस्पताल ख्वप अस्पतालकै महत्त्वपूर्ण अङ्ग भएको बताउनुहुँदै बिरामीको विश्वास जितेर आगामी दिनहरूमा थप प्रगतिको लागि शुभकामना दिनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका प्रमुख **सुदिप राजभण्डारी**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने डा. **धिरज अधिकारी**ले अस्पतालको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

ख्वप तिलगंगा आँखा अस्पतालले आर्थिक वर्ष २०८१/८२ मा २९ हजार ९२६ बिरामीलाई आँखा उपचार सेवा प्रदान गरेको छ जसअन्तर्गत आँखाको शल्यक्रिया १ हजार ६२ जनाले गरेको देखिन्छ । प्रस्तुत प्रगति प्रतिवेदनअनुसार सन् २००६ देखि २०२४ सम्ममा महिला १ लाख १९ हजार ५९३ र पुरुष १ लाख ५७ हजार ४८० गरी २ लाख ७७ हजार ७३ जनालाई आँखाको उपचार सेवा उपलब्ध गराइएको छ । त्यस्तै ख्वप तिलगंगा आँखा अस्पतालले विद्यालय र सामुदायिक क्षेत्रमा १ लाख ३५ हजार ९५५ जनालाई सेवा दिएको तथ्याङ्कले बताउँछ ।

## नाक, कान र घाँटीको नि:शुल्क परीक्षण शिविर



भक्तपुर नगरपालिकाका उप प्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा भक्तपुर नपा ९ नं. वडा कार्यालयको आयोजनामा नाक, कान र घाँटीको नि:शुल्क परीक्षण शिविर जेठ १७ गते दत्तात्रय आधारभूत विद्यालयमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उप प्रमुख **रजनी जोशी**ले सरकारले स्वास्थ्य क्षेत्रलाई उपेक्षा गरेको बताउनुहुँदै भक्तपुर नपाले जनताको आधारभूत स्वास्थ्यलाई जोड दिँदै आइरहेको चर्चा गर्नुभयो । जनतामा स्वास्थ्य सेवा पहुँच वृद्धि गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले प्रत्येक वडा वडामा स्वास्थ्य शिविर सञ्चालन गर्दै आइरहेको समेत उहाँले बताउनुभयो ।

एक फरक प्रसङ्गमा उहाँले स्वास्थ्य शिविरहरूमा नगरवासीहरू समयमै आउन आग्रह गर्नुहुँदै रोगको गम्भीर असर भएपछि मात्र अस्पताल धाउने गरेकोले यसलाई निरुत्साहित गर्नुपर्ने बताउनुभयो ।

आ.व. २०८२/८३ मा नीति तथा कार्यक्रम तयार गर्नको लागि नगरवासीहरूले वडा मार्फत योजना छनौट गरी नगरपालिकालाई जानकारी दिन समेत उहाँले आग्रह गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं ९ का वडा अध्यक्ष **रवीन्द्र ज्याख्व**ले स्वास्थ्य शिविरमा नगरवासीले प्रत्यक्ष सहभागीता जनाउनुपर्ने र यसले गर्दा भविष्यमा हुने सक्ने रोगहरूको पहिचान हुने समेत बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताले स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत नेपाल सरकारसँग २६ करोड लिनुपर्ने बताउनुहुँदै नगरवासीहंको आवश्यकतालाई मध्यनजर गर्दै निकट भविष्यमा ख्वप अस्पतालमा सिटि स्क्यान राख्ने पहल भइरहेको समेत जानकारी गराउनुभयो ।

ख्वप अस्पतालले नगरवासीको मात्र नभएर देशभरिकै जनतालाई सेवा पुर्‍याउँदै आइरहेको चर्चा गर्नुहुँदै प्रत्येक वडा वडामा स्वास्थ्य केन्द्रहरू निर्माण गरी जनताको सेवा गर्दै आइरहेको पनि बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का महिला वडा सदस्य तथा कार्यपालिका सदस्य **छोरीमैया सुजखु प्रजापति**ले पनि बोल्नुभएको थियो ।

शिविरमा १३० जनाले स्वास्थ्य परीक्षण गराएका थिए ।

शिविरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको प्राविधिक सहयोग रहेको थियो भने नि:शुल्क औषधिसमेत वितरण गरिएको थियो ।



An Undertaking Of Bhaktapur Municipality

## Khwopa Hospital

### Baishak Report, 2082

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 1966 | 8.82 |
| 10-14. | 540 | 2.42 |
| 15-19 | 792 | 3.55 |
| 20-59 | 13973 | 62.70 |
| ≥60 | 5013 | 22.50 |
| Total | 22284 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 584 | 2.62 |
| General | 3781 | 16.97 |
| Insurance | 17919 | 80.41 |
| Total | 22284 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Bajhang | 1 | 0.01 |
| Banke | 1 | 0.01 |
| Bhojpur | 1 | 0.01 |
| Dhanusa | 1 | 0.01 |
| Humla | 1 | 0.01 |
| Kailali | 1 | 0.01 |
| Nuwakot | 1 | 0.01 |
| Salyan | 1 | 0.01 |
| Tanahun | 1 | 0.01 |
| Saptari | 1 | 0.01 |
| Gorkha | 1 | 0.01 |
| Rasuwa | 1 | 0.01 |
| Kanchanpur | 1 | 0.01 |
| Lamjung | 1 | 0.01 |
| Palpa | 1 | 0.01 |
| Syangja | 1 | 0.01 |
| Bara | 2 | 0.01 |
| Chitwan | 2 | 0.01 |
| Mahottari | 2 | 0.01 |
| Rautahat | 2 | 0.01 |
| Accham | 3 | 0.01 |
| Dang | 3 | 0.01 |
| Panchthar | 3 | 0.01 |
| Udayapur | 3 | 0.01 |
| Sarlahi | 4 | 0.02 |
| Rupandehi | 4 | 0.02 |
| Solokhumbu | 5 | 0.02 |
| Dailekh | 6 | 0.03 |
| Jhapa | 6 | 0.03 |
| Khotang | 6 | 0.03 |
| Rolpa | 7 | 0.03 |
| Kalikot | 8 | 0.04 |
| Morang | 8 | 0.04 |
| Makwanpur | 9 | 0.04 |
| Surkhet | 10 | 0.04 |
| Sindhuli | 11 | 0.05 |
| Jumla | 13 | 0.06 |
| Lalitpur | 14 | 0.06 |
| Okhaldhunga | 16 | 0.07 |
| Dolkha | 20 | 0.09 |
| Ramechap | 46 | 0.21 |
| Sindhupalchowk | 64 | 0.29 |
| Kathmandu | 71 | 0.32 |
| Kavrepalanchok | 136 | 0.61 |
| Bhaktapur | 21784 | 97.76 |
| Total | 22284 | 100 |

| | |
|---|---|
| Madhyapur Thimi | 170 |
| Suryabinayak | 1233 |
| Changu | 4260 |
| Bhaktapur | 16121 |
| Total | 21784 |

| Department | Number | In Percentage |
|---|---|---|
| Nephrology | 59 | 0.26 |
| Urology | 68 | 0.31 |
| Neuro Surgery | 69 | 0.31 |
| CHRP- Respiratory Medicine | 99 | 0.44 |
| Internal Medicine | 100 | 0.45 |
| General Ward | 208 | 0.93 |
| Cardiologist | 169 | 0.76 |
| Psychiatric | 271 | 1.22 |
| Laboratory | 378 | 1.70 |
| MDGP | 421 | 1.89 |
| Dermatology | 652 | 2.93 |
| General Surgery OPD | 730 | 3.28 |
| Physiotherapy | 909 | 4.08 |
| ENT | 1090 | 4.89 |
| Dental | 1267 | 5.69 |
| Emergency Ward | 1277 | 5.73 |
| Paediatric | 1301 | 5.84 |
| Obs. & Gynaecology | 1648 | 7.40 |
| Orthopedic | 2877 | 12.91 |
| General OPD | 8691 | 39.00 |
| Total | 22284 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 208 |
| Discharge | 180 |
| LAMA | 2 |
| Refer | 6 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2485 |
| Total Cataract Surgery | 74 |

### Operation

| | |
|---|---|
| Major | 50 |
| Minor | 111 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 13169 | 55.08 |
| Male | 9115 | 38.13 |
| Total | 22284 | 93.21 |

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालबाट
२०८२ बैशाख महिनाको सेवा प्रगति

## भेटघाट-अवलोकन

# चिनियाँ जनप्रतिनिधि सभाका उपाध्यक्ष सियाओ चिएद्वारा भक्तपुर अवलोकन



चिनियाँ जनप्रतिनिधि सभाका उपाध्यक्ष सियाओ चिएको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले जेठ ३ गते भक्तपुरका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको अभिरूचिपूर्वक अवलोकन गऱ्यो ।

उक्त टोलीलाई नेमकिपाका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवाल, भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले भक्तपुर दरबार क्षेत्र प्रवेशद्वारमा स्वागत गर्नुभयो ।

टोलीले दरबार क्षेत्रस्थित कला सङ्ग्रहालय, सुन ढोका, पचपन्न झ्याल दरबार, फसी देगः, टौमढी हुँदै तालाक्वमा अवलोकन गऱ्यो ।

भ्रमणको क्रममा उपाध्यक्ष **सियाओ चिए**ले भक्तपुरका मूर्त, अमूर्त सम्पदा र यहाँको पुनः निर्माण अवलोकन गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले नेपाल–चीन सम्बन्ध र मित्रता युग युगसम्म रहिरहने विश्वास व्यक्त गर्नुहुँदै दुई देशबिचको संस्कृति आदान–प्रदानलाई व्यापक बनाउनुपर्ने धारणा राख्नुभयो ।



उपाध्यक्ष चिएले २०७२ सालको भूकम्पपश्चात्को पुनः निर्माण र सहकारी गतिविधिबारे पनि विशेष चासो व्यक्त गर्नुभयो



अवलोकनपश्चात् सांसद सुवालले पार्टी प्रकाशन, नगर प्रमुख प्रजापतिले नपाका प्रकाशनहरू उपहारको रूपमा प्रदान गर्नुभयो ।

## यता-उताबाट

Same Words but different meaning




BHAKTAPUR [MONTHLY] मासिक

भक्तपुर नपाको वेबसाइट

bhaktapurmun.gov.np

को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।

# सङ्क्षेप

## स्थानीय स्काउट परिषद्को दोस्रो बैठक



भक्तपुर नगरपालिकाका प्रमुख एवम् स्काउट संरक्षक सुनिल प्रजापतिको अध्यक्षतामा नेपाल स्काउट वाग्मती प्रदेश स्काउट, स्थानीय स्काउट परिषद्को दोस्रो बैठक वैशाख १६ गते भक्तपुर नपाको सभाकक्षमा बस्यो ।

## उपप्रमुख रजनी जोशीद्वारा लिबालीमा भएको आगलागी निरीक्षण



भक्तपुर नगरपालिका वडा नं.८ लिबालीस्थित वैशाख १७ गते फर्निचर उद्योगमा आगलागी भएको छ । टहरा निर्माणको क्रममा वायरिङ गर्दा आगोको झिल्का सल्केर फर्निचर उद्योगमा आगलागी भएको बताइएको छ । आगलागीबाट अन्दाजी ११–१२ लाखको क्षति भएको जनाएको छ । भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, भनपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुलगायतले आगलागी भएको ठाउँमा निरीक्षण गर्नुभई क्षतिको अवस्थाबारे जानकारी लिनुभयो ।

## द्रुत प्रतिकार्यबारे अभिमुखीकरण



वाग्मती प्रदेश सरकारको आयोजनामा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि तथा सरोकारवाला सदस्यहरूबिच सम्पन्न द्रुत प्रतिकार्य समिति तथा द्रुत प्रतिकार्य टोलीबारे अभिमुखीकरण कार्यक्रम वैशाख ३० गते भयो ।

## खोप तथा सरसफाइसम्बन्धी समीक्षा गोष्ठी




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता र दिगोपना तथा सूक्ष्म योजना अद्यावधिक र सरसफाइ प्रवर्द्धन कार्यक्रमसम्बन्धी समीक्षा गोष्ठी वैशाख ३० गते सम्पन्न भयो ।

## पोखरी जीर्णोद्धारको निरीक्षण



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ९ सलाँ गणेशस्थित सलाँ गणेश पोखरी जीर्णोद्धार कार्यको जेठ १३ गते निरीक्षण गर्नुहुँदै ।

# विविध समाचार

## कानुन व्यवसायीहरूले देश र जनताको पक्षमा कानुन निर्माण गर्न सहयोग गर्नु पर्ने

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कानुन व्यवसायीहरूले नयाँ नयाँ कानुनको अध्ययन गर्ने, देश र जनताको हितको पक्षमा कानुन निर्माणको लागि आवश्यक सहयोग गर्ने तथा संसदमा प्रस्तुत विधेयकबारे नियमित अध्ययन गरी जनतालाई सचेत पार्ने काममा निरन्तर लागिरहनु पर्ने बताउनु भयो ।




कानुन अध्ययन समाज नेपालको प्रकाशन 'न्यायदृष्टि' को वैशाख २७ गते सार्वजनिकीकरण गर्नुहुँदै प्रमुख अतिथि प्रजापतिले न्यायदृष्टि प्रकाशनको निरन्तरताको कामना गर्नु भयो ।

शासक दलहरू, संसद् र सरकारले आफ्नो जिम्मेवारीअनुसार काम नगरेको कारण देशले अहिलेको दुर्दशा भोग्नु परेको बताउनुहुँदै उहाँले भन्नुभयो– दलहरूले सिद्धान्त त्याग गरेपछि जस्तोसुकै ठुलो पार्टी पनि पतन हुन्छ । समाजवादी विचार त्याग गरेकै कारण सोभियत सङ्घ पतन भएको उदाहरण हाम्रो सामु ताजै छ । त्यसैले कानुन व्यवसायीहरूले क्रान्तिकारी विचारमा आबद्ध भएर निरन्तर काम गर्नुपर्छ । पैसाको लागि आफ्नो विचार त्याग्न हुँदैन ।

निस्कृय हुनेहरूको अस्तित्व विलाएर जानेतर्फ ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले कानुन अध्ययन समाजका सदस्यहरूले राष्ट्रिय र अन्तराष्ट्रिय कानुनको अध्ययन गरी जनताको सेवा गर्नुपर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेश सभाका सदस्य **सुरेन्द्र राज गोसाई**ले न्यायदृष्टिमा समाजलाई योगदान गर्ने लेखहरू प्रकाशन गर्न सफलताको निम्ति शुभकामना व्यक्त गर्नुहुँदै प्रकाशनको अन्तरक्रिया गर्न जोड दिनुभयो ।

उहाँले कानुन व्यवसायीहरूले जनताको निम्ति लेख्न र बोल्न छोड्न नहुने बताउनुहुँदै भन्नुभयो – वकिलहरूले जनताको समस्यामा नबोलेमा त्यो धोका र विश्वासघात गरेको ठहरिने छ । कानुन व्यवसाय नभई सेवा क्षेत्र हो ।

कार्यक्रममा ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी** र अधिवक्ता **शिवराम बोहजु**ले न्यायदृष्टि प्रकाशनको औचित्यबारे प्रकाश पार्नु भएको थियो भने कानुन अध्ययन समाज नेपालका अध्यक्ष **रामप्रसाद प्रजापति**को सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो ।

## होटल, होमस्टे सञ्चालकहरूलाई आयुर्वेदसम्बन्धी अभिमुखीकरण




आयुर्वेद तथा वैकल्पिक चिकित्सालय भक्तपुरको आयोजनामा स्वास्थ्य पर्यटन प्रवर्द्धनका लागि वाग्मती प्रदेशभित्र रहेका होटल, होमस्टे सञ्चालकहरूलाई आयुर्वेदसम्बन्धी अभिमुखीकरण कार्यक्रम वैशाख ३१ गते सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले आयुर्वेद चिकित्सा मौलिक चिकित्सा पद्धति र चिकित्सा विज्ञानको जननीको रूपमा रहेको उल्लेख गर्नुहुँदै नसर्ने रोगको उपचारमा यो पद्धति निकै लाभदायी हुने बताउनुभयो ।

आयुर्वेद चिकित्सा पद्धति लिच्छविकालदेखि सुरु भएको र यो पद्धति अहिले पनि निकै प्रभावकारी भएको बताउनुहुँदै उहाँले नेपाल जडीबुटी औषधीमा यथेष्ट सम्भावना भएको देश हो तर प्रचारप्रसार र बजारको अभावले गर्दा औषधी उत्पादनमा कमी देखिएको बताउनुभयो ।

भक्तपुर नपाले वडास्तरीय नागरिक आरोग्य केन्द्र

सञ्चालन गरी नागरिकहरूलाई निःशुल्क आयुर्वेदिक औषधीहरू वितरण गर्दै आएको बताउनुहुँदै आयुर्वेद स्वास्थ्यलाई राज्यले प्राथमिकतामा राख्दै यसको प्रवर्द्धन गरिनु आवश्यक भएको बताउनुभयो ।

सिंहदरबारको वैद्यखाना र नरदेवी अस्पतालको सञ्चालन र व्यवस्थापनमा राज्यले ध्यान नदिँदा बन्द हुने अवस्थामा पुगेको बताउनुहुँदै प्रमुख प्रजापतिले वैद्यखानाहरूको संरक्षणतर्फ सङ्घ, प्रदेश र स्थानीय सरकारले प्रभावकारी कामहरू गर्नुपर्ने बताउनुभयो ।

आयुर्वेद चिकित्सा स्वास्थ्य पर्यटन प्रवर्द्धनको आधार पनि भएको बताउनुहुँदै उहाँले पर्यटन व्यवसायीहरूले स्वस्थ खानपान र सरसफाइमा विशेष ध्यान दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा पर्यटक सूचना केन्द्रका प्रमुख **गौतमप्रसाद लासिवा**ले भक्तपुरको पर्यटन प्रवर्द्धनमा भक्तपुर नपाको गतिविधिबारे प्रष्ट पार्नुहुँदै पर्यटन क्षेत्रमा आयुर्वेद चिकित्सा कार्यक्रमबाट होटलव्यवसायीमा सकारात्मक सन्देश पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा जिल्ला आयुर्वेद कार्यालय भक्तपुरका प्रमुख डा. **नदन कँडेल**ले कार्यक्रमको उद्देश्यबारे प्रष्ट पार्नुभयो भने आयुर्वेद तथा चिकित्सा कार्यालयका **मणिकण्ठ गौतम**ले स्वागत मन्तव्य राख्नुभएको थियो ।

## मन्तव्य

### "आयुर्वेदलाई पर्यटनसँग जोडेर देशको अर्थतन्त्रमा टेवा पुऱ्याउन सकिन्छ"

– सुनिल प्रजापति

प्रमुख, भक्तपुर नगरपालिका




आयुर्वेदलाई विश्वको प्राचीन चिकित्सा पद्धति मानिन्छ । विश्वमा विकास भएको चिकित्सा प्रणालीकै जननीको रूपमा मानिने आयुर्वेदलाई नेपालको मौलिक एवम् प्राचीन चिकित्सा प्रणाली पनि भनिन्छ ।

नसर्ने रोगहरू नियन्त्रणका लागि आयुर्वेद चिकित्सा प्रभावकारी मानिए पनि सरकारले भने त्यसलाई उचित ध्यान नदिएको सम्बन्धित विज्ञहरूको गुनासो छ । यसबारे व्यापक अध्ययन अनुसन्धान हुनुपर्ने हो तर त्यो हुन सकेको छैन । पहिले प्राकृतिक वस्तुबाट उपचार गर्ने धेरै तरिकाहरू थिए । त्यो मौलिक विधि सरकारको बेवास्ताले अहिले हराउँदै गएको छ ।

यसको विकास नेपालमा लिच्छविकालमा भएको मानिन्छ । नेपालमा वि.सं. १७२६ मा सिंहदरबार वैद्यखाना स्थापना भएको इतिहास छ । त्यतिबेला औषधि उपचारमा सबैको पहुँच थिएन । राजा, महाराजा र पहुँचवाला व्यक्तिहरूका लागि मात्र उपचारको व्यवस्था भएकोमा विस्तारै गाउँ गाउँमा पाइने जडीबुटीबाट औषधि उत्पादन हुन थालेसँगै उपचार पनि सर्वसाधारण जनताको पहुँचमा पुगेको इतिहास पढ्न पाइन्छ ।

नेपाल प्राकृतिक दृष्टिले अत्यन्त धनी देश हो । यहाँ सयौँ प्रकारका जडीबुटीहरू पाइन्छन् । अध्ययन र अनुसन्धानको अभावमा त्यसको राम्रो प्रयोग हुन सकिरहेको छैन । भारतलगायतका अन्य देशहरूले हाम्रा जडिबुटीहरू निकै सस्तोमा किनेर त्यसको प्रशोधन गरी औषधिको रूपमा फेरि महँगोमा हामीलाई नै बेच्ने गर्छन् । हामीले ५ रुपैयाँमा बेचेको त्यही जडिबुटी प्रशोधन पछि ५०० रुपैयाँमा हामीलाई नै किन्न बाध्य बनाइरहेको छ । नेपालमा पाइने सबै जडीबुटीको संरक्षण र त्यसको प्रशोधन गरेर औषधि उत्पादन गर्नेतर्फ ध्यान दिने हो भने त्यसबाट राज्यले मनग्य आम्दानी गर्नसक्छ । जडिबुटी उद्योगको विकास गर्न सकिए धेरै प्रकारको औषधिमा हामी विदेशीको भर पर्नुपर्ने छैन । राम्रो सम्भावना हुँदा हुँदै पनि अहिले आयुर्वेद चिकित्सा सरकारको प्राथमिकतामा नपरेको कारण दिनप्रतिदिन यो पतनोन्मुख अवस्थामा छ ।

अहिले सिंहदरबार वैद्यखाना आफ्ना कर्मचारीहरूलाई तलब खुवाउनसमेत मुस्किल भएको र पर्याप्त बजेटको अभावमा अस्तित्वको लडाइँमा रहेको समाचारमा आइरहेको छ । नेपालमा आयुर्वेदिक अस्पताल र उपचार केन्द्रहरू नभएको भने होइन तर त्यसको लागि सरकारले उचित बजेटको व्यवस्था नगरेको कारण ती केन्द्रहरूले राम्रो सेवा दिन सकिरहेका छैनन् ।

भक्तपुरमा पनि जिल्ला आयुर्वेद केन्द्र छ। त्यसले भक्तपुरका जनताको सेवा दिइरहेको छ। भक्तपुर नपाभित्र भनपा ६ चोछँमा रहेको नागरिक आरोग्यले उपचार सेवा प्रदान गरिरहेको छ। प्रदेशअन्तर्गत सञ्चालित त्यस केन्द्रमा न पुग्ने गरी कर्मचारी दरबन्दी न औषधिको लगि बजेटकै व्यवस्था छ। सबै स्थानीय तहले नै गर्ने हो भने प्रदेशअन्तर्गत भन्नुको के अर्थ रह्यो ? आर्थिक वर्ष सुरु भएको ४/५ महिना नहुँदै डाक्टर साहेबहरू औषधि छैन, बजेट छैन भन्नुहुन्छ। हामीले नगरभित्रको नागरिक आरोग्य केन्द्रलाई सक्दो सहयोग गर्दै आएका छौँ। आयुर्वेद सेवाप्रति जनताको विश्वास पनि बढ्दै गएको छ। तर, सबै स्थानीय तहले यस्तो सहयोग गर्न सक्दैन। त्यस्तो बेला के केन्द्रहरू बन्द गर्ने ? औषधिको लागि बिदेसिने पैसा कम गर्ने हो भने सक्दो मौलिक उपचार विधिलाई प्राथमिकतामा राखिनुपर्छ। यो सङ्घ र प्रदेश सरकारमा बस्नेहरूले गम्भीरतापूर्वक सोच्नुपर्ने विषय हो।

२०८१ चैत १५ गते राजावादीहरूको आन्दोलनमा जडीबुटीस्थित औषधि कारखानामा आगो लगाइयो। दर्जनभन्दा बढी गाडी ध्वस्त पारियो। आन्दोलन कोटेश्वरमा थियो तर, जडिबुटी औषधि कारखानामा आगो लगाइयो। यो देशको सम्पत्ति ध्वस्त पार्ने उद्देश्यले नियोजित रूपमा गरिएको आगलागी हो भन्ने कुरामा कुनै शङ्का गर्नुपर्ने कारण देखिँदैन। तर आश्चर्यको कुरा के हो भने भाटभटेनीमा आगो लगाउनेहरू एक एक गरी पक्राउ पर्ने तर जडिबुटी कारखानामा आगो लगाउनेहरू कोही पनि पक्राउ नपर्ने यो कस्तो प्रहरी अनुसन्धान हो ? तिनीहरू पक्राउ परेका भए उसका मालिकहरू को को हुन् ? जनतालाई थाहा हुने थियो।

एकै दिन न देश बन्छ न त देश डुब्छ नै। देश डुबाउन चाहनेहरूले त पहिले हर चिजमा परनिर्भर बनाउँदै लान्छन्। नेपालको लागि वार्षिक कति औषधिको आवश्यकता पर्छ त्यसको सम्पूर्ण हिसाब भारतसँग छ। नेपालमा औषधि कारखानाहरू राम्रोसँग चले भने उसको औषधि बिक्री कम हुन्छ। नाफासँग सम्बन्धित भएकोले उसले नेपालको कुनै पनि औषधि कारखाना राम्रोसँग चल्न दिनेछैन। चाहे सिंहदरबार वैद्यखाना होस् या नेपाल जडिबुटी कारखाना होस् वा अन्य। त्यसलाई बन्द गर्न तिनीहरू अनेकौँ षड्यन्त्र गरिरहन्छन्। नेपाल जडिबुटी कारखाना त्यसैको एक उदाहरणमात्र हो। धेरैलाई रोजगारी दिएर 'सञ्चो' उत्पादनमा प्रख्याती कमाएको कारखाना अब भग्नावशेषमा परिणत भएको छ। त्यो निजीकरण गरेर अकुत नाफा कमाउनेहरूले गराएको पनि हुनसक्छ। आगजनीमा कसको हात थियो भन्ने कुरा अनुसन्धानबाट पत्ता लाग्ने नै छ। जे होस् अब नेपाल औषधिमा पूरै परनिर्भर हुने अवस्थामा पुऱ्याइएको छ। औषधिका लागि नेपालको पैसा महिनाको अर्बौं बाहिरिरहेको छ। अब झन् बढ्ने निश्चित छ।

मानिसलाई स्वस्थ राख्न व्यायाम राम्रो विकल्प हो। भक्तपुर नगरपालिकाले नगरका ठाउँ ठाउँमा व्यायामशालाहरूको व्यवस्था गरेको छ। हाल नगरका २३ ठाउँमा व्यायामशालाहरू सञ्चालनमा छन् भने टोल टोलमा छिकोङ व्यायामको पनि प्रशिक्षण दिइरहेको छ। अब क्रमशः विद्यालयहरूमा पनि प्रशिक्षकको व्यवस्था गर्दै जाने तयारी गरिरहेका छौँ। यी सबैको उद्देश्य एउटै हो, सबै नगरवासीहरूलाई स्वस्थ राख्ने।

आयुर्वेदलाई नेपालको पर्यटनसित कसरी जोड्ने भन्ने नै आजको कार्यक्रमको मुख्य उद्देश्य हो। नेपालमा पर्यटनको आशातीत प्रगति हुन सकेको छैन। यो वर्ष नेपाल पर्यटन बोर्डले १६ लाख पर्यटक भित्र्याउने लक्ष्य राखेकोमा मुस्किलले ११ लाख पुग्ने सम्भावना छ। यसको मुख्य कारण सरकारले पर्यटन क्षेत्रलाई प्राथमिकतामा नराख्नु र जिम्मेवारीपूर्वक काम नगर्नु नै हो।

उदाहरण धेरै टाढा जानु पर्दैन, नारायणगढ- बुटवल सडक खण्ड र नागढुङ्गा-मुग्लिन सडकको दुरवस्था नै काफी छ। ती सडक खण्डको काम भइरहेको वर्षौं भइसक्यो; अहिलेसम्म सकिएको छैन। एक घण्टाको बाटोमा चार पाँच घण्टा बिताउनुपर्ने अवस्था छ। त्यसमा पनि भारतीयहरू चढेको गाडी दुर्घटनापश्चात् भारतीय पर्यटकहरूको सङ्ख्या ह्वात्तै घट्यो। अझ १५ दिनमा दुईवटा हवाईजहाज दुर्घटनाले आन्तरिक र बाह्य पर्यटनमा ठूलो असर पारेको छ।

नेपालको प्राकृतिक सौन्दर्य, विश्व सम्पदामा सूचिकृत सम्पदाहरू, गौतम बुद्धको जन्मस्थल लुम्बिनीलगायतको बारेमा उचित मात्रामा संसारभर प्रचारप्रसार हुन सकेको छैन। भारतले अन्तर्राष्ट्रिय जगतमा बुद्ध भारतमा जन्मेको भनेर भ्रम फैलाएको छ। त्यसलाई चिर्न पनि सरकार सफल भएको छैन। संसारका विभिन्न देशका गाइड बुकहरूमा त्यही लेखिराखेको हुँदा पथप्रदर्शकहरूले त्यही नै बताउने भए। यस्तो कार्यमा नेपाल सरकारले विभिन्न देशका राजदूतहरूमार्फत सच्याउन लगाउनु पर्छ। अहिले नेपालसँग जोडिएको तिब्बतमा मात्र वर्षको ५ करोड पर्यटक आउने गरेको तथ्याङ्क छ। त्यसको ५ प्रतिशतमात्र नेपाल आउने वातावरण तयार गर्न सकेको भए कति पर्यटकहरू आउँछन्। त्यहाँ आउने प्रायः पर्यटकहरू बौद्ध धर्मावलम्बीहरू हुने गरेको बताइन्छ। के उनीहरूलाई लुम्बिनी ल्याउने वातावरण बनाउन

सकिँदैन ?

पहाडमा ट्रेकिङ जाने रुट सुरक्षित छैन। अझ ट्रेकिङ रुटमै पक्की सडक बनेपछि वा कतिपय ठाउँमा सहज पहुँचको लागि केबुलकारको विकासले भ्रमण समय निकै छोटिएको भन्ने कुरा आएको छ। सडक बनाउँदा ट्रेकिङ बाटो सुरक्षित गरी बनाएको भए पर्यटनको दृष्टिले देशकै निम्ति फाइदा हुने थियो। पर्यटकहरूको लागि सुरक्षा पहिलो सर्त हुने भएकोले उनीहरूको जीवन सुरक्षाको सुनिश्चितता भएमा पर्यटन क्षेत्रबाट नेपालले मनग्य आम्दानी गर्नसक्छ।

नेपालमा चिनियाँ पर्यटकहरू बढ्दै छन्। यो वर्ष चीनले २०२५ लाई नेपाल भ्रमण वर्ष घोषणा गऱ्यो। त्यसको उद्घाटन भक्तपुरमा भयो तर सरकारले त्यसप्रति खासै चासो दिएको पाएनौँ। विदेशी पर्यटकहरूमा चिनियाँ पर्यटककेन्द्रित कार्यक्रम बनाउन सकेको भए धेरै चिनियाँहरू नेपाल आउने सम्भावना छ। संसारमा सबभन्दा बढी भ्रमण गर्नेमा अहिले चिनियाँहरू रहेको देखाइएको छ। प्रत्येक वर्ष ११ करोड चिनियाँ नागरिकहरूले विभिन्न देश भ्रमण गर्ने गरेको अनुमान छ। चीनले नेपाललाई आफ्ना नागरिकहरू घुम्न जाने गन्तव्यमा नेपाल पनि राखेको छ। हवाई भाडा निकै महँगो भएकोले चिनियाँहरू नेपाल पुग्नुभन्दा थाइल्यान्ड, मलेसिया, माल्दिभ्स पुग्ने गरेको पाइन्छ। यस्ता विषयहरूमा सरकारले ध्यान दिनुपर्छ। पर्यटनको विकास गर्ने भनेर चर्को चर्को कुरा गरेर मात्र केही हुनेछैन।

चीनको सहयोगमा बनेको पोखरा एयरपोर्ट अझै नियमित सञ्चालनमा आउन सकेको छैन। चीनसँग खरिद गरेका विमानहरू र सहयोग स्वरूप प्राप्त विमानहरूबारे विभिन्न भ्रम फैलाई लिलाम गर्नुपर्ने अवस्थामा पुऱ्याइएको छ। यस्तो अवस्थामा चीन सरकार र त्यहाँका पर्यटकहरूको विश्वास कसरी जित्न सकिन्छ ? नेपालले चीन र भारतका पर्यटकहरूलाई केन्द्रित गरेर योजना तयार गर्न सकेको खण्डमा अरू देशका विदेशीहरू नआए पनि त्यति धेरै फरक नपर्ने गरी पर्यटनको विकास गर्न सकिन्छ।

अहिले भारत र पाकिस्तानको युद्ध हुने सम्भावना छ। अन्तर्राष्ट्रिय घटनाले पनि नेपालको पर्यटन क्षेत्र निकै प्रभावित हुनसक्ने भएकोले आन्तरिक पर्यटन विकासको लागि पर्यटन व्यवसायीहरूको ध्यान जानु जरुरी छ।

(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आयुर्वेद तथा वैकल्पिक चिकित्सालय भक्तपुरको आयोजनामा २०८२ वैशाख ३१ गते भएको स्वास्थ्य पर्यटन प्रवर्द्धनका लागि 'होटल, होमस्टे सञ्चालकहरूका लागि अभिमुखीकरण' कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)

# युरोपियन युनियनका राजदूतसहित युरोपका राजदुतहरूद्वारा भक्तपुर नगरको भ्रमण



नेपालको लागि युरोपियन युनियनका राजदूतलगायत युरोपका अन्य देशका राजदूतहरूद्वारा जेठ ६ गते भक्तपुर नगरको भ्रमण गरेका छन्।

डेलिगेशन अफ द युरोपियन युनियन टु नेपालका एम्बेसेडर भेरोनिक लोरन्जो र डिपुटी हेड अफ डेलिगेशन, हेड अफ पोलिटिकल, प्रेस एण्ड इन्फर्मेशन सेक्सनका थोमस मिलारको नेतृत्वमा २२ जना राजदूतहरू र ३ जना दूतावासका कर्मचारीहरूसहित २५ जनाको भ्रमण टोलीले भक्तपुर दरबार क्षेत्र, टौमढी, दत्तात्रय, तालाक्व र नगरका ऐतिहासिक क्षेत्रहरूको अवलोकन भ्रमण गरेका छन्।

भ्रमण प्रतिनिधि मण्डलमा अस्ट्रिया, बेल्जियम, बुल्गेरिया, चेक रिपब्लिक, डेनमार्क, इस्टोनिया, आयरल्याण्ड, ग्रीस, स्पेन, इटाली, साइप्रस, लिथुआनिया, लक्जम्बर्ग, हंगेरी, माल्टा, पोल्याण्ड, पोर्चुगल, रोमानिया र स्वीडेनका राजदूतहरू सहित दूतावासका कुटनैतिक समावेश रहेका छन्।

भ्रमण टोलीलाई भक्तपुर नगरपालिका पर्यटक सूचना तथा सेवा केन्द्रका प्रमुख एवं सहायक निर्देशक गौतम प्रसाद लासिवाले भक्तपुर दरबार क्षेत्रको खौमा ढोकामा स्वागत गर्नु भएको थियो।

भक्तपुरको भादगाउँले कालो टोपी, थैली र भक्तपुर नगरपालिकाद्वारा प्रकाशित भक्तपुरको फोटो पुस्तिकालगायत अन्य प्रकाशनहरू उपहार प्रदान गरेको स्वागत कार्यक्रममा पर्यटक सूचना तथा सेवा केन्द्रका अधिकृत शरद खत्री, मुरज दिदिया र स्थानीय पथ प्रदर्शकहरुले अवलोकन भ्रमणमा सहजीकरण गरेका थिए।

भ्रमण टोलीका राजदूतहरू भक्तपुरको ऐतिहासिक तथा मौलिक कला संस्कृति र सम्पदाहरूको संरक्षण देखेर भक्तपुर नगरपालिकाको कला, संस्कृति र सम्पदा संरक्षणको प्रशंसा गरेका थिए।

## भक्तपुरमै सुरु भयो सिटी स्क्यान सेवा : १२१ वर्षपछि ऐतिहासिक उपलब्धी

एक सय २१ वर्षको इतिहास बोकेको भक्तपुर अस्पतालले जेठ ४ गतेबाट थप नयाँ परिचय पाएको छ। अस्पतालमा सिटी स्क्यान सेवा औपचारिकरूपमा सुरु भएपछि भक्तपुर अस्पतालको परिचयमा नयाँ आयाम थपिएको हो।

सिटी स्क्यान सेवा सुरू भएको अवसरमा आयोजित एक विशेष समारोहमा वाग्मती प्रदेशका स्वास्थ्यमन्त्री **किरण थापा**ले १२८ स्लाइस क्षमताको अत्याधुनिक सिटी स्क्यान मेसिनको उद्घाटन गर्नुहुँदै भक्तपुर अस्पताल देशकै पुरानो र सम्भावनायुक्त अस्पताल भएको बताउनुभयो।

वाग्मती प्रदेशसभा सदस्य **सुरेश श्रेष्ठ**ले भक्तपुरमा स्वास्थ्य क्षेत्रलाई माया गर्ने सबै राजनीतिक दलहरूले भक्तपुर स्वास्थ्य क्षेत्रको हब बनाउन लाग्नुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिका वडा नं ९ का वडा अध्यक्ष तथा अस्पताल सञ्चालक समितिका सदस्य **रवीन्द्र ज्याख्व**ले जनताको सेवा गर्ने थलो राम्रो हुनुपर्ने चर्चा गर्नुहुँदै भक्तपुर अस्पताललाई राम्रो बनाउन भक्तपुर नगरपालिका सकारात्मक रहेको बताउनुभयो।

अस्पतालका कार्यकारी निर्देशक डा. **सुरेन्द्रप्रसाद भट्ट**ले सेवा सुरू भएपछि भक्तपुरका बिरामीहरूलाई सुविधा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, 'अब सिटी स्क्यानका लागि बिरामीले राजधानी धाउनुपर्ने छैन। यही अस्पतालमा सहज, सुलभ र गुणस्तरीय सेवा उपलब्ध हुनेछ।'

कार्यक्रममा डीपी ढकालले पनि बोल्नुभएको थियो।

## भक्तपुरमा मेलम्चीको पानी स्थायी वितरण प्रक्रिया सुरु



भक्तपुरमा मेलम्चीको पानी स्थायी वितरण प्रक्रिया अघि बढेको छ। काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको जेठ ८ गते बसेको बैठकमा टेन्डरको लागि सूचना समेत प्रकाशित भइसकेको जानकारी दिइएको हो।

भक्तपुरमा अहिले पुरानै पाइपबाट अस्थायी रूपमा खानेपानी वितरण भइरहेको छ। दोस्रो चरणको पानी वितरण ढिलो हुने देखिएकोले भक्तपुर नपाको आफ्नै खर्चमा पाण्डुबजारदेखि भक्तपुरका विभिन्न ठाउँसम्म पुरानो पाइपमा जोडेर ३ वर्षदेखि विभिन्न चरणमा भक्तपुर नगरमा पानी वितरण भइरहेको छ।

मेलम्चीको पानी वितरणको लागि नयाँ पाइप जडान गर्ने बेला आगजनी हुने अवस्थामा दमकललाई पानी भर्न मिल्ने फायर हाइड्राइन्ट ठाउँ ठाउँमा राख्ने व्यवस्था रहेको छ। भक्तपुर नगरभित्र ११९ वटा फायर हाइड्राइन्ट राख्ने योजना रहेको पनि बताइयो।

काठमाडौं र ललितपुरमा मेलम्चीको पानी वितरण नयाँ पाइपबाट भइरहेको छ। त्यहाँ पनि अकस्मात आगजनी भएमा पानीको लागि ठाउँ ठाउँमा फायर हाइड्राइन्ट राखिएको छ। तर विभिन्न निकायबिच समन्वय नहुँदा खानेपानीले राखेका फायर हाइड्राइन्टलाई अर्को निकायले पिच गरेर दोस्रो ढलान गरेर उपयोग गर्न अप्ठेरो पार्ने जस्ता कामहरू भइरहेको पनि बैठकमा उठाइयो।

बैठकमा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली २०६४ संशोधन प्रस्तावबारे पनि छलफल गरियो। सरोकारवालाहरूको सुझावपश्चात् त्यसलाई पारितको लागि खानेपानी मन्त्रालयमा पठाउने निर्णय गरियो।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष एवम् काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहको अध्यक्षतामा बोर्डको बैठक बसेको थियो। बैठकमा ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जन, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, कीर्तिपुर नगरपालिकाका प्रमुख कृष्णमान डंगोलगायत अन्य सदस्यहरूको उपस्थिति थियो।

नागरिक दैनिक

## सुशासन हेर्न भक्तपुर जानू

सुशासनका लागि पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व महत्त्वपूर्ण आधार हुन्। यिनको अभावमा कुनै मुलुकको शासन व्यवस्थादेखि एउटा टोल समितिसमेतको सञ्चालन प्रभावकारी हुन सक्दैन। विडम्बना, हामीकहाँ

यसैको खडेरी छ। जसका कारण आमनेपालीमा दिन/प्रतिदिन निराशा बढ्दो छ भने त्यसले विशेषगरी युवाहरूलाई खाडीतर्फ धकेलिरहेको छ। बाँकीलाई नकारात्मकताको दलदलमा फस्न बाध्य बनाइरहेको छ।

यही अवस्थाबिच भक्तपुर नगरपालिका नेतृत्वले भने आशाको किरण छर्ने काम गरेको छ। यो नगरपालिकाले सुरु गरेका थुप्रै काम यस्ता छन् जुन देशमा मात्र हैन, विदेशीका लागिसमेत अनुसन्धानलायक बनेका छन्। जस्तो– यो नगरपालिकाले आफ्नो नगर सफा राख्न गरेको प्रयास विश्व चर्चित छ। पर्यटकलाई आफ्नो नगरमा भित्र्याएबापत हुने आम्दानी खर्चिएका विकास निर्माणका काम गर्वलायक छन्। आफैँले सञ्चालन गरेको ख्वप कलेज शिक्षा कस्तो हुनुपर्छ भन्ने नमुना बन्न सकेको छ। त्यति मात्र हैन, कृषकलाई मल, बिउ, कृषि उपकरण आदिमा गरिने सहयोग र त्यसले बढाएको किसान मनोबलसमेत प्रशंसायोग्य छ।

पछिल्लोपटक विकास निर्माणका काम लागत अनुमानभन्दा निकै कममा गराउने नगरपालिकाका रूपमा ख्याति कमाउन सकेको छ यसले। भर्खरै सम्पन्न लक्ष्मीनरसिंह मन्दिरको लागत अनुमान सात करोड ७७ लाख थियो तर यो काम चार करोड ८३ लाख रुपैयाँमै सम्पन्न गरी कीर्तिमान नै कायम गरेको छ यो नगरले। यसरी अनुमानभन्दा कममै सकिएका कामको सूची धेरै छन् यो पालिकासँग। टौमढीस्थित भैरव मन्दिर, पाँचतले मन्दिर आदि पनि लागतभन्दा कममै सकेको भक्तपुर नगरपालिकाका लागि सिक्नलायक यस्ता धेरै काम छन् देखाउनका लागि। तर, अन्यत्र यस्तो देखिँदैन। लागत अनुमानभन्दा बढी खर्च गराउन समयमै सम्पन्न नगरी 'भेरियसन' गराउने गरिएको छ।

हाम्रो मुलुकमा कुनै पनि काम समयमा पूरा नगर्ने र विभिन्न बहानामा खर्च बढाएर त्यसलाई अति महँगो बनाउने। मेलम्ची खानेपानी आयोजना होस् या दाउन्ने सडक खण्ड, सयौँ योजना छन्, जसलाई बेलैमा पूरा गराइन्न र उल्टै बजेट थप्न बाध्य पारिन्छ। यस्तो कार्यमा ठेकेदारसँग मिल्छन् कर्मचारी पनि। अनि थपिएको बजेट मिलिजुली खान्छन्। नेता, कर्मचारी र ठेकेदारको त्रिकोणात्मक गठजोडले हाम्रो मुलुकमा दोहन गर्दै आएको छ। यस्तो परिस्थितिबिच भक्तपुर नगरपालिकाले अनुमानभन्दा पनि कममै काम सम्पन्न गर्ने जुन असल अभ्यास गरिरहेको छ, त्यसको प्रशंसा मात्र गरेर पुग्दैन, अन्य स्थानीय तहले अनुशरण गर्नैपर्छ। स्थानीय तहले मात्र हैन, प्रदेश र सङ्घीय सरकारले पनि पछ्याउनै पर्छ। भ्रष्टाचार नगरी राजनीतिलाई सेवाका रूपमा अगाडि बढाउने यो प्रयास आफैँमा अनुकरणीय छ।

यो नगरपालिका काममा पनि कति सक्रिय छ भन्ने थाहा पाउन एउटै तथ्याङ्क काफी छ– २०७२ सालको भूकम्पले यो पालिकाभित्रका एक सय २० वटा सम्पदामा क्षति पुऱ्याएको थियो। जसमध्ये एक सय १८ वटा पुनर्निर्माण वा जीर्णोद्धार भइसक्नु र बाँकीको काम पनि तीव्र स्तरमा जारी रहनु। अन्य पालिकाहरू बजेट अभाव, सामग्री नपाइएको, डकर्मी/सिकर्मीले नसघाएको जस्ता बहानामा ढिलाइ गरिरहेका बेला भक्तपुरले मौन रूपमा गरिरहेको प्रगति वास्तवमै ठुल्ठुलो स्वरमा सुनाउनु पर्ने खालको छ। विकासको यो मोडल सबैका निम्ति चाहिएको छ। विकास हेर्न अन्यत्र मुलुक जानै पर्दैन। हाम्रै भक्तपुरले देखाइरहेको छ।

सङ्घीयताको यतिबेला धेरैतिरबाट विरोध भइरहेको छ। स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू क्रमशः बदनाम हुँदै गइरहेकाले सङ्घीयताकै औचित्यमाथि प्रश्न उठिरहेका छन्। यस्तो बेलामा भक्तपुर नगरपालिकाले जे काम गरिरहेको छ, त्यसबाट प्रष्ट हुन्छ जान्यो भने र ढङ्ग पुऱ्याएर अघि बढ्यो भने सङ्घीयता विकासका लागि अवसर पनि हो। भक्तपुरले सिकाएको यही पाठ मनन गरेर अघि बढ्ने हो भने अहिले सङ्घीयताविरुद्ध उठेका रोष आफैँ मत्थर हुनेमा शङ्का नगरे हुन्छ।

हामीसँग राजस्वका स्रोत अत्यन्त सीमित छन्। मुलुकमा उद्योग, कलकारखाना खासै छैनन्। यस्तो अवस्थामा प्राप्त सीमित स्रोतबाट ठुलो आकाङ्क्षा पूरा गर्नुपर्ने बाध्यता छ। त्यसैले योजनाहरूमा पैसा थपेर केही ठेकेदार र कर्मचारीलाई मालामाल बनाउनेभन्दा त्यही कामलाई थोरै बजेटबाट कसरी थप स्तरीय बनाउन सकिन्छ भन्नेबारे सोच्न ढिला भइसकेको छ। यसरी अनुमान गरेभन्दा वा विनियोजित बजेटबाट उब्रेको रकमले अन्य योजना वा विकास निर्माण वा पूर्वाधारको काम सम्पन्न गर्न सकिन्छ। यसो भएमा बल्ल स्थानीय तहको नेतृत्वप्रति स्थानीयको विश्वास बढ्दै जान्छ र सङ्घीयताको मर्म पनि वास्तवमै सार्थक हुन सक्छ। बरु यसबारे जुक्ति आवश्यक पऱ्यो भने भक्तपुर नगरपालिका भ्रमण गर्न हिच्किचाउनु पर्दैन। हामी भन्छौँ– विकास हेर्न भक्तपुर जाऔं।

(नागरिक दैनिकको सम्पादकीय,जेठ ९ गते)

# सरकारको भर नपरी आफ्नै पहलमा ६ हजारलाई खानेपानीको व्यवस्था

- कृष्ण किसी




सरकारको भर नपरी भक्तपुरको तुमुचो-दुगुरे-चोखाका बासिन्दाले आफ्नै प्रयासमा खानेपानीको व्यवस्था मिलाएका छन् । भक्तपुर नगरपालिका वडा नं. ९ का स्थानीयले पानीको स्रोत पहिचान गरी घरघरमा धाराको पाइपलाइन जडान गरेर तीन वर्षदेखि खानेपानीको व्यवस्था गर्दै आएका छन् । यसले ट्यांकरको पानी किन्नुपर्ने बाध्यताबाट उनीहरूलाई ठूलो राहत मिलेको छ ।

स्थानीयले तुमुचो-दुगुरे-चोखा आवास क्षेत्र खानेपानी उपभोक्ता समिति गठन गरेका छन् । समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले भक्तपुर नगरपालिका र वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईंको विकास बजेटबाट प्राप्त रकमले पूर्वाधार बनाएर खानेपानीको व्यवस्था मिलाएको बताए ।

तुमुचो-दुगुरे-चोखा आवास क्षेत्र खानेपानी उपभोक्ता समितिको तेस्रो बृहत् उपभोक्ता भेलाको गोसाईंले जेठ १५ गते उद्घाटन गरे । साधारणसभामा ज्याख्वले कार्यालय सञ्चालन भएको र दुई कर्मचारीले ४६५ घरधुरीको मिटर रिडिङ, मासिक शुल्क सङ्कलन र अन्य सबै कामको व्यवस्था मिलाएको जानकारी दिए ।

समितिका अनुसार, यो क्षेत्रमा घर र टहरा गरी ५५० घरधुरी छन् । एक घरधुरीमा औसत १२ जना (डेरावालासहित) छन्। यस हिसाबले यहाँ करिब ६ हजार जनसङ्ख्या छन् । यो जनसङ्ख्यालाई खानेपानी पुगिरहेको छ । साथै, बागीश्वरी मावि, ख्वप अस्पताल, जिल्ला अदालत, मालपोत, भूमिसुधारलगायतका सरकारी कार्यालय पनि यही खानेपानीबाट सञ्चालित छन् ।

समितिकी कोषाध्यक्ष तथा भक्तपुर नगरपालिका वडा नं. ९ की महिला वडा सदस्य छोरीमैया सुजखूले अरूको मुख नताकी आफ्नै प्रयासमा खानेपानी समस्या समाधान गरेको बताइन् । दुई ठाउँमा बोरिङ गरेर पानी उत्पादन गरी घरघरमा पाइप विस्तार गरेर वितरण गरिएको उनले जानकारी दिइन् ।

उनका अनुसार, प्रतिधारा मासिक ३०० रुपैयाँ शुल्क लाग्छ । जडानका लागि प्रतिधारा २० हजार रुपैयाँ तिर्नुपर्छ । आर्थिक वर्ष २०८१/०८२ को जेठ १३ सम्म समितिले उपभोक्ताबाट २० लाख ३८ हजार ९० रुपैयाँ सङ्कलन गरेको छ । जसमा युनिट महसुलबाट १३ लाख ३२ हजार ६००, ३५ नयाँ दर्ताबाट २० हजारको दरले ७ लाख, फारम र मर्मतबाट ५ हजार ४९० र मौज्दात रकमको ब्याजबाट १ लाख ५२ हजार ६६५ रुपैयाँ आम्दानी भएको उनले बताइन् ।

वैशाख २०८२ सम्मको हिसाबमा तलब शीर्षकमा २ लाख, जग्गा भाडामा ३८ हजार ७५०, प्लम्बिङ सामग्रीमा ८५ हजार ५००, विद्युत् महसुलमा ४ लाख ५५ हजार १०७ र पानी शुद्धीकरणका लागि क्लोरिन खरिदमा ८७ हजार ५७३ सहित विभिन्न शीर्षकमा खर्च भएको विवरण उनले भेलामा सार्वजनिक गरिन् ।

कार्यक्रममा काठमाडौँ उपत्यका खानेपानी लिमिटेड ( केयूकेएल) भक्तपुर शाखा वितरण प्रमुख अनिलकुमार क्षेत्रीले स्थानीयको मिहिनेतबाट खानेपानी व्यवस्था भएको भन्दै प्रशंसा गरे ।

स्रोत :नागरिक नेटवर्क, २०८२ जेठ १५

# गणेश माविमा नवआगन्तुक विद्यार्थीलाई स्वागत




'शिक्षा मानव प्रगति र देश विकासको पहिलो साधन हो र शिक्षाले मात्र असल नागरिक र समृद्ध राष्ट्र निर्माण हुनेछ ।'

उक्त विचार भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापतिले** भक्तपुर नपा वडा नं. १ भार्वाचोस्थित गणेश

माध्यमिक विद्यालयमा २०८२ सालमा नयाँ भर्ना भएका विद्यार्थीहरूको जेठ १६ गते आयोजित स्वागत कार्यक्रम राख्नुभएको हो ।

भक्तपुर नगरपालिकाले नगरभित्र सञ्चालित ३६ वटा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धितर्फ जोड दिँदै आएको बताउनुहुँदै उहाँले विद्यालयहरूको आवश्यकताअनुसार नगरपालिकाले भौतिक तथा आर्थिक सहयोग पनि गर्दै आएको छ भन्नुभयो ।

नगरपालिकाले शिशुस्याहार केन्द्र, विभिन्न विषयका कलेजहरू सञ्चालन गरी देशभरिका विद्यार्थीहरूलाई समान ढङ्गले गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीहरूको प्रारम्भिक जगलाई बलियो बनाउन सके उनीहरूको भविष्य पनि सुनिश्चित हुने बताउनुभयो ।

संविधानमा प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने हकको सुनिश्चितता गरे पनि त्यसको कार्यान्वयन हुन नसकिरहेको बताउनुहुँदै उहाँले द्वैध शिक्षा नीतिको कारण देशको शिक्षा क्षेत्रमा असमानता व्याप्त रहेको बताउनुभयो ।

शिक्षा क्षेत्र जनताको सेवा गर्ने क्षेत्र हो, यो व्यापार गर्ने थलो होइन भन्नुहुँदै उहाँले विद्यार्थीहरूमा शैक्षिक, सामाजिक र व्यवहारिक ज्ञानको खाँचो रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले गणेश माविको शैक्षिक प्रगतिमा शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुहुँदै विद्यालयको थप प्रगतिको कामना गर्नुभयो ।

विद्यालयका प्रधानाध्यापक **गणेशराम थुसा**ले गणेश माविले युगसुहाउँदो शिक्षा प्रदान र विद्यालयको भौतिक विकासको लागि निरन्तर प्रयास गर्दै आएको बताउनुहुँदै विद्यालयले कम्प्युटर शिक्षा, प्रयोगशालाको व्यवस्था, कमजोर विद्यार्थीलाई थप कक्षाको व्यवस्था आदि गर्दै आएको बताउनुभयो ।

गणेश माविमा २०८२ मा १५५ जना नयाँ विद्यार्थी भर्ना हुन आएको र हाल ७१५ जना विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुहुँदै उहाँले विद्यार्थीहरूलाई सामाजिकीकरण गर्न विद्यालयले व्यवहारिक शिक्षामा पनि जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा विद्यालयका संस्थापक **कृष्णबहादुर दुगुजु**ले विद्यालय स्थापनाको इतिहास र आधारमाथि प्रष्ट पार्नुहुँदै सबैको साथ र सहयोगले विद्यालयले आजको प्रगति हासिल गरेको बताउनुभयो ।

कार्यक्रममा विद्यालयका सहप्रधानाध्यापक **लक्ष्मीसुन्दर सुवाल**, शिक्षक प्रतिनिधि **रत्नप्रसाद फैजु**ले पनि बोल्नुभएको थियो भने प्रमुख अतिथि तथा अतिथिहरूले नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्नुभएको थियो ।

## घरेलु उत्पादन प्रवर्द्धन मेला २०८२



भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजना तथा उद्योग वाणिज्य कार्यालयको सहकार्यमा नःपुखु परिसरमा दुईदिने घरेलु उत्पादन प्रवर्द्धन मेला २०८२ जेठ १६ गते सुरु भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले मेलाको उद्घाटन गर्नुहुँदै भक्तपुरको कला संस्कृति, सम्पदा र मौलिक उत्पादन तथा जीवनशैलीबारे स्वदेशी र विदेशीलाई जानकारी गराउने उद्देश्यले भक्तपुर नपाले भक्तपुर महोत्सव सम्पन्न गरेको र उक्त महोत्सवमा भक्तपुर उद्योग वाणिज्य सङ्घ र घरेलु तथा साना उद्योग सङ्घको पनि सक्रिय सहभागिताको लागि धन्यवादज्ञापन गर्नुभयो ।

भक्तपुर अहिले पर्यटकीय नगरको रूपमा विकास भइरहेको र वर्षेनी करिब ३ लाख विदेशी पर्यटकहरूले भक्तपुर भ्रमण गर्ने गरेको तथ्याङ्क उल्लेख गर्नुहुँदै उहाँले भक्तपुर नपाले आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिँदै विभिन्न गतिविधि सञ्चालन गर्दै आएको बताउनुभयो ।

विश्व व्यापार सङ्गठनमा नेपाल सदस्य भएपछि घरेलु तथा साना उद्योगहरू ओझेलमा पर्दै आएको बताउनुहुँदै विदेशी सामानको आयातले घरेलु उद्योगहरू मारमा परेको उहाँले बताउनुभयो ।

उद्यमीहरूबिच स्वस्थ प्रतिस्पर्धाको खाँचो रहेको बताउनुहुँदै उहाँले युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्न सके युवा विदेशिने क्रम रोकिने बताउनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष **श्यामसुन्दर श्रेष्ठ**ले घरेलु उद्योगको प्रवर्द्धनस्वरूप सङ्घले समय समयमा यस्ता मेला तथा महोत्सवहरूको आयोजना र सहभागिता जनाउँदै आएको बताउनुहुँदै स्थानीय उद्योग

संरक्षणमा स्थानीय तहको पनि महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

उद्योग तथा वाणिज्य कार्यालयका प्रमुख **रामप्रसाद कुस्माले** दुई दिने मेला उपलब्धीमूलक हुने विश्वास व्यक्त गर्नुहुँदै घरेलु उद्योगहरूले आत्मनिर्भर र रोजगारी सिर्जना गर्न सहयोग पुऱ्याइरहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल घरेलु तथा साना उद्योग महासङ्घका **चन्द्रकृष्ण बाडे**, सङ्घका पूर्व अध्यक्ष **विरेन्द्र जति**, नेपाल पत्रकार महासङ्घ भक्तपुर जिल्ला शाखाका अध्यक्ष **सुन्दर शिल्पकार**, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका **कमलकेशरी खर्बुजाले** पनि बोल्नुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले मेलाको स्थलगत अवलोकन गर्नुभई व्यवसायीहरूलाई उत्साह प्रदान गर्नुभएको थियो ।

## ब्राइट स्टार इङ्‌ग्लिस स्कुलको वार्षिक उत्सव



ब्राइट स्टार इङ्‌ग्लिस स्कुलको वार्षिक उत्सवको अवसरमा पुरस्कार वितरण, स्वागत तथा सांस्कृतिक कार्यक्रम जेठ १६ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशीले** भनपाले शिक्षा क्षेत्रमा पुऱ्याइरहेको योगदानबारे चर्चा गर्नुहुँदै ख्वप विश्वविद्यालयको स्वीकृतिको लागि सरकारले बेवास्ता गरेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित उच्च शिक्षालयहरूमा देशका ७७ जिल्लाका विद्यार्थीहरूले अध्ययन गर्ने अवसर पाएको उललेख गर्नुहुँदै उहाँले यस कार्यमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले देखाउनुभएको मार्गनिर्देशन तथा 'सय वर्षपछिको भक्तपुर' परिकल्पनाको उपज भएको बताउनुभयो ।

संस्थागत विद्यालय सङ्घ इसानका केन्द्रीय अध्यक्ष **प्रेमजन थापाले** शिक्षा प्रविधिमैत्री बनाउनुपर्ने आजको आवश्यकता रहेको उल्लेख गर्नुहुँदै देशको समसामयिक राजनीतिबारे शिक्षकहरूले चासो राख्न जरूरी छ भन्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवालले** विद्यालयले आयोजना गरेको अतिरिक्त क्रियाकलापसँगसँगै हरेक नागरिक राजनीतिकरूपमा सचेत हुनु जरुरी छ भन्नुभयो ।

विद्यालयका संस्थापक अध्यक्ष **पुष्पलाल सुजखुको** सभापतित्वमा भएको उक्त कार्यक्रममा विद्यालयका प्रिन्सिपल **राजेन्द्र सुजखु**, अभिभावकद्वय **लक्ष्मीप्रसाद चवाल**, **बुद्धलक्ष्मी शिल्पकार**, अभिभावक शिक्षक सङ्घका संयोजक **सञ्जय लामालगायत** विद्यार्थी प्रतिनिधिहरूले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

प्रमुख अतिथि उपप्रमुख रजनी जोशीले उत्कृष्ट विद्यार्थी, शिक्षक-कर्मचारी र अभिभावकहरूलाई सम्मान गर्नुभएको उक्त कार्यक्रममा शिक्षिकाहरू **सुमित्री प्रजापति**, **कृष्णमाया भुजु**, **रोमा शिल्पकार** र मङ्गला हेङ्गुले पनि बोल्नुभएको थियो ।

## दुईदिने घरेलु उत्पादन प्रवर्द्धन मेला सम्पन्न




भक्तपुर नगरपालिका वडा नं. २ स्थित न:पुखू परिसरमा भएको दुईदिने घरेलु उत्पादन प्रवर्द्धन मेला जेठ १७ गते सम्पन भएको छ ।

मेलामा विभिन्न घरेलु तथा साना उद्योगका ३८ वटा तथा नेवारी खाजालगायत अन्य खाजाका परिकारका ५ वटा गरी ४३ वटा स्थल रहेका छन् । सो मेलामा पहिलो र दोस्रो

दिन गरी करिब ५० हजार अवलोकनकर्ताले अवलोकन गर्नुभएको थियो भने करिब ३० देखि ४० लाखको व्यापार भएको अनुमान गरिएको छ ।

लघु, घरेलु तथा साना उद्योगले पैसा खर्च गरी विज्ञापन गर्न नसक्ने तथा ठूल्ठुला मेला महोत्सवमा सहभागी हुन नसक्ने भएको कारण ती साना उद्यमी व्यवसायीहरूलाई प्रवर्द्धन गर्ने उद्देश्यले यो मेलाको आयोजना गरिएको हो । सङ्घले विगतमा पनि भक्तपुर घरेलु उत्पादन मेला, नेवारी संस्कृति तथा पर्यटन प्रवर्द्धनको घरेलु उत्पादन मेला, कृषि, पर्यटन र घरेलु मेलालगायत भक्तपुर महोत्सव तथा मध्यपुर महोत्सवमा पनि स-साना उद्यमी व्यवसायीलाई प्रवर्द्धन गर्न यस्ता मेला सफलतापूर्वक आयोजना गरिसकेको छ ।

समापन कार्यक्रममा वागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईले** देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको घरेलु उद्योग अर्थतन्त्रसँग, यहाँको संस्कृति, रीतिरिवाज, परम्परासँग पनि सम्बन्ध भएको कारण यस्ता उद्योगलाई जोगाउन सबै लाग्नुपर्ने बताउनुभयो । उहाँले देशको शासन सत्तामा जाने व्यक्तिहरू देशको भन्दा पार्टी र व्यक्तिगत स्वार्थमा लाग्दा देश उँभो लाग्न नसकेको तीतो अनुभव सुनाउनुहुँदै कृषिप्रधान देशमा कृषि क्षेत्रलाई प्रवर्द्धन गर्नुको सट्टा कमिसनको लोभमा विदेशबाट वस्तु आयात गर्न प्रोत्साहन गरिदिँदा स-साना पुँजीबाट सञ्चालित उद्योगहरू धरासायी हुन पुगेको बताउनुभयो ।

पूर्ववडाध्यक्ष **रवीन्द्र खर्बुजाले** साबिक वडा नं. १५ हाल वडा नं २ मा रहेको औद्योगिक क्षेत्रलाई हस्तकला ग्राम बनाउन यहाँको स्थानीय जनताको जग्गा अधिग्रहण गरेको हुनाले यस्तै स-साना उद्योगहरू सो क्षेत्रमा राखी त्यहाँ रहेका वातावरणले असर गर्ने उद्योगहरूलाई छिट्टै स्थानान्तरण गर्नुपर्ने धारणा राख्नुभयो ।

उद्योग तथा वाणिज्य कार्यालयका कार्यालय प्रमुख **रामप्रसाद कुस्माले** भक्तपुर घरेलु तथा साना उद्योग सङ्घसँग विभिन्न कार्यक्रमहरू सहकार्य गरी सञ्चालन गर्दा हरेक कार्यक्रमहरू उत्कृष्ट र प्रदेश सरकारको लक्षितअनुसार कार्य गरेको पाएकोमा खुसी व्यक्त गर्नभयो ।

कार्यक्रममा अतिथि सुरेन्द्रराज गोसाईले उत्कृष्ट स्टल हुन सफललाई सम्मानपत्र र सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

सङ्घका अध्यक्ष **श्यामसुन्दर श्रेष्ठको** सभापतित्वमा भएको समापन कार्यक्रममा मेलाका संयोजक **हरिगोपाल त्वायनाले** धन्यवाद र सङ्घका सचिव **सृजना कक्षपतिले** मेलाको औचित्यमाथि प्रकाश पार्नुभएको थियो ।

## कति पुग्यो सार्वजनिक ऋण ?

सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को १० महिना (साउन-वैशाख) मा झन्डै ४ खर्ब रूपैया बराबर सार्वजनिक ऋण लिएको छ ।

जेठ ४ गतेको समाचारअनुसार आन्तरिक ऋण १२ खर्ब ६६ अर्ब ७० करोड, वाह्य ऋण : १३ खर्ब ५५ अर्ब ६९ करोड गरी कुल २६ खर्ब २२ अर्ब ४० करोड पुगेको छ ।

चालु आवमा सरकारले सार्वजनिक ऋणको साँवा-ब्याज तिर्न ४ खर्ब २ अर्ब ८५ करोड विनियोजन गरेको छ । जुन पूँजीगत खर्चका लागि विनियोजनभन्दा धेरै हो । यस वर्ष पूँजीगत बजेट ३ खर्ब ५२ अर्ब विनियोजन गरिएको छ ।

## फेरि अर्को काण्ड : भिजिट भिसा

**भिजिट भिसामा सङ्गठित र संस्थागत असुली : गृहमन्त्रीको सचिवालयसम्म बिचौलियाको सिधा सम्पर्क**

विमानस्थलस्थित अध्यागमन कार्यालयबाट भिजिट भिसामा हुने असुली सङ्गठित र संस्थागत रूपमै चलिरहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रारम्भिक छानबिनमा देखिएको छ । सेटिङमा संलग्न कर्मचारी मात्र नभई बिचौलियाको समेत गृहमन्त्री रमेश लेखकको सचिवालयसम्म सिधा सम्पर्क भेटिएको समाचार छ ।

अनुसन्धानका प्रारम्भिक तथ्यहरूले भिजिट भिसा प्रक्रियामा व्यापक अनियमितता, मिलेमतो र शक्तिकेन्द्रसम्मको संलग्नता देखाएका छन् ।

अनुसन्धानमा पाइएअनुसार अध्यागमन कार्यालयका प्रमुख तीर्थराज भट्टराईले ट्राभल एजेन्सी तथा एजेन्टमार्फत आउने घुस कारोबारका लागि आफूसँग निकट केही व्यक्तिहरूको बैङ्क खाता प्रयोग गर्ने गरेका थिए । भट्टराईले लिएको घुस रकम व्यवस्थापनमा संलग्न भक्तपुरका खगेन्द्र सुवेदी (भक्तपुरको एक सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष) र बानेश्वरकी कविता पौडेललाई आयोगले नियन्त्रणमा लिई सोधपुछ गरेको छ ।

अख्तियारले गुप्त अनुसन्धान विधि (अन्डरकभर अप्रेसन)मार्फत प्रमाण सङ्कलन गरेपछि गत मंगलबार सहसचिव भट्टराईलाई नियन्त्रणमा लिएको थियो । अख्तियारबाट सूचना चुहिएकाले त्यही दिन बिहान गृह मन्त्रालयले उनलाई सरुवा गर्ने निर्णय गरेको थियो ।

दिनमै औसत ५० लाखसम्म लेनदेन हुन थालेको सूचनाका आधारमा अख्तियारले छापा हानेको हो । सो पैसा तहगत रूपमा गृह मन्त्रालयसम्म पुग्ने गरेको सूचना अख्तियारको छ ।

विगतमा अध्यागमनमा बसेर सेटिङको नेतृत्व गर्ने अधिकृत विमल पौडेललाई नै मन्त्री लेखकले आफ्नो सचिवालयमा राखेका छन् । उनीविरुद्ध १५ महिनाअघि प्रहरीले भिजिट

भिसाको सेटिङ चलाएको आरोपमा मुद्दा चलाएको थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन थालेपछि १३ जना कर्मचारीको सरुवा गरिएको छ।

भिजिट भिसामार्फत हुने मानव तस्करीमा मुछिएका गृहमन्त्री रमेश लेखकलाई बर्खास्तीको माग गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा उजुरी र सर्वोच्च अदालतमा रिट परेको छ।

अधिवक्ता युवराज पौडेल सफलले लेखकविरुद्ध प्रधानमन्त्री कार्यालयमा उजुरी दिएका हुन्।

त्यस्तै, मन्त्री पदमा बस्दा उनले छानबिन प्रभावित गर्न सक्ने तथा प्रमाण लुकाउन सक्ने भएकाले बर्खास्तीको माग गरी सर्वोच्च अदालतमा अधिवक्ता मधु चौलागाईंले रिट पेस गरेको समाचार छ।

विगतमा 'प्रश्न उठेपछि राजीनामा दिनुपर्छ' भन्दै सदनमा 'उपदेश' दिन्थे लेखक। तर, आफैंविरुद्ध प्रश्न उठ्दा, उनकै पार्टी नेकाभित्रबाट समेत राजीनामा माग हुँदा सबै दोष कर्मचारीमाथि थोपरेर साखुल्ले बनेकोमा सर्वत्र आलोचना भइरहेको छ।

## विश्व कप छनौटमा महिला क्रिकेट टोली



आईसीसी महिला टी–२० क्रिकेट विश्वकपको एसिया छनौट प्रतियोगितामा नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीले ऐतिहासिक सफलता प्राप्त गरेको छ।

थाइल्यान्डमा भएको प्रतियोगितामा सुपर श्रीमा यूएईलाई ५ विकेटले हराउँदै नेपाल पहिलो पटक ग्लोबल क्वालिफायरमा छनौट भएको थियो।

तीन समूहबाट सुपर श्रीमा पुगेका नेपाल, थाइल्यान्ड र यूएईमध्ये शीर्ष दुई टोली ग्लोबल छनौटमा पुग्ने नियमअनुसार नेपाल र आयोजक थाइल्याण्ड छनौट हुन सफल भएका हुन्।

उपाधिका लागि भएको खेलमा भने नेपाल थाइल्यान्डसँग हारेको थियो।

प्रत्येक समूहबाट छनौट भएका दुई शीर्ष टोली २०२६ को जुनमा इङ्ल्याण्डमा हुने विश्व कपमा प्रतिस्पर्धा गर्ने छन्।

## तीन दशकको अभियानमा पनि स्वच्छ भएन वाग्मती



काठमाडौं उपत्यकाभित्रका वाग्मती र यसका सहायक नदीनालालाई स्वच्छ, सफा र हराभरा बनाउने उद्देश्यले सरकारी निकाय खडा भएको ३२ वर्ष पूरा हुँदा पनि नदी स्वच्छ हुन सकेको छैन।

नदीनालालाई स्वच्छ बनाएर यसका किनारमा रहेका धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका धरोहरको जगेर्ना गर्न २०५१ चैत २८ गते तत्कालीन सरकारले पशुपति क्षेत्र वातावरण सुधार कार्यान्वयन तथा अनुगमन समिति गठन गरेको थियो। सरकारले यस्तो संरचना बनाएको तीन दशकभन्दा बढी भए पनि वाग्मती किनारमा ढल मिसाउने कार्य भने रोकिएको छैन।

समितिको अधिकार एवं कार्यक्षेत्र सीमित भएको भन्दै एक वर्ष पनि नपुग्दै २०५२ मङ्सिर ६ गते अधिकार सम्पन्न वाग्मती ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समितिका रूपमा यसको क्षेत्र विस्तार गरिएको थियो। गठन भएको १६ वर्षपछि २०६५ जेठ २६ गते अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति भनी यसको नाममा परिवर्तन गरियो।

राजधानीको बढ्दो जनसङ्ख्या, अनियन्त्रित सहरीकरण, अव्यवस्थित ढल निकास र औद्योगिक एवं अन्य फोहोरमैला निस्कासनको सम्पूर्ण विकृति व्यहोर्न बाध्य बनाइएको वाग्मती नदीको शुद्धीकरणको लागि समिति बनेको तीन दशक पूरा भए पनि अझै लक्ष्य भेटिएको छैन।

२०७० जेठ ५ गतेदेखि सुरू भएको सफाइ महाअभियान सोमबारदेखि १३औँ वर्षमा प्रवेश गरेको हो। बाह्र वर्षसम्म सफाइ गर्दा पनि वाग्मती भने कालो देखिन्छ। अझ पशुपतिनाथ मन्दिरको माथि गौरीघाटमै ढल मिसिँदा पनि सरोकार भएका निकायको ध्यान जान सकेको छैन। यहाँबाट अधिकार सम्पन्न वाग्मती समितिको कार्यालय करिब ५० मिटरको मात्र दूरीमा रहेको छ।

(पूर्णप्रसाद मिश्र/रासस)

## मनसुनमा बढी वर्षा हुने प्रक्षेपण

### कहाँ कति प्रतिशत वर्षाको सम्भावना ?




चित्र १: २०८२ को मनसुन ऋतुको वर्षा (सरदर भन्दा कम वा सरदर वा सरदर भन्दा बढी) को सर्वाधिक सम्भावना (highest probability) (%)

जल तथा मौसम विज्ञान विभागका अनुसार कर्णाली प्रदेशको पूर्वी भू-भाग, लुम्बिनी प्रदेशको उत्तरी भू-भाग र गण्डकी प्रदेशको अधिकांश भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ५५ प्रतिशतदेखि ६५ प्रतिशतसम्म छ ।

यसैगरी सुदूरपश्चिम प्रदेशको दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशको पश्चिमी भू-भाग, गण्डकी प्रदेशको उत्तर-पूर्वी भू-भाग, बागमती र कोशी प्रदेशको उत्तरी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत छ।

त्यसैगरी मधेश प्रदेशका पूर्वी तथा दक्षिणी भू-भागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ। देशका बाँकी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जनाएको छ।

### अधिकतम तापक्रम पनि बढी हुने आकलन

मनसुन अवधिमा अधिकतम र न्यूनतम तापक्रम पनि देशभर सरदरभन्दा बढी हुने सम्भावना रहेको विभागको आकलन छ।

सुदूरपश्चिम प्रदेशको उत्तर-पूर्वी भूभाग, कर्णाली प्रदेशको उत्तरी भूभाग, लुम्बिनी प्रदेशको उत्तरी भूभाग, गण्डकी प्रदेशको पश्चिमी भूभाग, मधेश प्रदेशको भूभाग र बागमती प्रदेशको मध्य भूभागमा सरदरभन्दा बढी अधिकतम तापक्रम रहने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको विभागले जनाएको छ।

त्यसैगरी मधेश प्रदेशको पूर्वी भूभाग र गण्डकी प्रदेशको मध्य भूभागमा सरदरभन्दा बढी रहने सम्भावना ३५ देखि ४५ प्रतिशत छ। देशका बाँकी भूभागमा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत छ।

### न्यूनतम तापक्रम पनि सरदरभन्दा बढी हुने आकलन

विभागले मनसुन अवधिमा न्यूनतम तापक्रम पनि देशभर सरदरभन्दा बढी हुने सम्भावना रहेको जनाएको छ। कर्णाली र बागमती प्रदेशका अधिकांश भू-भाग, लुम्बिनी प्रदेशको मध्य भूभाग, मधेश प्रदेशका पश्चिमी भूभाग र कोशी प्रदेशको तराई भूभागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ५५ देखि ६५ प्रतिशत छ।

त्यसैगरी सुदूरपश्चिम प्रदेशको दक्षिण-पश्चिमी भूभाग, गण्डकी प्रदेशको उत्तर-पूर्वी भूभाग र कोशी प्रदेशको उत्तरी भूभागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ३५ प्रतिशतदेखि ४५ प्रतिशत छ।

देशका बाँकी भूभागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको विभागको आकलन छ।

यस वर्षको मनसुन १५ दिन अगावै अर्थात् जेठ १५ गते रातिबाट प्रवेश गरेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। सामान्यतया जुन १३ मा मनसुन भित्रिने गर्दछ।

## "शतप्रतिशत" गाजावासी अनिकालको जोखिममा

## "गाजा पृथ्वीको सबैभन्दा भोकमरी भएको स्थान"

संयुक्त राष्ट्रसङ्घले प्यालेस्टिनी सम्पूर्ण जनसङ्ख्या अहिले अनिकालको जोखिममा रहेको चेतावनी दिँदै गाजा 'पृथ्वीको सबैभन्दा भोकमरी भएको ठाउँ' बनेको जेठ १६ गते जनाएको छ।



करिब २० महिनादेखि जारी युद्ध अन्त्यको लागि भएको वार्ताले अहिलेसम्म कुनै सफलता हासिल गर्न सकेको छैन र इजरायलले मार्चमा गाजामा पुनः सैन्य कारबाही सुरू गरेको छ ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय संस्था ओसीएचएका प्रवक्ता जेन्स लार्कले भन्नुभयो, 'गाजा पृथ्वीको सबैभन्दा भोकमरी भएको स्थान हो ।'



इजरायली अधिकारीहरूको दाबीलाई अस्वीकार गर्दै उहाँले भन्नुभयो, 'यो एक देश वा देश भित्रको परिभाषित क्षेत्र जहाँको सम्पूर्ण जनसङ्ख्या अनिकालको जोखिममा छ अर्थात् शतप्रतिशत जनसङ्ख्या अनिकालको जोखिममा छ ।'

जेनेभामा आयोजित पत्रकार सम्मेलनमा लार्कले गाजापट्टीमा मानवीय सहायता पुऱ्याउन संयुक्त र ाष्ट्रसङ्घले सामना गर्नुपरेको कठिनाइबारे पनि उल्लेख गर्नुभयो ।

इजरायलले मार्च २ मा प्यालेस्टाइनी भूमिमा लगाइएको पूर्ण सहायता नाकाबन्दीलाई हालैका दिनहरूमा आंशिक रूपमा खुकुलो बनाएको छ जसका कारण खाद्यान्न र औषधिको गम्भीर अभाव कम भएको छ ।



लार्कका अनुसार इजरायलले नाकाबन्दी आंशिक रूपमा हटेपछि ९०० ट्रक मानवीय सहायताका ट्रकलाई गाजापट्टीमा प्रवेश गर्न अनुमति दिएको छ ।

तर, अहिलेसम्म गाजातर्फ ६०० वटा ट्रक मात्र उतारिएका छन् र सुरक्षाका कारण थोरै सङ्ख्यामा ट्रक लोड गरिएको छ ।

'यो सीमित सङ्ख्यामा ट्रकहरू आइरहेका छन् । यो न्यूनतम खानाको आवश्यकता पूर्ति गर्ने आपूर्ति हो,' लार्कले भन्नुभयो ।



स्मरणीय छ, इजरायलको 'युद्ध सरकार'ले रैथाने प्यालेस्टिनी भूमी हड्पेर विश्वबाट प्यालेस्टिनको नक्सामात्र मेट्न खोजेको छैन प्यालेस्टिनीहरूको जातीय संहार गरेर हिटलरकै पदचिह्नमा आफूलाई उभ्याइरहेको छ ।


भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

**जनज्योति पुस्तकालयको सूचना**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित यस जनज्योति पुस्तकालयबाट लामो समयदेखि पुस्तक लगी समयभित्र फिर्ता नभएका आफूसँग रहेको पुस्तक यथाशीघ्र यस पुस्तकालयमा फिर्ता गर्नुभई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ । साथै, पुस्तकालयमा सदस्यताको नवीकरण लामो समयदेखि नगर्नुभएका सदस्य महानुभावहरूलाई समयमै सदस्यता नवीकरण गर्नुभई सहयोग गर्नुहुनसमेत अनुरोध गरिन्छ ।

जनज्योति पुस्तकालय
इताछेँ, न:पुखुको उत्तरतर्फ (सहिद स्मृति खेल मैदानसँगै), सम्पर्क नं.०१-६६१७२१२

**हार्दिक समवेदना**



जन्म: २०१५/११/०२
निधन : २०८२/०१/२५

भनपा वडा नं. ६ (साबिक वडा नं. ५) का पूर्वजनप्रतिनिधि तुल्सीप्रसाद खाताखोकी धर्मपत्नी **पञ्चमाया खाताखो**को दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भ.न.पा. वडा नं. ६ कार्यालय**

# हाम्रो स्वास्थ्य

## अभिभावकले गर्ने ५ गल्ती, जसले बसाउँछ बालबच्चामा मोबाइलको लत



– डा. विजय ज्ञवाली

*'मेरो बच्चा जतिबेला पनि मोबाइलमै झुन्डिरहन्छ ।'*

धेरै अभिभावकले यस्तो गुनासो गरिरहेका हुन्छन् । बच्चाहरू मोबाइल फोनमा यति व्यस्त हुन्छन् कि उनीहरू समयमा खान र खेल्न समेत बिर्सिन्छन् ।

बालबच्चालाई ठूलालाई भन्दा बढी मोबाइलको फिचर थाहा हुने अवस्था आइसक्यो । फोनमा युट्युब र गेम कहाँ छन्, कसरी प्रयोग गर्ने, यी सबै उनीहरूले छिनभरमै सिकाउन सक्छन् । यसबाहेक मोबाइल नहेरी खाना नखाने बानी लगभग हरेक बालबालिकामा देखिन्छ ।

एकल परिवारमा आमाबाबु दुवै काममा व्यस्त हुने भएकाले बच्चालाई पर्याप्त समय दिन भ्याइरहेका हुँदैनन् । त्यसैले बच्चालाई भुलाउन उनीहरूको हातमा मोबाइल थमाइदिन्छन् । यसले उनीहरूलाई मोबाइलको लत बसाइदिन्छ । जसबाट छुटाउन निकै सकस पर्छ ।

### १. अभिभावकले समय नदिनु

बालबच्चालाई मोबाइल वा टीभीको लत बस्नुमा अभिभावक नै जिम्मेवार हुन्छन् । आफ्ना आमाबुबालाई फोनमा व्यस्त भएको देख्दा उनीहरूले पनि त्यही सिक्ने हुन् । आमाबुबाले समय नदिँदा उनीहरूले विकल्प खोज्छन् र त्यसको पहिलो प्राथमिकतामा मोबाइल पर्छ । समय बिताउन मोबाइल चलाउँदा चलाउँदै उनीहरूको लत यसैमा बस्छ । यदि अभिभावकले समय दिएर उनीहरूसँग खेल्ने, उनीहरूको कुरा सुनिदिने हो भने मोबाइल प्रयोगबाट टाढा रहन सक्छन् ।

### २. चकचक नगरोस् भनेर मोबाइल दिनु

अभिभावक दिनभरको कामबाट थकित भएर घर



फर्किएको बेला बच्चा शान्त रहोस् भन्ने चाहन्छन् । तर, बच्चाहरू ऊर्जावान् हुने भएकाले उनीहरू खेल्न, उफ्रिन चाहन्छन् । उनीहरूलाई शान्त बनाउन अभिभावकले मोबाइल हातमा थमाइदिन्छन्, जसले बिस्तारै यसमा बालबच्चा अभ्यस्त हुन थाल्छन् ।

### ३. खेल्ने साधनको रूपमा मोबाइल दिनु

अहिले सहरी क्षेत्रमा बच्चाका लागि खेल्ने ठाउँ पर्याप्त छैन । बाहिर रेस्टुरेन्टतिर खाना खान जाँदा पनि ती बालबालिकामैत्री छैनन् । त्यहाँ उनीहरू उफ्रिन, दौडिन चाहन्छन् । तर, ठाउँ नहुँदा अभिभावकले मोबाइल नै थमाइदिन्छन् ।

अहिले बालबालिकालाई खेल्नको लागि पर्याप्त खेल मैदान छैनन् । बच्चाका साथीभाइ पनि खासै हुँदैनन् । बाहिर खेल्न पठाउँदा बच्चा फोहोरी हुन्छन् भन्ने पनि लाग्छ अभिभावकलाई । त्यसैले बच्चा बाहिर खेल्न नजाऊन् भनेर वा खेल्ने मैदानको अभावले बच्चालाई खेलौनाको रूपमा मोबाइल दिइन्छ । यसले पनि बालबालिकामा मोबाइलको लत बसेको छ ।

### ४. खाना खुवाउने बेलामा मोबाइल दिनु

अहिले बालबालिकालाई खाना खुवाउनै गाह्रो छ । यो नखाने, त्यो नखाने भनेर झगडा गर्छन् । बच्चालाई खाना खुवाउन अन्य उपाय अपनाउन अभिभावक अल्छी मान्छन् । पहिले कथा सुनाएर सँगसँगै दौडिएर बच्चालाई खाना खुवाइन्थ्यो । अहिले बच्चाले खान मानेन भने मोबाइल दिएर त्यसमा ध्यान केन्द्रित गरेर खुवाउने प्रवृत्ति बढेको छ । यो पनि बच्चालाई मोबाइलको लत लगाउने अर्को कारण बनेको

छ। मोबाइल हेरेर खाना खाँदा बच्चाले स्वाद नै थाहा नपाउने अवस्था सिर्जना हुन्छ।

## ५. प्रलोभन देखाएर मोबाइल दिनु

*'होमवर्क गर अनि मोबाइल दिन्छु, यो काम गर अनि मोबाइल दिन्छु।'*

अभिभावकले विभिन्न प्रलोभन देखाएर पनि बच्चालाई मोबाइल दिन्छन्। तर यस्ता बच्चा पछि जिद्दी बन्छन् अनि बाध्यतामा उनीहरूको हरेक कुरा मान्नुपर्छ।

बच्चालाई प्रलोभन देखाएर मोबाइल दिँदा उनीहरू त्यसको लतमा पर्छन्। लामो समय मोबाइलमा बिताउँदा उनीहरूमा विभिन्न स्वास्थ्य समस्या देखापर्छ।

## मोबाइलको लतले बच्चामा पर्ने असर

बालबालिकाले लामो समय मोबाइलमा बिताउँदा निद्रा पुग्दैन। मोबाइलमा व्यस्त भएर उनीहरू ढिलो सुत्छन् र निदाउन गाह्रो हुन्छ। स्क्रिनमा लामो समय बिताउँदा उनीहरू एकाग्र नहुने 'एन्जाइटी'को समस्या देखिन्छ।

अहिले बच्चामा मोटोपनको समस्या पनि धेरै देखिन्छ। त्यसको एउटा कारण मोबाइल पनि हो। लामो समय एकै ठाउँमा बसेर मोबाइल चलाउने शारीरिक गतिविधि कम हुँदा बच्चामा मोटोपनको समस्या देखिन्छ।

लामो समय मोबाइल चलाउने बच्चामा 'भर्चुअल अटिजम'को समस्या पनि देखिन सक्छ। अरूसँग कुरा नगर्ने, एकोहोरो हुने र सुस्तजस्तो देखिने हुन्छ।

## मोबाइलको लतबाट कसरी छुटाउने ?

- बच्चासँग धेरै समय बिताउनुपर्छ भन्ने छैन। आधा घण्टादेखि एक घण्टा गुणस्तरीय समय बिताउन सकियो भने बच्चाको मोबाइल लत हटाउन सकिन्छ। उनीहरूसँग खेल्ने, कुरा गर्ने गरेर समय बिताउन सकिन्छ।
- खाना खाने समयमा र होमवर्क गर्ने बेलामा मोबाइल नचलाउने भन्ने नियम बनाउनुपर्छ। त्यो समयमा अभिभावक आफैंले पनि मोबाइल चलाउनु हुँदैन।
- अभिभावक आफैं रोल मोडल हुनुपर्छ। आफू चाहिँ मोबाइल हेर्ने बच्चालाई नहेर भनेर हुँदैन। तपाईंले धेरै समय मोबाइलमा बिताउनु भएन भने उनीहरू पनि त्यसलाई घटाउँछन्।
- बच्चासँग अभिभावक पनि खेल्नुपर्छ। उनीहरूलाई शारीरिक खेलमा बढी संलग्न गराउँदा पनि उनीहरूको मोबाइल चलाउने समय घट्छ।

(डा. ज्ञवाली क्लिनिकल मनोचिकित्सक)

अनलाइनखबर हेल्थ

## प्रेरणीय

## चिकित्सकीय धर्म

एक चिकित्सक हतारहतार अस्पतालमा प्रवेश गरे। उनलाई कुनै दुर्घटनाका कारण आकस्मिक रूपमा बोलाइएको थियो। दुर्घटनाका घाइतेका आफन्तजन उनको प्रतीक्षामा थिए। चिकित्सकलाई देख्नासाथ घाइते युवकका पिताले भने– तपाईंहरू ड्युटी किन पूरा गर्नुहुन्न ? यहाँ आउन किन यति धेरै समय लगाउनुभयो ? मेरो छोरालाई केही भयो भने त्यसको जिम्मेवार तपाईं हुनुहुन्छ, बुझ्नुभयो ?

चिकित्सकले विनम्रतापूर्वक भने– म माफी चाहन्छु। म अस्पतालमा थिइनँ। जब अस्पतालबाट कल आयो, तब सम्भव भएसम्म छिटो आइरहेको छु। कृपया, तपाईंहरू शान्त रहनुहोस्। घाइते युवकका पिताले जङ्गिँदै भने– शान्त रहनुस् रे ? के मेरो छोराको स्थानमा तपाईंको आफ्नो छोरो भएको भए तपाईं शान्त बस्न सक्नुहुन्थ्यो ? यदि कसैको लापरबाहीका कारण तपाईंको आफ्नो छोराको मृत्यु भएको भए तपाईं के गर्नुहुन्थ्यो ? 'भगवानले चाहनुभयो भने सबै ठीक हुन्छ। तपाईंहरू प्रार्थना गर्दै गर्नुहोस्।' यति भनेर चिकित्सक अप्रेसन कक्षभित्र प्रवेश गरे। युवकका पिता अझै भुतभुताउँदै थिए– सल्लाह दिन सजिलो छ। तर, जसले यस्तो घटना झेल्नुपर्छ, उसैलाई थाहा हुन्छ, यसको पीडा। करिब डेढ घण्टापछि चिकित्सक अप्रेसन कक्षबाट बाहिर निस्किए र हल्का मुस्कुराउँदै भने– भगवानलाई धन्यवाद छ। तपाईंका छोरा अब खतरामुक्त हुनुहुन्छ। युवकका आफन्तजन खुसी भए। उनीहरू चिकित्सकलाई थप प्रश्न सोध्न थाले। ऊ कहिलेसम्म पूरै ठीक हुन्छ ? उसलाई डिस्चार्ज कहिले गर्नुहुन्छ ?

तर, बाँकी प्रश्न नर्सलाई सोध्नू भन्दै चिकित्सक जसरी हतारहतार आएका थिए, त्यसैगरी हतारहतार बाहिरिए। 'यी चिकित्सक किन यति घमन्डी छन् ? यिनलाई के चटारो परेको छ र हाम्रो प्रश्नको जवाफ नदिई निस्किए ?' युवकका पिताले नर्ससित सोधे। नर्सले आँखाभरि आँसु पारेर भनिन्– आज बिहान मात्र डाक्टरसाबका एक मात्र छोराको दुर्घटनामा परेर मृत्यु भयो। हामीले कल गर्दा उहाँ छोराको अन्तिम संस्कार गर्दै हुनुहुन्थ्यो। तर, कल पाउनासाथ उहाँ अन्तिम संस्कार रोकेर यहाँ आउनुभयो। त्यसैले, अहिले छोराको अन्तिम संस्कारका लागि जानुभएको हो। नर्सको जवाफ सुनेपछि घाइते युवकका पिता र आफन्तका आँखा आँसुले डम्म भरिए र उनीहरूलाई आफूले निकै ठुलो गल्ती गरेको महसुस भयो।

## आ.व. २०८१/८२ वैशाख महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १०२२ | ५०९ | ४९६ | ४८० | ५९६ | ६२१ | ६९५ | ६१० | ४१७ | ६३४ | ५४५ | ४८९ | ६२४ | ५८५ | ५०१ | ४२७ |
| ■ सार्क तथा चिनियाँ | ४०६ | ३४६ | ३२२ | ४४७ | ४२८ | ३६९ | ४५७ | ४२९ | ३३५ | ३५१ | ४६० | ३१७ | ५८७ | ५१२ | २८० | ३३३ |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ४२८ | ५४५ | ६३६ | ६१५ | ४८६ | ४६४ | ३३८ | ४३१ | ३३२ | ३६९ | ४४३ | ३५४ | ३५८ | २८८ | २७२ |
| ■ सार्क तथा चिनियाँ | ४६४ | ३३५ | ४४६ | ४५८ | ३९१ | ३६७ | ३३७ | ३६१ | २७४ | ४६९ | ४५७ | ३२१ | ४१८ | २५३ | २३९ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक सङ्ख्या |
|---|---|---|---|
| २०८२ वैशाख | १५,६१० | ११,९६९ | २७,५७९ |
| २०८१ वैशाख | १४,०९१ | १३,४०८ | २७,४९९ |
| प्रगति | १,५१९ | -१,४३९ | ८० |

सम्पादकको पृष्ठ

# अर्को मन्दिर ठडियो !

इतिहासको गर्भमा विलुप्त हुनै लागेको एउटा मन्दिर भक्तपुरमा हालै ठडिएको छ। नाम भएको तर स्वरूप नभएको लक्ष्मीनरसिंह मन्दिरले पुनर्जीवन पाएको छ। ग:हितिको लक्ष्मीनरसिंह मन्दिरको मूर्ति त सग्लो थियो तर मूर्ति विराजमान हुने मन्दिर कस्तो स्वरूपको थियो भन्ने कुरा अज्ञात थियो।

पुनर्निर्माण अघि एक तले जस्ताको छानाको मन्दिर थियो। त्यसबाहेक करिब सवाशताब्दी अघि इबोन क्लाउड ह्वाइटले खिचेको एउटा तस्बिर नेशनल जोग्राफीसँग भएको इन्टरनेटमा भेटिन्छ। त्यो तस्बिरमा लक्ष्मीनरसिंह मन्दिरको खुडकिला र प्रवेशद्वार आंशिकमात्र देखिन्छ।

पुनर्निर्माण अघि यस मन्दिरको स्वरूप खोज्ने क्रममा स्व.सुरेन्द्र जोशीले बनाइराखेको एउटा स्केच भेटियो। भक्तपुर विकास परियोजना सञ्चालनताका उहाँले तयार पार्नुभएको यस मन्दिरको प्रस्तावित नक्साको आधारमा प्राविधिकहरूले मन्दिरको वर्तमान नापनक्सा तयार गरेका थिए।

यो मन्दिर पनि भक्तपुर नपाले आफ्नै स्रोतमा ठड्याएको छ। यस मन्दिरको पुनर्निर्माण लागत रु.७,७७,११,८३८।- रहेको छ भने रु. ४,८३,०४,३८५।- मा सम्पन्न भएको छ। सम्पन्न कार्य मूल्याङ्कन रु. ५,१८,३८,०९४।- रहेको छ।

उपभोक्ता समितिमार्फत पुनर्निर्माण सम्पन्न गरेको यस मन्दिरमा जनताबाट आर्थिक, भौतिक र जनश्रमदान प्राप्त भएको छ। अन्य सम्पदा पुनर्निर्माणमा झैँ यसमा पनि जनसहयोग उल्लेखनीय रहेको छ। परिणाम, लागत रकमको करिब ६२ प्रतिशत खर्चमा पुनर्निर्माण सम्पन्न भएको छ। यसरी 'भक्तपुर मोडल' ले निरन्तरता पाएको छ।

पुनर्निर्माणसँगै मन्दिरबारे भक्तपुर नपाले दुइवटा पुस्तक प्रकाशन गरेर दस्तावेजीकरण पनि गरेको छ। ती 'लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माण २०८२' र लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणको प्राविधिक प्रतिवेदनबाट एकातिर पारदर्शितालाई भक्तपुर नपाले जनसमक्ष ल्याएको छ भने भावि पुस्तालाई बाटो पनि देखाएको छ।

भक्तपुर नपामा जनप्रतिनिधिहरू बहाली भएको तेस्रो वर्ष पूरा भएको दिन जेठ ६ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले पुनर्निर्मित मन्दिर समुद्घाटन गर्नुभएको थियो।

यसरी, भक्तपुर नपाले इतिहासको गर्भमा लुकेको एउरा मन्दिर ठड्याएर थप गौरवमय उपलब्धी हासिल गरेको छ।

# लक्ष्मीनरसिंह मन्दिर



लागत अनुमान: रु. ७,७७,११,८३८।५६
कूल खर्च रकम: रु. ४,८३,०४,३८५।८०
सम्पन्न कार्य मूल्याङ्कन: रु. ५,१८,३८,०९४।५२
श्रमदान गर्ने जनसंख्या: ७५० जना
आर्थिक सहयोग: रु. २२,६६,६३८।५५



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें पुनर्निर्मित लक्ष्मीनरसिंह मन्दिरको उद्घाटन गर्नुहुँदै ।
२०८२ जेठ ६ गते